10

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

दशौं वार्षिक प्रतिवेदन

२०५६।५७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल।
आश्विन, २०५७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

दशौं वार्षिक प्रतिवेदन

२०५६/५७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल ।

आश्विन, २०५७

फोन नं. २६२ ८४२
२६२ ५१५
फ्याक्स : २६२ ९३०
इ-मेल :- akhtiyar@ntc.net.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

बबरमहल

पत्र संख्या :-

मिति :- ११ आश्विन, २०५७

विषय

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५६ ५७ (२०५६ श्रावण १ गतेदेखि २०५७ आषाढ मसान्तसम्म)को दशौं वार्षिक प्रतिवेदन चढाएका छौं ।

सरकार, जो हुकुम ।

सेवकहरु,

(माधवदत्त भट्ट)	(इन्द्रबहादुर शेरचन)	(कृष्णबल्लभ शर्मा काफ्ले)
आयुक्त	आयुक्त	आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

दशौं वार्षिक प्रतिवेदन

आ.व. २०५६/५७

अनुक्रमणिका

क्र.सं.	विषय	पृष्ठ
१.	प्रारम्भिक	१
	प्रस्तावना	१
	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
	आयोगको संक्षिप्त परिचय	२
२.	आयोगको कार्य प्रगति	५
	अ) प्रारम्भिक छानवीनको विवरण	५
	क) प्रारम्भिक छानवीन भइरहेको मन्त्रालयगत संख्या	५
	ख) विशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा आयोगबाट सौंपिएको अधिकार बमोजिम वा आवश्यक कारबाईको लागि अन्य निकायमा प्रेषित उजुरी संख्या	६
	ग) विभागीय वा अन्य कारबाईको लागि लेखिएको विवरण	७
	घ) ध्यानाकर्षण वा सुझाव पठाइएको विवरण	११
	आ) अनुसन्धान तहकिकातको विवरण	१८
	क) पुनरावेदन अदालतसमक्ष मुद्दा दायर भएको विवरण	१८
	ख) सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएको विवरण	२४
	ग) विभागीय वा अन्य कारबाईको लागि लेखी पठाएको विवरण	४१
	घ) प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव वा ध्यानाकर्षणको विवरण	५४
	ङ) आयोगबाटै फर्छ्यौट भएको तथा अन्य विविध निर्णयको विवरण	६३
	च) अनुसन्धान कार्य जारी रहेका उजूरी निवेदनहरुको विवरण	७७
३.	कार्य प्रगतिको सारसंक्षेप	८१
४.	कार्यगत समस्या र समाधानका उपायहरुको विवरण	८४
५.	आयोगबाट प्रेषित विभागीय वा अन्य कारबाईहरुको सिफारीशको कार्यान्वयन स्थिति	८५
६.	उपसंहार	९३
७.	अनुसूचीहरु	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
दशौं वार्षिक प्रतिवेदन
आ.व. २०५६/५७

१. प्रारम्भिक

प्रस्तावना

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तर्गत व्यवस्थित यस अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सार्वजनिक पद धारण गरेका व्यक्तिहरुद्वारा *अनुचित कार्य* वा *भ्रष्टाचार* गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा गरिएका अनुसन्धान, तहकिकात एवं कामहरुको वार्षिक प्रतिवेदन संविधानको धारा ९८(६) बमोजिम प्रस्तुत गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम यस आयोगको वर्तमान गठन विधि यसप्रकार छ :-

आयोग

श्री मधुसूदनप्रसाद गोर्खाली प्रमुख आयुक्त,	२०५४।१२।२७ मा प्रमुख आयुक्त पदमा नियुक्त भई २०५६।१०।९ मा उमेरको हदका कारण सेवा निवृत्त हुनु भएको ।
श्री माधव दत्त भट्ट आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त । मिति २०५६।१०।१० देखि निमित्त प्रमुख आयुक्तको कार्यभार वहन गरिरहनु भएको ।
श्री इन्द्रबहादुर शेरचन आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।
श्री कृष्ण बल्लभ शर्मा काफ्ले आयुक्त,	२०५४।५।११ मा आयुक्त पदमा नियुक्त ।

सचिव

श्री कर्णबहादुर चन्द	२०५५।३।२२ देखि कार्यरत ।

आयोगको संक्षिप्त परिचय

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ अनुसार सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन एक संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ । संविधानको धारा ९८ को उपधारा (४) बमोजिम यस आयोगबाट निम्न काम कारवाईहरु गरिन्छन् :

(क) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले *अनुचित कार्य* गरी अख्तियारको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाई गर्न अख्तियारवाला समक्ष लेखी पठाउने,

(ख) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम *भ्रष्टाचार* मानिने कुनै कार्य गरेको देखिएमा त्यस्तो कार्य गर्ने व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्तिहरुउपर समेत कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने,

(ग) श्री ५ समक्ष आफूले गरेको कामको वार्षिक प्रतिवेदन चढाउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम आयोगलाई प्राप्त अन्य काम, कर्तव्य र अधिकारहरुलाई व्यवस्थित एवं नियमित तुल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधी,२०५५ समेत विद्यमान छन् । यिनै कानूनद्वारा निर्देशित प्रावधानहरुको अधीनमा रही आयोगले आफ्नो कार्य सम्पादन गर्ने गरेको छ ।

परिभाषा :-

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार *भ्रष्टाचार* भन्नाले भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सजाय हुने आपराधिक कार्य तथा *अनुचित कार्य* भन्नाले सार्वजनिक पदधारण गर्ने कुनै व्यक्तिले जानी जानी वा लापरवाहीपूर्वक गरेको देहायको कुनै कार्यलाई मान्नु पर्ने व्यवस्था छ :-

क) आफ्नो अधिकारभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,
ख) कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधीको पालना नगरेको,
ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानून, निर्णय वा आदेश विपरित अर्के उद्देश्यले वा कार्यमा प्रयोग गरेको,
घ) आफ्नो तजविजी अधिकार बदनियतसाथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,
ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार बाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दवाब दिई कुनै अनधिकृत कार्य गराएको,
च) आफूले गर्नु पर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारीकहां पठाई आफ्नो उत्तरदायित्व पन्छाएको,
छ) आफ्नो पदको प्रकृति अनुसार पालन गर्नु पर्ने कुनै पदीय कर्तव्य पालन नगरेको ।

अधिकारक्षेत्र :-

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा कारबाईको छुट्टै व्यवस्था गरिएका तथा सैनिक ऐन बमोजिम करिबाई हुने पदाधिकारीहरुका सम्बन्धमा वा संसदको कुनै सदन वा समितिको बैठकमा भएको काम कारबाई वा निर्णय वा त्यस्तो बैठकमा कुनै सदस्यले बोलेको वा गरेको कुनै काम कुराको सम्बन्धमा वा मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको कुनै नीतिगत निर्णयको सम्बन्धमा वा अदालतको न्यायिक काम कारबाईको विषयलाई लिएर कारबाई चलाउने सम्बन्धमा बाहेक सार्वजनिक पदधारण गरेको व्यक्तिबाट भएको अख्तियार दुरुपयोग सम्बन्धी सम्पूर्ण काम कारबाईको अनुसन्धान एवं छानबीन गर्ने अख्तियारी आयोग राख्दछ ।

उजूरी सम्बन्धी व्यवस्था :-

कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०४८ को अनुसूची १ को ढांचामा त्यस्तो अनुचित कार्यबाट प्रतिकूल असर पर्ने व्यक्तिले उजूरी दिनु पर्ने व्यवस्था छ । त्यस्तै भ्रष्टाचार सम्बन्धी विषयमा भए भ्रष्टाचार गर्ने सार्वजनिक पदधारण गरेको व्यक्तिको नाम, दर्जा र कार्यालयको साथै भ्रष्टाचार गरेको कामको पूरा विवरण, भ्रष्टाचार गरेको र उजूरवालाले थाहा पाएको मिति, उजूरीको व्यहोरालाई पुष्ट्याई गर्ने प्रमाणहरुको विवरण र आफ्नो नाम गोप्य राख्न चाहेको भए त्यसको कारणसमेत खुलाई उजूरी दिनु पर्ने कानूनी प्रावधान रहेको छ ।

प्रारम्भिक छानबीन :-

उपरोक्त कानूनी व्यवस्था बमोजिम आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानबीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएको देखिन आएमा आयोगले कुनै कारबाई नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्ने व्यवस्था रहेको छ :-

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्बन नगरी दिएको अनुचित कार्य सम्बन्धी उजूरी भएमा,
ख) ऐनको हदम्याद नाघेको उजूरी भएमा,
ग) आयोगको अधिकार र कार्यक्षेत्रभित्र को विषय नभएको उजूरी भएमा,
घ) अदालतमा मुद्दा परिरहेको विषयको उजूरी भएमा,
ङ) तथ्ययुक्त आधार नभएको उजूरी भएमा,
च) खिचोला वा टण्टा दिने मनसायको उजूरी भएमा, र
छ) मामूली कुरासम्बन्धी उजूरी भएमा ।

तामेलीमा राख्नु पर्ने उपरोक्त आधार सन्निहित नभएका र रीतपूर्वक आयोगमा दर्ता हुन आएका उजूरीमा प्रारम्भिक छानबीनको क्रममा आवश्यक अध्ययन, निरीक्षण तथा परीक्षण आदि गरी तथ्यको विश्लेषण गर्दा अख्तियारको दुरुपयोग भएको देखिन आएमा विस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारबाई अगाडि बढाउने गरिन्छ ।

अनुसन्धान तथा तहकिकात :-

प्रारम्भिक छानबीनको रोहबाट विस्तृत अनुसन्धान तहकिकात गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित विषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धान तहकिकातको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्तसमक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा उपयुक्त आदेश हुन सक्छ । अन्यथा अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोगसमक्ष पेश गर्ने आदेश गरिन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गम्भीरता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारबाईको सिफारीश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारबाई गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

आयोगको बैठक :-

आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले तोकिएको कार्य सम्पन्न गरी सचिवमार्फत् सम्बन्धित आयुक्तसमक्ष पेश गरेको कुनै विषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरु वा अन्य

नीतिगत निर्णय हुनु पर्ने विषयहरुको कार्यक्रम प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यक्रम तय भएपछि सामान्यतया प्रत्येक हप्तामा एक पटक मंगलबारको दिन आयोगको बैठक बस्ने गर्दछ । विषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको आदेशले अन्य कुनै समयमा पनि आयोगको बैठक बस्न सक्दछ । आ.व. २०५६/५७ को अवधिमा आयोगको बैठक जम्मा ५१ दिन बसेको थियो । यी बैठकहरुबाट कूल ११५ वटा निर्णयहरु भएका थिए ।

प्रशासनिक संगठन :-

केन्द्रीय स्तरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा आयोगको सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रमुखको रुपमा रहेको छ । सचिवालयमा श्री ५ को सरकारव्दारा स्वीकृत दरबन्दी अनुरुप श्री ५ को सरकारबाटै खटाइएका कर्मचारी रहने व्यवस्था छ । आयोगको कार्य प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा तत्सम्बन्धी विषयमा दक्ष जनशक्तिको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्राविधिक एवं प्रहरी आदि क्षेत्रमा अनुभवी व्यक्तिहरुबाट सो पदहरु श्री ५ को सरकारले पूर्ति गर्ने गरिआएको छ । आवश्यकता अनुरुप सम्बन्धित विषयमा अनुभवी एवं दक्ष जनशक्तिलाई पनि अल्पकालीन रुपमा आयोगमा काजमा ल्याई काम गराउने पनि गरिएको छ ।

आयोगको व्यापक क्षेत्राधिकारको सन्दर्भमा आयोगको प्रशासनिक संगठनलाई स्थानीय तहमा समेत विस्तार गर्नु पर्ने आवश्यकता रहेको छ । तत्कालको लागि यस प्रयोजनार्थ काठमाडौं उपत्यकाभित्र विशेष प्रहरी विभागलाई तथा अन्य ७२ जिल्लाहरुमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार सौंपेर कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ । यस व्यवस्था अनुरुप विशेष प्रहरी विभागका मुख्य अधिकृत तथा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारीहरुले अख्तियारको दुरुपयोग सम्बन्धी उजूरीमा अनुसन्धान तहकिकात गर्ने तथा सम्बन्धित पुनरावेदन सरकारी अधिवक्ताले आयोगको तर्फबाट मुद्दा चलाउने अधिकार सौंपिएको छ ।

बजेट व्यवस्था :-

आ.व. २०५६ ०५७ मा आयोगको कूल बजेट रु. ९७,६१,९१९ ९१ मध्ये रु. ९६,७२,७७९ ५७ निकासा भई रु. ९६,७२,७७९ ५७ खर्च भएको छ । आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

२. आयोगको कार्य प्रगति

अ) प्रारम्भिक छानबीनको विवरण

आयोगसमक्ष परेका कुनै पनि उजूरी निवेदनउपर प्रारम्भिक छानबीनको क्रममा सो विषयमा कारवाई गर्नुपर्ने नपर्ने भनी निर्क्यौल गर्न मूलतः निम्न तथ्यहरुको निरुपण गरिन्छ :

क) उजूरी निवेदनको प्रकृति के कस्तो छ ?
ख) उजूरी आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?
ग) उजूरीमा उल्लिखित विषयका सम्बन्धमा के कसो भएको हो ?
घ) उजूरीको आरोप तथ्यपूर्ण देखिन आएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विभागीय वा अन्य कारवाई भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा उजूरीको हदम्याद बांकी छ छैन ?

प्रारम्भिक छानबीनको सिलसिलामा कारवाई पनि प्रारम्भिक अवस्थामै रहने तथा छानबीन गरी संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई समेत दृष्टिगत गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था रहेको छ ।

क) प्रारम्भिक छानबीन भइरहेको मन्त्रालयगत संख्या :-

श्री ५ को सरकारका विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय, संस्थान एवं अन्य निकायहरुमा समेत गरी अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा परेका उजूरीहरुउपर वर्तमान अवस्थामा आयोगबाट प्रारम्भिक छानबीनको कार्य भइरहेको उजूरीको विषयगत संख्या तल तालिका नं.१ मा प्रस्तुत गरिएको छ ।

एउटै विषयमा विभिन्न निकायमा उजूरी दिने र ती निकायहरुबाट समेत पुनः आयोगमै सो निवेदनहरु प्राप्त हुन आउने हुंदा दर्ता भएको उजूरी संख्या र कारवाई भएको उजूरीको विषयगत संख्या फरक रहने गरेको छ ।

तालिका १

प्रारम्भिक छानबीनको विवरण

क्र.सं.	सम्बन्धित मन्त्रालय / निकाय	उजूरी संख्या
१	अर्थ मन्त्रालय र अन्तर्गत :-	१८
२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत :-	३२
३	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अन्तर्गत :-	३
४	कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत :-	१३
५	गृह मन्त्रालय र अन्तर्गत :-	४२
६	जनसंख्या तथा वातावरण मन्त्रालय र अन्तर्गत :-	०
७	जलस्रोत मन्त्रालय र अन्तर्गत :-	०
८	परराष्ट्र मन्त्रालय र अन्तर्गत :-	०
९	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत :-	३८
१०	भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत :-	२३
११	मन्त्रिपरिषद् सचिवालय र अन्तर्गत :-	१
१२	महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत :-	१

१३	रक्षा मन्त्रालय र अन्तर्गत :-	०
१४	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत :-	११
१५	विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गत :-	१
१६	शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत :-	३०
१७	श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गत :-	७
१८	सामान्य प्रशासन मन्त्रालय र अन्तर्गत :-	५
१९	सूचना तथा सञ्चार मन्त्रालय र अन्तर्गत :-	३
२०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत :-	१५
२१	स्थानीय विकास मन्त्रालय र अन्तर्गत :-	५
२२	स्वास्थ्य मन्त्रालय र अन्तर्गत :-	१९

जम्मा:-२६७

(दुई शय सतसाठी)

ख) विशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा आयोगबाट सौंपिएको अधिकार बमोजिम वा आवश्यक कारबाईको लागि अन्य निकायहरुमा प्रेषित उजूरी संख्या :-

आयोगमा दर्ता हुन आएका उजूरी निवेदनहरुमध्ये आयोगको अधिकार क्षेत्र बाहिरको भएकोले वा अख्तियारवाला वा अन्य निकायबाट कारवाई हुन उपयुक्त हुने देखिएकाले त्यस्तो निकायहरुमा पठाइएको निवेदनहरुको संख्यागत विवरण तालिका २ मा प्रस्तुत गरिएको छ । यसमा आयोगबाट प्रत्यायोजित अधिकार अनुसार बिशेष प्रहरी विभाग वा जिल्ला प्रशासन कार्यालयहरुमा आन्तरिक स्मृतिपत्रबाट सीधै पठाइएका (उजूरी निवेदनको रुपमा आयोगमा दर्ता नै नभएका) निवेदनहरुको संख्यासमेत समावेश गरिएको छ ।

तालिका २

अन्य निकायमा कारवाईको लागि पठाईएको विवरण

क्रम संख्या	सम्बन्धित निकाय	उजूरी संख्या
१.	अध्यागमन विभाग	१
२	अर्थ मन्त्रालय	८
३..	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	८
४.	कर विभाग	२
५.	काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालय	२
६.	कृषि मन्त्रालय	५
७.	कृषि विकास बैंक	१
८	खानेपानी तथा ढल निकास विभाग	२
९.	गृह मन्त्रालय	१३
१०.	जलस्रोत मन्त्रालय	१६
११.	जिल्ला प्रशासन कार्यालयहरु	३०८
१२.	जिल्ला विकास समितिहरु	५
१३.	जिल्ला शिक्षा कार्यालयहरु	४
१४.	नेपाल चिया विकास निगम	१
१५.	नेपाल विद्युत प्राधिकरण	५
१६.	नेपाल राष्ट्र बैंक	२
१७.	न्याय परिषद्	१

१८.	पशुपति क्षेत्र विकास कोष	१
१९.	प्रहरी प्रधान कार्यालय	१
२०	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	९
२१	भौतिक योजना तथा निर्माण मन्त्रालय	१७
२२.	महान्यायाधिवक्ताको कार्यालय	२
२३.	महालेखा नियन्त्रकको कार्यालय	२
२४	महालेखा परीक्षकको विभाग	१
२५	रक्षा मन्त्रालय	१
२६.	राजस्व अनुसन्धान विभाग	५
२७.	राष्ट्रिय वाणिज्य बैंक	२
२८.	लोक सेवा आयोग	९
२९.	वन तथा भू-संरक्षण मन्त्रालय	४
३०	वन विभाग	१
३१.	विशेष प्रहरी विभाग	२७
३२.	शाही नेपाल वायुसेवा निगम	१
३३	शिक्षा तथा खेलकूद मन्त्रालय	५
३४	शिक्षा विभाग	१
३५.	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	१
३६	सडक विभाग	२
३७.	सामान्य प्रशासन मन्त्रालय	५
३८.	सिंचाई विभाग	५
३९.	सूचना तथा सञ्चार मन्त्रालय	२
४०.	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२
४१.	स्थानीय विकास मन्त्रालय	९
४२.	स्वास्थ्य मन्त्रालय	१२
४३.	हुलाक सेवा विभाग	१
४४	त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय	१

जम्मा ५१३
(पांच शय तेह्र)

यस आ.व.को निवेदन लगत, फछ्र्यौंट र बांकी निवेदनको विवरण अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

ग) विभागीय वा अन्य कारबाईको लागि लेखिएको विवरण :-

१. तत्कालीन निर्माण तथा यातायात मन्त्री बालाराम धर्तिमगरका स्वकीय सचिव विशाल विष्टले मिति २०५४।७।१८ मा डिभिजन सडक कार्यालय, लहान, पथलैया र विराटनगरलाई "मन्त्रीज्यूको स्वकीय सचिवालयमा प्रयोग भई आएको गाडी नं. ७०-०-७ लाई सचिवालय प्रयोजनमा त्यस क्षेत्रमा प्रयोग हुन्जेलसम्म आवश्यक पर्ने इन्धन उपलब्ध गराई दिन आदेशानुसार अनुरोध गर्दछु" भनी लेखेको पत्रको आधारमा सवारी इन्धन उपलब्ध गराएको सम्बन्धमा यसरी मन्त्रीज्यूको स्वकीय सचिवले जारी गरेको पत्रको आधारमा सरकारी सम्पत्ति खर्च गर्ने तत्तत् डिभिजन प्रमुखलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी यसरी स्वकीय सचिवको पत्रको आधारमा सरकारी सम्पत्तिको खर्च गर्ने प्रवृत्तिलाई दुरुत्साहित गर्न आवश्यक भएकोले सबै सरकारी निकायहरुमा यसप्रकारको खर्च नगर्न नगराउन आवश्यक व्यवस्था गरी सोको जानकारी यस आयोगमा पठाउन श्री ५ को सरकार (मं.प.सचिवालय)लाई सुझाव पठाइएको ।

२. पोखरा उप-महानगरपालिकाबाट चुंगीकर उठाउन दक्ष सल्लाहकार नियुक्ति गरी आर्थिक अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा छानबीन हुंदा यसमा दक्ष सल्लाहकार भनी नियुक्ति गरिएको व्यक्तिले नै सम्पूर्ण चुंगीकर उठाई तोकिएको एक मुष्ठ रकम नगरपालिकामा दाखिला गर्ने गरी सम्झौता भएको रहेछ । यसरी तोकिएमध्ये अधिल्लो सल्लाहकार विश्वशंकर पालिखेले २ वर्षको करार गरे ता पनि २०५४।९।७ देखि २०५५ बैशाखसम्म मात्र काम गरी राजीनामा गरेको र सो अवधि सम्मको निजले बक्यौता बुझाई सकेकोले निजले दाखिल गरेको धरौटी समेत फिर्ता भई सकेको र तदनन्तर २०५५।१।२९ को बोर्डको निर्णयानुसार चिनबहादुर थापालाई दक्ष सल्लाहकारमा नियुक्ति गरी २०५६।१।१६ मा चुंगीकर खारेज भएपछि निजसंग भएको सम्झौता स्वतः रद्द भई सकेको रहेछ । यस अवधिमा निज थापाको सम्पूर्ण बक्यौता फछ्यौंट भई नसकेकोले निजले धरौटी राखेको जग्गा समेत हाल रोक्का रहेको देखिन्छ ।

यसमा मासिक रुपमा पारिश्रमिक र अन्य सुविधा पाउने गरी नियुक्ति गरिने तथाकथित "दक्ष सल्लाहकार" मा नियुक्ति गरी निजले दैनिक रुपमा तोकिएको रकम नगरपालिकालाई बुझाउने सम्झौता गर्ने भएपछि यस प्रकृया अन्तर्गत निजले तोकिए भन्दा बढी रकम उठाउन सके सो रकम निजकै हुने र सो रकम उठाउन नसके घाटा पनि निजकै हुने स्थितिमा त्यसरी नियुक्त व्यक्तिको हैसियत "सल्लाहकार" नभई ठेकेदार सरह मात्र हुने हुंदा यस्तोमा नगरपालिकाले निजलाई अन्य पारिश्रमिक वा सरसुविधाहरु प्रदान गरी रहनु पर्ने औचित्य देखिदैन । यसबाट उल्लिखित "दक्ष सल्लाहकार" नियुक्त गर्ने निर्णय केवल टेण्डर प्रकृयालाई छलेर आफ्ना मानिसलाई नगरपालिकाकै स्रोत साधन र जनशक्ति प्रयोग गर्न पाउने गरी ठेकेदारमा नियुक्ति गर्ने उद्देश्यले प्रेरित भएको देखिन्छ ।

रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा ३ बमोजिम रकम बन्दोवस्त गर्नु पर्ने भएमा ऐ दफा ५ अनुसार टेण्डर वा बढाबढ वा घटाघट नै गर्नु पर्ने व्यवस्था भएको र ऐ दफा १२ मा त्यसरी बन्दोवस्त भएको ठेक्कामा ठेकेदारले किस्ताबन्दी रकम बुझाउने तरिकाबारे उल्लेख भएको छ । उल्लिखित कानूनी प्रावधान विपरित बिना प्रतिस्पर्धा कुनै व्यक्तिविशेषलाई जिम्मा दिई रकम असूल गर्ने अन्य कुनै वैकल्पिक व्यवस्थाको अवलम्बन गर्न सकिने गरी उल्लिखित ऐन बमोजिम नगर्ने उन्मुक्ति कुनै पनि निकायलाई सो ऐनले दिएको देखिदैन । यसबाहेक नगरपालिका ऐनले पनि आर्थिक मामिलाका सम्बन्धमा प्रचलित आर्थिक ऐन नियम बमोजिम नै गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरेको हुंदा नगरपालिकाको सो निर्णय गैरकानूनी भएको प्रष्ट नै छ । तसर्थ सो नगरपालिकाको बैठकको मिति २०५४।९।३ को निर्णय नं. २ मा चुंगीकर सल्लाहकारलाई चुंगीकर उठाउन जिम्मा दिने र साथ साथै २०५४।८।२३ को नगर परिषद्को 'दक्ष सल्लाहकार मार्फत् चुंगीकर उठाउन दिने' भनी भएको नीतिगत निर्णय समेत गैरकानूनी भएकोले उल्लिखित २०५४।८।२३ को नगर परिषद् र मिति २०५४।९।३ को नगरपालिकाको बैठकमा उपस्थित भई निर्णयमा सहमति जनाउने सबै पदाधिकारीहरुलाई अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३ को देहाय (ख) बमोजिमको अनुचित कार्य गरेको देखिंदा ऐ दफा १२(१) बमोजिम निजहरुलाई स्थानीय विकास मन्त्रालयमार्फत् सचेत गराई यस्तो गैरकानूनी निर्णय गरेकोतर्फ स्थानीय विकास मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

३. सिरहा जिल्ला, तुलसीपुर गा.वि.स.का अध्यक्षले गा.वि.स.को रकम मनपरी खर्च गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीउपर छानबीन हुंदा निम्नानुसार गर्न स्थानीय विकास मन्त्रालयलाई लेखिएको :–

(क) आ.व. २०५३।५४ र २०५४।५५ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा उल्लिखित बेरुजु र सो बेरुजु नियमित वा असूलउपर गर्ने सम्बन्धी आवश्यक प्रकृया तत्काल शुरु गरी अन्तिम जानकारी यथाशीघ्र आयोगमा पठाउन लेखिएको ।

(ख) आइन्दा एउटा कामको लागि पेश्की लिएपछि सो फछ्यौंट नहुंदै सोही व्यक्तिले अर्को पेश्की लिन नपाउने गर्ने तथा निर्माण कार्यहरु गर्दा प्रचलित आर्थिक नियमावली बमोजिम अनिवार्य रुपमा टेण्डर वा कोटेशन माग गरी नियमावलीको प्रावधानहरुको कडाईका साथ पालना गर्न गराउन सबै स्थानीय निकायहरुलाई परिपत्र गर्ने । त्यसरी नियम विपरित काम कारवाई भएकोमा आगामी किस्ताहरुको निकासा नै रोक्का गर्नेतर्फ आवश्यक व्यवस्था मिलाउन लेखिएको ।

(ग) प्राविधिकलाई निरीक्षण नै नगराई ढलान जस्तो काममा आफ्खुशी छड राख्न लगाई निर्माण कार्य गराउने तुलसीपुर गा.वि.स. अध्यक्ष प्रमोदप्रसाद यादव र आफूले निरीक्षण नै नगरी "गा.वि.स. अध्यक्षले भने बमोजिम" भन्ने आधारमा मूल्याङ्कन गर्ने प्राविधिकहरुको कार्य समेत जिम्मेवारीपूर्ण कार्य भन्न सकिने देखिन आएन । तसर्थ नियमित निरीक्षण र अनुगमनको आधारमा मात्र मूल्याङ्कन गर्न इञ्जिनीयर शीतलप्रसाद गुप्ता, ओभरसियर रामबाबु मण्डल र स.ओ.सि. राजकुमार यादवलाई आइन्दा सतर्क रहन लेखिएको ।

(घ) प्राविधिक रेखदेख पुऱ्याएर मात्र निर्माण कार्य गर्ने र अन्य कार्यालयको दैनिक प्रशासन संचालन गर्दा प्रचलित ऐन कानूनको परिधिभित्र रही मात्र काम गर्ने गराउने सम्बन्धमा गा.वि.स. अध्यक्ष प्रमोदप्रसाद यादवलाई सचेत गराइएको ।

४. उदयपुर सिमेन्ट उद्योग लि.को शाखा कार्यालय, काठमाडौंको लागि खरीद भएको कावासाकी बजाज मोटर साइकल खरीद सम्बन्धी उजूरीउपर छानबीन हुंदा केवल नियम पुऱ्याउन मात्र कोटेशन लिएको देखिंदा अब उप्रान्त यसो नगर्न ध्यानाकर्षण गर्नुका साथै नाम मात्रको कोटेशन लिई मोटर साइकल खरीद गर्न स्वीकृत गर्ने महाप्रबन्धक तेजकान्त झा, खरीदको लागि पेश गर्ने शाखा कार्यालय प्रमुख मोहनबहादुर बस्नेत र तत्कालीन ब.स. विचित्रा प्रधानाङ्ग समेतलाई सचेत गराइएको ।

५. नेपाल दूर संचार संस्थान, क्षेत्रीय कार्यालय, भैरहवाको प.सं. ०५४।५५ मिति २०५४।१२।१४ को सूचना अनुसार क्षेत्रीय कार्यालय अन्तर्गत अस्थायी सहायक पद चौथो तहको विज्ञापन गरिएकोमा दरखास्त दिने अन्तिम मिति २०५४।१२।२८ भन्दा म्याद नाघेका केन्द्रीय कार्यालयमा दरखास्त दिने १४ जना व्यक्तिको दरखास्त फाराममा (जुन दरखास्त फारामहरु विज्ञापन गर्ने कार्यालय, भैरहवामा नै दिनु पर्नेमा नदिएको) कुन कार्यालयमा कुन पदका लागि दिएको नखुलेको, बाजे र बाबुको नाम ठेगाना नखोलेको, बाबुको र उम्मेदवारको थर फरक भएको, नागरिकता र चारित्रिक प्रमाणपत्रमा जन्म मिति फरक देखिएको, शैक्षिक योग्यताको विवरण नभरेको, निवेदकको दस्तखतमा बाबुको नाम उल्लेख भएको जस्ता कैफियत देखिएको र त्यस्ता प्रकारका फारामहरु भर्ने उम्मेदवारलाई पनि परीक्षामा सम्मिलित गराउन नेपाल दूर संचार संस्थानका महाप्रबन्धकले टिप्पणी सदर गरी क्षेत्रीय कार्यालयमा दरखास्त पठाएको देखिएकोले यस्तो अनुचित कार्य गर्ने महाप्रबन्धक चेतप्रसाद भट्टराईलाई सचेत गराइएको ।

६. संसद सचिवालयले सचिवालयको लागि आवश्यक पर्ने कम्प्यूटर र प्रिण्टर खरीद गर्न मिति २०५६।२।२२ मा सूचना प्रकाशित गरी खरीद गरेको प्रकृयाका सम्बन्धमा श्री टि.ग्रुप प्रा.लि. को कवोल अंक सबैभन्दा कम भएको, निजले पेश गरेको टेण्डर फाराममा निश्चित मोडल उल्लेख गरिसकेपछि त्यसको विस्तृत मापदण्ड र स्पेशिफिकेशनहरु संलग्न ब्रोसियरमा उल्लेख भएकै देखिएकोमा ब्रोसियरको अध्ययन नै नगरी प्रस्तावित मोडल स्पेशिफिकेशन अनुरुप नभएको भन्ने राय प्रतिवेदन दिई सोही आधारमा सचिवालयले निर्धारण गरेकै स्पेशिफिकेशन अनुसार हुंदा हुँदै न्यूनतम कवोलवालाको टेण्डर स्वीकृत गर्नु पर्नेमा दोस्रो न्यूनतम बोलवाला मर्कन्टाइल अफिस सिष्टमको टेण्डर स्वीकृत गरी रु. ८७,४५०।- श्री ५ को सरकारलाई थप व्ययभार पारेको देखिंदा अब आइन्दा यस्तो कार्य दोहोरिन नदिन संसद सचिवालयको ध्यानाकर्षण गराई कम्प्यूटर अधिकृत चन्द्र शाहलाई सचेत गराइएको ।

७. नेपाल दूर सञ्चार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंले काठमाडौंका विभिन्न एक्सचेञ्जहरुमा राख्न १० के.जी. क्षमता भएका ५० थान अग्निशमन यन्त्रहरु (Fire Extinguishers) कोटेशनको आधारमा खरीद गरी लाखौं रुपैयाको कमिशन सम्बन्धित व्यक्तिहरुले खाएर संस्थानलाई भ्रष्टाचारको दलदलमा फसाएको भन्ने व्यहोराको उजूरीका सम्बन्धमा छानबीन हुंदा, सो संस्थानको क्षेत्रीय कार्यालय, काठमाडौंबाट उपरोक्त ५२ वटा अग्निशमन यन्त्रहरु खरीद गर्न संस्थानको केन्द्रीय कार्यालयलाई रु ४,७०,०००।- निकासा गर्न २०५५।१२।१६ को पत्रबाट अनुरोध भएको र केन्द्रीय कार्यालयले २०५५।१२।१८ मा सो रकम निकासा दिएपछि दूर सञ्चार संस्थान आर्थिक विनियमावली, २०५२ को विनियम, २०(६) बमोजिम बोलपत्र आव्हान गरी खरीद गर्नु पर्नेमा २०५६।१।१३ देखि २०५६।२।२३ को बीचमा २ ३ दिनको फरक पारी ५ (पांच) पटक कोटेशनबाट खरीद गरेको देखिन आयो ।

त्यसरी खरीद गर्दा संस्थानको आर्थिक विनियमावली, २०५२ ले गरेको व्यवस्था विपरित बोलपत्र प्रथा नै निष्कृय पार्ने उक्त खरीद प्रकृयाको औचित्यबारे संस्थानका महाप्रबन्धक लाई सोधनी हुंदा काठमाडौं क्षेत्रीय कार्यालय अन्तर्गत १६ वटा एक्सचेञ्जहरु सञ्चालनमा रहेका र १,३५,००० जति टेलीफोन लाईनहरु चालु अवस्थामा रहेको, निर्वाचनको समयमा माओवादी गतिविधि बढी सकृय भई उपरोक्त एक्सचेञ्जहरु लक्षित हुने सम्भावना बढी भएकोले सो गतिविधिबाट हुन सक्ने आगजनी, खतरालाई कमी गर्ने उद्देश्यले समयको अभावको कारण पटक पटक कोटेशनमा उक्त सामानहरु खरीद गर्नु पर्ने बाध्यता आएको, तर आर्थिक विनियमावलीको सिद्धान्त विपरित बोलपत्र प्रथा नै निष्कृय पार्ने उद्देश्य नराखेको र कोटेशनबाट सामान खरीद नगरी नहुने अवस्था भनेको दूर सञ्चार सेवा बन्द हुने अवस्था र दूर सञ्चारका उपकरणहरुको संरक्षण नगरी नहुने अवस्था हो, तत्कालीन परिस्थितिमा दूर सञ्चार संस्थानको संवेदनशिलतालाई ध्यानमा राख्नु पर्ने अवस्था निश्चय पनि थियो । टेण्डरको अवधि घटाई खरीद गर्ने गरी टेण्डर आव्हान गर्दा समयमा नै निर्णय गर्न नसकेमा ठूलो हानी नोक्सानी हुन सक्ने, सम्बन्धित निकायहरु श्री ५ को सरकार गृह मन्त्रालय, रक्षा मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय र शाही नेपाली सेनाबाट नेपाल दूर सञ्चार संस्थान माओवादीहरुको Target भित्र परेको भन्ने सूचना प्राप्त भएकोले सम्बन्धित निकायहरुको अनुरोधलाई समेत ध्यानमा राखी उपरोक्त अग्निशमनयन्त्रहरु कोटेशनबाट खरीद गरिएको भन्ने व्यहोराको महाप्रबन्धकको बयान रहेको ।

यसै सम्बन्धमा काठमाडौं क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रबन्धक सुगतरत्न कंसाकारले बोलपत्रको सट्टा कोटेशनबाट उपरोक्त सामानहरु खरीद गर्नु पर्ने कारणमा त्यस समय निर्वाचनको अगाडि परेको, सुरक्षाको दृष्टिकोणलाई सर्वत्र सरकारी कार्यालयहरुले गम्भीर रुपमा लिएको, देशभरी नै आतंकवादी गतिविधि बढिरहेको अवस्थामा दूर सञ्चार

संस्थान, केन्द्रीय कार्यालयले समेत शाही नेपाली सेना र नेपाल प्रहरीसंग वारम्वार छलफल गरेको, संस्थानको क्षेत्रीय कार्यालयहरुमध्ये सबैभन्दा ठूलो र राजधानीको सम्पूर्ण टेलिफोन एक्सचेन्जहरुको जिम्मा लिएको क्षेत्रीय कार्यालयले जति सक्दो चांडो अग्निशमन यन्त्र खरीद गर्नु पर्ने भई अधिकृत विक्रेताबाट खरीद गरिएको, टेण्डर प्रकृयामा Specification तयार गर्नुपर्ने, पत्रिकामा सूचना पठाउनु पर्ने, Specification मिलेको छ, छैन, भनी मूल्यांकन गर्नु पर्ने आदि व्यवस्थाले बढी समय लिने समेत कारणले बोलपत्रको सट्टा कोटेशनबाट उपरोक्त सामान खरीद गर्नु परेको व्यहोराको बयान गरेको ।

त्यसै गरी, सोही क्षेत्रीय कार्यालयका लेखा प्रबन्धक यादवराज शर्माले समयको संवेदनशीलता, सामानको बोलपत्र गर्न सो बोलपत्र तयार गर्न चाहिने प्राविधिक जनशक्तिको कमी र सम्पूर्ण कार्यालयलाई सुरक्षा दिनु पर्ने निर्देशनहरुको आधारमा संस्थानको आर्थिक विनियमावली, २०५२ को परिच्छेद ४ को दफा २० को उपदफा ४ मा उल्लेख भएका अन्तिम वाक्य अनुरुप संस्थानको हीत हुने उद्देश्यले खरीद गरिएको, सामानको छिटो उपयोगिता महसूस गरी अधिकार प्राप्त अधिकारीको निर्णयबाट टुक्र्याएर खरीद गरिएको, यो कार्य संस्थानको हीतको लागि गरिएको, सो कार्यालयमा बोलपत्र आव्हान गर्न तयार गर्नु पर्ने तर क्षेत्रीय कार्यालयमा Specification, Tender document तयार गर्ने जनशक्ति नरहेको, बोलपत्रबाट सामान झिकाउंदा समय समेत लामो लाग्ने महसूस गरेर एक पटकमा १०-१० वटा अग्निशमन यन्त्रहरु खरीद गरिएको, कोटेशनबाट खरीद गर्दा प्राविधिकले सामान हेरी बुझी जांची आफ्नो आवश्यकता पूरा हुने हुनाले बोलपत्रको सट्टा कोटेशनबाट खरीद भएको भन्ने बयान गरेको ।

यसमा निर्वाचन नजिक आएको र देशमा आतंकवादी गतिविधि बढेको कथन पनि आ-आफ्नो ठाउंमा ठीकै भए पनि टेण्डरबाट खरीद गर्नु पर्ने सामान कोटेशनबाट खरीद गरी नेपाल दूर सञ्चार संस्थान, आर्थिक नियमावली, २०५२ को विनियम २० (६) को प्रकृया पूरा नभएको र छोटो अवधिको समय तोकी टेण्डर आव्हान गर्न सकिने भन्ने उक्त नियमावलीको नियम ४२ (१) (ग)तर्फ ध्यान समेत नपुऱ्याएको वा सोतर्फ पहल नगरेको कुरालाई स्वस्थ मान्न नमिल्ने, तर लिने खाने उद्देश्यले बदनियतसाथ भ्रष्टाचार गरेको नदेखिएको र उल्लिखित परिस्थितिलाई समेत ध्यानमा राख्दा प्रकृयागत त्रुटीका लागि अब उप्रान्त बोलपत्र संबन्धी व्यवस्थालाई निष्कीय पार्ने गरी यस किसिमको त्रुटी वा गल्ती दोहरिन नदिनेतर्फ आवश्यक सजगता अपनाउन महाप्रबन्धक चेतप्रसाद भट्टराईको ध्यानाकर्षण गराई कानूनी प्रकृया अवलम्बन नगरेकोमा तत्कालीन क्षेत्रीय प्रमुख सुगतरत्न कंसाकार र काठमाडौं क्षेत्रीय कार्यालयका लेखा प्रबन्धक यादवराज शर्मालाई सचेत गराइएको ।

८. दीपक मलहोत्राले अवैध रुपमा झिकाएको मोवाइल टेलीफोन २०५५ साल पौष ६ गते त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा फेला परेको, चोरी निकासी गरिएका उपरोक्त टेलीफोनहरु निज दीपक मलहोत्राको प्रभावमा परी भन्सार प्रमुखे सो सम्बन्धमा अनुसन्धान कार्य पूरा नहुँदै सो सबै मोवाइल टेलीफोन लिलाम चढाई न्यून मूल्यमा दीपक मलहोत्राकै मान्छेलाई सकार्न लगाइएको भन्ने उजूरीका सम्बन्धमा छानबीन हुंदा यसमा काठमाडौं महानगरपालिका, वडानं. ९ सिनामङ्गल चोक वस्ने वलराम सापकोटाको घरबाट प्रहरीले सेलुलर मोवाइल टेलीफोन थान २२४ र एडप्टर थान ६ समेत फेला पारी आवश्यक कारबाईको लागि यादवराज पाठक लगायतका व्यक्तिहरुलाई उपरोक्त टेलीफोन समेत सो भन्सार कार्यालयमा वडा प्रहरी कार्यालय, गौशालाले दाखिल गरेको । तत्पश्चात् सो भन्सार कार्यालयको थाई गोदाममा रहेका ३८४ थान मोवाइल टेलीफोन र एडप्टर थान २६ समेत सो गोदामबाट सो कार्यालयले २०५५।११।२३ मा नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि. लाई बुझाउने आदेश दिएको । २०५५।११।२६ गते मुल्यांकन समितिको वैठकले उक्त टेलिफोनको प्रति सेटको यू.एस.डलर ३५ मूल्य कायम गरेको र सोही अनुरुप २०५५।११।३० मा सो कार्यालयले उपरोक्त टेलीफोनहरु ६०८ थान र एडप्टर थान ३२ को न्यूनतम मूल्य रु. १३,४४,०००।- मा लिलाम वढावढ गर्नका लागि ७ (सात) दिनको सूचना मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा समेत टांस्न लगाएको, २०५५।१२।७ का दिन ४ वटा फर्महरुले लिलाम वढावढ गर्दा सबै भन्दा वढी मूल्य रु. १४,९०,०००।- वढावढ गर्ने इन्टरनेशनल मार्केटिङ्ग सर्भिसेजलाई सो टेलीफोन लिलाम बिक्री गरिएको देखियो ।

उपरोक्त कार्य निम्न रुपले विवादास्पद देखियो :-

(क) भन्सार ऐन, २०१९ को दफा २२ अनुसार सामान जफत भएपछि मात्र लिलाम गर्नुपर्ने । उपरोक्त टेलीफोन चोरी निकासी सम्बन्धी मुद्दाको निर्णय २०५६।५।३२ मा भएको, तर लिलाम २०५५।१२।७ मा भएको ।

(ख) भन्सार नियमावली २०२६ को नियम १०(४) अनुसार सडी गली जाने सामान बाहेक अन्य सामानका हकमा ३० दिनको सूचना दिई लिलाम गर्नु पर्नेमा ७ (सात) दिनको सूचना दिई लिलाम गरेको ।

(ग) भन्सार विभागले २०५५।८।२७ मा सो टेलीफोन प्रति सेटको अमेरिकी डलर ४५ मूल्य कायम गरी धरौटीमा जांचपास गरी राजस्व असूल गर्न सो कार्यालयलाई निर्देशन दिइएकोमा लिलाम हुंदा प्रति सेट अमेरिकी डलर ३५ कायम भएको ।

(घ) आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०४२ अनुसार १ लाख भन्दा वढी परल मूल्य भएका सामानहरुको लिलाम गर्नुपर्दा सम्वन्धित विभाग/मन्त्रालयका स्वीकृति लिनुपर्नेमा सो स्वीकृति नलिएको ।

यस सम्बन्धमा प्रमुख भन्सार प्रशासक सावित्री राजभण्डारीले यस आयोगमा बयान गर्दा भन्सार नियमावली, २०२६ को नियम १० (४) ले भन्सार अड्डाले जफत वा कब्जा गरेका सामान सड्ने गल्ने अवस्थामा मात्र नभई पुराना भई मूल्य घट्न जाने भएमा लिलाम गर्न सक्ने व्यवस्था गरेकोले सो टेलीफोनहरु पान मूल्य घट्न नपाओस् भन्ने सोही दृष्टिकोणले लिलाम गरिएको, सो भन्सार कार्यालयमा सामानको लिलाम गर्दा ७ (सात) दिनको सार्वजनिक सूचना टांसी लिलाम गर्ने प्रचलन अनुरुप नै सो टेलीफोनहरु लिलाम गरिएको, प्रति १ टेलीफोनको मूल्य ४५ अमेरिकी डलर धरौटीमा राख्ने प्रयोजनको लागि कायम भएको हो ता पनि लिलाम गर्दा कायम हुने मूल्य धरौटी मूल्य भन्दा घटी वढी हुन सक्ने अवस्थालाई कानूनले स्वीकार गरेको र तदनुरुप गर्दा मूल्यांकन फरक पर्न गएको भन्ने समेतको व्यहोरा उल्लेख भएको ।

भन्सार नियमावली, २०२६ को नियम १० (४) बमोजिम मालसामान लिलाम गर्दा ३० दिने सूचना टांस गरी स्थानीय पत्रपत्रिकामा समेत जानकारी गराउनु पर्नेमा ७ (सात) दिनको सूचना टांस गरी लिलाम गरेको कार्य कानूनसम्मत नभएको तर व्यवहारमा ७ दिनको सूचना टांस गरी लिलाम गर्ने परिपाटी सो कार्यालयमा पहिलेदेखि नै यथावत् रुपमा चल्दै आएको पाइएको कारण यस सन्दर्भमा निज सावित्री राजभण्डारीलाई मात्र दोषी मान्न न्यायोचित नदेखिएको, रु. एक लाखभन्दा बढीको सामान लिलाम गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्ने सन्दर्भमा भन्सार विभागले भन्सार ऐन र नियमावलीको लिलाम सम्बन्धी प्रावधान अनुसार सम्बन्धित मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था नभएको हुंदा जतिसुकै मूल्यको सामान लिलाम गर्दा पनि मन्त्रालयको स्वीकृति लिने गरिएको छैन भनी प्रतिकृया व्यक्त गरेबाट ऐनहरुको प्रयोगमा नै द्विविधा देखिएको, लिलाम सम्बन्धी कार्य पूर्णतः कानूनी प्रकृया अनुरुप भएको भन्न नसकिए ता पनि राजस्व उठाउने लक्ष पूरा गर्ने सिलसिलामा काम गर्दा कार्यवोझको कारणले सानोतिनो त्रुटी भएको हुन सक्ने कुरा निजले सहज रुपमा स्वीकारेकोले निजलाई एकपटक सचेत गर्न अर्थ मन्त्रालयमा लेखी यस सम्बन्धमा अर्थ मन्त्रालय तथा भन्सार विभागलाई देहायका विषयमा ध्यानाकर्षण गराइएको :-

(क) "जफत भएका सामानहरु लिलाम गर्दा भन्सार ऐन र नियमावलीको लिलाम सम्बन्धी प्रावधान अनुसार परल मूल्य तोकी सम्वन्धित मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था नभएको हुंदा जतिसुकै मूल्यको सामान लिलाम गर्दा पनि मन्त्रालयको स्वीकृति लिइने गरिएको छैन" भनी किटानी व्यवस्थाको उल्लेख नगरी गोलमटोल किसिमको जानकारी भन्सार विभागको च.नं. १७१ मिति २०५६।८।२२ को पत्रबाट लेखिआएको हुंदा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को प्रावधान निष्कृय हुन पुगेको र सो प्रावधान लागू नहुने भनी भन्सार ऐन तथा नियममा स्पष्ट रुपमा किटानी व्यवस्था भएको नदेखिंदा यस विषयमा आवश्यक समन्वय मिलाउने ।

(ख) जफत भएका सामानको लिलाम सम्बन्धी सूचना स्थानीय कार्यालयमा मात्र टांस्ने नगरी भन्सार नियमावली, २०२६ को नियम १०(४) मा भएको व्यवस्था अनुसार पत्र पत्रिकामा समेत सूचना प्रकाशित गर्ने व्यवस्था मिलाउने ।

(ग) अब आइन्दा भन्सार प्रयोजनका लागि वा लिलाम सम्बन्धि कार्यका लागि सामानको मूल्यांकन गर्दा प्रचलित वजार भाउ समेतलाई ध्यानमा राखी मूल्यांकन गर्ने परीपाटी बसाउने ।

घ) ध्यानाकर्षण वा सुझाव पठाइएको विवरण :-

१. नेशनल कन्स्ट्रक्शन कम्पनी, नेपाल (NCCN) तथा नेपाल आयल निगममा पनि राजनैतिक नियुक्ति भएका महाप्रबन्धक रामाज्ञा चतुर्वेदीले ती संस्थानहरुमा कार्यरत रहंदा गैरकानूनी रुपमा सपत्ति आर्जन गरेको भन्ने विषयको उजूरीउपर छानबीन हुंदा निजले नियुक्ति पूर्व सम्पत्ति विवरण पेश गर्ने गरेको देखिन नआएको सन्दर्भमा यसरी कुनै पनि जिम्मेवारीको पदमा नियुक्ति गर्दा शुरुमा र सेवानिवृत्त हुंदासमेत अनिवार्य रुपमा सम्पत्ति विवरण लिने परिपाटी बसाल्न मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

२ सडक विभागको महानिर्देशक पदमा योग्यताक्रमको नवौं क्रममा पर्ने व्यक्ति र NCCN को महाप्रबन्धक पदमा भ्रष्ट व्यक्तिलाई सेवा सम्बन्धी नियमावलीहरु विपरीत नियुक्त गरिएको भन्ने समेतका विषयको उजूरीउपर छानबीन हुंदा महाप्रबन्धक र महानिर्देशक जस्ता गहन जिम्मेवारीका पदहरुमा नियुक्ति गर्दा कुनै आधार तयार गर्ने परिपाटी नभएबाट सो पदका वरिष्ठ प्रत्याशीहरुमा रोष र कार्यदक्षताको सही मूल्याङ्न नभएको भनी नैराश्य उत्पन्न हुन सक्ने हुंदा त्यस्तो पदहरुमा हुने नियुक्तिलाई पारदर्शी र निर्विवाद बनाउनु उपयुक्त हुने भएकोले उपयुक्त आधारहरु तय गरी

तद्नुसार मात्र नियुक्ति दिने व्यवस्था गर्नेतर्फ मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारको ध्यानाकर्षण गरिएको ।

३. कपास विकास समिति खजुरा, बांके अन्तर्गत कुम्मर उत्पादन फार्म बर्दियामा धानबाली पनि उत्पादन हुने गरेको र आ.व. २०५५।५६ मा उत्पादित १५०० क्वीन्टल धान परियोजना प्रमुख र लेखा अधिकृत मिली रु. ११५०।- प्रति क्वीन्टल पर्ने धानलाई सोझै निवेदन लिई रु. ८६०।- प्रति क्वीन्टलमा बिक्री गरेको भन्ने विषयमा छानबीन हुंदा त्यस कार्यालयबाट धान बिक्री गर्दा ऐन कानूनको प्रकृया पूरा नगरी बिक्री गरेको भन्ने जिल्ला प्रशासन कार्यालय, बर्दियाको छानबीन प्रतिवेदनबाट उल्लेख भई आएकोले यस कार्यका लागि कपास विकास समिति, प्रधान कार्यालय, खजुराका प्रमुखलाई ध्यानाकर्षण गराइएको ।

४. पूर्वाञ्चल डिभिजन सडक कार्यालय नं. ५ लहान अन्तर्गत त्रियुगा र गागन पुल निर्माणको स्वीकृत क्राइटेरिया अनुसार प्रि-क्वालिफिकेशन मूल्याङ्कन गर्दा दुईवटै पुलको लागि जम्मा ५ वटा फर्महरु उत्तीर्ण भएको र दुवै पुलको कबोल अंक ल.ई.भन्दा ८ % बढी पाइयो । पी.क्यू. नतीजा प्रकाशित भइसकेपछि प्रतिस्पर्धीहरुको बोलपत्र पेश गर्दा एक आपसमा मिलेमतो गरी प्रचलित आर्थिक नियममा भएको व्यवस्थाको हदसम्मको अंकमा मिलेमतो गर्न सक्ने स्थिति विद्यमान रहने हुंदा पी.क्यू. र बोलपत्र छुट्टा छुट्टै आह्वान नगरी Double envelop system अन्तर्गत मात्र बोलपत्र आह्वान गर्ने व्यवस्था भएमा प्राविधिक प्रस्तावमा उत्तीर्ण हुनेको मात्र आर्थिक प्रस्ताव खोलिने हुंदा प्रतिस्पर्धीको सम्बन्धमा पूर्व जानकारी नहुने भई मिलेमतो गर्ने अवसर प्राप्त नहुने र वास्तविक प्रतिस्पर्धा हुने देखिएकोले सोही अनुसारको व्यवस्था (पी.क्यू. गर्नु पर्ने प्रावधान भएकोमा) गर्न मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारलाई सुझाव पठाइएको ।

५. नेपाली नागरिकहरुले पनि भारतीय नं. प्लेटका गाडी खरीद गरी नेपाली नम्बरमा परिवर्तन नगरी तराई क्षेत्रमा विदेशी गाडी चलाउन तोकिएको न्यूनतम महसूल मात्र तिर्ने हुंदा भन्सार लगायतका अन्य करहरु नतिरी लाखौंको राजस्व असूल हुन नसकेको भन्ने उजूरीका सम्बन्धमा छानबीन हुंदा यसमा भारतीय नं. प्लेटका गाडीहरुलाई प्रवेश क्षेत्रमा रेकर्ड राखी सीमावर्ती बजारसम्म जान दिने र सोही दिन फर्कनु पर्ने व्यवस्था गरी लामो समयसम्म नेपालमा बस्न पाउने व्यवस्थाको अन्त्य गरी विदेशी गाडीहरुलाई निरुत्साहित गर्न सुधारात्मक प्रकृयाहरुको अवलम्बन गर्न यातायात व्यवस्था विभाग, भन्सार विभाग र सबै भन्सार कार्यालयहरुलाई सुझाव पठाइएको ।

६. कृषि विकास बैंकका महाप्रबन्धकले २०५४ साल भाद्रमा महाप्रबन्धक सरहको सल्लाहकार पद सिर्जना गरी आफ्नो अवकासको निर्णय आफै गरेको, पेश्की सापटी कट्टा गरी बांकी रकम मात्र अवकास लिंदा भुक्तानी गर्नु पर्नेमा ३ लाख ५० हजार सापट यथावत राखी भुक्तानी गरेको, पटक पटक गरी सयौं कर्मचारी अस्थाई भर्ना गरेको भन्ने समेत विषयको उजूरीमा छानबीन हुंदा महाप्रबन्धक पदमा नियुक्त हुंदा आफ्नो नियमित दरबन्दीतर्फ लियन रहेको वरिष्ठ सल्लाहकार पदबाट राजिनामा गरेपछि निजले नियमानुसार पाउने सुविधा लिन पाउने नै देखिएको, निज बैंकको नियमित दरबन्दीको पदमा नरहे पनि राजनैतिक नियुक्ति हुने महाप्रबन्धक पदमा भने बहाल नै रहेको हुंदा तत्काल पेश्की सापटी फर्छ्यौट गर्ने पर्ने बाध्यता नरहेको र कर्मचारी भर्ना सम्बन्धमा भने ज्यालादारी कर्मचारी अनियमित रुपमा भर्ना गर्ने परिपाटी नियन्त्रण गर्नु पर्ने र यसमा एउटा स्पष्ट मापदण्ड निर्धारण गरी कारण खुलाई (पदपूर्तिको कारवाई उठाई सकिएको, तत्काल ज्यालादारीमा भर्ना नगर्दा कुन कुन बैंकको के कस्तो कार्यमा हर्जा हुने, अन्य वैकल्पिक व्यवस्था हुन सक्ने देखिए नदेखिएको आदि आदि) पदपूर्ति गर्ने परम्परा बसाल्न अर्थ मन्त्रालयले बैंकहरुलाई निर्देशन दिन सुझाव पठाइएको ।

७. मिति २०५५।८।२० गते बेलुका शा.ने.वा.नि. को हङकङ काठमाडौं उडानबाट आएको हवाई जहाजमा लुकाई छिपाई ल्याएको रु. ५० लाख मूल्य पर्ने कम्प्यूटर पार्टस् ग्रीन च्यानलमा पत्राउ गरी त्रि.वि.भन्सार कार्यालयमा राष्ट्रिय अनुसन्धान विभागको कर्मचारीहरुले बुझाएको सामान जफत गर्नु पर्नेमा नगरी राजस्व हिनामिना गरेको भन्ने उजूरीका सम्बन्धमा छानबीन हुंदा यसमा भन्सार विभागको पत्रबाट ग्रीन च्यानलबाट निस्किएको सामान बरामद भएको भए बरामदी मुचुल्का सहितको जाहेरी हुनु पर्नेमा त्रिभुवन विमानस्थल कार्यालयमा त्यस्तो जाहेरी दर्ता नभएको भन्ने जानकारी प्राप्त भएको तथा उजूरीमा ग्रीन च्यानल पार गराइ सकेको भन्ने उल्लेख भए ता पनि त्यस्तो भएकै हो भन्ने कानूनी आधार रहेको पाइएन । यसको अतिरिक्त सो विवादित सामानहरु भन्सार कार्यालयमा नियमानुसार डिपोजिट राखी भोलिपल्ट छुटाएको भन्ने भन्सार विभागबाट प्राप्त जानकारीलाई अन्यथा भन्न सकिने स्थितिको अभावमा यस्ता विवादलाई भविष्यमा पुनः उठ्न नदिन ग्रीन च्यानलमा अझ बढी नियन्त्रणात्मक व्यवस्था गर्न भन्सार विभागलाई सुझाव पठाइएको ।

८. मध्य मर्स्याङदी जलबिद्युत आयोजनाको Tender Design Stage environmental Impact र Monitoring & Mitigation Plan Design – Construction कार्यका लागि नेपाल विद्युत प्राधिकरण आयोजना तयारी तथा अध्ययन निर्देशनालय, वातावरण महाशाखाबाट सूचना प्रकाशित गरी सक्षम १० विभिन्न कम्पनीहरु Short listed भएकोमा सो मध्येबाट आर्थिक तथा प्राविधिक प्रस्ताव माग गर्दा सबैभन्दा घटी आर्थिक प्रस्ताव पेश गर्नेको प्रस्ताव स्वीकृत हुनु पर्नेमा अन्यथा भएको भन्ने विषयको उजूरीका सम्बन्धमा छानबीन हुंदा यसमा आर्थिक प्रस्तावको मूल्यांकन गर्दा Price adjustment गरिएको र मूल्यांकन प्रतिवेदनमा METCON Consultants Pvt. Ltd.को रु. २,९४,१६,८७३।४३, TAEC Consult(P) Ltd. को रु. २,८५,३९,६०२।४५ र Shah Consultant International (P) Ltd. and Water Resources Consult (P) Ltd. Joint Venture को रु. ६,४७,१९,०६६।८६ Adjusted Price उल्लेख भएको । Price Adustment गर्दा Taec को आर्थिक प्रस्तावमा उल्लिखित १० % contigencies रकम रु.२९,७३,१४२।९८ र Site office को रु. १७,२२,०००।- consider नगरिएको । Instruction to tenderers and terms of reference को Article ४.३.३.१ मा No-other cost items except those stated in any of the five classes will be accepted in the financial proposal and considered for payment " भनी उल्लेख भएकोले उक्त price consider नगरिएको देखिन्छ । सोही Article ४.३.३.१ मा "All cost not itemised in the financial proposal will be deemed to be covered by other elements of the consultants estimate" भनी उल्लेख भएको सम्बन्धमा However following the "procedures for the evaluation of financial poroposal " forwarded by KFW and the previous experiences in the evaluation of the financial proposals of Technical Consultants for tender Design and construction supervision of middle Marsyangdi Hydro Electric Project, loading of the missing cost elements which have been spelt out in the ITT have been made भन्ने कुरा मूल्यांकन प्रतिवेदनमा उल्लेख गरी Instruction to Tenders and Terms of Reference मा उल्लिखित आइटमहरुमध्ये जुन आइटमको आर्थिक प्रस्तावमा मूल्य उल्लेख भएको छैन ती आइटमहरुको लागि KFW को March 19, 1999 को पत्रमा उल्लिखित evaluation procedures अनुसार अरु आर्थिक प्रस्तावहरुमा उल्लिखित मूल्यको औसत रकम कायम गरी price adjustment गरी अंकगणितीय त्रुटि पनि सच्याइएको र adusted price अनुसार Taec को आर्थिक प्रस्ताव रकम कम देखिएकोले उक्त कम्पनीसंग भएको सम्झौता वातांबाट कायम भएको रु. २,३६,६२,८५७।- मा नबढ्ने गरी दुई चरणको उल्लिखित कार्य गराउने र हाल प्रथम चरणको कार्यको लागि सम्झौता गर्न मिति २०५६।३।१० मा स्वीकृत भएको देखियो ।

Instructions to tenderers भनेको पारदर्शी दस्तावेज हो र सोमा उल्लिखित कुरा विपरित एक पक्षीय रुपमा कार्य भएमा विवाद सिर्जना हुन्छ । यस प्रकरणमा आर्थिक प्रस्तावको लागि निश्चित ढांचा तयार नभएकोले कुन कुन आइटमको दररेट खुलाउनु पर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा रहेको र यसबाट मूल्य प्रस्तावित गर्दा एकरुपता कायम हुन नसकी विवादको सिर्जना हुन गएको देखियो । यस सम्बन्धमा "प्राधिकरणको ध्यानाकर्षण गरी गल्तीहरु दोहोरिन नदिने" व्यवस्था गर्न सुझाव पठाइएको ।

९. महाकाली दाना उद्योग, भक्तपुरले नेपाल बैंक लि.का कर्मचारीसंग मिलोमतो गरी कम मूल्य पर्ने जग्गालाई बढी मूल्याङ्कन गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीउपर छानबीन हुंदा नेपाल बैंक लिमिटेडको महाप्रबन्धकको कार्यालयबाट प्राप्त प्रतिवेदनमा उल्लिखित कुराहरुतर्फ विचार गर्दा बढी मूल्याङ्कन गर्ने कर्मचारीलाई विभागीय कारवाई गर्ने, बैंकबाट रु. ३१,५४,०००।- मूल्याङ्कन हुन सक्ने घर जग्गालाई रु. १,१७,१९,१७५।- मूल्याङ्कन गर्ने कन्सल्ट्यान्टलाई आइन्दा मूल्याङ्कनको काम नलगाउने र मूल्याङ्कनद्वारा हुन आउने रकम मात्र ऋण प्रवाह गर्न नेपाल बैंक लिमिटेडका महाप्रबन्धकलाई लेखिएको ।

१०. नेपाल विद्युत प्राधिकरण, हेटौडा डिजेल केन्द्रले डिजेल केन्द्रको उत्तर पूर्व तर्फका घरबालालाई प्रदूषण तथा डिजेल इन्जीनको थर्काइ र आवाजबाट असर परेको भनी आवश्यक नपर्ने जग्गा समेत अत्यधिक मूल्यमा लिन बजेट छुट्याइएको भन्ने समेत विषयको उजूरीउपर छानबीन हुंदा "यस्तै तापीय विद्युत उत्पादन केन्द्र दुहवीमा पनि विगतमा ध्वनी प्रदूषणको समस्या रहेकोमा त्यसको निराकरणको उपायको रुपमा Multifuel Power Plant को भित्ताहरुमा Sound Insulation प्रकृया अपनाई हाल ध्वनी प्रदूषणको समस्या नरहेको र व्यवस्थित रुपमा सो प्लान्ट संचालन भई रहेको छ भन्ने तथ्य यसै आयोगबाट विगतमा भएको अनुसन्धानबाट पुष्टी भई रहेको छ । तसर्थ ध्वनी प्रदूषणको समस्याको समाधान भनेको आसपासको जग्गा अधिग्रहण गर्नु भन्ने अवश्य पनि होइन । आज कसैले मुआव्जा पाएको आधारमा सो जग्गाका अरु संधियारले पनि आफ्नो दावी प्रस्तुत गर्दै जाने हो भने कति दूरीसम्म ध्वनी प्रदूषण भएको छ र कति Periphery लाई प्रदूषणयुक्त मान्ने भन्ने समस्या उत्पन्न भई प्लान्टको संचालन खर्च अत्यधिक बृद्धि हुने

सम्भावना रहन्छ र यसरी अधिग्रहण गरिने जग्गाको उत्पादकत्व पनि केही रहदैन । यस्तोमा अधिग्रहण गर्ने वा Sound Insulation गर्ने मध्ये कुन उपाय बढी सस्तो र दूरगामी रुपमा प्रभावकारी हुन्छ भन्ने स्पष्ट अध्ययन विश्लेषण गरेर मात्र निष्कर्षमा पुग्ने परिपाटी बसाल्न" भनी नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई सुझाव पठाइएको ।

११. नेपाल विद्युत प्राधिकरण, जलेश्वर शाखाका सहायक प्रबन्धक रामचन्द्र गुप्ता समेतले गुणस्तर कम भएका कंक्रिट पोल खरीद गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीउपर छानबीन हुंदा Specification नै उल्लेख नगरी कंक्रिट पोल जस्तो वस्तु केवल लम्बाईको आधारमा खरीद गर्ने परिपाटी रहेको देखिएकोले त्यसलाई स्वस्थ भन्न नसकिने, सिमेन्ट मिश्रणको आधारमा कंक्रिटको गुणस्तर पनि variable हुने हुंदा त्यसको लागत पनि सिमेन्ट मिश्रणकै आधारमा बढी वा घटी हुने भएकोले कम्तिमा पनि सिमेन्टको अनुपात र Minimum strength समेत कंक्रिट पोलको कोटेशनमा उल्लेख गरिनु पर्नेमा नगरिएको मनासिब भन्न मिल्दैन । तसर्थ यस विषयमा विद्युत प्राधिकरणलाई ध्यानाकर्षण गराइएको तथा "कार्यकारी निर्देशक" बाट प्रतिक्रिया माग गरेकोमा विवादित कार्यालयबाट प्राप्त प्रत्युत्तरकै आधारमा ने.वि.प्रा. वितरण तथा ग्राहक सेवा मध्य निर्देशनालय, मध्यमाञ्चल क्षेत्रीय कार्यालय, मुजेलिया जनकपुरधामका निर्देशक केशवप्रसाद उपाध्यायले प्रत्युत्तर पठाएको र त्यसलाई "प्रतिक्रिया" भन्न पनि नसकिने हुंदा यसतर्फ आईन्दा सजग रहन समेत कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरणलाई लेखिएको ।

१२. जिल्ला विकास समिति, सिन्धुलीका सभापति रमेश कार्की समेतले नियम विपरित आर्थिक सहायता वितरण गरेको र मोटर बाटोलाई श्रमदानबाट निर्माण गर्ने इष्टिमेट गरी डोजर लगाई कार्य गरेको भन्ने समेत व्यहोराको उजूरीउपर छानबीन हुंदा निम्नानुसार स्थानीय विकास मन्त्रालयलाई निर्देशन दिइएको :-

(क) जिल्ला विकास समिति (कार्य व्यवस्था) नियमावली, २०४९ को परिच्छेद ४: बजेट र आर्थिक व्यवस्थाको नियम ३० ले सभापतिले स्वीकृत बजेट परिधिभित्र रही एक पटकमा रु. ३००।- मा नबढाई बढीमा २०,०००।- रुपैयासम्म आर्थिक सहायतामा खर्च गर्न सक्ने भन्ने प्रष्ट व्यवस्थालाई जि.वि.स. सभापतिले तोकिएको भन्दा बढी रकम दिने गरी आर्थिक सहायतामा तोक आदेश गरेको नियम विपरित भएको र विकास अनुदानबाट २०५४।५५ आ.व.मा संघ, संस्था, व्यक्तिविशेष समेतलाई गरी ५,८८,०००।- रकम दिएको तर सो खर्चलाई जि.वि.स.ले अनुमोदन गरिसकेको देखियो । तथापि सो कार्य नियमसम्मत नहुंदा विकास अनुदानको रकमबाट आर्थिक सहायता दिनमा नियन्त्रण गर्ने निर्देशन दिइएको ।

(ख) जि.वि.स., सिन्धुलीले २०५३।५४ आ.व.को ग्रामीण सडक अन्तर्गतको केन्द्रीय बजेट रु. २ लाखबाट हरिऔनदेखि क्यानेश्वर जाने मोटर बाटोको श्रमदानबाट निर्माण गर्ने इष्टिमेट गरी डोजर लगाई काम गरेको देखिन आएकोले यसमा नीतिगत सुधार गर्न निर्देशन दिइएको ।

१३. काठमाडौं जिल्ला विकास समितिबाट भएको गोकर्ण तीन पिप्ले खण्ड क, ख र ग को बाटो निर्माण कार्यमा व्यापक भ्रष्टाचार भएको भन्ने उजूरीमा छानबीन हुंदा जिल्ला विकास समिति, काठमाडौंबाट आ.व. २०५०।५१ मा गोकर्ण तीनपिप्ले खण्ड ग मा निर्माण हुने मोटर बाटो योजनाको ल.ई. ६,२३,८१५।६९ मध्ये जि.वि.स.बाट रु. २,००,०००।- बांकी रकम ४,२३,८१५।६९ बराबरको रकम उपभोक्ता समितिबाट व्यहोरिने गरी सम्झौता भएकोमा उक्त निर्माण कार्यको कूल मूल्याङ्कन कार्य रु. ३,७८,०८९।६६ मध्ये रु. १,००,०००।- को पेश्की फछ्यौंट गरी बांकी रु. २,७८,०८९।६६ समेत भुक्तानी गरेको देखिन आयो । जि.वि.स.को अनुदानको हद २,००,०००।- सम्म मात्र हुने सम्झौता विपरित रु. १,७८,०८९।६६ बढी भुक्तानी गरेको सम्बन्धमा योजना संचालन गर्दा पहिले नै जनश्रमको हिस्सा छुट्याई योजना स्वीकृत गर्ने र पछि सो बापत जि.वि.स.ले रकम छुट्याई थप दिने कार्य नियमित मान्न सकिदैन । आइन्दा जि.वि.स.ले व्यहोर्ने र जनश्रमबाट श्रमदान कति हुने शुरुमै यकीन गरी त्यसमा फेरबदल नगर्ने परिपाटी बसाल्न जिल्ला विकास समिति, काठमाडौंलाई लेखिएको ।

१४. जनकपुर चुरोट कारखानाका उप-निर्देशक डा. श्रीराम वाम्कोटालाई बुटवल धागो कारखाना लि.को दोश्रो विशेष साधारण सभासम्बन्धी विशेष कामको लागि काजमा पठाइदिन २०५३।११।२ मा अनुरोध भइ आए अनुसार निजलाई उक्त कारखानाबाट नै तलब भत्ता खाने गरी काजमा खटाइएकोमा निजलाई दोब्बर तलब भत्ता ख्वाई कारखानामा काम लगाइएको र साधारण सभा समाप्त भइ सक्दा पनि काजमै रहेको भन्ने विषयको उजूरीका सम्बन्धमा छानविन हुंदा निजले साविकमा जनकपुर चुरोट कारखानामा दरबन्दी यथावत् राखी बुटवल धागो कारखानामा पूरा समय काम गर्ने सञ्चालकका रुपमा कार्य गरिरहेको देखिदा एक दरबन्दीको कर्मचारी अर्को सेवामा लामो अवधिसम्म खटिंदा दरबन्दीको सेवामा नकारात्मक प्रभाव पर्ने हुंदा जनकपुर चुरोट कारखानाका उप-निर्देशक डा. श्रीराम वाम्कोटाको सम्बन्धमा उचित व्यवस्था मिलाई आयोगलाई जानकारी दिन उद्योग मन्त्रालयमार्फत् सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराइएको ।

१५. लुम्बिनी चिनी कारखाना लि.ले २०५५ माघ देखि २०५६ जेष्ठ सम्मको अवधिमा नक्कली बील भौचर तयार गरी रु. १८,७८,७७६।४७ बराबरको ६ ट्रक चिनी अनियमित तरिकाले बिक्री वितरण गरेको भन्ने विषयमा छानबीन हुंदा कारखानामा विभिन्न मितिमा बैंक भौचर पेश गराई चिनी ठगी गरी लगेकोमा २०५६।२।२५ को बील नं. ५१५ बाट लगेको १२५ क्वीन्टल चिनी बापतको रकम रु. १५,७६,९०१।४७ कारखानाको नेपाल अरब बैंक लि., बुटवलमा जम्मा गरी बैंक भौचर प्राप्त भएको एवं चिनी ठगी मुद्दा नवलपरासी जिल्ला अदालतमा पेश समेत भई सकेको अवस्था देखिएकोले यसमा नक्कली बैंक भौचरको आधारमा नगदी रसीद काट्ने लुम्बिनी चिनी कारखाना, सुनवलका व.स. ध्रुवकुमार रेग्मीलाई र चिनी ट्रक बाहिर जान नदिनू भनी निर्देशन दिंदा दिंदै ट्रक बिग्रिएको हुंदा बनाउन भनी बाहिर जान दिने सोही कारखानाका सुरक्षा गार्ड धनबहादुर थापालाई ध्यानाकर्षण गराउन लुम्बिनी चिनी कारखाना, सुनवललाई लेखिएको ।

१६. महाशक्ति सोप एण्ड केमिकल इण्डष्ट्रीज प्रा.लि.बाट उत्पादित मायालु र सोल्टी साबुनहरु गुणस्तरयुक्त नभएको भन्ने विषयको उजूरीका सम्बन्धमा छानबीन हुंदा सो कम्पनीबाट उत्पादित साबुनको गुणस्तर शुरु उत्पादनको समयदेखि हालसम्म पनि एकै प्रकारको रहेको तथा उद्योग मन्त्रालयले दिएको इजाजत पत्र र ट्रेडमार्क प्रमाणपत्रहरुमा गुणस्तर सम्बन्धी कुनै शर्त उल्लेख नभएको एवं सो कम्पनीले नेपाल गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर चिन्ह प्रयोग गर्ने स्वीकृति समेत लिएको नदेखिंदा उक्त विभागको मापदण्ड बमोजिमकै उत्पादन मात्र गर्न सो कम्पनी कानूनतः बाध्य नहुने स्थिति रहेकोले महाशक्ति सोप एण्ड केमिकल प्रा.लि.बाट साबुनहरु उत्पादन गर्दा नेपाल गुणस्तर तथा नापतौल विभागको मापदण्ड बमोजिमको गुणस्तरको हुने गरी उत्पादन गर्न र साबुन उत्पादन गर्ने नयां कम्पनी स्थापना गर्न इजाजत पत्र दिंदा साबुनको गुणस्तर सम्बन्धी मापदण्ड, तौल आदि कुराहरु समेत समावेश गर्ने गरी मात्र इजाजत पत्र प्रदान गर्ने व्यवस्था मिलाउन उद्योग मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

१७. उदयपुर सिमेन्ट उद्योग लि.का महाप्रबन्धक तेजकान्त झाले सञ्चालक समितिको निर्णय तथा उद्योग र अर्थ मन्त्रालयको सहमतिसमेत नलिई चुनावको बेला दैनिक ज्यालादारी कर्मचारीहरुलाई नियम विपरित २०५५ चैत्र महिनामा उत्पादन प्रोत्साहन बापत रु. १३,१९,००० - अनियमित तरिकाले वितरण गरे भन्ने विषयको उजूरीउपर छानबीन हुंदा आर्थिक विनियमावलीमा नभएको सुविधा सञ्चालक समितिबाट निर्णय गरी वितरण गर्नुभन्दा विनियममा नै प्रोत्साहन भत्ता लगायतको सुविधा दिन सक्ने गरी प्रावधान राख्नु उपयुक्त र विवादमुक्त हुने हुंदा सोतर्फ उचित व्यवस्था गर्न सञ्चालक समिति, उदयपुर सिमेण्ट उद्योगलाई लेखिएको ।

१८. सेलुलर मोवाइल टेलिफोन सेवा सञ्चालन गर्ने अनुमति नेपाल दूर सञ्चार संस्थानलाई सूचना तथा सञ्चार मन्त्रालयले प्रदान गरेको, तर नेपाल अधिराज्यभर कति संख्याको लाइनमा सो सेवा सञ्चालन गर्ने भन्ने विषयमा निर्क्यौल नै नभईकन २०५५।७।२७ मा इन्टरनेशनल मार्केटिङ्ग सर्भिसेज, थापाथलीलाई काठमाडौं उपत्यकामा मात्र बिक्री वितरण गर्नका लागि २० हजार मोवाइल टेलिफोन सेट आयात गर्न अनुमति प्रदान गरिएकोमा सो संस्थानले २०५५।११।२३ मा दैनिक समाचारपत्र "गोरखापत्र" मा काठमाडौं उपत्यकाभित्र ५ हजार लाइनको क्षमतामा मात्र सो टेलिफोन सेवा सञ्चालन गर्न सक्ने व्यहोराको सूचना प्रकाशित गरेको, तत्पश्चात् यस-फोर-ट्रेडिङ्ग कन्सर्न र पि.पि.डि. वर्ल्ड ट्रेनिङ्ग (प्रा.) लि.लाई १२।१२ हजार टेलिफोन सेट आयात गरी बिक्री वितरण गर्नका लागि सोही मन्त्रालयले क्रमशः २०५५।१२।१४ र २०५६।१।१५ मा (मन्त्रीस्तरीय निर्णयबाट) अनुमति प्रदान गरेको र दिसुस ट्रेडिङ्ग कन्सर्न (प्रा.) लि. र यन टोरिया ट्रेड सर्कललाई पनि ५।५ हजार टेलिफोन सेट आयात गरी बिक्री वितरण गर्न २०५५।१२।५ मा (मा.मन्त्रीस्तरको निर्णय) अनुमति प्रदान गरेको देखियो ।

यसरी संस्थानले सञ्चालन गर्न सक्ने क्षमता भन्दा बढी संख्यामा टेलिफोन सेट आयात गरी बिक्री वितरण गर्न अनुमति दिइएको र सो अनुसार टेलिफोन सेटहरु आयात गरिएका र नेपाल अधिराज्यभर बिक्री वितरण भएको पनि पाइयो । तर मोवाइल टेलिफोन बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा रेडियो ऐन, २०१४ र रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ मा सो मन्त्रालयलाई अधिकार प्रदान गरेको, तर के कति संख्यामा आयात गरी बिक्री वितरण गर्न दिने सम्बन्धमा कुनै व्यवस्था गरेको पाइएन ।

साथै, दिसुस ट्रेडिङ्ग कन्सर्न (प्रा.) लि. र यन टारिया ट्रेड सर्कलले टेलिफोन आयात गरी बिक्री वितरण गर्ने अनुमति प्राप्त गर्नका लागि सूचना तथा सञ्चार मन्त्रालयमा कुनै प्रकारको निवेदन नदिएको बरु उक्त सर्भिसेजका प्रो. दीपक मलहोत्राले उनीहरुको नामबाट समेत आयात गरी बिक्री वितरण गर्ने अनुमतिका लागि सो मन्त्रालयमा २०५५।११।२४ मा निवेदन दिएको र उक्त कार्य रेडियो ऐन, २०१४ (पहिलो संशोधन सहित) को दफा ५ को विपरित भएको अवस्थामा पनि उक्त संस्थाहरुलाई ५।५ हजार टेलिफोन आयात गरी बिक्री वितरण गर्न अनुमति दिने निर्णय सूचना तथा सञ्चार मन्त्रालय (मा. मन्त्रीस्तरको निर्णय) बाट २०५५।१२।५ मा भएको देखियो ।

यसैगरी इन्टरनेशनल मार्केटिङ्ग सर्भिसेजलाई २० हजार टेलिफोन सेट आयात गरी बिक्री वितरण गर्न इजाजत दिई सकेपछि सौरभ फोटो इन्टरनेशनल र जालपादेवी ट्रेडिङ्ग कन्सर्नले सो मन्त्रालयको सिफारीश बिना सेलुलर टेलिफोन आयात गरेकोमा उक्त मन्त्रालयले भन्सार विभाग र त्रि.अ.वि. भन्सार कार्यालयलाई सम्बोधन गरी लेखिएको पत्रमा "उक्त सामान रेडियो ऐन र नियमले रेडियो यन्त्र भित्र पर्ने भनी तोकिएको हुंदा यस मन्त्रालयको सिफारीश बेगर नछाड्न" अनुरोध गरिए पश्चात् उक्त २ संस्थाहरुले उक्त टेलिफोनहरु सो सर्भिसेजलाई झिकाई दिएको भनी सो मन्त्रालयमा निवेदन दिएको, तर त्यसरी झिकाई दिएको हो भन्ने कुरालाई प्रमाणित गर्ने कुनै कागजात बिना नै सो सर्भिसेजलाई रेडियो ऐन, २०१४ बमोजिम हदैसम्म जरिवाना गरी उक्त २ वटा संस्थाहरुले आयात गरेका टेलिफोनहरु सो सर्भिसेजलाई बिक्री वितरण गर्ने अनुमति प्रदान गरेको कार्य कुनै ऐन, नियम बमोजिम भएको भए खुलाई पठाई दिन यस आयोगबाट सूचना तथा संचार मन्त्रालयलाई लेखिएकोमा त्यस मन्त्रालयको २०५६।६।१८ को प.सं. क.प्र. १४।०५६।५७ च.नं. ६३८ को पत्रबाट रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम ४(ङ) बमोजिम रेडियो यन्त्रको बिक्री वितरण गर्न इजाजत पाएको संस्थाले नै बिक्री वितरण गर्नु पर्ने गरी यसप्रकारका सेलुलर फोन त्यस मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट झिकाउन दिएको र रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ ले झिकाउने विषयमा नभई रेडियो यन्त्र बिक्री वितरण गर्न इजाजत लिनु पर्ने व्यवस्था गरेको व्यहोराको जानकारी प्राप्त भएको, तर उक्त जानकारी त्यसै मन्त्रालयको २०५४।१२।५को फ्रि .व्य.०५४।५५-६११ च.नं. ५०२ को वाणिज्य मन्त्रालयलाई सम्बोधित पत्रमा उल्लिखित कुराको विपरित भएको, सो मन्त्रालयको २०५५।१२।७ र २०५५।१२।९ को पत्रले आयात गर्न अनुमति प्रदान गरेको देखिएको र यदि झिकाउने विषयमा नभई रेडियो यन्त्र बिक्री वितरण गर्न मात्र त्यस मन्त्रालयको इजाजत प्राप्त गर्नु पर्ने भए उक्त दुई वटा संस्थाहरुले झिकाएका टेलिफोनहरुउपर रेडियो ऐनको सट्टा अन्य ऐनहरु बमोजिम कारवाई हुनु पर्ने देखियो ।

यसर्थ, सेलुलर मोबाइल टेलिफोन आयात गरी बिक्री वितरणको इजाजत प्रदान गर्दा रीतापूर्वक प्रदान गर्न सूचना तथा सञ्चार मन्त्रालयको ध्यानाकर्षण गराई सो सम्बन्धमा स्पष्ट नीति निर्देशन हुन मन्त्रिपरिषद् सचिवालयलाई समेत लेखिएको ।

१९. वन तथा भू-संरक्षण मन्त्रालयका उच्च स्तरका कर्मचारीहरु मिलेमतो गरी गंगा रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिजको नामबाट धनगढीमा उद्योगको कारखाना स्थापना गर्ने स्वीकृति प्रदान गर्दा उद्योग सञ्चालनबाट वातारणमा पर्ने असर र उद्योग सञ्चालन गर्न चाहिने आधारभूत कुराहरु समेतको विचार नगरी स्वीकृति प्रदान गरेको भन्ने विषयको उजूरीउपर छानविन हुंदा गंगा रोजिन एण्ड टर्पेन्टाइल लि.लाई खोटो संकलन गर्न इजाजत दिंदा के कति अवधि र परिमाण खोटो उपलव्ध गराउन दिने भनी पहिले निर्णय नगरी पछि निर्णय गरेको देखिंदा भविष्यमा अवधि र परिमाणसमेत उल्लेख गरी निर्णय गर्ने परिपाटी बसाउन र विवाद उठी सकेपछि निर्णय गर्ने गराउने कार्य नगर्ने तर्फ वन तथा भू-संरक्षण मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

२०. जिल्ला वन कार्यालय, सप्तरीका निमित्त जिल्ला वन अधिकृत (हाल जिल्ला वन अधिकृत, सल्यान) किशोरचन्द्र गौतमले काल्पनिक अपराध गरेको देखाई मेरो विरुद्धमा उजूर दिन लगाई कारवाईको सिलसिलामा निलम्बनमा राखी निलम्बन अवधिको तलव भत्ता समेत रोक्का राखी अन्याय गरेकोले कारवाई गरी पाउं भनी सशस्त्र वन रक्षक भूपेन्द्रप्रसाद देवले दिएको उजूरी निवेदनउपर छानबीन हुंदा निज जिल्ला वन अधिकृतले भूपेन्द्रप्रसाद देवउपर चलाएको कारवाईको विषय सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत भई चल्नु पर्ने देखिएकोमा निजले क्षेत्राधिकार बाहिरको विषयमा क्षेत्राधिकार ग्रहण गरी निलम्बन राख्ने समेतको कारवाई अगाडी बढाएको देखिंदा निजलाई ध्यानाकर्षण गराउन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिएको ।

२१. आ.व. २०५५।५६ मा सागरनाथ वन विकास परियोजना अन्तर्गत विभिन्न स्थानको ग्रास कटिङ्ग कार्यमा अनियमितता भएको भन्ने समेत विषयका सम्बन्धमा छानबीन हुंदा डोर हाजीर फारामका नाम उल्लेख भएका व्यक्ति डोर हाजीर फारामको उल्लिखित ठेगानामा वसोवास गरेका व्यक्ति नै नभएको एवं भएका व्यक्तिले पनि कामै नगरेको भन्ने समेत खुल्न आएको देखिंदा ग्रास कटिङ्ग गर्ने कुल्लीहरुले २ वा ४ दिन काम गरे ता पनि बढी दिन काम गरेको देखाई रकम लिन सक्ने सम्भावना समेतलाई दृष्टिगत गर्दा लेवर सुपरभाइजरले त्यस्तो कार्य गर्न सक्ने र निजहरुद्वारा नै भ्रष्टाचार हुन सक्ने एवं त्यसको जिम्मेवारी कार्यालय प्रमुख तथा लेखा प्रमुखले वहन गर्नु पर्ने परिस्थितिलाई ध्यानमा राख्दा अब आइन्दा त्यस्तो कार्य गर्दा गराउंदा हाजिरी गर्न कुल्ली स्वयंलाई लगाउने र लेख्न नजान्ने भए न्याप्चे सहिछाप गराउने, "हा" "हा" लेख्ने परिपाटी अन्त्य गर्ने गराउने आवश्यक व्यवस्था हुन वन तथा भू-संरक्षण मन्त्रालय समेतलाई लेखिएको ।

२२. भरतपुर माउण्ट एभरेष्ट ब्रुअरीले २०५२।५३ देखिको अन्तःशुल्क, बिक्रीकर र अन्य दस्तुर समेत रु. ६ करोड ७५ लाख ७३ हजार म्याद भित्र दाखिला नगरी बांकी राखेको सो दाखिला गर्न मिति २०५४।४।२१ मा ३ महिना र मिति २०५४।७।१३ मा ५ महिना समेत ८ महिना म्याद थप भएको तर २०५५।१।३१ सम्ममा धूम्रपान तथा मदिरा दस्तुर समेत रु. २ करोड ७० लाख ७२ हजार मात्र दाखिला गरेको भन्ने विषयको उजूरी उपर छानबीन हुंदा कानून विपरितका तोक आदेश जारी भएको र कार्यान्वयन भएको समेत पाइयो । यसप्रकार मन्त्रीज्यू वा माथिल्लो सार्वजनिक पदधारण गर्ने व्यक्ति र कार्यान्वयन गर्ने पदाधिकारी दुवैको कार्य कानून विपरित हुंदा अब आइन्दा यस प्रकारको कानून विपरितको तोक आदेश गर्ने र कार्यान्वयन गर्नेउपर नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्न र सोको जानकारी सबै मन्त्रालय र विभागलाई गराउन मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

२३. महिला विकास शाखा, सल्यानका महिला विकास अधिकृतले कार्यक्रम संचालन गर्दा पारदर्शिता नअपनाएको र धेरै जसो समय कार्यालयमा अनुपस्थित रहेको भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा छानबीन हुंदा निम्नानुसारको कानूनी त्रुटी देखिएको हुंदा आइन्दा यस किसिमको कार्य नगर्न महिला विकास शाखा, सल्यानलाई र आन्तरिक लेखा परीक्षण गर्दा यी त्रुटीहरुका सम्बन्धमा उल्लेख नभएकोतर्फ कोष तथा लेखा नियन्त्रक कार्यालय, सल्यानलाई ध्यानाकर्षण गराइएको :-

(१) छोटो अवधिको पटक पटक "फिल्ड काज" भनी हाजिरी कापिमा काज जनाई महिला विकास अधिकारी प्रभा श्रेष्ठ (ओली) कार्यालयमा अनुपस्थित रहेको पाइयो । त्यस्तो अवधिको भ्रमण आदेश स्वीकृत गराई भ्रमण गरेको कार्यालयबाट प्रमाणित गराई कार्यालयको रेकर्ड दुरुस्त राखेको नपाइएको ।

(२) सामान माग गर्ने र बुझिलिनेलाई माग फाराममा दस्तखत नगराई सामान उपलब्ध गराई त्यस्तो माग फारामबाट समेत खर्च कटाएको ।

(३) गोश्वारा भौचर नं. ८९ मिति २०५६।३।१३ बाट तारामाली मिठाई पसल, खलंगाको मिति २०५५।१२।१० को बीलको सि.नं. ३ को परिमाण र दर गुणन गर्दा आउने अंकसंग फरक परेकोमा सो रकम समेत जोडी म.म.का कृष्ण गुरुङ्गको नामको पेश्की फछ्यौंट गरिदिएको ।

(४) गोश्वारा भौचर नं. २७ मिति ०५५।९।२० बाट जनरल स्टोर, सल्यानको मिति २०५५।९।१५ को बीलको सि.नं. २ र ३ मा उल्लेख भएको सामानको परिमाण दाखिला रिपोर्टको परिमाणसंग फरक परेको परिमाणको रकम समेतमा सो फरक जोडी म.का.क. रुक्मिना बम्नेतको नामको पेश्की फछ्यौंट गरिदिएको ।

२४. गा.वि.स. अध्यक्षहरुले सरकारबाट प्राप्त अनुदान रकमलाई निजी सम्पत्ति ठानी गा.वि.स. सचिवहरुलाई दुःख दिने, गा.वि.स. अध्यक्षले भने जस्तो गरी काम गरी दिए सबै ठीक हुने तथा नियमानुसार मात्र अनुदान रकमको सदुपयोग गर्नु पर्छ भन्ने गा.वि.स. सचिवलाई भने अपायक पर्ने गरी टाढाको ठाउंमा सरुवा गरी गा.वि.स. सचिवलाई निजी नोकर सरहको व्यवहार गर्छन् भन्ने समेत व्यहोराको उजूरीउपर छानबीन हुंदा यसमा नामै तोकिएका केही गा.वि.स. सचिवको सरुवा बारे बुझ्दा सिरहा जिल्लामै स्थायी ठेगाना भएका ५ जना कर्मचारीमध्ये ४ जनालाई ओखलढुंगा र १ जनालाई खोटाङ्गमा पूर्वाञ्चल क्षेत्रीय निर्देशनालयबाट सरुवा गरेको रहेछ । यसमा विद्यमान निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा १८ को उपदफा (२) ले तोकेको न्यूनतम सेवा अवधि व्यतित नभईकन गा.वि.स सचिव जस्तो निम्न तहको कर्मचारीलाई सरुवा नगर्ने र सरुवा गर्दा पनि ऐ. उपदफा (४) बमोजिम घर पायकमा मात्र सरुवा गर्ने तथा गा.वि.स अध्यक्षको सिफारीशमा सरुवा गर्न तत्काल रोक लगाउने आवश्यक व्यवस्था गर्न स्थानीय विकास मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

आ) अनुसन्धान तहकिकातको विवरण

क) पुनरावेदन अदालतसमक्ष मुद्दा दायर भएको विवरण :-

१. *धादिङ्ग जिल्ला वैरेनी गा.वि.स. वडानं. ८ (क) कि.नं. १५ को १-६-१-१ जग्गालाई नक्सा सच्याई क्षेत्रफल १७-२-३-२ बनाई भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-*

यसमा रामबहादुर खड्काको नाममा दर्ता भएको धादिङ्ग जिल्ला वैरेनी गा.वि.स. वडा नं. ८ (क) कि.न. १५ को क्षेत्रफल १-६-१-२ जग्गालाई निज रामबहादुर खड्काले नापी शाखाका सह-लेखापाल तोमप्रसाद भट्टराईलाई रु १०००।- घूस दिई १-६-१-२ क्षेत्रफलको सो नक्साको सीमारेखा मेटी मेटाई सरकारी भीर, वुटेन जग्गा समेत नक्सा भित्र पारी नक्सामा नयां रेखा थपी उक्त कि.नं. १५ को साविक १-६-१-२ जग्गालाई १७-२-३-२ वनाई सरकारी भीर वुटेन जग्गा क्षेत्रफल १५-१२-२-१ आफ्नो जग्गा देखाई अख्तियारको दुरुपयोग गरी आफूहरुलाई गैर कानूनी फाइदा र श्री ५ को सरकारलाई गैर कानूनी हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको देखिन आयो । तसर्थ सह-लेखापाल तोमप्रसाद भट्टराई उपर भ्र.नि. ऐन २०१७ को दफा ३ र दफा ७ (१) बमोजिम र रामबहादुर खड्का उपर ऐ. ऐ. दफा ५ र ८ बमोजिम कारबाई भई हदैसम्मको सजाय र दफा २९ बमोजिम लिनु खानु गरेको रकम बिगो रु १०००।- एक हजार सह लेखापाल तोमप्रसाद भट्टराईबाट असूल उपर गरी श्री ५ को सरकारको संचित कोषमा दाखिला हुन समेत माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मिति २०५६।४।२४मा मुद्दा दायर गरिएको । यसरी सरकारी नक्सा कागज मेटी थपी कीर्ते गर्ने तोमप्रसाद भट्टराई समेतउपर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ अन्तर्गत कारबाई गर्न जिल्ला प्रहरी कार्यालय, धादिङ्गमा लेखिएको । साथै उक्त जग्गाको साविक सिमाना मेटी क्षेत्रफल बढाएकोमा आवश्यक कारबाई गरी साविक बमोजिम नक्सा कायम गरी कायम गरेको जानकारी यस आयोगमा पठाउन नापी विभागमा लेखिएको ।

२. *शाही नेपाल वायुसेवा निगमको उडान व्यापार कम्तीमा १९० सीट क्षमता भएको ३ विमानमा आधारित भएकोले १९२४ देखि नै निगमले एउटा विमान भाडामा ल्याई सञ्चालन गरिरहेको सन्दर्भमा युगोस्लाभियाको १७९ सीट भएको अमेरिकी डलर १२ प्रति सीट प्रति घण्टाको दरको विमान फकाई लगत्तै १७ दिनपछि १२० सीट मात्र उपयोगमा आउने, धेरै इन्धन लाग्ने, ढीलो र थोत्रो विमान अमेरिकी डलर २५ प्रति सीट प्रति घण्टाको दरमा Chapman Freeborn Airchartering Ltd नाम गरेको दलाल कम्पनीबाट लिने सम्झौता गरी झूठा विवरण सहितको प्रस्ताव पेश गरी सञ्चालक समितिलाई समेत गुमराहमा पारी करीब ५ करोड रुपैयांको भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी निवेदनको सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-*

१ अप्रिल १९९८ को सूचना अनुसार प्राप्त कतिपय आकर्षक प्रस्तावहरु सीट क्षमताको कमी र विमान उपलब्ध हुन ढीलो हुने भन्ने समेत आधारमा निगमको हितमा नभएको भनी अस्वीकृत गरेको सन्दर्भमा यसरी १९० सीट क्षमताको माग गरी १२५ सीटमात्र क्षमता भएको र अधिकतम सम्भावित आयको आधारमासमेत निगमलाई प्रत्यक्ष घाटा पर्ने (यथार्थमा अझ बढी घाटा भएको) देखिएको विमानको एउटै मात्र प्रस्तावको भरमा तत्कालीन महाप्रबन्धक माधवराज शर्माले शा.ने.वा.नि. ऐन, २०१९ को दफा १३ बमोजिम अधिक से अधिक फाइदा हुने गरी हवाई यातायात सेवालाई विकास गर्ने कर्तव्य निर्वाह नगरी शा.ने.वा.नि. आर्थिक प्रशासन नियमावली, २०४२ को नियम ४.११ बमोजिम ग्यारेन्टी लिएर मात्र पेश्की दिनु पर्ने प्रावधान विपरित बिना ग्यारेन्टी एक महिनाको विमान भाडा अग्रिम भुक्तानी दिने गरी शा.ने.वा.नि. आर्थिक विनियमावली, २०४६ को विनियम ४.२ अनुसारको रायसमेत नलिई श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको शाही नेपाल वायुसेवा निगमलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले विमान भाडामा लिने सम्झौता गरेको देखियो ।

युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान B737-200 (सीट क्षमता १७९, मासिक भाडा दर न्यूनतम उडान घण्टाको लागि प्रति उडान घण्टा २०२४ अमेरिकी डलर र सो भन्दा बढी उडान भएमा थप उडानको लागि प्रति उडान घण्टा १८८९ डलर मात्र पर्ने) लाई भारतीय हवाई विभागले अन्तिम पटक मात्र भनी उडान अनुमति दिएकोमा सो विमानको म्याद थप सम्बन्धी कारबाई नगरिकनै फकाई सोही कम्पनीको भारतबाट उडान अनुमतिको कुनै प्रत्याभूति हुन नसक्ने विमान B737-200 अत्यधिक महंगो दररेटमा भाडामा लिई ने.रु.

३०,७०,८६०/६० प्रत्यक्ष रुपमा निगमलाई हानी नोक्सानी पर्ने गरी आफूलाई सञ्चालक समितिबाट प्राप्त अधिकारको दुरुपयोगसमेत गरेको देखियो ।

यसरी गैर कानूनी सम्झौता गरेको तीन महिना नबित्दै आफ्नो पिताको नाममा मालपोत कार्यालय, काठमाडौंबाट घर जग्गा खरीद गरेको ब्यहोरा समेत आयोगबाट माग भएको सम्पत्ति विवरणमा लुकाई छिपाई गरेकोबाट निजले सो सम्पत्ति गैर कानूनी स्रोतको आर्जनबाट खरीद गरी यस विमान भाडा प्रकरणमा निजले आफूलाई गैर कानूनी लाभ समेत लिएको स्पष्ट हुन आयो ।

यसरी शा.ने.वा.नि.का तत्कालीन महाप्रबन्धक निज माधवराज शर्माले श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको शाही नेपाल वायुसेवा निगमलाई ने.रु. ३०,७०,८६०/६० गैर कानूनी हानी र आफूलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले शा.ने.वा.नि. ऐन, २०१९ को दफा १३ र शा.ने.वा.नि. आर्थिक विनियमावली, २०४६ को विनियम ४.११ तथा शा.ने.वा.नि. आर्थिक विनियमावली, २०४६ को विनियम ४.२ समेतको नेपाल कानून जानी जानी पालन नगरी आफूलाई सञ्चालक समितिबाट प्राप्त अधिकारको दुरुपयोगसमेत गरेको स्पष्ट देखिएकोले यी बुंदा समेतको आधारमा यो कसूर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिमको कसूर भएकोले निजउपर ऐ ऐनको दफा ७(२) तथा दफा १४ (क) बमोजिम हुने थप समेतको हदैसम्मको कैद सजाय तथा निगमलाई हानी नोक्सानी पुगेको बिगो रु. ३०,७०,८६०/६० र बिगो बमोजिमको जरिबानासमेत ऐ ऐनको दफा २९ बमोजिम निज तत्कालीन महाप्रबन्धक माधवराज शर्माबाट असूलउपर गरिपाउन पुनरावेदन अदालत, पाटनमा मिति २०५६।५।२८मा मुद्दा दायर गरिएको ।

निगमले विमान भाडामा लिने सम्बन्धमा निगमको हितमा हुने गरी विमान भाडामा लिने अधिकार सञ्चालक समितिमा निहित रहेकोमा ४ महिनाको छोटो अवधिको लागि सो अधिकार कानूनतः १ जून, १९९८ मा व्यवस्थापनलाई सुम्पिसकेपछि पनि Best offer माग गर्ने सञ्चालक समितिले निर्णय गरेको र त्यस अघि सो समितिले नै प्रत्यक्ष रुपमा Chapman Freeborn Airchartering Ltd. संग वार्ता समेत गरेकोबाट यस कार्यमा सञ्चालक समितिले हस्तक्षेप गरी व्यवस्थापनलाई अधिकार सुम्पिसकेको अवस्थामा ४ जूनमा व्यवस्थापनले गरेको सम्झौतालाई कार्यान्वयन गर्न सहमति दिंदा सो सम्झौता निगमको हितमा छ, छैन भन्ने प्रामाणिक विश्लेषण, सम्बन्धित विज्ञहरुको राय, सिफारीश तथा विमान भाडामा लिन कानूनतः पुऱ्याउनु पर्ने सबै प्रकृया पुऱ्याइएको छ, छैन आदि केही नहेरी सो सम्झौता निगमको हितमा छ भन्ने व्यवस्थापनको आश्वासनको भरमा सहमति दिएकोबाट सञ्चालक समितिले जिम्मेवारीपूर्वक कार्य गरेको भन्न सकिने स्थिति रहेको देखिएन । तसर्थ निगमको सञ्चालक समितिका तत्कालीन पदाधिकारीहरुमध्ये सदस्यहरु तत्कालीन हवाई विभागका महानिर्देशक हरिभक्त श्रेष्ठ तथा अर्थ मन्त्रालयका तत्कालीन सह सचिव नारायणप्रसाद सिलवाल समेतलाई विभागीय कारबाई गर्न सम्बन्धित मन्त्रालयहरुलाई लेखिएको । तत्कालीन अध्यक्ष अजितनारायणसिंह थापाको हकमा निज हाल सार्वजनिक पदमा नरहेकोले निजको यस कार्यको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारलाई लेखिएको ।

महाप्रबन्धकले ४ जून, १९९८ मा गरेको सम्झौतामा सहमति दिने सम्बन्धमा निज महाप्रबन्धक शाही भ्रमणको सिलसिलामा विदेशमा रहेकोले ७ जून, १९९८ को सञ्चालक समितिको बैठकबाट भएको आदेश अनुसार ८ जून, १९९८ को सञ्चालक समितिको बैठकमा पेश गर्ने सम्मको कार्य निमित्त महाप्रबन्धक शम्भुप्रसाद शर्माबाट भएकोले निजको प्रत्यक्ष संलग्नता नरहेको हुंदा निजको हकमा केही गरिरहन नपर्ने ।

१३ जून, १९९८को सञ्चालक समितिको बैठकबाट उक्त सम्झौता विधिवत् अनुमोदन भएको भए तापनि ८ जून, १९९८ को निर्णयमा भारतीय हवाई विभागबाट उडान अनुमति प्राप्त भएपछि मात्र सम्झौता कार्यान्वयन गर्नेतर्फ लाग्ने भन्ने स्पष्ट उल्लेख भएकोले १२ जूनमा त्यस्तो अनुमति प्राप्त भएपछि १३ जूनको बैठकबाट पूर्व निर्णयको आधारमै पनि सम्झौता कार्यान्वयन गर्ने अनुमति दिनु पर्ने भइसकेको हुंदा उक्त दिनको बैठकमा मात्र प्रथम पटक सञ्चालकको हैसियतले उपस्थित हुने लोकमानसिंह कार्कीको संलग्नता रहेको नदेखिंदा निजउपर कुनै अभियोगको मागदावी लिइरहनु पर्ने देखिदैन । तथापि सो सम्झौता निगमको हितमा छ, छैन भन्ने प्रामाणिक विश्लेषण, सम्बन्धित विज्ञहरुको राय, सिफारीश तथा विमान भाडामा लिन कानूनतः पुऱ्याउनु पर्ने सबै प्रकृया पुऱ्याइएको छ, छैन आदि नहेरी सो सम्झौता निगमको हितमा छ भन्ने महाप्रबन्धकको आश्वासनको भरमा सहमति जनाएबाट आफ्नो कर्तव्यप्रति लापरवाहीसम्म गरेकै देखिएकोले निजलाई सचेत गराउन मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारलाई लेखिएको ।

निम्न बमोजिमको सुझावहरु यथाशीघ्र कार्यान्वयन गरी यस आयोगमा जानकारी पठाउन निम्न निकायहरुलाई लेखिएको :-

१) शाही नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम निगमको सञ्चालक तथा महाप्रबन्धकमा विभिन्न व्यक्तिहरु नियुक्त गर्दा निगमसम्बन्धी व्यावसायिक ज्ञान र शीप भएका अनुभवी व्यक्तिलाई मात्र नियुक्त गर्ने र महाप्रबन्धकमा निगमभित्रबाटै दक्ष र अनुभवी पदाधिकारीलाई नियुक्त गरी तोकिएको अवस्थामा बाहेक ऐन

बमोजिमको पूर्ण कार्यकालसम्म काम गर्न पाउने व्यवस्था गर्नेतर्फ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ध्यानाकर्षण गराई मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारलाई जानकारी दिइएको ।

२) शाही नेपाल वायुसेवा निगमबाट विमान भाडामा लिंदा हालसम्म निगमले अवलम्बन गर्ने गरेको प्रकृयामा एकरुपता नभई अधिकारको दुरुपयोग हुने सम्भावना समेत रहिरहेकोले निगमको विमान भाडा सम्बन्धी निर्णयहरु विवादास्पद र चर्चित भइरहेको देखिन्छ । तसर्थ निम्न कार्यग्रणाली र श्री ५ को सरकारले आवश्यक देखी तोकिएका अन्य आधारको समेत पूर्ण पालना हुनु पर्ने देखिन्छ :-

अ) कस्तो र कुन विमान के कति अवधिको लागि निगमलाई आवश्यक पर्ने हो भन्ने तथ्यबारे निगमको लक्षित कार्ययोजनाको आधारमा पूर्व जानकारी हुने गै हुंदा ग्लोबल टेण्डरको आधारमा प्रि-क्वालिफाइड गरी छानिएका कम्पनीहरुबाट कम्तिमा ३५ दिनको म्याद दिई प्रस्ताव माग गर्नु पर्ने ।

आ) ग्लोबल टेण्डरका सम्पूर्ण आवश्यक शर्त र प्रकृया स्पष्ट खुलाई प्रस्ताव माग गर्ने ढांचासमेत सञ्चालक समितिबाट पहिले नै स्वीकृत गराइ मात्र प्रस्ताव आह्वान गर्ने ।

इ) यसरी प्राप्त प्रस्तावहरुको मूल्यांकन गर्नु अगावै आधार र शर्त तयार गरी आर्थिक, कानूनी, प्राविधिक तथा अन्य विविध विषयका विज्ञ तथा सम्बन्धित विभागीय प्रमुखहरु रहेको मूल्यांकन समिति गठन गरी मूल्यांकन तथा विश्लेषण गर्दा अपनाउनु पर्ने आधार र कार्यविधि समेत निश्चित गरी सञ्चालक समितिबाट पूर्व स्वीकृत गराउने र सोको आधारमा निश्चित ढांचा तयार गरी सोही बमोजिम मात्र मूल्यांकन प्रतिवेदन पेश गर्ने व्यवस्था गर्ने ।

ई) मूल्यांकन समितिको प्रतिवेदनको आधारमा सबै दृष्टिकोणले उपयुक्त र निगमको हितमा हुने रीतपूर्वकको प्रस्ताव व्यवस्थापनले आफ्नो रायसहित सञ्चालक समितिमा पेश गरी स्वीकृत भए पछि मात्र विमान भाडामा लिने व्यवस्था गर्ने ।

यस व्यवस्थाबाट निगमको कार्य प्रणालीमा सुधार आउने, पारदर्शिता कायम हुने र निगमको हक हितको संरक्षण समेत हुने भएकोले निगमको सञ्चालक समितिलाई लेखी शा.ने.वा.नि. ऐन, २०१९ बमोजिम यस कार्यमा अनुगमन तथा नियन्त्रण गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई तोक्ने व्यवस्था हुनु पर्ने व्यहोराको सुझाव मन्त्रिपरिषद् सचिवालयमार्फत् श्री ५ को सरकारमा पठाइएको ।

३. *डिभिजन सडक कार्यालय, मीनभवनका डिभिजन प्रमुख डिल्लीरमण निरौलाले २०५४ आषाढदेखि ०५४ आश्विन १५ सम्ममा कृत्रिम डोर हाजिर खडा गरी १० लाख, सवारी इन्धनमा रु. १० लाख, कपन गुम्बा जाने बाटोमा पर्ने पेम्बा शेर्पाको घरसम्म जाने निजी बाटो पीच गरी लाखौंको भ्रष्टाचार गरेको भन्ने समेतका विषयमा अनुसन्धान हुंदा निम्नानुसार गरी छुट्टा छुट्टै दुई थान मुद्दा दायर गरिएको :-*

३.१ इन्धनको कूपनमा अंक र अक्षर थपी सच्याएको सम्बन्धमा :

डिभिजन सडक कार्यालय, मीनभवन अन्तर्गतको साइट कार्यालय सानो गौचरबाट इस्यू गरिएको कूपनमा उल्लेख भए अनुसारको परिमाणको तैल्य पदार्थ सम्बन्धित चालकहरुले साझा पसल सेवा, रत्नपार्कको पेट्रोल पम्पबाट बुझिसकेपछि उक्त सट्टे कूपन साझाका पेट्रोल पम्प इन्चार्ज प्रेमबहादुर अधिकारीबाट तत्कालीन ख. हरिप्रसाद झाले फिर्ता लिई सो कूपन, कार्यालयमा भएको अधकट्टी र माग फाराम समेतमा पछिबाट बदनियतपूर्वक बढी परिमाणको अंक र अक्षर थपी सच्याई डिभिजन सडक कार्यालयबाट त्यस्तो सच्याएको कूपनबाट भुक्तानी गराई कीर्ते गरेको तैल्य पदार्थ साझा पसल सेवा रत्नपार्कका बिक्री अधिकृत कान्छाराम जोशी र पेट्रोल पम्प इन्चार्ज प्रेमबहादुर अधिकारी मार्फत् सोही सेवाको पेट्रोल पम्पबाटै अन्य ग्राहकहरुलाई बिक्री गराई जम्मा रु. ९,१५,००२।५० आफूहरुलाई गैर कानूनी लाभ र श्री ५ को सरकारलाई हानी नोकसानी पुऱ्याई भ्रष्टाचार गरेको देखिएकोले तत्कालीन ख. हरिप्रसाद झा उपर भ्र.नि.ऐन, २०१७ को दफा ७(१) एवं बिक्री अधिकृत कान्छाराम जोशी र पेट्रोल पम्प इन्चार्ज प्रेमबहादुर अधिकारी उपर सोही ऐनको दफा ७(२) बमोजिम सजाय र ऐ को दफा २९ बमोजिम बिगो समेत दावी लिई पुनरावेदन अदालत, पाटनमा मिति २०५६।९।६ मा मुद्दा दायर गरिएको ।

३.२ निजी बाटो पीच गरेको सम्बन्धमा :

डिभिजन सडक कार्यालय, मीनभवन अन्तर्गतको साइट कार्यालय, सानो गौचरका कर्मचारीले आर्थिक लाभ लिई कपन गुम्बा जाने बाटोमा पर्ने पेम्बा शेर्पाको घरसम्म जाने निजी बाटो पीच गरेको भन्ने सम्बन्धमा जांचबुझ मुचुल्काबाट कपन गा.वि.स. वडा नं. १ फइकामा केदार पौडेलको घरदेखि पेम्बा लामाको घरसम्म जाने ८४ मी. लामो सडक पीच गरेको देखिन आयो । सो बाटो पीच गर्न पेम्बा लामाको भाइ ओङचु शेर्पाबाट रु. ७००।- प्रति वर्ग मिटरका दरले जम्मा ३५४.६४ वर्ग मिटरको रु. २,४८,२४८।- सु.भा.रामचन्द्र कार्कीले बुझि लिएको भन्ने कुरा निज

सु.भा. र ओङचु शेर्पाको बयानबाट देखिन आयो । यसरी सु.भा. रामचन्द्र कार्कीले ओङचु शेर्पाबाट रकम बुझि लिएको कुरा स्वीकारै गरेको र उक्त सडक पीच गरेकोमा पनि स्वीकार गरी बयान गरेको र सो निर्माणमा प्रयोग गरिएका सामाग्रीहरु बाहिरैबाट खरीद गरी काम गरेको हुं भनी बयान गरे तापनि बाहिरबाट खरीद गरेको भन्ने प्रमाण पेश गर्न नसकेको र विटुमीन जस्तो पदार्थ सामान्यतः बाहिर खरीद गर्न नमिल्ने हुंदा वेवारिसे अवस्थामा रहेको बिटुमीन उपलव्ध भएको भनी निजले बयान दिएकोमा वेवारीसे भन्ने पनि पुष्टि नभएको र सडककै प्रयोजनको लागि आफ्नै कार्यालयमा रहे भएको विटुमीन खर्च गरी निर्माण गरेको भन्ने कुरा सवारी चालक सीताराम खत्रीको बयानबाट पनि पुष्टि हुन आएकोले सरकारी विटुमीन तथा सामाग्री प्रयोग गरी निजी सडक पीच गरी रु. २,४८,२४८।– लिए खाएको भरपाई प्रमाणबाट देखिंदा निज सुपरभाइजर रामचन्द्र कार्की उपर भ्र.नि.ऐन, २०१७ को दफा ७(१) अनुसार सजाय र ऐ को दफा २९ बमोजिम बिगो समेतमा दावी लिई पुनरावेदन अदालत, पाटनमा मिति २०५६।९।६ मा मुद्दा दायर गरिएको ।

३.३ अन्य विविध कारबाई :-

क) तत्कालीन डिभिजन प्रमुख डिल्लीरमण निरौलाका सम्बन्धमा

इन्धनको कूपन थपी सच्याई भ्रष्टाचार गरेकोमध्ये जम्मा रु. १,१७,१६०।– साझा पसललाई निजले भुक्तानी गरेको देखियो । संस्थाको नाममा ए.सी. पेयी चेकबाट भुक्तानी दिएको र भुक्तानी भएको रकम सो संस्थाको खातामा जम्मा समेत भएको देखिएको र भुक्तानी भएको रकम नै खाएको नभई सो रकम बराबरको इन्धन साझा पसल सेवाको पेट्रोल पम्पबाटै साझाका कर्मचारीद्वारा अन्य ग्राहकलाई बिक्री गरी खाएको देखिएको । निजको कार्यकालमै कीर्ते गरेको आंशिक रकम ख.हरिप्रसाद झाबाट साझा पसलमा दाखिला समेत गराएको देखिएकोले उक्त कूपन सच्याउने कार्यमा निजको संलग्नता प्रमाणित हुन आएन ।

तर सवारीको लग सिट प्राप्त नभएको, इन्धन टंकीमै नअट्ने परिमाणको र खपत हुनै नसक्ने गरी अस्वाभाविक रुपमा बढी परिमाणको इन्धनको बील प्राप्त भएकोमा समेत कुनै छानविन नै नगरी बील भुक्तानी गरेको देखियो । तसर्थ निज डिल्लीरमण निरौलालाई आयोगबाटै सचेत गराइएको ।

ख) तत्कालीन डिभिजन प्रमुख धनराज सापकोटाका सम्बन्धमा

इन्धनको कूपन कीर्ते गरी भ्रष्टाचार गरेकोमध्ये निजको कार्यकालको जम्मा रु. ७,८४,३६३।५० साझा पसललाई निजले भुक्तानी गरेको देखियो । संस्थाको नाममा ए.सी. पेयी चेकबाट भुक्तानी दिएको र भुक्तानी भएको रकम सो संस्थाको खातामा जम्मा समेत भएको देखिएको र भुक्तानी भएको रकम नै खाएको नभई सो रकम बराबरको इन्धन साझा पसल सेवाको पेट्रोल पम्पबाटै साझाका कर्मचारीद्वारा अन्य ग्राहकलाई बिक्री गरी खाएको देखिएकोले सो कार्यमा निज धनराज सापकोटाको संलग्नता देखिएन ।

तर सवारीको लग सिट प्राप्त नभएको, इन्धन टंकीमै नअट्ने परिमाणको र खपत हुनै नसक्ने गरी अस्वाभाविक रुपमा बढी परिमाणको इन्धनको बील प्राप्त भएकोमा समेत कुनै छानविन नै नगरी बील भुक्तानी गरेको देखिएकोले त्यस्तो गैर जिम्मेवारीपूर्ण कार्य गर्ने निज धनराज सापकोटालाई आयोगबाटै सचेत गराइएको ।

ग) तत्कालीन डिभिजन प्रमुख विन्दुशम्सेर राणाका सम्बन्धमा :

इन्धनको कूपन कीर्ते गरी भ्रष्टाचार गरेकोमध्ये निजको कार्यकालको जम्मा रु. १३,४७९।– साझा पसललाई निजले भुक्तानी गरेको देखियो । संस्थाको नाममा ए.सी. पेयी चेकबाट भुक्तानी दिएको र भुक्तानी भएको रकम सो संस्थाको खातामा जम्मा समेत भएको देखिएको र भुक्तानी भएको रकम नै खाएको नभई सो रकम बराबरको इन्धन साझा पसल सेवाको पेट्रोल पम्पबाटै साझाका कर्मचारीद्वारा अन्य ग्राहकलाई बिक्री गरी खाएको देखिएकोले सो कार्यमा निज विन्दु शम्सेर राणाको संलग्नता देखिएन ।

तर सवारीको लग सिट प्राप्त नभएको, इन्धन टंकीमै नअट्ने परिमाणको र खपत हुनै नसक्ने गरी अस्वाभाविक रुपमा बढी परिमाणको इन्धनको बील प्राप्त भएकोमा समेत कुनै छानबीन नै नगरी बील भुक्तानी गरेको देखिएकोले त्यस्तो गैर जिम्मेवारीपूर्ण कार्य गर्ने निज विन्दुशम्सेर राणालाई आयोगबाटै सचेत गराइएको ।

घ) इन्जिनीयर बलबहादुर के.सी.का सम्बन्धमा :

सबै माग फाराम मौज्दातबाट इन्धन उपलव्ध गराउने गरी स्वीकृत गरी कूपन इस्यू समेत गरेकोले एउटै माग फारामबाट स्टोर स्टकबाट समेत खर्च कटाउन सकिने स्थितिको श्रृजना गरेको, अंक र अक्षरमा थपी सच्याईएको इन्धनको परिमाण समेत समावेश हुने गरी कार्यालयमा प्रयोग भएको भनी प्रमाणित गरी लग सीट डिभिजनमा पठाउने गरेको, आफूले प्रयोग गर्ने सवारी साधनको टंकी मै नअट्ने गरी नियमित रुपमा ६० ६० लि. डिजेलको कूपन इस्यू गर्ने गरेको र लग सीटबाट उक्त इन्धन खर्च समेत नहुने देखिएको, स्टोर स्टकको लागि भनी इस्यू गरिएका स-साना परिमाणको कूपनबाटै अधिकांश सच्याएको पाइएको, गाडी नं. र अक्षरमा परिमाण लेख्न र अन्य महल बन्द

गर्न छुटाएको समेत देखिएकोले त्यस्तो लापरवाही एवं गैर जिम्मेवारीपूर्ण कार्य गर्ने इ. बलबहादुर के.सी. लाई आयोगबाटै सचेत गराइएको ।

ङ) इन्जिनीयर माधवकुमार कार्कीका सम्बन्धमा :

सबै माग फाराम मौज्दातबाट इन्धन उपलब्ध गराउने गरी स्वीकृत गरी कूपन इस्यू समेत गरेकोले एउटै माग फारामबाट स्टोर स्टकबाट समेत खर्च कटाउन सकिने स्थितिको श्रृजना गरेको, अंक र अक्षरमा थपी सच्याएको इन्धनको परिमाण समेत समावेश हुने गरी कार्यालयमा प्रयोग भएको भनी प्रमाणित गरी लगसीट डिभिजनमा पठाउने गरेको देखिएकोले त्यस्तो लापरवाही एवं गैर जिम्मेवारीपूर्ण कार्य गर्ने इ. माधवकुमार कार्कीलाई आयोगबाटै सचेत गराइएको ।

च) ओभरसियर जगदीशप्रसाद उपाध्याय र ओभरसियर सुशीलप्रसाद राजभण्डारीका सम्बन्धमा :

मौज्दातबाट इन्धन उपलब्ध गराउने गरी माग फाराम स्वीकृत भएकोमा समेत कूपन इस्यू गर्ने गरेको, माग फाराममा कूपन इस्यू भएको व्यहोरा उल्लेख गर्ने नगरेकोले दोहोरो कूपन इस्यू समेत भएको देखिएको, टंकीको क्षमताभन्दा बढी परिमाणको कूपन इस्यू गरेको, पछिबाट थपघट गर्न नमिल्ने गरी सावधानी पूर्वक कूपन इस्यू गर्ने नगरेको, अंक र अक्षरमा थपी सच्याएको माग फारामको आधारमा समेत कूपन इस्यू गरेको देखिएकोले त्यस्तो लापरवाही एवं गैर जिम्मेवारीपूर्ण कार्य गर्ने निजहरुलाई आयोगबाटै सचेत गराइएको ।

छ) आ.वा. अपरेटर योगराज उप्रेतीका सम्बन्धमा :

साझाको बीलसाथ प्राप्त कूपन साइट कार्यालयमा पठाउनु पर्ने आवश्यकता र आदेश विना नै हरिप्रसाद झालाई भरपाईसम्म पनि नगराई दिएबाट अंक र अक्षरमा थपी सच्याई भ्रष्टाचार गरेको सबूद प्रमाण नष्ट गर्ने कार्यमा सहयोग पुग्न गएको देखिएबाट त्यस्तो गैर जिम्मेवारीपूर्ण कार्य गर्ने निज योगराज उप्रेतीलाई आयोगबाटै सचेत गराइएको ।

ज) कूपनका सम्बन्धमा सुझाव :

कार्यालय प्रमुखबाट मात्रै कूपन इस्यू गर्ने, अधिल्लो दिनको लगसीट खिचे पछि मात्र अर्को कूपन इस्यू गर्ने, कूपन इस्यू गर्दा माग फाराममा मौज्दात वा बजारबाट खरीद गरि दिने भन्ने व्यहोरा स्पष्ट खुलाउने, बजारबाट खरीद गरी इन्धन उपलब्ध गराउनु पर्दा माग फाराम स्वीकृत र कूपन इस्यू एकै साथ गर्ने, सम्पूर्ण सवारी साधनहरुमा माइल मिटर चालु हालतमा राख्ने, कुन सवारी साधन १ लि. इन्धनबाट कति किलोमिटर चल्छ भन्ने व्यहोरा सरकारी निकायबाट प्रमाणित गराई सो माइल मिटरको आधारमा मात्र कूपन इस्यू गर्ने, अनावश्यक रुपमा बढी इन्धन एकै पटक इस्यू नगर्ने, उपयुक्त आदेश बेगर आफ्नै कार्यालय बाहेक तालुक क्षेत्रीय निर्देशनालय, विभाग र मन्त्रालयको सवारी साधनको लागि समेत इन्धन उपलब्ध नगराउने तथा स-साना परिमाणको इन्धन स्टोर स्टकको लागि कूपन इस्यू नगर्ने व्यवस्था हुन निर्माण तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

झ) कन्टेन्जेन्सीका सम्बन्धमा :

ल.ई. मा समावेश हुन नसकेका तर निर्माण कार्यसंग प्रत्यक्ष रुपमा सम्बन्धित कार्यमा खर्च गरी निर्माण कार्य सुचारु रुपले संचालन गर्न ल.ई. मा व्यवस्था भएको कन्टेन्जेन्सी बापतको रकमबाट निर्माण कार्यसंग कुनै सरोकार नै नभएको कर्मचारीको पारिश्रमिक भुक्तानी समेत गरेको, सम्पूर्ण कन्टेन्जेन्सी बापतको रकम आ.व.को शुरु मै खर्च गरेको, ल.ई. मा समावेश भएको कन्टेन्जेन्सीको सीमा नाघ्ने गरी खर्च गरेको र सोलाई भैपरीको रुपमा जुनसुकै कार्यमा समेत खर्च गरी दुरुपयोग गर्ने गरेको योजनाको कुन कुन कार्यमा सो रकम खर्च गर्न पाइने भन्ने सम्बन्धमा नीतिगत आधार (Criteria) निर्धारण हुनु पर्ने र सोको पालना नभएमा सम्बन्धित पदाधिकारीबाटै असुलउपर समेत गराउने व्यवस्था हुनु पर्ने देखिएकोले सो सम्बन्धमा श्री ५ को सरकारको ध्यानाकर्षण गराइएको ।

ञ) अन्य नीति (नर्मस्)का सम्बन्धमा :

सार्वजनिक निर्माण कार्यको बोलपत्र आह्वान हुंदा स्वीकृत लगत इष्टिमेटको ५०% भन्दा बढी अंक घट्ने गरी बोलकबोल गरेको देखिन्छ । एकातिर उक्त कबोल अंकबाट सोही ल.ई. अनुसारको निर्माण कार्य सम्पन्न भए गरेको देखिन्छ भने अर्कोतिर बोलपत्र आह्वान गरी ल.ई. भन्दा निकै घटीमा निर्माण कार्य सम्पन्न भई बचत हुन आएको रकमबाट ल.ई.कै दर रेटमा दरभाउपत्रद्वारा निर्माण कार्य गराएको समेत देखिन्छ । एउटै कार्यालयमा ल.ई. को आधा' रकमसम्ममा तोकिएको निर्माण कार्य सम्पन्न भएको नजिरको बावजुद बोलपत्र आह्वान नगरी दरभाउ पत्रद्वारा अनुकूलको ठेकेदार मार्फत् त्यस्तो प्रकृयाबाट निर्माण कार्य गरेको कार्यलाई नियमसंगत भन्न मिल्ने देखिदैन । सार्वजनिक निर्माण कार्यको मूल आधार नै निर्माण कार्यको दर रेट विश्लेषण नर्मस २०४१ (दोस्रो संशोधन सहित) भएको परिप्रेक्षमा उक्त नर्मसलाई चुस्त र दुरुस्त अवस्थामा राख्नु अति आवश्यक देखिन्छ । निर्माण कार्यमा विविधता हटाउन र उपयुक्त मापदण्ड कायम गरी निर्माण कार्यको गुणस्तर वृद्धि गर्न र खर्च नियन्त्रण गर्ने कार्यमा समेत सहयोग पुऱ्याउने उद्देश्यले तयार भएको उक्त नर्मस एक नियन्त्रणात्मक विषय भएकोले यस विषयमा बराबर खोजपूर्ण निगरानी हुनु पर्ने र स्थलगत अध्ययनको आधारमा आवश्यक र समयोचित संशोधन गर्दै लैजानु पर्ने मनसाय उक्त नर्मस स्वयंमा उल्लेख भएको परिप्रेक्षमा निर्माण कार्यको लागत नियन्त्रण गर्न र उपरोक्त विकृतिहरु हटाउन

समेत सो नर्म्समा सुधार गरी अध्यावधिक गर्न पर्ने देखिएकोले निर्माण तथा यातायात मन्त्रालयमा तद्नुकूल सुझाव पठाइएको ।

ट) साझा पसल सम्बन्धमा :

साझा पसल सेवाबाट तैल्य पदार्थ बिक्री गर्दा बिक्री मूल्यको ०.५% ले अनुमानित क्षति निर्धारण गरी संचालक समितिबाट बजेट पास गराई करिब ०.५% नै क्षति भएको देखाइएकोले आयल निगमको मापदण्ड अनुसार क्षति निर्धारण गर्न साझा पसल सेवाको संचालक समितिमा लेखिएको ।

तोक आदेश गरी सयौं जना सुपरभाइजर भर्ना गरेको भन्ने सम्बन्धमा थप अनुसन्धान जारी रहेको ।

४. *नेपाल औद्योगिक विकास निगममा कम्प्यूटर सफ्टवेयर विकास गर्ने कार्यको ठेक्का पट्टामा न्यूनतम कबोल गर्ने कम्पनीको टेण्डर स्वीकृत नगरी रु ५३.२ लाख महंगो पर्ने टेण्डर स्वीकृत गरी भ्रष्टाचार भएको भन्ने विषयको उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरी मुद्दा दायर गरिएको :-*

Application Sofware Development Programme अन्तर्गत नेपाल औद्योगिक विकास निगमबाट भएको टेण्डर प्रकरणमा महाप्रबन्धक बालकृष्णमान सिंहबाट निम्न कसूरहरु गरेको स्पष्ट देखिन आएको :-

२०५३।११५ मा टेण्डर दाताहरुको प्राविधिक प्रस्ताव खोल्ने कार्य भइसकेपछि कुन कम्पनीलाई योग्यताक्रममा माथि पार्ने कसरी अंकभार तोक्न उपयुक्त हुन्छ भन्ने जानकारी भइसक्ने अवस्थामा २०५३।११।१९ मा मात्र मूल्यांकन विधि स्वीकृत गरेकोबाट आर्थिक प्रशासन सम्बन्धी नियमहरु (संशोधन सहित), २०४२ को नियम २३ को उप नियम (७) मा प्राविधिक र आर्थिक प्रस्तावहरु खोल्नु अगावै मूल्यांकन भार तोकिसक्नु पर्ने प्रावधान विपरितको गैरकानूनी कार्य भएको,

टेण्डर फारामका अनिवार्य शर्तहरु पालना नगरेकोले रीत नै नपुगेका टेण्डरदाताहरु प्राविधिक योग्यताक्रमको १ देखि ४ नं सम्म पनि परेको (जसमध्ये १,३ र ४ क्रममा पर्ने कम्पनीले निगमको छाप लागेको सक्कल टेण्डर फाराम नै नबुझाएको तथा क्रम संख्या २ मा पर्ने कम्पनीले स्थानीय एजेन्टसंग भएको सम्झौता प्रति नै पेश नगरेकोले क्रमशः टेण्डर सूचनाकै शर्त र टेण्डर फारामको Section A को दफा ३ (g) को प्रावधान विपरित भएकोले रीत नपुगेको र टेण्डर फारामकै Section A को दफा ३२(३) अनुसार त्यस्ता रीत नपुगेका कम्पनीको टेण्डरलाई कुनै प्रकारले परिमार्जन वा संशोधन गरी रीत पुगेको बनाउनमा समेत बन्देज गरेको अवस्थामा बोलपत्रदाताबाट थप विवरण प्राप्त गरी कानूनी सल्लाहकारको राय समेत विपरित हुने गरी प्राविधिक योग्यताक्रमको प्रथम ५ वटा कम्पनीको आर्थिक प्रस्ताव मूल्यांकन गर्न निज महाप्रबन्धकबाट भएको आदेश स्वतः गैरकानूनी भएको । यस अतिरिक्त रीत नपुगेको मध्येकै प्राविधिक योग्यताक्रमको २ नं मा पर्ने कम्पनी प्राइस वाटर हाउसको टेण्डर स्वीकृत गरिएको कार्यबाट सम्पूर्ण टेण्डर प्रकृया नै गैर कानूनी र बदनियतपूर्ण भएको,

प्राविधिक मूल्यांकनको योग्यताक्रममा परेका प्रथम ५ वटा कम्पनीको आर्थिक प्रस्ताव मूल्यांकन गर्ने आदेश स्वयंले दिएपछि प्राविधिक रुपमा यी ५ वटा कम्पनी सक्षम भएको मानिसकेको सन्दर्भमा आर्थिक प्रस्तावको मूल्यांकन गर्दा न्यूनतम कबोल गर्ने कम्पनी स्वतः प्राविधिक रुपले सक्षम ठहर हुन आएपछि प्राइस वाटर हाउसलाई नै ठेक्का दिने बदनियत राखी अनुभवको कमी भएको, अन्तरराष्ट्रिय ख्याति प्राप्त नभएको जस्ता प्राविधिक मूल्यांकनमा नै हेरिनु पर्ने विषयहरु उल्लेख गरी टेण्डर अस्वीकृत गरेकोबाट ठेक्का पाउने प्राइस वाटर हाउसको रु ८८,७२,३६७/- को ठेक्का स्वीकृत हुंदा न्यूनतम र रीत पुगेको कबोल अंक रु ४३,९९,१२०/- को दांजोमा रु.४४,७२,४४७/- बढीको निगमलाई अतिरिक्त व्ययभार पारी हानी नोक्सानी पुऱ्याएको प्रत्यक्ष देखिएको,

प्राविधिक योग्यता क्रमको प्रथम ५ वटा कम्पनीको आर्थिक प्रस्ताव खोली मूल्यांकन गर्ने भइसकेपछि Scope of works मा नै परिवर्तन गरेकोले पुनः टेण्डर गर्ने वा ५ वटै कम्पनीबाट अर्को आर्थिक प्रस्ताव माग गर्नु पर्नेमा पांचमध्ये २ वटा कम्पनीको कबोल अंक अत्यधिक भएको भनी बांकी तीन वटा कम्पनीबाट मात्र पुनः आर्थिक प्रस्ताव माग गरेकोबाट बांकी दुई कम्पनीले आफ्नो आर्थिक प्रस्ताव संशोधित Scope of works अनुरुप पेश गर्न नै नपाएकोबाट पनि यसमा स्वच्छ प्रतिस्पर्धा नगराएको स्पष्ट हुन आएको,

न्यूनतम कबोल गर्ने कम्पनी मर्कन्टाइल अफिस सिष्टमको प्राविधिक तथा शुरुको आर्थिक दुवै प्रस्तावहरु खोली Scope of works मा संशोधन पश्चात् बांकी ५ मध्ये ३ कम्पनीबाट मात्र पुनः आर्थिक प्रस्ताव माग गर्दा मर्कन्टाइल अफिस सिष्टमबाट पनि प्रस्ताव माग भएको छ । शुरुको आर्थिक प्रस्तावमा पांचमध्ये दुई कम्पनीको कबोल अंक अत्यधिक भएकोले ती कम्पनीहरुबाट पुनः प्रस्ताव माग नै नगरिएको स्थितिमा पनि मर्कन्टाइलबाट भने प्रस्ताव माग गर्नुबाटै टेण्डर मूल्यांकनको त्यस स्थिति सम्ममा पनि सो कम्पनी उपयुक्त प्रतिस्पर्धी हुन सक्ने मानिएको स्पष्ट हुन्छ । प्राविधिक र शुरुको आर्थिक प्रस्ताव खोली अध्ययन गरिसकेको स्थितिमा समेत निर्विवाद रुपमा सम्भावित दावेदार

देखिन आएको कम्पनीको बोलपत्र न्यूनतम हुनको साथै रीत पनि पुगेको हुंदा हुदै प्राविधिक असक्षमता वा अनुभवको कमी जस्ता विषयगत अर्थात् निजी धारणागत आधार देखाई अस्वीकृत गर्न कानूनतः यो चरणमा आएर नमिल्ने,

संशोधित आर्थिक प्रस्तावको मूल्यांकन पश्चात् बांकी तीन कम्पनीहरुको प्राविधिक प्राप्तांकको आधारमा विभिन्न बिकल्प अनुरुप क्रमशः माथिल्लो कम्पनीसंग बार्ता गर्दै जाने २०५३।९।९ मा महाप्रबन्धकबाटै भएको आदेश बमोजिम शुरुको दुई कम्पनीले निगमको शर्त मान्न इन्कार गरिसकेको स्थितिमा उक्त निर्णय अनुरुप महाप्रबन्धकसंग निम्न २ वटा बिकल्पहरु मात्र बांकी रहेका थिए :-

(अ) प्राविधिक पक्ष मजबूत भएको ठोस प्रस्ताव माग गरी सोको मूल्यांकन पश्चात् Taskwise fee allocation को आधारमा मर्कन्टाइलको ठेक्का स्वीकृत गर्ने, वा

(आ) यस बिकल्पको पनि कार्यान्वयन हुन नसकेमा पुनः टेण्डर गर्ने ।

तर क्रमागत रुपमा वार्ता गर्दै वार्ता असफल हुंदै अर्को कम्पनीसंग वार्ता शुरु गरिसकेको स्थितिमा अघिल्लो कम्पनी प्राइस बाटर हाउसले आंशिक रुपमा मात्र निगमको शर्त मान्न तयार भएको भन्ने प्राप्त पत्रको आधारमा पुनः सोही कम्पनीसंग वार्ता गर्न सकिने प्रतिबन्धात्मक प्रावधान नै नभएको स्थितिमा पनि "प्राइस बाटर हाउसले कूल कबोल अंकमा १० प्रतिशत घटाउने बाहेक अरु शर्त मान्ने मनसाय व्यक्त गरी पत्राचार गरेकोले" भन्ने मात्र आधारमा मर्कन्टाइलसंग प्राविधिक सक्षमताको प्रस्ताव माग्ने बाहेक अन्य कुनै बिकल्प नहुंदा नहुदै महाप्रबन्धकले "प्राइसबाटर हाउससंग सम्झौता कार्य सम्पन्न गर्न" भनी २०५४।१।९ मा गरेको आदेशसमेत गैर कानूनी भएको,

महाप्रबन्धकको बयानमा यो सफ्टवेयर विकासको कार्य पूर्ण रुपमा प्राविधिक दक्षताको जटिल कार्य भएकोले प्राविधिक क्षमता समान भएमा मात्र न्यूनतम मूल्यको कुरो उठाउनु पर्ने हो भनिएको छ । यदि यसरी आर्थिक पक्ष गौण नै हुने हो भने प्राविधिक प्रस्ताव मात्र माग गरी टेण्डर स्वीकृत गर्नु पर्ने वा प्राविधिक क्षमतामा प्रथम हुने कम्पनीको टेण्डर नै स्वीकृत गरिनु पर्ने थियो । तर प्राविधिक क्षमतामा उत्कृष्ट हुने कम्पनी Eastern Software Company को टेण्डर मूल्य अत्यधिक भएको भनी सो कम्पनीबाट Revised Scope of work बमोजिम आर्थिक प्रस्ताव मागसम्म पनि गरेको छैन । यसबाटै यस टेण्डर प्रकृयामा प्राविधिक प्राप्तांक मात्र होइन, कबोल अंकले पनि निर्णायक महत्व राख्दछ भन्ने स्पष्ट हुन आएको,

निगमको आन्तरिक कानूनहरुमा उल्लेख नभएको विषयमा प्रचलित कानूनको परिपालना हुनु पर्ने हुनाले आर्थिक प्रशासन सम्बन्धी नियमहरु (संशोधन सहित), २०४२ को नियम २३ को उपनियम (९) मा प्राविधिक प्रस्तावको मूल्यांकनबाट सफल भएका टेण्डरदाताहरुको मात्र आर्थिक प्रस्ताब खोली यसरी खोलिएका आर्थिक प्रस्तावहरुमध्ये सबैभन्दा घटी आर्थिक प्रस्तावबालाको प्राविधिक र आर्थिक प्रस्ताव स्वीकृत गर्नु पर्ने बाध्यात्मक व्यवस्था रहेको र न्यूनतम कबोल गर्ने कम्पनीको प्रस्ताव उपयुक्त नदेखिएमा कारण खुलाई एकतह माथिबाट निर्णय गराई बढी कबोल गर्ने कम्पनीको टेण्डर स्वीकृत गर्न सकिने प्रावधान रहेकोमा न्यूनतम कबोल गर्ने मर्कन्टाइलको प्रस्ताव स्वीकृत नगर्ने भए कारण खुलाई एक तहमाथि अर्थात् निगमको सञ्चालक समितिसमक्ष लग्नु पर्नेमा नलगी निज महाप्रबन्धक आफैले निर्णय गरेकोबाट निजले आफूलाई अधिकार नै नभएको निर्णय गरी प्रचलित नेपाल कानून जानी जानी पालना नगरेको,

यस प्रकार माथि उल्लेख भए बमोजिम यस सम्पूर्ण टेण्डर प्रकृयामा नै निज महाप्रबन्धकले बदनियतपूर्वक पटक पटक गैर कानूनी आदेश गर्दै मातहतका कर्मचारीलाई यस्तो गैरकानूनी आदेश पालना गर्न दवाव समेत श्रृजना गर्दै सो गैरकानूनी कार्यको आफैले पूर्ण जिम्मेवारी लिने निर्णयसमेत गरी प्राइस बाटर हाउससंग गैरकानूनी मिलेमतो गरी निगमलाई रु. ४४,७२,४४७।- को हानी नोक्सानी र आफूले रोजेको कम्पनी प्राइस बाटर हाउस समेतलाई गैर कानूनी लाभ पुऱ्याउने बदनियतले जानी जानी नेपाल कानून पालना नगरी आफूलाई हुंदै नभएको अधिकार प्रयोग गरी टेण्डर स्वीकृत गर्ने गैरकानूनी निर्णय गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) बमोजिमको कसूर भएकोले निजलाई ऐ. दफा ७(२) तथा दफा १४(क) बमोजिम हुने थप कैद सजाय गरी पाउन तथा बिगो बराबरको रु.४४,७२,४४७ ।- जरिबाना गरी गैरकानूनी हानी नोक्सानी पुऱ्याएको बिगो रु. रु.४४,७२,४४७ ।- समेत ऐ दफा २९ बमोजिम निज महाप्रबन्धक बालकृष्णमान सिंहबाट असूलउपर गरिपाउन पुनरावेदन अदालत, पाटनमा मिति २०५६।५।४ मा मुद्दा दायर गरिएको ।

ख) सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु :-

यस आयोगबाट वा आयोगले सौंपेको अख्तियारी बमोजिम आयोगको तर्फबाट सम्बन्धित पुनरावेदन अदालतमा मुद्दा दायर भई त्यस अदालतबाट भएको फैसलामा चित्त नबुझी प्रचलित ऐन कानूनले तोकेको म्यादभित्र सर्वोच्च अदालतसमक्ष पुनरावेदन दर्ता गरिएका विषयहरु निम्नानुसार छन् :-

१. जिल्ला वन कार्यालय, कपिलवस्तुका तत्कालीन वन अधिकृत मोहन कोइराला समेतको संलग्नतामा काठ वितरणमा भ्रष्टाचार गरेको:-

क. कसूर, शुरु मागदावी र कसूरमा संलग्न व्यक्तिहरु :-

जिल्ला वन कार्यालय, कपिलबस्तुका तत्कालीन जिल्ला वन अधिकृत मोहन कोइराला, ऐ. जिल्लाको पकडी इलाका वन कार्यालयका इलाका वन सहायक अब्दुल करीम अन्सारी, कपिलवस्तु जिल्ला, निवहालिया गाउं विकास समिति, वडा नं. ६ का मणिराम चौधरी र ऐ. ऐ.का उमाशंकर चौधरीले २०४९ साल वैशाख ९ गते दिनको १० वजे कपिलवस्तु जिल्ला, पुरुषोत्तमपुर गाउं विकास समिति, वडा नं ६ मा आगलागी हुन गएकोले घर वनाउन काठ उपलव्ध गराई पाउं भनी ४९ परिवारले दिएको निवेदन तथा जिल्ला विकास समितिको सिफारीश समेतको आधारमा ४९ परिवारलाई काठ उपलव्ध गराउने गरी आफैले लगत पठाइएको काठ वितरण हुनु अगावै ८ (आठ) परिवारको घर मात्र आगलागीमा परेकोले ८ परिवारले मात्र काठ पाउनु पर्ने जानकारी प्राप्त भएपछि पहिलेको कारवाई निलम्वन वा बदर गरी कति परिवारले काठ पाउने हुन् भन्ने बारेमा यथासमय आवश्यक छानविन गरी लगत पठाउनु पर्ने कर्तव्य भएकोमा सो कर्तव्यप्रति लापरवाही गरी सहूलियत दरको काठ उनाउ व्यक्तिले प्राप्त गर्न सक्ने अवस्था मिलाई बदनियतपूर्ण कार्य गरी सरकारी सम्पत्ति (सालका गोलिया काठ १००९.८७ क्यूविक फीट) हानी नोक्सानी गरे गराएकोमा प्रतिवादी मध्येका मोहन कोइराला र अब्दुल करिम प्रत्येकलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ को कसूरमा सोही दफा बमोजिम हदै सम्मको कैद गरी सोही ऐनको दफा २९(२) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम बिगो रु. ३,३८,३४३।५९ पैसा वरावरको जरिवाना गरी पाउन र अग्नि पीडित भनिएका व्यक्तिहरु ४० जनाको तर्फबाट वेरीतको मन्जुरनामा र नागरिकताको अप्रमाणित प्रतिलिपिको आधारमा आफूलाई गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले त्यस्तो सुविधाको दुरुपयोग गर्ने भागिरथ चौधरी र उमाशंकर चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा सोही दफा बमोजिम हदै सम्मको कैद गरी सोही ऐनको दफा २९(१) बमोजिम रु. ३,३८,३४३।५९ बिगो असूल गरी दफा २९(२) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सो बिगो बराबरको जरिवाना हुन मागदावी लिई पुनरावेदन अदालत, बुटवलमा मुद्दा दायर भएको थियो ।

ख. पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलाको सार र त्यसका मुख्य-मुख्य निर्णयाधारहरु :-

देहायका बुंदाहरुलाई मुख्य आधार लिई पुनरावेदन अदालत, बुटवलले यस मुद्दाको सम्पूर्ण प्रतिवादीहरुलाई सफाई दिने फैसला गरेको थियो :-

- ८ (आठ) घरमा मात्र आगलागी भएको भन्ने कुलाई वादी पक्षले स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न नसकेको,
- वन पैदावार आपूर्ति समितिले २०४९।२।१ मा निर्णय गरी ४९ घरका अग्नि पीडित सहित १२२ जनाको लगत पकडी इलाका वन कार्यालयमा लेखिपठाएको देखिएको, जुन कुरा रेडक्रसले ४९ परिवारलाई कम्वल वितरण गरेको भन्ने कुराबाट पनि पुष्टि हुन आएको,
- कानून बमोजिम गठित स्वायत्त संस्था गाउं विकास समिति (जुन स्थानीय समस्या समाधान गर्ने निकाय पनि हो) को प्रारम्भिक सिफारीशलाई क्रमवद्ध रुपमा अन्य निकायले सिफारीश गरेका आधारमा ४९ परिवारलाई काठ उपलब्ध गराइएको देखिन आएको,
- अग्नि पीडित ४९ परिवार मध्येका मन्जुरनामा दिने ४० परिवारले सहूलियत दरको काठ पाएनौं भन्ने सम्मको उजूर परेको पनि मिसिल संलग्न प्रमाणबाट देखिन नआएको ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :-

माथि उल्लिखित आधारहरु लिई प्रतिवादीहरुलाई सफाई दिने गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला निम्न कारण र आधारबाट त्रुटीपूर्ण भएकोले सो फैसला बदर गरी आयोगको शुरु मागदावी बमोजिम सम्पूर्ण प्रतिवादीहरुलाई सजाय हुनु पर्ने जिकिर लिई सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

प्रस्तुत मुद्दाको सन्दर्भमा विवादित तथ्य भनेकै मिति २०४९।१।१९ का दिन सिसहनिया गाउंका ८ (.आठ) घर धुरी वा ४९ घर धुरीमा आगलागी भएको थियो ? भन्ने रहेको र यसरी मुख नमिलेको अवस्थामा मुलुकी ऐन, अदालती बन्दोबस्तको नं. ८४ (क) बमोजिम "मुख नमिलेको" जति विवादित विषयमा प्रमाण बुझ्ने दायित्व अदालतको हुने हुंदा सो विषयलाई यकीन गर्न अदालतले स्वयं अदालती वन्दोवस्तको ११५ नं को प्रकृया अपनाएर भए पनि स्थानीय व्यक्तिहरुलाई बुझ्न आवश्यक थियो । यस मुद्दामा सो प्रकृया अवलम्बन गरिएन र अदालत

समक्ष प्रस्तुत विवादका सम्बन्धमा दुवै पक्षको प्रमाण बुझ्ने दायित्व अदालतको हुन्छ । तर यसमा प्रतिवादीका साक्षीहरुको वनावटी वकपत्रलाई आधार वनाई आरोपित कसूरमा सफाई दिनेगरी भएको फैसला मिलेको छैन ।

वन पैदावार समितिले अग्नि पीडितको रुपमा ४९ जना समेतको नाम १२२ जनाको सूचीमा पठाएको भनाई नै सतही छ । नाम संलग्न सिफारीश आफैमा प्रमाण होइन । यहां सबै अग्नि पीडित भनिए पनि काठको सुविधा लिने प्रयोजनका लागि घर धुरीका हिसाबले परिमाण तोकिन्छ । साथै उक्त वन पैदावार समितिको पत्रमा घर धुरी भन्ने उल्लेख नै छैन । यस्तो तथ्यको ख्याल नै नगरी वन पैदावार समितिको पत्रलाई अकाट्य प्रमाण स्वीकार गरेर भएको फैसला मिलेको देखिएन ।

गाउं विकास समितिको सिफारीश पत्रमा "४९ घर धुरी" भन्ने शब्दावली नै प्रयोग भएको छैन । गाउं विकास समितिका सचिवले गराएको मुचुल्कामा यो यति घर धुरी आगजनीमा परेको भनी लेखिएको छैन । आगजनीमा परेका एउटै घरका धेरै जनाको निवेदन पनि पर्न सक्दछ, निवेदन परेको आधारमा मात्र घर धुरी यकीन हुन सक्दैन । यसरी सिफारीश र मुचुल्काको सतही अवलोकनकै भरमा यी विषयलाई प्रमाण सरह मानी सफाई दिएको मिलेन ।

अग्नि पीडित कसैले पनि काठ नपाएको भनी उजूर नगरेको भन्ने विषयमा वास्तविक अग्नि पीडितले काठ पाएका थिएनन् भन्ने वादी पक्षको दावी होइन । मौकाको कुनै पनि कागजपत्र, लिखत, सिफारीश पत्रमा ४९ घर धुरी आगजनीमा परेको भन्ने उल्लेख नभएकोमा ४९ जनाको घर भन्ने प्रयुक्त शब्दावलीको अतिरञ्जित अर्थ लगाई श्री ५ को सरकारलाई हानी पुग्ने गरी काठ वितरण गर्दा ४० घर धुरीका हिसाबले काठको वितरण गरिएबाट उक्त कार्य नियोजित एवं बदनियतपूर्ण भएकोतर्फ विश्लेषण एवं विवेचना नगरी भएको फैसला बदर भागी छ ।

वन अधिकृत मोहन कोइराला र वन सहायक अब्दुल करिम अन्सारीले काठ वितरण गर्न र भागिरथ चौधरी र उमाशंकर चौधरीले शुरु देखि काठ प्राप्त गर्न अपनाएका प्रकृयाहरु गलत र बदनियतपूर्ण थिए । राष्ट्र सेवक कर्मचारीले पालना गर्नु पर्ने कर्तव्य पालना नगर्नु तथा अधिकारको उल्लंघनबाट हुने क्षति-नोक्सानी वा दायित्व प्रति निजहरुले जिम्मेवारी लिनै पर्ने हुन्छ । आगलागीमा नष्ट भएका घर धुरीको यकीन नगरी ४९ घर धुरी भन्ने आधार तयार गरी ठूलो परिमाणमा काठ वितरण गर्ने कार्य बदनियतपूर्ण छ भनी भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम आरोपित गरेपछि सतही रुपमा प्रमाणको मूल्यांकन गरी प्रतिवादीलाई सफाई दिने फैसला बदरभागी छ ।

२. काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, ललितपुरका लेखापाल डोलप्रसाद अर्याल समेतले भ्रष्टाचार गरेको :-

क. <u>कसूर, शुरु मागदावी र कसूरमा संलग्न व्यक्तिहरु</u> :-

काठमाडौं उपत्यका नगरविकास योजना कार्यान्वयन समिति, ललितपुरका लेखापाल डोलप्रसाद अर्याल र ऐ. का ओभरसीयर तेजबहादुर शाक्यसमेतले सैवु आवास योजनाबाट वितरण हुने घडेरीका लागि उमग शाक्यका तर्फबाट परेका टेण्डर अनुरुप घडेरी नपरेपछि निजलाई धरौटी रकम रु. १,१४,०००।- फिर्ता दिनु पर्नेमा सम्बन्धित हकदार (टेण्डरकर्ता) को निवेदन नपरिकन प्रतिवादी मध्येका डोलप्रसाद अर्यालले हकवाला व्यक्ति उमंग शाक्यलाई नबुझाई सरोकार नै नभएका तेजबहादुर शाक्यलाई दिएको र यसरी जानी जानी कानूनी प्रकृयाको पालना नगरी आफू कार्यरत रहेको कार्यालयलाई हानी पुऱ्याई बदनियतपूर्ण तरिकाले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १३ अन्तर्गतको कसूर गरेको र अर्का प्रतिवादी तेजबहादुर शाक्यले डोलप्रसाद अर्यालबाट मन्जुरनामाको आधारमा चेकको अधकट्टी मा सही गरी रकम बुझी दिनु पर्ने व्यक्तिलाई नबुझाई उक्त समितिमा उमंग शाक्यको नाउमा धरौटी रहेको रु. १.१४,१००।- गैरकानूनी रुपमा हिनामिना गरी उक्त समितिलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसूर गरेको पुष्टि हुन आएकोले डोलप्रसाद अर्याललाई सोही ऐनको दफा ७(१) र १३ बमोजिम र तेजबहादुर शाक्यलाई दफा ७(१) बमोजिमको सजाय हुन माग दावी लिई पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर भएको थियो ।

ख. <u>पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाको सार र त्यसका मुख्य-मुख्य निर्णयाधारहरु</u> :-

प्रतिवादी तेजबहादुर शाक्यले अरुले पाउने रकम आफूले बुझी लिएपछि सम्बन्धित व्यक्तिलाई रकम बुझाएको प्रमाण पेश गर्न नसकेको र एउटाले पाउनु पर्ने रकम सम्बन्धित व्यक्तिलाई नबुझाए पछि सो रुपैया फिर्ता गर्नु पर्ने दायित्व सम्बन्धित धरौटी फिर्ता गर्नुपर्ने कार्यालय उपर पर्न जाने हुंदा यसमा प्रतिवादी मध्येका तेजबहादुर शाक्यले वादी दावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) अनुसार भ्रष्टाचारको कसूर गरेको ठहर्छ ।

अर्का प्रतिवादी डोलप्रसाद अर्यालले गोश्वारा भौचर समेत सदर गराई चेक काटी ओभरसियर तेजबहादुर शाक्यलाई दिएको तथ्य निर्विवाद देखिएको छ । सो चेकको रुपैया यो प्रतिवादीले लिए खाएको भन्ने कही कतैबाट पुष्टि हुन आएको देखिदैन । अतः यस्तो अवस्थामा प्रतिवादी डोलप्रसाद अर्यालउपरको वादी दावी समर्थित हुन सकेको नदेखिंदा निजले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०५६।५।२४ मा फैसला भएको थियो ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :-

यसमा प्रतिवादी मध्येका तेजबहादुर शाक्यको हकमा माग दावी बमोजिम अदालतबाट भ्रष्टाचार ठहर्ने गरी भएको फैसलाउपर केही गर्नु परेन । तर अर्का प्रतिवादी लेखापाल डोलप्रसाद अर्यालको हकमा भएको फैसलाउपर चित्त नबुझेकोले देहायका आधार र कारणबाट निजको हकमा भएको फैसला त्रुटीपूर्ण भएकोले शुरु माग दावी बमोजिम निजलाई सजाय हुन सर्वोच्च अदालतमा पुनराबेदन गरिएको :-

प्रतिवादी डोलप्रसाद अर्यालउपर लिएको दावीको सम्बन्धमा अदालतबाट ध्यान दिएको देखिएन । निजउपर भ्रष्टाचार निवारण ऐनको दफा ७(१) को अलावा दफा १३ बमोजिम हुन पनि माग गरिएको थियो । कुनै निवेदन नपरीकन वेसरोकारवाला व्यक्तिलाई चेक हस्तान्तरण गर्नुबाट निजको मिलेमतो रहेको पुष्टि हुन आउछ । साथै बिना निवेदन अर्को गैर सरोकारको व्यक्तिलाई चेक दिने कार्यबाट जानी जानी नेपाल कानूनको पालना नगरेको स्पष्ट हुन आउछ । यसरी दफा ७(१) र १३ को दावी लिइएकोमा यसतर्फ विवेचना नै नगरी भएको फैसला बदर भागी छ ।

निज प्रतिवादीले धरौटी रकम प्राप्त गर्ने अधिकार भएको व्यक्तिकै हातमा सो चेक दिनु पर्नेमा आफ्नै कार्यालयका ओभरसियर तेजबहादुर शाक्यलाई दिनु पर्ने कानूनी आधार र कारण खुलाउन नसकेको, शाक्यलाई चेक दिने गरी आदेश नभएको अवस्थामा र धरौटी रकम फिर्ता पाउन सरोकारवालाले निवेदनसमेत नदिएको अवस्थामा वेसरोकारवाला व्यक्तिलाई चेक दिनु सरासर नेपाल कानूनको पालना नगरेको भन्ने स्पष्ट हुंदा हुंदै प्रमाणको अभाव भएको भनी निजलाई सफाई दिने गरी भएको फैसला बदरभागी छ ।

३. यादव निम्न माध्यामिक विद्यालयका प्रधानाध्यापक अनिरुद्रप्रसाद पाठक समेतको संलग्नतामा भ्रष्टाचार भएको :-

क. कसूर, शुरु मागदावी र कसूरमा संलग्न व्यक्तिहरु :-

यादव निम्न माध्यमिक विद्यालय, रुपन्देहीका प्रधानाध्यापक अनिरुद्रप्रसाद पाठक र जिल्ला शिक्षा कार्यालय, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, परासीका सव ओभरसियर ध्रुवनारायण श्रेष्ठले उक्त विद्यालयको भवन निर्माण गर्दा वास्तविक लागत भन्दा रु ५०,२३८।९० बढी देखाउनु, लगत इष्टिमेटमा तोकिए भन्दा कम गुणस्तरको काम हुनु, हुदै नभएको कामलाई लगत इष्टिमेट अनुसार भएको भनी सिफारीश गर्ने कार्य गरेको देखिदा निज सव ओभरसियर ध्रुवनारायण श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, ७(१) ९ र २९ (२) अनुसार सजाय हुन र अर्का प्रतिवादीहरु विद्यालयका प्रधानाध्यापक अनिरुद्रप्रसाद पाठकले आफू र ध्रुवनारायण श्रेष्ठलाई गैर कानूनी लाभ तथा विद्यालयलाई गैर कानूनी हानी पुऱ्याउने बदनियतले आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी प्रतिवादी ध्रुवनारायण श्रेष्ठलाई रु. २१,०००।- रिसवत समेत दिई नभएको नगरेको काम भए गरेको छ भनी गलत लिखत तयार गरी भ्रष्टाचार गर्न लगाई अख्तियारको दुरुपयोग गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ र २१(२) बमोजिम सजाय हुन र हानी नोक्सानी भएको बिगो रु ५०,२३४।९० भराई पाउन माग दावी लिई पुनरावेदन अदालत बुटवल, मुद्दा दायर गरिएको थियो ।

ख. पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला सार र त्यसका निर्णयाधारहरु :-

वादी पक्षले अभियोग पुष्टि हुने गरी प्रमाण पेश गर्न नसकेको देखिदा यसमा प्रतिवादीहरुले अभियोग दावीबाट सफाई पाउने ठहर्छ भनी देहायका आधारमा पुनरावेदन अदालत बुटवलबाट मिति २०५६।४।२३ मा फैसला भएको थियो :-

—भवन निर्माण गर्न रु. ३,४८,०००।- को कबुलियतनामा भएको र २०५४।३।१ मा जिल्ला भवन कार्यालय, नवलपरासीका सिनियर डिभिजनल इन्जिनीयरको प्रतिवेदन मा रु. ५,४३,९२५।०५ खर्च भएको उल्लेख छ ।

—उक्त भवन निर्माणको लागि ६० प्रतिशत अनुदान उपलब्ध हुने र ४० प्रतिशत विद्यालयले जनसहभागिताबाट व्यहार्ने उल्लेख भएको,

— ६० प्रतिशत अनुदान बापत रु. ३,४८,०००।- मात्र उपलब्ध भएको ।

—झ्यालको छिस्कीनी ठीक ठाउंमा नभएको, सोलिड इटाको सट्टा ढुंगाको भएको, जम्ता इष्टिमेट अनुसार नभएको भन्ने कारणबाट कामको गुणस्तर कम भएकोले भ्रष्टाचार गरेको भन्ने दावी तथ्ययुक्त मान्न मिलेन । हुनु पर्ने भन्दा बढी रकमको काम भएको नापी किताव (Measurement Book) मा जाहेरवालाले सही गरेकोमा कुनै कैफियत नजनिएको स्थितिमा दावी बमोजिम भ्रष्टाचार भएको भन्ने कुरा वादी पक्षले पुष्टि गर्न नसकेको देखिदा प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गर्न न्यायोचित नदेखिएको ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :-

माथि उल्लिखित आधारहरु बमोजिम प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला देहायका आधार र कारणले त्रुटिपूर्ण भएकोले सो फैसला बदर गरी आयोगको शुरु मागदावी बमोजिम नै प्रतिवादीहरुलाई सजाय हुन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

(क) प्रस्तुत मुद्दामा फैसला गर्दा विवादित तथ्य के हो ? सजाय माग गरिएका आधार के हुन् भन्ने कुरालाई पहिचान नगरी सतही रुपमा हेरी प्रतिवादीहरुलाई सफाई दिएको मिलेन ।

(ख) वास्तविक लागत भन्दा रु ५०,२३४।९० रुपैया बढी खर्च भएको देखाइएको सम्बन्धमा वादी पक्षबाट पेश गरिएका प्राविधिक विषयसंग सम्बन्धित प्रमाण कागजको फैसलामा कुनै विवेचना र खण्डनसमेत गरिएको छैन । यसरी दाबीलाई समर्थन गर्न पेश गरिएका प्रमाणलाई मूल्यांकन नै नगरी भएको फैसला त्रुटीपूर्ण छ ।

(ग) भवन निर्माण पूरा भएको भनी सिफारिश गर्दाको मितिमा सो विद्यालय भवन सम्पन्न भएकै थिएन । उक्त कुरा विद्यालयका प्रधानाध्यापक एवं निर्माण समितिका पदाधिकारीले मौकामा र अदालतमा बयान गर्दा स्वीकार गर्नु भएको तथ्यतर्फ फैसला मौन रहेको छ ।

(घ) जिल्ला भवन कार्यालय, नवलपरासीबाट पेश भएको प्राविधिक प्रतिवेदनमा फर्निचर समेत गरी रु. ४,९३,०९०।१५ मूल्यांकन भएकोमा नापी किताबमा रु. ५०,२३४।९० बढी हुने गरी रु. ५,४३,३२५।२५ खर्च देखाइएबाट प्रतिवादीहरुले हुदै नभएको कार्यलाई भएको भनी बढी खर्च गरेकोबाट प्रत्यक्ष रुपमा श्री ५ को सरकारलाई रु. ५०,२३४।९० हानी पुऱ्याएकोतर्फ फैसलामा विचार नै पुऱ्याएको छैन । यसरी स्पष्ट रुपमा उल्लेख भएको प्रमाणलाई विश्लेषण नै नगरी भएको फैसला मिलेको छैन ।

(ङ) प्राविधिक प्रतिवेदनबाट बढि खर्च भएको देखाएपछि शुरु अदालतले अ.वं. ११५ नं. बमोजिमको प्रकृया अपनाएर भए पनि सम्बन्धित प्राविधिज्ञहरुलाई बुझेर मात्र फैसला गर्न सकिन्थ्यो । त्यसतर्फ विचार नै गरिएको छैन ।

(च) नापी किताव (Measurement Book) मा जाहेरवालालले सही गरेको भन्ने सम्बन्धमा उक्त किताबमा सही गर्दाको समयमा भवन निर्माण गर्दा भए गरिएका काम गुणस्तर युक्त भए नभएको विषयमा राम्ररी जानकारी राख्न सम्भव थिएन । यसमा निज जाहेरवालाले अदालतमा बयान दिदा नै कितानी साथ भ्रष्टाचार भएको बताएपछि त्यस कुरालाई प्रमाण ऐन, २०३१ को दफा १८ र ३७ अनुसार प्रमाण लिइनु पर्नेमा त्यसतर्फ विचार नै भएको देखिएन ।

४. ग्रामीण आवास कम्पनीका तत्कालीन अध्यक्ष दिलीप राई समेतको संलग्नतामा कम्पनीको लागि जग्गा खरीद गर्दा भ्रष्टाचार भएको :-

क. कसूर, शुरु माग दावी र कसूरमा संलग्न व्यक्तिहरु :-

ग्रामीण आवास कम्पनीका तत्कालीन अध्यक्ष दिलीप राई, सोही कम्पनीका महाशाखा प्रबन्धक आत्माकृष्ण श्रेष्ठ, आवास तथा शहरी विकास विभागका महानिर्देशक उमेशबहादुर मल्ल, काठमाडौं महानगरपालिका वडा नं. ९ बस्ने मधुसूदन भण्डारी, ऐ. बस्ने लक्ष्मीदेवी भण्डारी, ग्रामीण आवास कम्पनीका संचालकद्वय विश्वराज रिजाल र सम्पत जि.सी.समेत भएको ग्रामीण आवास कम्पनी, पुल्चोकले काभ्रेपलान्चोक जिल्ला, सुन्थाना गाउं विकास समिति वडा नं. ८ दीपेन्द्र डेरी प्रा.लि.का नामको जग्गाको ६ दिन अगाडिको मूल्य रु १३,७२,५००।- भएकोमा ६ दिन पछि सो जग्गा दोस्रो व्यक्तिमा हक हस्तान्तरण गरी रु. १,१६,१०,०००।- मा खरीद गरेकोबाट प्रतिवादी दिलीप राई, आत्माकृष्ण श्रेष्ठ, मधुसूदन भण्डारी, लक्ष्मीदेवी भण्डारी, संचालक उमेशबहादुर मल्ल, विश्वराज रिजाल र सम्पत जि.सी.ले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र ८ अन्तर्गतको कसूर गरेको देखिदा सोही दफा बमोजिम सजाय हुन र दफा २९ बमेजिम कायम भएको बिगो रु. १,१६,१०,०००।- सबै प्रतिवादीबाट बरावरीको हिसाबले असूल हुन र दिलीप राई कम्पनीका अध्यक्षसमेत भएकोले सोही ऐनको दफा १४(क) बमोजिम थप सजाय हुन आयोगद्वारा पुनरावेदन अदालत, पाटन समक्ष अभियोगपत्र पेश गरिएको थियो ।

ख. पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाको सार र त्यसका मुख्य-मुख्य निर्णयाधारहरु :-

यसमा प्रतिवादी मध्येका कम्पनीका अध्यक्ष दिलीप राई र महाशाखा प्रबन्धक आत्माकृष्ण श्रेष्ठ कम्पनीको व्यवस्थापन तर्फको विशेष जिम्मेवारी वहन गर्ने व्यक्ति भएकोमा जग्गाधनी यही हो भन्ने कुरा बुझी जग्गा लिनु दिनु गर्नुपर्नेमा सो नगरी दोस्रो तहको व्यक्तिसंग कारोवार गरी जग्गा खरीद गर्ने काम गरेको देखिंदा निजहरुले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसूर गरेको ठहर्ने र अन्य प्रतिवादी र बिगोको हकमा देहायका आधार लिई सफाई दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५५।१२।१८ मा फैसला भएको थियो :-

- कम्पनीले प्रस्तावित गरेकै जग्गा कम्पनीले नै निर्णय गरेको दररेटमा नै खरीद बिक्री गर्ने कार्य भएकोले निर्णय दर रेट र खरीद मूल्यमा फरक पर्न गएको नदेखिदा मूल्य बढाएको र कम्पनीलाई नोक्सानी गरेको भन्न नमिल्ने,
- मालपोत कार्यालयले न्यूनतम मूल्य उल्लेख गरेको भन्दा बढी देखिन आएको भन्ने आधार सम्मले मात्र बढी मोल भयो भन्ने अन्य आधार प्रमाण प्रस्तुत हुन नसकेको,
- सक्षम संचालक समितिले निर्णय गरिसकेपछि सिफारीश गर्नेले बढी मूल्य राखी सिफारीश गऱ्यो भन्न मिल्दैन । सिफारीशकर्ता निर्णयकर्ता नभएको र सिफारीशलाई मनासिब नदेखेमा अमान्य गर्न सक्ने अवस्था रहे भएकोले संचालक समितिले मूल्य निर्धारण र जग्गा खरीद गर्नेसम्मको कार्यलाई अनियमित र अनुचित भयो भनी भन्न मिल्ने देखिदैन
- जग्गा राजिनामा पास गरिदिने मधुसूदन भण्डारी वेसरोकारवाला नदेखिने,
- दाता फरक परेको कारणले मालपोत कार्यालयले तोकेको न्यूनतम मूल्य भन्दा बढी देखिन आएको भन्ने आधारमा मात्र प्रतिवादीहरुउपरको आरोपित कसूर पुष्टि हुन आएको नदेखिदा सफाई पाउने ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :-

पुनरावेदन अदालत, पाटनबाट कम्पनीका अध्यक्ष दिलीप राई र महाशाखा प्रबन्धक आत्माकृष्ण श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) को कसूर गरेको ठहर्ने गरी फैसला भएकोले निजहरुको हकमा जिकिर लिन परेन । सो बाहेक अन्य प्रतिवादीहरुका सम्बन्धमा भएको फैसलाउपर चित्त नबुझेकोले निजहरुका हकमा शुरु मागदावी बमोजिम सजाय गरी बिगोसमेत भराई पाउनको लागि पुनरावेदन अदालतले सफाई दिदा लिएका आधारहरु लाई निम्न रुपमा खण्डन गर्दै सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

(क) कम्पनीले खरीद गर्न निर्णय गरेको जग्गा दीपेन्द्र डेरी प्राइभेट लिमिटेडको नाममा दर्ता भएको र त्यस वखतको मूल्य रु १३,७२,५००।- कायम भएकोमा ७ दिन पछि सोही जग्गा अन्य व्यक्ति लक्ष्मीदेवी भण्डारीको नाममा पास गरी मूल्य रु १,१६,१०,०००।- कायम गरी यही बढी मूल्यमा खरीद गरेकोबाट कम्पनीलाई ठूलो रकम नोक्सानी हुन गएकोतर्फ फैसलामा उल्लेख नभएको,

(ख) प्रतिवादी मध्येका मधुसूदन भण्डारी स्वयं वारेश भई आफ्नी श्रीमतीको नाममा उक्त जग्गा खरीद गरेको र त्यसपछि निजकी श्रीमतिको नामबाट बढी भन्दा बढी मूल्यमा सोही जग्गा कम्पनीलाई बिक्री गर्नुबाट कम्पनीलाई हानी पुऱ्याउने र आफूलाई फाइदा पुऱ्याउने प्रतिवादीहरुको बदनियत पुष्टि हुन आउछ । यसरी दुई पटक एउटै मालपोत कार्यालयबाट पारित लिखतबाट फरक देखिन आएको रकमलाई बिगो ठहर नगरेको इन्साफ न्यायसंगत भएन ।

(ग) संचालक समितिको निर्णय नै बदनियतपूर्ण भएको र आफ्नो अधिकारको दुरुपयोग गरेको भनी निर्णयमा नै विवाद रहेकोमा यस्तो विवादित निर्णय प्रमाण हुन सक्दैन । सो विवादित निर्णयलाई अन्य प्रमाणले पुष्टि हुन नहुनेतर्फ फैसलामा विश्लेषण नै भएको छैन । यसतर्फ विश्लेषण र चर्चासम्म नगरी भएको फैसला त्रुटिपूर्ण र बदरभागी छ ।

(घ) दाता फरक परेको कारणले मात्र आरोप पुष्टि नहुने सम्बन्धमा मुख्य कसूर नै सीधै पहिलो दातासंग जग्गा खरीद नगरी दोस्रो दाता मार्फत् बढी मूल्यमा खरीद गरेबाट कम्पनीलाई प्रत्यक्ष नोक्सानी हुंदा हुदै प्रतिवादीहरुलाई सफाई दिएको आधार प्रष्ट नभएको ।

(ङ) मधुसूदन भण्डारीसंगको मिलेमतो र जाल परिपञ्चबाट कम्पनीलाई हानी नोक्सानी पुऱ्याएकोमा मधुसूदन भण्डारी र निजकी श्रीमती लक्ष्मीदेवी भण्डारीसमेतलाई वेसरोकारवाला भनी कसूरबाट चोख्याउन मिल्ने होइन ।

५. ललितपुर जिल्ला, चापागाउंका जीतबहादुर जोशी र काठमाडौंका डगलसिंह शेर्माको आपसी मिलेमतोमा चन्दनपुर – लेले मोटरबाटो निर्माण गर्दा भ्रष्टाचार गरेको :–

क. कसुर, शुरु माग दावी र कसुरमा संलग्न व्यक्तिहरु :–

चापागाउं गाउं विकास समिति, वडा नं. ३ इखाटोल बस्ने जीतबहादुर जोशी र काठमाडौं महानगरपालिका वडा नं. २९ लैनचौर बस्ने डगलसिंह शेर्मा लिम्वुले विश्व खाद्य कार्यक्रम अन्तर्गत संचालित लेले – चन्दनपुर मोटर बाटो योजनाको लागि प्राप्त खाद्यान्न (गहूं ११.८९०.१८४ मेट्रिक टन र तेल ०.२८१.७७७ मेट्रिक टन) हिनामिना गरी भ्रष्टाचार गरेको र यसमा उक्त सामानहरु स्टोरमा दाखिला नै नगरी स्टोर दाखिला भएको उल्लेख गरेबाट प्रतिवादी नायव सुब्बा डगलसिंह शेर्मालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा १३ बमोजिम तथा अर्का प्रतिवादी ठेकेदारले उक्त खाद्यान्न अन्यत्र बिक्री गरी भ्रष्टाचार जन्य अपराध गरेकोले सोही ऐनको दफा ८ बमोजिम हदैसम्मको सजाय गरी कायम भएको बिगो रु. ७१,५९०।११३ भराई दफा २९ बमोजिम हदैसम्म सजाय हुन माग दावी लिई पुनरावेदन अदालत, पाटन समक्ष अभियोगपत्र पेश गरिएको थियो ।

ख. पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाको सार र त्यसका मुख्य मुख्य निर्णयाधारहरु :–

यस मुद्दामा संलग्न प्रतिवादीहरु क्रमशः डगलसिंह शेर्मा लिम्वुले दफा ७(१) र जीतबहादुर जोशीले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको भ्रष्टाचारको कसुर गरेको ठहर्नाले दुवैलाई बिगो बमोजिम जरिवाना गर्ने र दफा २९(२) बमोजिमको बिगो रु. ५६००५।– दामासाहीले असूल गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५५।७।१७ मा फैसला भएको थियो ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य – मुख्य आधारहरु :–

यसरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलामा माथि दावी बमोजिम कसूर गरेको ठहर गरेपछि मागदावी बमोजिम बिगो कायम गरी सजाय समेत हुने गरी फैसला हुन पर्नेमा बिगो रकम कम कायम गरी भएको फैसलाउपर आयोगको चित्त नबुझेकोले पुनरावेदन अदालत, पाटनको उक्त फैसला निम्न आधारमा बदर भागी हुने भएकोले शुरु दावी बमोजिम नै बिगो कायम गरी प्रतिवादीहरुलाई सजाय हुन र बिगो असूलउपर गरी पाउन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :–

(क) ठेकेदार जीतबहादुर जोशी र स्टोर किपर (ना.सु.) डगरसिंह शेर्मा लिम्वुले सरकारी सम्पत्ति हिनामिना गरी आफूले गैर कानूनी लाभ प्राप्त गर्ने कार्य गरेकाले यी दुवै प्रतिवादीहरुलाई जरिवानाको अलावा शुरु दावी बमोजिम कैदको समेत सजाय हुनु पर्ने ।

(ख) पुनरावेदन अदालत, पाटनले बिगो कायम गर्दा १०,०२८.०४० मेट्रिक टन वरावरको मात्र बिगो रु. ५६,१०५।– कायम गरेको छ । जबकि शुरु दावीमा ११.८९०.१८४ मेट्रिक टन गहूंको रु. ७१,५९०।१३ बिगो कायम भएको थियो । यही मुद्दामा जिल्ला अदालतले वादी दावी बमोजिम बिगो कायम हुने ठहऱ्याएकोमा पुनरावेदन अदालतबाट घटी बिगो कायम हुन गएको स्थिति छ । यसरी बिगो कायम गर्ने सम्बन्धमा तात्विक भिन्नता देखिने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला त्रुटिपूर्ण हुन गएको छ ।

६. शाही नेपाल वायुसेवा निगमका अर्थ निर्देशक रविन प्रधान समेतको संलग्नतामा उक्त निगमको भियनास्थित सेल्स एजेण्टद्वारा टिकट बिक्री गर्दा भ्रष्टाचार गरेको :–

क. कसुर, शुरु माग दावी र कसुरमा संलग्न व्यक्तिहरु :–

शाही नेपाल वायुसेवा निगम (शा.ने.वा.नि.) का अर्थ निर्देशक रविन प्रधान, ऐ. का अर्थ उपनिर्देशक जनककुमार अर्याल, फ्रयांकफर्ट स्टेशनका अर्थ प्रबन्धक माणिकमान वज्राचार्य, शा.ने.वा.नि., अर्थ विभाग, एजेन्सी युनिट इन्चार्ज उत्तमराज जोशी, शा.ने.वा.नि., अर्थ विभाग, बैंक युनिट इन्चार्ज राजेन्द्र ढुंगाना र अर्नेष्ट ब्राउन कुरिस्टोनका मेनेजिङ्ग डाइरेक्टर अर्नेष्ट ब्राउनले शा.ने.वा.नि.को प्रति १०० टिकट बापत ५,००० यू.एस. डलर वा १०,००० यू.एस. डलर वरावर बैंक ग्यारेन्टी दिनु पर्ने, एजेन्टले मासिक सेल्स रिपोर्ट निगमको अर्थ विभाग (एजेन्सी युनिट) मा दोस्रो महिनाको १५ दिन भित्र पठाउनु पर्ने, सेल्स रिपोर्टको रुपमा रेमिटान्स अफ सेल्स बैंक ड्राफ्ट हुनु पर्ने, टिकट बिक्री बापत तोकिएको आर्थिक सुविधा एजेन्टले पाउने समेतका शर्तहरु राखी शाही नेपाल वायु सेवा निगम र भियना (अष्ट्रिया) वि.एच.का मेनेजिङ्ग डाइरेक्टर अर्नेष्ट ब्राउनका (शा.ने.वा.नि.का भियनास्थित सेल्स एजेन्ट) बीच १८ अप्रिल १९९५ मा भएको संझौता विपरीत रेमिटान्स अफ सेल्सको बैंक ड्राफ्ट नै लिनु पर्नेमा फ्याक्सबाट आएको बैंक ट्रान्सफर भौचरलाई स्वीकार गरेको, डिपोजिट रकम भन्दा बढी बिना सुरक्षण टिकट प्रदान गरेको, फरक खाता नं का नक्कली भौचर जानी जानी स्वीकार गरेको, शर्त विपरीत कार्य भएकोमा

संझौताको अन्त्य (Termination) गर्नु पर्नेमा संझौता यथावत राखी अर्को संझौता गर्न प्रस्ताव गरेको, एजेन्टले नियमित रुपमा रकम जम्मा नगरेको अवस्थामा पनि दिएका टिकट फिर्ता समेत नगरी एजेन्टसंग मिलेमतो गरी आफूलाई फाइदा र निगमलाई हानी नोक्सानी पुऱ्याई अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएकोले विपक्षीहरु मध्येका अर्थ निर्देशक रविन प्रधान, उपनिर्देशक जनककुमार अर्याल, अर्थप्रबन्धक माणिकमान वज्राचार्य, एजेन्सी युनिट इन्चार्ज उत्तमराज जोशी, बैंक युनिट इन्चार्ज राजेन्द्र ढुंगानालाई भ्रष्टाचार निवारण ऐन, २०१ को दफा ७(२) र अर्का प्रतिवादी अर्नेष्ट ब्राउनलाई सोही ऐनको दफा ८ बमोजिम सजाय गरी दफा २९ बमोजिम प्रतिवादीहरुबाट बिगो ९,६०,००० यू.एस. डलर बराबरको नेपाली रुपैया ६,५२,८०,०००।- भराई पाउन पुनरावेदन अदालत, पाटनमा अभियोगपत्र दायर गरिएको थियो ।

ख. पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाको सार र यसका मुख्य-मुख्य निर्णयाधारहरु :-

यसमा प्रतिवादीहरुउपरको आरोप (कसूर) प्रत्यक्ष रुपमा प्रमाणित हुन नसकेकोले यस मुद्दाका सम्पूर्ण प्रतिवादीहरुलाई सफाई दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५६।७।१६ मा फैसला भएको थियो ।

- प्रस्तुत मुद्दामा लेनदेन व्यवहार एजेण्टसंग रकम असूलउपर गर्न सकिने र हानी नोक्सानी पुगिसकेको अवस्था नभएको,
- एजेन्टसंगको कारोवारको सम्पूर्ण जिम्मेवारी यी प्रतिवादीहरुको मात्र नभई प्रतिवादी सरहका अन्य कर्मचारीहरुको पनि हुनेमा अन्य कर्मचारीलाई बुझेर कुनै कारबाई नगरिएको ।
- प्रतिवादी मध्येका अर्नेष्ट ब्राउनको भनाई नसुनी निजको प्रतिकूल निर्णय गर्न नसकिने र विदेशी व्यक्तिको हकमा फैसला गर्दा कार्यान्वयन हुन सक्ने अवस्था नभएको,
- प्रतिवादीहरुमध्ये को कसले र कसरी कति रकम लिनु खानु गरेको भन्ने आरोप अभियोग-पत्रमा खुल्न नसकेको ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य मुख्य आधारहरु :-

पुनरावेदन अदालत, पाटनबाट यस मुद्दामा भएको फैसलाले न्याय दिन नसकेको र प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला निम्न आधार र कारणहरुबाट त्रुटिपूर्ण भएकोले शुरु मागदावी बमोजिम नै सम्पूर्ण प्रतिवादीहरुलाई सजाय हुन र माग दावी बमोजिम बिगो असूलउपर हुन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

(क) फैसलामा लेनदेन व्यवहार सरह रकम असूलउपर गर्न सकिने भन्ने कथनको हकमा :- शाही नेपाल वायुसेवा निगम र यूरोपस्थित सेल्स एजेन्ट अर्नेष्ट ब्राउनबीच १८ अप्रिल १९९५ मा सम्पन्न संझौता बमोजिम भएको कारोवारको मासिक प्रतिवेदन अर्को महिनाको १५ दिनभित्र (सेल्स ड्राफ्ट सहित) निगमको अर्थ विभागमा पठाउनु पर्ने र टिकट बिक्री बापतको रकम निगमको न्यूयोर्कस्थित सिटी बैंकमा रहेका खाता नं ३८१३२६७ मा जम्मा गर्नु पर्नेमा अर्नेष्ट ब्राउनले सोही बैंकको खाता नं. ३८१३२८७ मा जम्मा गरेको भन्ने नक्कली भौचर फ्याक्सबाट पठाएको देखिन आयो । संझौता बमोजिम निगमको सम्बन्धित खातामा एजेन्टले रकम जम्मा नगरेको र ड्राफ्ट नपठाएको पनि १४ महिना व्यतीत भइसकेको र १० डिसेम्वर १९९६ मा आएर संझौता पालना नभएको जानकारी भएपछि पनि एजेन्टलाई थप टिकट दिई रहनुबाट बदनियत रहेको देखिन आउंछ । त्यसैगरी निगमको तोकिएको खातामा रकम जम्मा नगर्नु, संझौता बमोजिम बैंक ग्यारेण्टी वा ड्राफ्टसमेत प्राप्त नभएको अवस्थामा थप टिकट दिइनु पर्ने कारणतर्फ विचार र विश्लेषण नै नगरी लेनदेन व्यवहार बमोजिम रकम असूलउपर गर्न सकिने आधार लिई भएको फैसला त्रुटिपूर्ण रहेको छ ।

(ख) संझौता बमोजिम टिकट बिक्री बापतको रकम १४ महिनासम्म निगमलाई प्राप्त नभएको जानकारी हुंदा हुंदै जानकारी नपाएझैं गरेबाट लापरवाही गरी रकम हिनामिना गर्ने अवसर प्राप्त हुन गएको र यसबाट ९६०,००० यु.एस.डलर (ने.रु. ६,६४,००,०००।-) नामसारी हुन गएको र सो रकम तिर्न नसक्ने गरी एजेण्ट अर्नेष्ट ब्राउनले दिवालिया घोषित गर्न सम्बन्धित अदालतमा निवेदन दिएको अवस्थामा रकम हिनामिना भई नसकेको भन्ने आधार प्रस्तुत गरी सफाई दिने गरी भएको फैसला बदरभागी छ ।

(ग) फैसलामा निगमका एजेण्ट प्रतिवादी अर्नेष्ट ब्राउनका नाममा म्याद तामेल हन नसकेको विषयलाई आधार बनाएर फैसला कार्यान्वयन हुन नसक्ने तर्क दिदै सफाई दिएको सम्बन्धमा मुलुकी ऐन, अदालती बन्दोवस्तको ३४ नम्वर बमोजिम श्री ५ को सरकारले नियम बनाई व्यवस्था गरे बमोजिम विदेशमा रहे बसेको व्यक्तिको नाममा तामेल गर्न पठाउने र त्यसरी तामेल हुन नसकी बुझ्न पर्ने व्यक्ति बुझ्न नसकिए पनि कानून बमोजिम मुद्दाको कारवाई फैसला गर्न रोकिने छैन भन्ने प्रावधानको ठाडो उल्लंघन भएको छ । यदि कानून वा नियमको अभावले म्याद तामेल हुन नसकी फैसला गर्न नमिल्ने नै भएमा पनि त्यस्तो कानूनले खांचो पूर्ति गर्नु पर्ने हुन जान्छ । यस विषयमा सरकार चुप लागेर बसेको अवस्थामा पनि राष्ट्रलाई

सरोकार पर्ने विषयमा नियम कानून बनाउने विषयलाई क्रियाशील र सक्रीय बनाउन सरकारको ध्यान आकृष्ट गराउने कर्तव्य पनि अदालतकै हुन जान्छ । साथै कानूनको निश्चित निर्देशनको अभावमा काम कारबाईको तर्कसम्मत कार्यविधि (Logical Procedure) को अनुसरण गर्नु पर्ने हुन्छ भन्दै नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ को सूचना सम्बन्धी हकको प्रचलनको लागि निश्चित कानून लागू नभए सम्मको लागि तर्क सम्मत कार्यविधि (Logical Procedure) तोकिनु पर्ने कुराको नजीरसमेत कायम भएको छ (ने.का.प. २०५१ अंक ४ पृष्ट २७७-३८) । यस्तो अवस्थामा अदालती बन्दोवस्तको ३४ नं बमोजिम श्री ५ को सरकारले नियम बनाई जारी गर्नु पर्ने मा श्री ५ को सरकारले आजसम्म नियम बनाउन नसकेकोमा के कसरी म्याद तामेल इत्यादि गरी अपराधलाई दण्ड सजाय गर्नु पर्ने हो, अपराधलाई बिना दण्ड उन्मुक्ति नदिन के गर्नु पर्ने भन्नेतर्फ सोच नै नराखी अदालती बन्दोवस्तको ३४ नं को भावना विपरीत हुने गरी भएको फैसलाले सो प्रावधानकै उल्लंघन गरेको छ ।

(घ) फैसलाका प्रतिवादी सरहका अन्य व्यक्तिलाई नबुझी कारवाई नगरिएको सम्बन्धमा वादी पक्षले जो जस उपर आरोप लगाएको सो आरोप तथ्यमा आधारित छ छैन भन्नेतर्फ मात्र हेरिनु पर्दथ्यो । त्यसमा पनि अभियुक्त (प्रतिवादी) बाहेकका अन्य व्यक्तिलाई प्रमाणको रोहमा नबुझी नहुने भएमा वा कसूरमा संलग्न रहेको भनी अदालतलाई लागेमा मुलुकी ऐन, अदालती बन्दोवस्तको १३९ नम्बर बमोजिमको प्रकृया अवलम्बन गरी त्यस्ता व्यक्तिलाई अदालतले बुझ्न सकने थियो । त्यसरी कानूनले तोकेको प्रकृया अवलम्बन नगरी अदालतसमक्ष प्रस्तुत विवादको विवेचना नै नगरी सफाई दिने र वादी पक्षले प्रस्तुत गरेको अभियोगपत्रबाट उल्लिखित प्रमाणको आधारमा अभियोग लगाईएको विषयतर्फ बेवास्ता गरी अन्य कर्मचारी र पदाधिकारीको कसूरको मात्रा अनुरुप संविधानको धारा ९८(२) बमोजिम कारवाईको लागि सिफारीश गरिएको आयोगको संलग्न निर्णयलाई दृष्टिगोचर नगरी प्रतिवादी सरहका अन्य व्यक्तिलाई नबुझी कारवाई गरिएको भनी असम्बद्ध निर्णयाधार लिई भएको फैसला न्यायसंगत भएन ।

(ङ) फैसलामा रकम लिनु खानु गरेको सम्बन्धमा प्रत्यक्ष प्रमाणको अभाव रहेको भन्नेतर्फ हेर्दा यस मुद्दामा संभौताको शर्त विपरीत नक्कली भौचर पेश गरी १८ महिनाभरिको टिकट बिक्री बापतको रकम ९,६०,००० यू.एस.डलर मिलेमतोमा हानी नोक्सानी गरिनु नै प्रत्यक्ष प्रमाण हो । पेश भएका नक्कली बील भौचर र अन्य लिखतले पुष्टि गरेको तथ्यको सत्यतालाई प्रतिवादीले स्वीकार गरेको मिसिलबाट देखिंदा देखिदै पनि प्रत्यक्ष प्रमाणको अभाव भयो भन्नु पेश भएका प्रमाणको मूल्यांकन गर्न इन्कार गर्नु मात्र हो । यसरी प्रमाणको मूल्यांकन नै नगरी भएको फैसला वस्तुपरक नभएको ।

(च) शाही नेपाल वायुसेवा निगमलाई ९,६०,०००. यू.एस.डलर नोक्सान हुन गएको कारण र अवस्था तथा प्रतिवादी अर्नेष्ट ब्राउनले रकम हिनामिना गर्न प्राप्त गरेको १८ महिनाको लामो अवधि एवं अवसर बारेमा फैसलामा कुनै चर्चा र विश्लेषण गरिएको छैन । प्रतिवादीहरुले बदनियतका साथ मिलेमतो गरी त्यति ठूलो रकम हिनामिना गरेका हुन् भन्ने कुरामा शंका देखिन्न । यी प्रतिवादीको क्रियाकलापको कारण अर्नेष्ट ब्राउनसंग मिलेमतो गरी निगमलाई ठूलो नोक्सानी र आफ्नलाई फाइदा पुऱ्याउने कार्य भएको कुरा निजहरुको नियत र आशयबाट स्पष्ट भई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ७(२) र ८ को कसूरमा सजायको माग भएकोमा ती प्रावधान विपरित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(छ) श्री ५ को सरकार वा सरकारी निकायबाट गरिने कार्य (जस्तै निर्माण, सेवा र वस्तु खरीद आदि) करार (संभौता) सम्पन्न गरेर गर्ने प्रचलन छ । यसबाट करारका दुवै पक्ष मिली सरकारी वा सार्वजनिक संस्थानको सम्पत्ति भ्रष्टाचार गरी हानी नोक्सानी पुऱ्याउने कार्य देवानी प्रकृतिको भन्दै यस आयोगले अनुसन्धान नगर्ने वा अनुसन्धान पश्चात् दायर भएको मुद्दालाई देवानी प्रकृतिको भन्दै अपराधीलाई सफाई दिने अदालती निर्णयबाट यस्ता भ्रष्टाचारजन्य कार्यले प्रश्रय पाउन जान्छ । यस तथ्यतर्फ समेत विचार नगरी भएको फैसला आफैमा त्रुटीपूर्ण छ ।

७. ललितपुर उप-महानगरपालिका, ज्योती सदन वस्ने डा. कान्ति गिरी समेतको मिलेमतोमा निजको लागि गाडी खरीद गर्दा भन्सार बापतको रकम नबुझाई भ्रष्टाचार गरेको :-

क. <u>कसूर, शुरु माग दावी र कसूरमा संलग्न व्यक्तिहरु :-</u>

राष्ट्रिय क्षयरोग केन्द्रका तत्कालीन सवारी चालक रामहरी कार्की, ललितपुर उपमहानगरपालिका, ज्योति सदन वस्ने डा.कान्ति गिरी, सडक विभागका नायव सुब्बा बद्री अधिकारी, यातायात व्यवस्था कार्यालय, जनकपुरका कार्यालय प्रमुख हरिबहादुर के.सी, काठमाडौं जिल्ला डांछी गाउं विकास समिति वडा नं. ६ का श्यामसुन्दर क्षेत्री, सेती अञ्चल यातायात व्यवस्था कार्यालयका मे.सु. राम चंगुठी, भारत घर भई हाल ललितपुर उपमहानगरपालिका वडा नम्बर १ वस्ने राजेन्द्रकुमार अरोरा, म्याडजा जिल्ला, गणेशपुर गाउं विकास समिति

वडा नं. ३ वस्ने काशीप्रसाद सुवेदी समेत डा. कान्ति गिरीको नाममा दर्ता भएको गाडी यातायात व्यवस्था कार्यालय, लहानमा नलगी अनियमित रुपले दर्ता गरी उक्त गाडीको भन्सार तिरेको कागजात समेत नक्कली बनाएको देखिन आएको भ्रष्टाचार सम्बन्धी मुद्दामा उपर्युक्त प्रतिवादीहरुले भन्सार तिरेको नक्कली रसिदको आधारबाट राजस्वको रुपमा दाखिला गर्नु पर्ने रकम दाखिला नगरी रिसवत लिनु दिनु गरी भ्रष्टाचारजन्य कार्य गर्ने राष्ट्रिय क्षयरोग केन्द्रका सवारी चालक (ड्राइभर) रामहरी कार्की, अंचल यातायात व्यवस्था कार्यालय, सगरमाथा (लहान)का तत्कालीन कार्यालय प्रमुख हरिबहादुर के.सी., मे.सु. राम चंगुठी र नायव सुब्बा बद्री अधिकारी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३ र ७(१) बमोजिम र गाडी धनी डा. कान्ति गिरी, गाडी भित्र्याउने एस. एस. म्यानपावर ओभरसीजका मालिक राजेन्द्रकुमार अरोरा, गाडी धनीको वारेश भई गाडी दर्ता गर्ने र भन्सार छुटाउने कार्य गर्ने श्यामसुन्दर क्षेत्री एवं नक्कली प्रज्ञापन पत्र र भन्सार तिरेको रसिदमा अंक अक्षर लेखी नक्कली दस्तखत गर्ने काशीप्रसाद सुवेदी उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ४ र ८ बमोजिमको हदैसम्मको दण्ड सजाय गरी प्रतिवादीहरुले रिसवत लिए दिएको रकम रु.१,७९,३००।- जफत गरी सरकारी कोषमा दाखिला गर्न र श्री ५ को सरकारलाई हानी नोक्सानी भएको बिगो रु. २,५८,०१२५।- समेत सोही ऐनको दफा २९ बमोजिम असूलउपर हुन माग दावी लिई पुनरावेदन अदालत, राजविराजमा मुद्दा दायर गरिएको थियो ।

ख. पुनरावेदन अदालत, राजविराजबाट भएको फैसलाको सार र यसका मुख्य मुख्य निर्णयाधारहरु :-

प्रतिवादीमध्येका राजेन्द्रकुमार अरोरा एस.एस. म्यानपावर ओभरसीजका मालिकले नै गाडीको भन्सार तिर्ने, दर्ता गर्ने जिम्मा लिएको र निजले आफ्नो कर्मचारी श्यामसुन्दर क्षेत्री र कालीप्रसाद सुवेदीसंग मिली तत्काल स.अ. १४२ नं. मा डा.कान्ति गिरीको गाडी यातायात व्यवस्था कार्यालय, लहानमा भन्सार महसूल नबुझाएको नक्कली प्रज्ञापन-पत्र र नक्कली भन्सार रसिद बनाई तिर्ने प्रज्ञापन-पत्र र भन्सार रसिदसाथ निवेदन दर्ता गराई राजस्वमा दाखिला हुनु पर्ने रकम दाखिला नगरी रुपैया खाने उदेश्यले बदनियतपूर्वक भ्रष्टाचारजन्य कार्य गरेको निजहरुको बयान र मिसिल संलग्न कागजातहरुबाट स्पष्ट देखिएको हुंदा प्रतिवादीहरु राजेन्द्रकुमार अरोरा, श्यामसुन्दर क्षेत्री र काशीप्रसाद सुवेदीलाई वादी दावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ४ र ८ अनुसार जनही १ वर्ष कैद हुन्छ । अन्य प्रतिवादीहरु रामहरी कार्की, डा.कान्ति गिरी, बद्री अधिकारी, हरिबहादुर के.सी. र राम चंगुठीले बदनियतसाथ गाडी दर्ता गर्ने गराउने कार्य गरेको नदेखिदा निजहरुले सफाई पाउने ठहर्छ भनी मिति २०५७।११२० मा पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको थियो ।

- प्रतिवादीमध्येका डा. कान्ति गिरीले गाडी छुटाउन ओभरसीज प्रा.लि.का राजेन्द्रकुमार अरोरालाई वारेसनामा र रकम समेत दिएको र पछि कानून बमोजिम गाडी दर्ता भएको नदेखिएकोले पुनः निजले रु २५,८०,१२५।- भन्सार महसूल बुझाई अर्को दर्ता नं लिएको देखिदा निजलाई दोषी ठहर्‍याउन मिलेन,
- अर्का प्रतिवादी रामहरि कार्की पेशाले चालक भएको र गाडीको भन्सार तिर्ने दर्ता गर्ने सम्पूर्ण कार्य ओभरसीज प्रा.लि.ले. जिम्मा लिएको । निजहरुले भने बमोजिम गाडीसम्म चलाउने कार्य निजले गर्नु पर्ने देखिएको र अदालत र अनुसन्धान अधिकृतसमक्ष निजले गरेको बयानमा समेत भ्रष्टाचार गरेको भन्ने कुरालाई इन्कार गरेको देखिन्छ । यसरी भ्रष्टाचारजन्य कार्यमा संलग्न भएको स्पष्ट प्रमाणको अभावमा निजलाई दोषी मान्न सकिएन ।
- अंचल यातायात व्यवस्था कार्यालय, लहानका कर्मचारीहरु हरिबहादुर के.सी., बद्री अधिकारी र राम चंगुठीसमक्ष अन्य प्रतिवादीहरुले गाडी दर्ता गर्न दिएको निवेदन र त्यस साथ पेश भएका प्रज्ञापन-पत्र र भन्सार तिरेको रसिदको प्रकृतिबाट तत्काल नक्कली भनी भन्न सक्ने अवस्था नभएको, र अदालतसमक्ष गरेको बयानमा कसूर गरेको कुरामा इन्कार रहेकाले प्रमाणको अभावमा यी प्रतिवादीलाई दोषी ठहर गर्न मिलेन ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :-

पुनरावेदन अदालत, राजविराजबाट उपर्युक्त मुद्दामा केही प्रतिवादीहरुलाई सफाई दिने र केहीलाई आंशिक सजाय गर्ने गरी भएको फैसलामा चित्त नबुझेकोले आयोगको शुरु माग दावी बमोजिम नै सम्पूर्ण प्रतिवादीहरुलाई सजाय हुन पर्ने माग दावी प्रस्तुत गर्दै देहायका मुख्य मुख्य आधार र कारणबाट उक्त फैसला बदरभागी छ भनी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ :-

(क) प्रतिवादीमध्येका डा. कान्ति गिरीलाई सफाई दिंदा निजले रु. २५८०१२५।- महसूल तिरी पुनः गाडीको नयां दर्ता नम्बर लिएको भन्ने छ । पहिलो प्रकृया गलत एवं कीर्ते भएको र राजस्व विभागले कारवाई शुरु गर्न लागेपछि पछिल्लो पटक डा. कान्ति गिरीले भन्सार महसूल बापत उक्त रकम बुझाएकी थिइन् । पछिल्लो

पटक भन्सार महसूलको रकम दाखिला गरेबाट पहिलो पटक राजस्व छली भ्रष्टाचार ठहरिने कसूर गरेको स्पष्ट देखिंदा देखिदै त्यसतर्फ फैसलामा विचार पुऱ्याउन नसकिएको ।

(ख) डा. कान्ति गिरीले कम भन्दा कम भन्सार महसूल तिरी गाडी ल्याउने मनसाय राखेको कुरा राजेन्द्र अरोरासंग रु. १८,००,०००।- मा गाडी दर्ता समेतको लागि संझौता गरेबाट स्पष्ट हुन आउछ । किनकी उक्त संझौतामा तिर्नु पर्ने भन्सार महसूलको रकम भन्दा रु. सात लाख फरक देखिन्छ । अर्थात् रु ७,००,०००।- रुपैया कम हुने गरी संझौता भएको अवस्था छ ।

(ग) सवारी चालक रामहरि कार्कीले गाडी मालिकबाट गाडी दर्ताको लागि अन्य व्यक्तिहरुसंग सम्पर्क गर्ने, लाग्ने रकम आफ्नै हातबाट दिने, अनधिकृत व्यक्ति राजेन्द्र अरोरासंग सम्पर्क बढाउने (जसलाई सवारी दर्ता गर्ने सम्बन्धी कुनै इजाजत नै छैन) र यातायात कार्यालय, लहानको कर्मचारीलाई अनुचित प्रभावमा पारी गाडी दर्ता गराउन समेत कार्य निजबाट भएकोतर्फ विचार र विवेचना नै नगरी फैसला भएकोले निजलाई सफाई दिंदा लिएको आधार मिलेको देखिएन ।

(घ) अंचल यातायात कार्यालयका कर्मचारीहरुलाई सफाई दिंदा लिएको आधार मिलेको देखिएन । किनकि उक्त गाडी दर्ताको लागि कार्यालयमा नलगिएको वा नरहेको कुरा चालक रामहरि कार्कीको बयानमा उल्लेख भएकै छ । यसरी गाडी सम्बन्धित कार्यालयमा नलगी केवल कागजपत्र मात्र पेश गरेको आधारमा गाडी दर्ता गरिएको र नियमानुसार गाडी दर्ता गर्दा यातायात व्यवस्था कार्यालयमा गाडी लैजानु पर्नेमा गाडी पेश नै नगरी दर्ता गरिदिने निजहरुको कार्य स्वतः कानून विपरीत देखिन्छ । यसतर्फ फैसलामा चर्चा र विवेचना नै गरिएको पाइदैन । यी प्रतिवादीहरुले यसरी गाडी दर्ता गरि दिए बापत लिनु खानु गरेको रकम रु. १७,९३,०००।- मा. कान्ति गिरी बाट रु. ७,००,०००।- थप गराई पुनः वीरगन्ज भन्सारमा प्रज्ञापन-पत्र भरी लाग्ने महसूल रु २५,८०,१२५।- तिरेको कुरा मिसिलबाट देखिनेमा त्यसतर्फ कुनै चर्चा फैसलामा गरिएन, जुन सरासर त्रुटिपूर्ण छ ।

(ङ) प्रतिवादीहरु राजेन्द्रकुमार अरोरा, श्यामसुन्दर क्षेत्री र काशीप्रसाद सुवेदीलाई तोकिएको सजाय पर्याप्त भएन । निजहरुबाट भएको कसूरको लागि आयोगको तर्फबाट लिइएको शुरु मागदावी अनुसार हदैसम्मको सजाय भई बिगो र बिगो बमोजिम जरिवाना समेत गरिनु पर्दछ ।

ललितपुर, महालक्ष्मीका भक्त श्रेष्ठ समेतको मिलेमतोमा लुभु ज्यामिरकोट खानेपानी योजना संचालन गर्दा भ्रष्टाचार गरेको :-

क. <u>कसूर, शुरु माग दावी र कसूरमा संलग्न व्यक्तिहरु :-</u>

ललितपुर जिल्ला, महालक्ष्मी आदर्श गाउं विकास समिति, वडा नं. ७ का भक्त श्रेष्ठ र काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, वडा नं. १२ का सुन्दरगोपाल रञ्जितकारमध्ये प्रतिवादी भक्त श्रेष्ठले लुभु ज्यामिरकोटमा संचालन गर्नु पर्ने खानेपानी योजनाको योजना स्थल अन्यत्र परिवर्तन गरी संचालन गरेको र योजनामा रु. १,३५,८५३।३७ बराबरको काम गरेको भन्ने प्राविधिक प्रतिवेदनबाट देखिए पनि बिना लागत इष्टिमेट सम्बन्धित निकायको स्वीकृति बेगर श्रेस्तासम्म पनि खडा नगरी आफूखुशी खर्च गरेको रकम कानूनी मान्य नमिल्ने हुंदा निज भक्त श्रेष्ठले रु. २,५९,८००।- हिनामिना गरी श्री ५ को सरकारसंग गरेको शर्त कबुलियत समेतलाई उल्लंघन गरेको र श्री ५ को सरकारबाट प्राप्त रकम लाई आफ्नो संयुक्त दस्तखतबाट बैंक खाता खोली रकम जम्मा गरी बदनियतपूर्वक सो रकम हिनामिना गरेको पुष्टि हुन आएको छ । निजहरुले नेपाल कानूनको जानी जानी पालना नगरी उक्त रकम हिनामिना गरेकोले सो कार्यमा संलग्न भक्त श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र १३ अन्तर्गत कारबाई भई हदैसम्म सजाय हुन र दफा २९ अनुसार निजबाट हिनामिना भएको बिगो रु. २,५९,८००।- असूलउपर हुन र अर्का प्रतिवादी सुन्दरगोपाल रजिन्तकारउपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) अन्तर्गत कारबाई भई हदैसम्मको सजायको माग गर्दै पुनरावेदन अदालत, पाटनमा मुद्दा दायर गरिएको थियो ।

ख. <u>पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाको सार र यसमा लिइएका मुख्य-मुख्य निर्णयाधारहरु :-</u>

अभियोग प्रमाणित गर्ने प्रमाणको अभावमा भ्रष्टाचार जस्तो गहन अभियोगमा अनुमानको भरमा कसूर प्रमाणित गर्न नमिल्ने हुंदा यी दुवै प्रतिवादीहरुले सफाई पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०५५।१।३० मा फैसला भएको थियो ।

— अनुसन्धानको सिलसिलामा उक्त आयोजनामा भएको भ्रष्टाचारजन्य काम कारबाई बारेमा मात्र अनुसन्धान तहकिकात गरिएको तर उक्त योजना संचालनमा कुनै रोक नलगाइएको,

- प्रतिवादी भक्त श्रेष्ठले रकम बुझी लिई हिनामिना गर्ने (पचाउने) मनसाय राखी वेपत्ता भएको भन्न नमिल्ने,
- निजले बुझिलिएको रकम विवादित खानेपानी योजनाको निर्माण कार्यमा खर्च भएको देखिएको,
- रकम हिनामिना गर्ने (पचाउने) बदनियतपूर्ण मनसाय तत्वको अभावमा र बिना सबुद प्रमाण भ्रष्टाचार जस्तो गहन अभियोगमा अनुमानको भरमा कसूर प्रमाणित गर्न नमिल्ने ।

ग. <u>आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य - मुख्य आधारहरु :-</u>

उपर्युक्त आधारहरु सहित यस मुद्दाका प्रतिवादीहरुलाई कसूरबाट सफाई दिने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसलाउपर चित्त नबुझेकोले देहायका आधार र कारणबाट उक्त फैसला त्रुटिपूर्ण भएकोले उक्त कसूरमा प्रतिवादीहरुलाई शुरु मागदावी बमोजिम सजाय हुन सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

(क) यस मुद्दामा पुनरावेदन अदालतले मुद्दाको विवादित जड (विषय) के हो ? भन्नेतर्फ ख्याल राखेको देखिएन । फैसलामा योजनामा रोक नलगाइएको, रकम बुझी पचाउने मनसाय राखेको नदेखिएको, बुझिलिएको रकम खानेपानी योजनामा खर्च गरेको देखिएको जस्ता हल्का र सतही तर्कहरुको आधारमा मात्र सफाई दिएको छ ।

(ख) योजनास्थल परिवर्तन गर्न मन्त्रालयले अख्तियारी नदिएको र निजले बुझेको रकम रु. ४,५०,०००।- लुभु खानेपानी योजनाको लागि बुझिलिएको देखिन्छ । तर निजले बिना अख्तियारी र श्री ५ को सरकारसंग भएको संझौता विपरीत योजनास्थल परिवर्तन गरेको देखिन्छ । त्यसतर्फ फैसलाले ध्यान दिएको देखिएन ।

(ग) प्र. भक्त श्रेष्ठ तत्कालीन प्रधान पञ्चको रुपमा कार्यरत थिए । निजले प्राप्त गरेको रकम पूरा दुरुपयोग गरेका छन् । खर्च भएको रकमको फांटवारी र हर हिसाब दुरुस्त नराखिएको, निर्माण सामग्रीको खरीद आफूखुसी गरेको र योजनाको लगत इष्टिमेट समेत तयार नगरेर आफूखुसी योजनास्थल परिवर्तन गर्ने कार्य गरेको देखिदा देखिदै गलत मनसाय र बदनियत तत्व विद्यमान थिएन भनी सफाई दिएको विषय न्यायसंगत भएन ।

(घ) श्री ५ को सरकारबाट एउटा योजनाको लागि भनी बुझिलिएको रकम सो योजनामा प्रयोग नगर्नु, योजनास्थल परिवर्तन गर्न पूर्व स्वीकृती लिएको नदेखिनु, प्राविधिक रुपमा लागत तयार नगरी रकम खर्च गर्ने लगायतका कार्यहरु निजबाट भएको र त्यस सम्बन्धी सम्पूर्ण प्रमाण कागजाहरु मिसिलसाथ संलग्न रहंदा रहंदै पनि ठोस प्रमाणको अभावमा भ्रष्टाचार जस्तो गहन अभियोग प्रमाणित गर्न नमिल्ने भनी सफाई दिनु भनेको भएका प्रमाणलाई अदालतबाट नै नजरअन्दाज गरिनु हो । यसरी भएका प्रमाणको विवेचना नगरी सतही आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला वस्तुपरक नभएको ।

(ङ) अर्का प्रतिवादी सुन्दरगोपाल रञ्जितकारउपर पनि वादी पक्षले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (क) बमोजिम माग दावी लिएकोमा निजलाई सफाई दिएको समेत मिलेन । प्रतिवादी भक्त श्रेष्ठले बुझेको रकम बैंकमा जम्मा गर्ने कार्य र झिक्ने कार्यमा समेत निज सुन्दरगोपाल रञ्जितकारको संलग्नता रहेको थियो । यी प्रतिवादी लुभु खानेपानी योजनाका कोषाध्यक्ष थिए । यसरी कोषाध्यक्ष जस्तो पदमा रहेका व्यक्तिले आर्थिक हिसाब किताव नराख्नु समेतबाट निज कसूरमा सहमत भएको र संलग्न रहेको भन्ने देखिन आउंछ । त्यसतर्फ उक्त फैसलामा कुनै विवेचना नै गरिएन ।

९. उदयपुर सिमेण्ट उद्योगका तत्कालीन कार्यकारी अध्यक्ष कृष्णबहादुर राउतले उद्योगको लागि जुटका बोरा खरीद गर्दा भ्रष्टाचार गरेको :-

क. <u>कसूर, शुरु माग दावी र कसूरमा संलग्न व्यक्ति :-</u>

उदयपुर सिमेण्ट उद्योगका तत्कालीन कार्यकारी अध्यक्ष कृष्णबहादुर राउतले बोलपत्रद्वारा सगरमाथा ट्रेडर्सले उपलब्ध गराइएको ६ लाख ९ हजार थान बोराहरुमध्ये प्रयोग हुन सक्ने बोरा प्रयोग गर्नु पर्नेमा प्रयोग नगरी स्टोरमा नै सडाएर राखी स्टोरमा स्टक नभएको स्थिति देखाई अरिहन्त मल्टी फाइबर्स लि.संग बिना बोलपत्र ७५ लाख मूल्य बराबरको जुटका बोरा गैर कानूनी तरीकाले खरीद गरेको देखिन्छ । सगरमाथा ट्रेडर्सले रु ८।५६ प्रति बोरा दिने भन्दा भन्दै प्रति बोरा रु १५।- का दरले (रु. ६।४४ प्रति बोरा बढी भुक्तानी हुने गरी) बिना बोलपत्र ५,११,५०० थान बोरा खरीद गरी आर्थिक प्रशासन नियमावली, २०४८ को नियम ४२(३) विपरीत कार्य गरी उद्योगलाई रु ३२,९४,०६०।- हानी नोक्सानी र आफूलाई फाइदा पुऱ्याएको देखिदा निज कृष्णबहादुर राउतलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम सजाय गरी दफा २९ बमोजिम हानी नोक्सानी भएको बिगो भराई पाउन पुनरावेदन अदालत, राजविराजमा मुद्दा दायर गरिएको थियो ।

ख. पुनरावेदन अदालतबाट भएको फैसलाको सार र यसका मुख्य-मुख्य निर्णयाधारहरु :-

पहिलेदेखि पटक पटक भई आएको कारोवारको प्रकृति समय समयमा अनियमित भएको देखिन आए ता पनि त्यसबाट सो प्रतिवादीले बदनियतपूर्वक काम गरी आफूलाई फाइदा पुऱ्याएको तथ्य प्रमाणित हुन सकिरहेको छैन । त्यस कारण यसमा बदनियतपूर्वक आफूलाई फाइदा हुने र उदयपुर सिमेण्ट उद्योगलाई नोक्सानी हुने गरी आरोपित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूर प्रतिवादी कृष्णबहादुर राउतले गरेको नदेखिएकोले निजले सफाई पाउने ठहर्छ ।

- आपूर्ति कर्ता सगरमाथा ट्रेडर्सले आपूर्ति गरेका बोराहरुमध्ये केही बोराहरु सिमेण्ट उद्योगको लागि निर्धारित मापदण्ड र आधारको नभएको,
- आपूर्तिकर्ताले दिएका काम नलाग्ने ब्यागहरु फिर्ता दिने समेतका निर्णय संचालक समितिले २०५२।१२।५ मा गरिसकेको,
- पहिलेदेखि नै जुटका बोराहरु प्रतिगोटा रु १५।- का दरले सोही उद्योगले विराटनगर जुट मिल्स र अरिहन्त मल्टी फाईबर्सबाट खरीद गरेको,
- ५ लाख थान जुट बोरा खरीद गर्ने भनी उदयपुर सिमेण्ट उद्योगको संचालक समितिले निर्णय गरेको र उक्त निर्णय अनुसार सिमेण्ट उद्योग र आपूर्तिकर्ताबीच संझौता भए अनुसार बोराहरु खरीद गरिएको ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य-मुख्य आधारहरु :-

पुनरावेदन अदालत, राजविराजबाट प्रतिवादीलाई कसूरबाट सफाई दिने गरी भएको फैसला निम्न आधार र कारणबाट त्रुटिपूर्ण भएकोले सो उपर चित्त नबुझेकोले आयोगको शुरु मागदावी अनुसार प्रतिवादीलाई सजाय हुनु पर्ने जिकिर लिई सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

(क) उदयपुर सिमेण्ट उद्योगको आर्थिक विनियमावली, २०४८ अनुसार एक पटकमा २५ हजार रुपैया सम्मको माल सामान सोझै करारबाट खरीद गर्न सकिने र त्यस भन्दा माथि रु. २,५०,०००।- सम्मको सामानको हकमा कोटेशनबाट र रु. २,५०,०००।- भन्दा बढी जति सुकै रकमको समान खरीद गर्दा बोलपत्रको माध्यमबाट खरीद गर्नु पर्ने व्यवस्था भएकोमा उक्त व्यवस्थाको जानाजान उल्लघंन गरी ७५ लाख मूल्यको बोरा सिधै व्यक्तिगत सप्लायर्सबाट खरीद गरिएको स्पष्ट देखिन्छ । यसरी खरीद गर्नु पर्ने कारण समेत खुलाउन नसकेको अवस्थामा उद्योगले पालना गर्नु पर्ने कानूनको उल्लंघन गरी बोलपत्र प्रथालाई अवरुद्ध गरेकोतर्फ फैसलामा उल्लेख नगरिनु न्यायसंगत भएन ।

(ख) कारोवारसंग सम्बन्धित व्यक्ति (जो पेटवोलीमा उल्लेख भएको छ) निमित्त महाप्रबन्धक समेतलाई अदालती वन्दोवस्तको १३९ नं बमोजिम प्रतिवादी सरह बुझ्न सकिनेमा अदालतबाट त्यसतर्फ कुनै पहल भएको देखिएन । त्यसरी प्रतिवादीले नियमको ठाडो उल्लंघन गरी अनुचित तवरले उद्योगलाई नोक्सान र आफूलाई फाइदा हुने किसिमले भ्रष्टाचारको अपराध भएको कुरा इन्साफ कर्ताले स्वीकार्दा स्वीकार्दै पनि त्यस्तो निर्णय गर्ने व्यक्तिलाई कार्यान्वयन गर्ने व्यक्ति नभएको भन्ने कारणले मात्र सफाई दिएको फैसला कानूनसम्मत नभएको ।

(ग) फैसला गर्दा पहिले भएका काम कारबाईलाई आधार लिई सफाई दिएको र पटक पटक पहिलेदेखि नै भई आएका कारोवारको प्रकृति समय समयमा अनियमित भएको देखिन आएको भन्ने तथ्यलाई स्वीकार गर्दा गर्दै पनि कानून नियम भन्दा परम्परालाई मान्यता दिई प्रतिवादीलाई सफाई दिएको छ । त्यस्तो फैसलाबाट विगतमा गरेको गैर कानूनी प्रकृया (कार्य) ले निरन्तरता पाउनुको साथसाथै कानूनको उल्लंघन गरी निहित स्वार्थ पूर्ति गर्नेले थप प्रोत्साहन पाउने प्रवल संभावना रहन्छ ।

(घ) आपूर्तिकर्ताले फिर्ता लिने शर्त स्वीकार गर्दा गर्दै सो बमोजिमको काम कारवाई अगाडि नबढाउनुका साथै आवश्यक पर्ने बोरा स्टोरमा मौजुद रहंदा रहंदै पनि त्यसको उपयोग गर्नेतर्फ पहल नगरी बढी मूल्यमा अन्य बोरा खरीद गर्ने निर्णयकर्ता निज प्रतिवादी स्वयं भएको र सो निर्णयबाट उक्त उद्योगलाई बढी आर्थिक भार पर्न गएको समेत तथ्यलाई विवेचना नगरी थप बोरा खरीद गरी प्रचलित कानूनको जानी जानी पालना नगरी उद्योगलाई बढी आर्थिक भार पर्ने कार्यलाई बदनियत नभएको भनी अभियोग दावी बमोजिम सजाय ठहर हुनु पर्नेमा त्यसतर्फ मौन रहेको फैसला बदरभागी छ ।

१०. जिल्ला सिंचाई कार्यालय, धनकुटाका इन्जिनीयर रघुनाथ श्रेष्ठ समेतको मिलेमतोमा खैरेनी मुहाने कुलो निर्माणमा भ्रष्टाचार गरेको ।

क. कसूर, शुरु माग दावी र कसूरमा संलग्न व्यक्तिहरु :-

धनकुटा जिल्ला सिचाई कार्यालयका तत्कालीन असिस्टेण्ट इन्जिनीयर (अ.इं) रधुनाथ श्रेष्ठ, ऐ. ऐ. तत्कालीन ओभरसियर समनबहादुर अमात्य, धनकुटा जिल्ला खैरेनी (मुहाने) कुलो जल उपभोक्ता समितिका सचिव नवीन दाहाल र सोही समितिका उपाध्यक्ष कृष्णगोविन्द धमला समेतले धनकुटा जिल्ला, सान्ने गाउं विकास समिति वडा नं. २ मा रहेको खैरेनी कुलो निर्माण गर्ने क्रममा योजनामा काम नभएकोलाई भएको भनी नापजांच गरी १५ प्रतिशतले हुने रकम रु १९५६१३।०३ तालुक कार्यालयलाई समेत नजराना दिनु पर्छ भनी ईन्जिनियर रघुनाथ श्रेष्ठले भ्रष्टाचार गरे भनी अर्का अभियुक्त नवीन दाहालले पोल गरेको हुंदा यस मुद्दामा प्रतिवादीहरुको आपसी मिलोमतोमा काम गरी नभएको कामलाई बढी काम गरेको देखाई आफूहरुलाई फाइदा र श्री ५ को सरकारलाई हानी नोक्सानी पुऱ्याई बदनियतसाथ भ्रष्टाचारजन्य कसूर गरेकोले इन्जिनीयर रघुनाथ श्रेष्ठ र ओभरसियर समनबहादुर अमात्यलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,८ र २९ बमोजिमको जरिवानाको साथै इन्जिनीयर रघुनाथ श्रेष्ठले लिएको बिगो रु. १,९५,६१५।०३ र ओभरसियर समनबहादुर अमात्यले लिएको बिगो रु. ३९,०००।- असूल उपर हुन र अन्य प्रतिवादीहरु नवीन दाहाल र कृष्णगोविन्द धमलालाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा सोही दफा बमोजिम सजाय गरी दफा २९ बमोजिम जरिवाना समेत हुन र नवीन दाहालबाट बिगो रु. १,८४,६८४।४६ र कृष्णगोविन्द धमलाबाट बिगो रु. १,००,०००।- असूलउपर हुन मागदावी लिई पुनरावेदन अदालत, धनकुटामा मुद्दा दायर गरिएको थियो ।

ख. पुनरावेदन अदालतबाट भएको फैसलाको सार र त्यसमा लिइएका मुख्य-मुख्य निर्णयाधारहरु :-

प्रतिवादीहरुले अदालतसमक्ष बयान गर्दा भ्रष्टाचार गरेको कुरामा इन्कार गरेको, प्रतिवादीहरुले भ्रष्टाचार नगरेको भनी प्रतिवादीका साक्षीले भनेको र उक्त कुलो निर्माणको सिलसिलामा नेपाल गुणस्तर तथा नापतौल विभाग र विशेष प्रहरी विभागको क्रमशः २०५०।११।२७ र २०५०।१२।१ को बालुवा सिमेण्टको परीक्षण गर्दा उल्लिखित कुलो निर्माणमा प्रयोग भएको मसला गुणस्तरयुक्त भएको भन्ने प्रतिवेदन समेतलाई आधार लिई प्रतिवादीहरुलाई अभियोगबाट सफाई दिने गरी मिति २०५५।१२।७ मा पुनरावेदन, अदालत धनकुटाबाट फैसला भएको थियो ।

ग. आयोगद्वारा पुनरावेदन गर्दा लिइएका मुख्य- मुख्य आधारहरु :-

माथि उल्लिखित आधारहरु लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला निम्न कारण र आधारबाट त्रुटीपूर्ण भएकोले सो फैसला बदर गरी आयोगको शुरु मागदावी बमोजिम नै सम्पूर्ण प्रतिवादीहरुलाई सजाय हुनु पर्ने जिकिर लिई सर्वोच्च अदालतमा पुनरावेदन गरिएको :-

(क) भवानीप्रसाद दाहाल समेतको प्रतिवेदनमा धनकुटा जिल्ला सान्ने गाउं विकास समिति वडा नं २ देखि १ सम्मको (पुरानो कुलो) खैरेनी सिंचाई योजना निर्माण गर्दा प्रतिवादीहरुले आपसी मिलेमतो गरी १६,५१,०००।- को काल्पनिक बील तयार गरी इष्टिमेट भन्दा कम लागतमा कुलो निर्माण गरी भ्रष्टाचार गरेको भनी किटानी प्रतिवेदन दिएको र अदालतमा समेत उपस्थित गरी प्रतिवेदनलाई समर्थन गरी वकपत्र गरेबाट सो कुरा प्रमाण ऐन, २०३१ को दफा १८(क) अनुसार अकाट्य प्रमाणको रुपमा ग्रहण गर्नु पर्नेमा नगरिएको ।

(ख) विवादित आयोजनाको स्थलगत निरीक्षण गर्ने इन्जिनीयर गोविन्दबहादुर श्रेष्ठले रु.१,८४,६८०।४६ वरावरको काम कम भएको भन्ने प्रतिवेदन दिएको र उक्त प्रतिवेदनलाई समर्थन गरी अदालतमा वकपत्र गरेको स्थिति थियो । उक्त प्रतिवेदनलाई प्रतिवादीहरुले अन्यथा प्रमाणित गर्न नसकेको अवस्थामा स्थलगत निरीक्षण गरी पेश गरिएको प्रतिवेदन र त्यसलाई समर्थन गरिएको वकपत्रलाई खम्वीर प्रमाणको रुपमा ग्रहण गरिनु पर्नेमा त्यसको खण्डन समेत नगरी भएको फैसला त्रुटिपूर्ण हुन गएको छ ।

(ग) प्रतिवादीहरुलाई सफाई दिंदा अदालतमा इन्कारी बयान गरेकोलाई मूलभूत प्रमाणको रुपमा ग्रहण गरिएको देखिन्छ । जवकि मौकामा भएको सावितीं बयान निजहरुको इच्छा विपरित अथवा प्रमाण ऐन, २०३१ को दफा ९(१)(क) को स्थिति विद्यमान थियो भनी प्रमाणित गर्न वा अदालतलाई विश्वास दिलाउन सकेको देखिदैन । अर्को तर्फ प्रतिवादीका साक्षीहरुले भ्रष्टाचार गरेको छैन भनी गरिदिएको वकपत्र तथ्यपरक र विश्वासप्रद छैन । यी आधारमा प्रतिवादीलाई सफाई दिएको मिल्ने होइन ।

(घ) प्रतिवादीहरुले गैर कानूनी रुपमा रकम लिनु खानु गरी श्री ५ को सरकारलाई हानी नोक्सानी र आफूलाई आर्थिक लाभ हुने गरी भ्रष्टाचार गरेको कुरा मिसिल संलग्न प्रमाणबाट देखिंदा देखिदै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको शुरु फैसला मिलेको देखिन्न ।

(ङ) प्रतिवादीहरुलाई सफाई दिंदा कमसल सामग्री प्रयोग गरी काम गरेको कुरामा नेपाल गुणस्तर तथा नापतौल विभागको प्रतिवेदनबाट समर्थित नभएको उल्लेख छ । जवकी वादी पक्षले रु. १,८४,६८०।४६ वरावरको कम काम गरेको भन्ने प्राप्त निरीक्षण प्रतिवेदन अनुसार उक्त कार्यमा ५, ६, ७, ७ र ८ से.मी. मात्र मसला प्रयोग भएको देखिन आएको तर नापी कितावमा १०-१० से.मी. मसला प्रयोग भएको उल्लेख छ । यसप्रकार योजनामा रु. १,८४,६८०।४६ वरावरको कम काम भएको प्रतिवेदनलाई अन्यथा भन्न र प्रमाणित गर्न नसकेको स्थिति विद्यमान रहंदा रहंदै पनि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसलामा प्रमाणको मूल्यांकन गरेको देखिएन । तसर्थ उक्त फैसला बदरभागी छ ।

११. राष्ट्रिय वाणिज्य बैंक फर्पिङ शाखाबाट विभिन्न २८ वटा काल्पनिक उद्योगहरुका लागि कर्जा प्रवाह गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा कर्जा लिने व्यक्ति, उद्योगकर्ता कर्जा नं. र कर्जा रकम एवं त्यस्तो कर्जा लिन दिन मिलेमतो गर्ने व्यक्तिसमेत उपर छुट्टा छुट्टै २८ वटा अभियोग-पत्र दायर गरिएको सन्दर्भमा :-

(क) कसूर, शुरु मागदावी र कसूरमा संलग्न व्यक्तिहरु :-

राष्ट्रिय वाणिज्य बैंक फर्पिङ शाखाबाट का.जि.,का.म.न.पा. वडा नं. १६ वस्ने कविता मानन्धरले आफ्नो नाममा दर्ता नै नभएको कविता ऊनी धागो उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ५१ अन्तर्गत रु. १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ सहायक खजान्ची शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने राजेन्द्रकुमार राजभण्डारी, रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

नुवाकोट जिल्ला, नर्जामण्डप गा.वि.स. वडा नं. ३ वस्ने काले तामाङले आफ्नो नाममा दर्ता नै नभएको पूजा ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ८७ अन्तर्गत रु. ६३,०००।- कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

काभ्रेपलान्चोक जिल्ला, चापाखोरी गा.वि.स. वडा नं. ९ वस्ने झेमा लामाले आफ्नो नाममा दर्ता नै नभएको विन्ध्यवासिनी पश्मिना धागो धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ७० अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने राजेन्द्रकुमार राजभण्डारी, रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

का.म.न.पा. वडा नं. १६ वस्ने धुवनारायण श्रेष्ठले आफ्नो नाममा दर्ता नै नभएको धुव पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४।७५ अन्तर्गत रु. १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने राजेन्द्रकुमार राजभण्डारी, रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

काभ्रेपलान्चोक जिल्ला, खरेलथोक गा.वि.स. वडा नं. १ बस्ने सूर्यबहादुर लामाले आफ्नो नाममा दर्ता नै नभएको चुरीयामाई पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४।४८ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्ने सहयोग गर्ने राजेन्द्रकुमार राजभण्डारी, रामबहादुर कुंवर र कृष्णबहादुर कुंवर, उत्तमराज उप्रेती र पुरुषोत्तम घिमिरे समेत ।

का.जि., का.म.न.पा., वडा नं. ३ महाराजगन्ज वस्ने श्रीमती शान्ता उप्रेतीले आफ्नो नाममा दर्ता नै नभएको कालिका धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४।४५ अन्तर्गत ५ हजार कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र पुरुषोत्तम घिमिरे समेत ।

रामेछाप जिल्ला, पीति गा.वि.स., वडा नं. १ घर भई हाल जोरपाटी गा.वि.स. १ वस्ने डोलबहादुर श्रेष्ठले आफ्नो नाममा दर्ता नै नभएको उषा ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४।३५ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री समेत ।

ल.पु. उ.म.न.पा. १ वस्ने वसन्तबहादुर नकर्मीले आफ्नो नाममा दर्ता नै नभएको वसन्त पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४।४२ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका

प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर, राजेन्द्रकुमार राजभण्डारी र उत्तमराज उप्रेती समेत ।

का.जि. जोरपाटी गा.वि.स., वडा नं. ५ वस्ने राम श्रेष्ठले आफ्नो नाममा दर्ता नै नभएको मनकामना गणेश फर्निचर उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४।३४ अन्तर्गत ८१,५००।- कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्रीसमेत ।

का.जि. का.म.न.पा., वडा नं. ३ वस्ने प्रकाशराज थापामगरले आफ्नो नाममा दर्ता नै नभएको वनदेवी ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २३ १६ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री रामकृष्ण कुंवरसमेत ।

का.जि. का.म.न.पा., वडा नं. १६ वस्ने रामबहादुर आचार्यले आफ्नो नाममा दर्ता नै नभएको भगवती पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ३५ अन्तर्गत ५५,०००।- कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर, उत्तमराज उप्रेती समेत ।

रामेछाप जिल्ला, वाम्ती गा.वि.स., वडा नं. ४ वस्ने जाङवु शेर्पाले आफ्नो नाममा दर्ता नै नभएको न्यू माछापुछे ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ०५ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री र पुरुषोत्तम घिमिरेसमेत ।

का.म.न.पा., वडा नं. १० कोटेश्वर वस्ने केवलप्रसाद अधिकारीले आफ्नो नाममा दर्ता नै नभएको केवल ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ४४ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री र पुरुषोत्तम घिमिरेसमेत ।

का.म.न.पा., वडा नं. १६ बालाज्यू वस्ने हरिबहादुर कार्कीले आफ्नो नाममा दर्ता नै नभएको चुनादेवी पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ३२ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र उत्तमराज उप्रेती समेत ।

का.म.न.पा., वडा नं. १६ बालाज्यू वस्ने मानबहादुर तामाङले आफ्नो नाममा दर्ता नै नभएको प्रभात पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ४० अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

मकवानपुर जिल्ला, ईपा पञ्चकन्या गा.वि.स. ६ वस्ने मानबहादुर आले मगरले आफ्नो नाममा दर्ता नै नभएको बुद्धि पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ २२ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, शिवहरि अर्याल, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने कृष्णबहादुर कुंवरसमेत ।

मकवानपुर जिल्ला, कोगटे गा.वि.स. ९ वस्ने कालु योञ्जनले आफ्नो नाममा दर्ता नै नभएको योञ्जन पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ६८ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र पुरुषोत्तम घिमिरेसमेत ।

मकवानपुर जिल्ला, कोगटे गा.वि.स. ६ वस्ने रामबहादुर आलेमगरले आफ्नो नाममा दर्ता नै नभएको राम पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ५२ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

का.म.न.पा., वडा नं. २९ ठमेल वस्ने राजुमान प्रधानले आफ्नो नाममा दर्ता नै नभएको राजभण्डारी ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ७३ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, शिवहरि अर्याल, कीर्ते प्रमाणपत्र तयार गर्न सहयोग गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र पुरुषोत्तम घिमिरेसमेत ।

का.जि., लप्सेफेदी गा.वि.स., वडा नं. १ वस्ने राजकुमार के.सी.ले आफ्नो नाममा दर्ता नै नभएको के.सी. किशोर ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ९१ अन्तर्गत ६३,०००।- कर्जा लिएको सम्बन्धमा बैंकका प्रबन्धक मोहनकृष्ण गुरुङ र लेखापाल शिवकुमार खत्रीसमेत ।

ओखलढुंगा गाम्नाडटार गा.वि.स., वडा नं. ३ वस्ने हेमबहादुर कार्कीले आफ्नो नाममा दर्ता नै नभएको हेम ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ०७ अन्तर्गत १ लाख कर्जा लिएको

सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, शिवहरी अर्याल, कीर्ते प्रमाणपत्र तयार गर्ने रामबहादुर कुंवर र कृष्णबहादुर कुंवरसमेत ।

रामछाप जिल्ला, चुचुरे गा.वि.स. वडा नं. ६ वस्ने निमा साङवे लामाले आफ्नो नाममा दर्ता नै नभएको पशुपति पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २३ ३६ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री र शिवहरि अर्यालसमेत ।

का.जि., का.म.न.पा. १६ वस्ने वीणादेवी मानन्धरले आफ्नो नाममा दर्ता नै नभएको वीना ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ५० अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, शिवहरी अर्याल, कीर्ते प्रमाणपत्र तयार गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर, उत्तमनाथ उप्रेती र राजेन्द्रकुमार राजभण्डारीसमेत ।

मकवानपुर जिल्ला, ईपा पञ्चकन्या गा.वि.स. ९ का मानबहादुर स्याङतानले आफ्नो नाममा दर्ता नै नभएको मानेश्वरी पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ५३ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, शिवहरी अर्याल, कीर्ते प्रमाणपत्र तयार गर्ने रामबहादुर कुंवर र उत्तमराज उप्रेतीसमेत ।

का.जि., का.म.न.पा. वस्ने रविन्द्र शाक्यले आफ्नो नाममा दर्ता नै नभएको लगन ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ३३ अन्तर्गत ६३,०००।- कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री र शिवहरी अर्यालसमेत ।

मकवानपुर जिल्ला, हेटौडा न.पा., वडा नं. ५ वस्ने ईश्वरीप्रसाद अधिकारीले आफ्नो नाममा दर्ता नै नभएको ईश्वरी ऊनी धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ १७ अन्तर्गत ५५,०००।- कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, शिवहरी अर्याल, कीर्ते प्रमाणपत्र तयार गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र पुरुषोत्तम घिमिरेसमेत ।

का.जि., का.म.न.पा., वडा नं. ३ महाराजगञ्ज वस्ने गोपी महर्जनले आफ्नो नाममा दर्ता नै नभएको महर्जन पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४ ६३ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, कीर्ते प्रमाणपत्र तयार गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र पुरुषोत्तम घिमिरेसमेत ।

का.जि., दक्षिणकाली गा.वि.स., वडा नं. ३ वस्ने भीमसेन धागा मगरले आफ्नो नाममा दर्ता नै नभएको भीमसेन पश्मिना धागो कताई उद्योगको काल्पनिक नामबाट कर्जा नं. २४/६५ अन्तर्गत १ लाख कर्जा लिएको सम्बन्धमा वैकका प्रबन्धक मोहनकृष्ण गुरुङ, लेखापाल शिवकुमार खत्री, शिवहरी अर्याल, कीर्ते प्रमाणपत्र तयार गर्ने रामबहादुर कुंवर, कृष्णबहादुर कुंवर र राजेन्द्रकुमार राजभण्डारीसमेत ।

उल्लिखित कर्जा लिने व्यक्तिहरुले सो कर्जा लिने प्रयोजनार्थ तथाकथित उद्योग घरेलु तथा ग्रामीण उद्योग विभागमा दर्ता गरेको प्रमाणपत्र बनाउन सहयोग पुऱ्याउने विभिन्न प्रतिवादी र राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाका प्रबन्धक मोहनकृष्ण गुरुङ र अन्य कर्मचारी समेतले विभिन्न २८ वटा उद्योगको स्कीम बनाई सो बापत रिसवत समेत लिई काल्पनिक उद्योगहरुको निरीक्षण सुपरीवेक्षण बिना नै अन्तिम किस्ता समेत भुक्तानी दिएबाट कीर्ते उद्योगको लागि कर्जा प्रवाह गरी भ्रष्टाचार गरेको कसूरमा कर्जा लिने व्यक्ति, बैंकका कर्मचारी र उक्त कीर्ते उद्योगको कागजात तयार गर्न सहयोग गर्ने विभिन्न व्यक्तिहरु उपर भ्र.नि. ऐन, २०१७ को दफा ३, ७(२), १३, ४, ८ र दफा २९ बमोजिमको मागदावी लिई कर्जा लिने व्यक्ति, कर्जा नं. रकम कीर्ते उद्योग अनुसारको आधारमा छुट्टा छुट्टै तर एकै प्रकृतिका २८ वटा मुद्दा काठमाडौं जिल्ला अदालतमा दायर गरिएको ।

(ख) काठमाडौं जिल्ला अदालतबाट भएको २८ वटै मुद्दाहरुको फैसला र त्यसका निर्णयाधारहरु :-
देहायका बुंदाहरुका आधारमा २८ वटै मुद्दामा संपूर्ण प्रतिवादीलाई सफाई दिने फैसला गरेको थियो :-

- कर्जा प्रवाह गर्दा बैंक नीति परिधिभित्र रही गरेको ।
- कर्जा सुरक्षण बापत धितो राखिएको देखिएको ।
- सो धितोबाट बैंकले कर्जा असूलउपर गर्न सक्ने नै सक्ने नै देखिएको ।

(ग) आयोगबाट पुनरावेदन गर्दा २८ वटै मुद्दाहरुको सम्बन्धमा लिइएका मुख्य-मुख्य आधारहरु :-

उक्त बैंकबाट कर्जा लिने प्रयोजनार्थ २८ वटै उद्योगले घरेलु तथा ग्रामीण उद्योग विभागमा रीतपूर्वक दर्ता गरी सोको प्रमाणपत्र बैंकमा प्रस्तुत गर्नु पर्नेमा सो विभागमा दर्ता नै नगरी दर्ता गरेको तथाकथित प्रमाणपत्रको

अप्रमाणित प्रतिलिपि पेश गरी ऋण रकम माग गर्नुबाट विभिन्न २८ वटै उद्योगका उद्योगपति समेतका अन्य प्रतिवादीहरुको बदनियत रहेको स्पष्ट हुन्छ । त्यस्तो अप्रमाणित प्रतिलिपिको भरमा कर्जा प्रवाह गर्नुमा रा.वा. बैंक, फर्पिङका कर्मचारीहरुको समेत मिलेमतो भएको मिसिल संलग्न प्रमाणबाट स्पष्ट हुंदा हुँदै त्यसतर्फ विवेचना नगरी कर्जा प्रवाह बैंक नीति अनुरुप गरेको भनी सफाई दिएको उक्त फैसला नमिलेको हुंदा बदरभागी छ ।

कर्जा बापत सुरक्षण गरिएको भनिएको धितो लिए दिएको आधारमा मात्र प्रचलित कानून बमोजिम कसूर गर्ने प्रतिवादीलाई प्रचलित कानून बमोजिम हुन सक्ने सजायको दायित्वबाट उन्मुक्ति दिन मिल्ने होइन । प्रतिवादीहरुको सरकारी काम कारबाईमा बदनियत छ छैन भन्ने कुरा गर्नु पर्ने काम कर्तव्यको परिणामबाट पनि मनन गर्नुपर्ने हुन्छ । बैंकबाट विभिन्न कर्जा नं. अनुसार फरक रकम कर्जा प्रवाह गर्दा बैंक नीति अनुरुप नभएको भन्ने कुरा कर्जा लिने उद्योगको भौतिक अवस्थिति एवं संचालन भए नभएको स्थिति आदि विषयमा छानविन, अनुगमन नै नगरी पटक पटक गरी कर्जा प्रवाह गरिएकोबाट कर्जा उपलब्ध गराउने सुविधा सहूलियतको दूरुपयोग भएको देखिएबाट बैंकका कर्मचारी लगायत सबै प्रतिवादीबाट बदनियतपूर्वक कार्य भएको र त्यस्तो कार्य गर्ने प्रतिवादीहरुलाई मागदावी बमोजिम सजाय गर्नु पर्नेमा नगरिएको कारणबाट फैसला बदरभागी छ ।

कर्जा लिंदा राखिएको धितोबाट कर्जा असूल हुने नै छ भन्ने आधारमा दिएको सफाई त्रुटीपूर्ण छ । सो कर्जा लिने दिने दुवै पक्षबाट बदनियतपूर्ण कार्य भएको छ । घरेलु तथा ग्रामीण उद्योग विभागबाट उद्योगहरु दर्ता भएको छैन भनी २०४८।११।२९ मा उक्त विभागले वि.प्र.विभागलाई लेखेको पत्रबाट स्पष्ट देखिन्छ । त्यस्तै बैंकका पदाधिकारीहरुले रीत नपुगेका, वैधता प्राप्त नगरेका कागजपत्रतर्फ ध्यान नपुऱ्याई छानविन नगरी कर्जा प्रवाह गरेको देखिन्छ । त्यस्तै हरेक उद्योगका लागि आफै स्कीम बनाई ऋणीबाट केही रकम रिसवत समेत लिएको देखिन्छ । प्रत्येक मुद्दामा प्रतिवादीहरु सबैको बदनियत रहेको, झुठ्ठा ब्यहोराका कागज खडा गरेको, परस्परमा मिलिभगत रहेको, अनियमित रुपमा कर्जा प्रवाह गरेको र बैंकको रकम असूलउपर नभएको आधारमा प्रतिवादीहरुलाई अनुचित फाइदा पुऱ्याई बैंकलाई हानी नोक्सानी हुने गरी भए गरेको काम कारबाईबाट भ्र.नि. ऐन, २०१७ को परिच्छेद २ को कसूर ठहर हुनु पर्नेमा कर्जा लिंदा धितो लिएकै देखिंदा भन्ने सतही एवं फितलो तर्क प्रयोग गरी सफाई दिएको फैसला बदरभागी छ ।

१२. अर्थ मन्त्रालयमा कार्यरत भन्सार विभागका तत्कालीन महानिर्देशक लोकमान सिंह समेत ४ जवान प्रतिवादी रहेको भ्रष्टाचार मुद्दामा शुरु पुनरावेदन अदालत, पाटनले सफाई दिएका प्रतिवादीद्वय लोकमान सिंह कार्की र यादव लामिछाने उपरको हकमा यस आयोगले दिएको पुनरावेदनमा सो पुनरावेदन खारेज हुने तथा अन्य प्रतिवादीद्वय भगवतीकुमार काफ्ले र भवीन्द्र बुढाथोकीलाई वादी दावी बमोजिम सजाय हुने शुरु फैसलाउपर इन्साफ उल्टी हुने गरी सर्वोच्च अदालतबाट फैसला भएको र सो फैसला गर्दा श्री ५ को सरकार वादी हुने मुद्दामा पुनरावेदन गर्ने अधिकारी आयोग नभई सरकारी वकील हुनुपर्ने भन्ने र श्री ५ को सरकार (विशेष प्रहरी विभाग) विरुद्ध दिलबहादुर लामा भएको भ्रष्टाचार मुद्दामा सिद्धान्त प्रतिपादन भएको भन्ने निर्णयाधार लिएको देखिन्छ ।

यसमा आयोगले चलाउने मुद्दामा श्री ५ को सरकार वादी भए पनि आयोग छुट्टै संवैधानिक अंग भएकोले अर्को संवैधानिक अंग महान्यायाधिवक्तासंग परामर्श लिनु पर्ने वा एकाको कार्य अर्को निकायको सहमतिमा मात्र वा अर्कोले नै गर्ने गरी व्याख्या हुन नहुने, भ्रष्टाचार मानिने मुद्दा श्री ५ को सरकारको हीत वा सरोकार निहित मुद्दा भएकोले त्यस्ता मुद्दा चलाउने वा नचलाउने भनी अन्तिम निर्णयाधिकार महान्यायाधिवक्तामा निहित रहन नसक्ने, विशेष प्रहरी विभाग श्री ५ को सरकार अन्तर्गतकै एक निकाय मात्र भएको तर आयोग भने पृथक अस्तित्व बोकेको संवैधानिक निकाय भएकोले विशेष प्रहरी विभागको हकमा प्रतिपादित सिद्धान्त आयोगको हकमा लागू हुन नसक्ने तथा शुरु पुनरावेदन अदालत, पाटनले प्रस्तुत मुद्दामा गरेको फैसलामा चित्त नबुझे सर्वोच्च अदालत जानू भनी यसै आयोगलाई पुनरावेदन म्याद समेत दिएकोबाट सर्वोच्च अदालतको उपरोक्त फैसला कानूनी सिद्धान्तको प्रतिकूल हुंदा सो फैसलामा पुनरावलोकन गरिपाउन सर्वोच्च अदालतमा निवेदन दर्ता गरिएको ।

ग) विभागीय वा अन्य कारवाईको लागि लेखी पठाएको विवरण :-

१. काठमाडौं महानगरपालिकाका प्रमुखले श्री ५ को सरकारको निर्देशन विपरित चुङ्गिकर ठेक्कामा दिई भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :

क) प्रस्तुत उजूरीका सम्बन्धमा सागर वाग्लेलाई शा.अ.पदमा नियुक्ति दिई चुङ्गिकर बाट रु. ३९,०३,००,०००।- अनुमानित रकम पारित गरेको रकम उठ्तीमा आम्दानी पुऱ्याउन नसकेमा धितो जग्गाबाट असूल गरिने भनी

नियुक्ति दिएको सो रकम असूल नगरी अवकास दिएको उजूरीको मुख्य विषय देखिएको र सो रकम असूल उपर गर्ने प्रकृयाहरु सुरु गर्ने सन्दर्भमा आवश्यक कारबाई भईरहेको भनी काठमाडौं महानगरपालिका कार्यालयको प.सं.सा.प्र.वि.१/६/४१० मिति २०५५।७।३० को पत्रबाट देखिएकोले निज सागर बास्तेबाट असूल गर्न पर्ने रकम आजसम्म असूल भयो भएन, नभएको भए तुरुन्त असूलगरी यस आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकाको प्रमुखलाई लेखिएको ।

ख) उजूरीका अन्य विषयमा का.म.न.पा.का. दरबन्दीमा नरहेको विभिन्न सल्लाहकार तथा कर्मचारीहरुको नियुक्तिलाई नियमित भन्न नसकिने हुंदा दरबन्दी नरहेको कर्मचारी तथा सल्लाहकार हटाई आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकालाई लेखिएको ।

ग) कर्मचारी वा सल्लाहकार राख्नै पर्ने भए कानूनतः दरबन्दी श्रृजना गरी दरबन्दी अनुसार मात्र अब आइन्दा कर्मचारी र सल्लाहकारमा नियुक्ति गर्न लेखिएको ।

घ) त्यस्तै आर्थिक सहायता वितरण गरेकोलाई नगरपालिका बोर्डले अनुमोदन गरेको देखिएपनि नगरपालिका (कार्यव्यवस्था) नियमावली, २०४९ को नियम ५६ ले एकपटकमा रु. ३००।- सम्म आर्थिक सहायतामा खर्च गर्न सक्ने भन्ने प्रष्ट व्यवस्थालाई पालना गरेको नदेखिदा नगरपालिकाका प्रमुख केशव स्थापितलाई आइन्दा यस्तो नगर्न सचेत गराइएको ।

ङ) आर्थिक सहायता प्रदान गर्ने व्यवस्थाका सम्बन्धमा संस्था, व्यक्ति वा त्यस्तै अन्यलाई के बापत कति दिने भन्ने प्रष्ट व्यवस्था गरी नियमावलीमा नै उल्लेख गरी सो बमोजिम मात्र आर्थिक सहायता प्रदान गर्ने व्यवस्था मिलाउन लेखिएको ।

२. जिल्ला विकास समितिको कार्यालय, सिरहाले कानून उल्लंघन गरी नव निर्मित सपिङ्ग कम्प्लेक्स भवनको कोठा नं. १ र ११ भाडामा दिएको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान हुंदा जिल्ला विकास समिति, सिरहाले कोठा भाडामा दिने सिलसिलामा मिति २०५४।११।२२ मा शर्तरहित टेण्डर आव्हान गरी १५ दिने सूचना प्रकाशन गरेकोमा म्याद भित्र परेका चार टेण्डरदाताहरु मध्ये क्रमशः बढी बहाल दिन कबोल गरेका तीन टेण्डरदाताहरुले कोठा लिन नचाहेमा १ नं. कोठाको लागि मासिक रु. २१००।- र ११ नं. कोठाको लागि मासिक रु. २०५१।- दिन मन्जुर गर्ने चौथो टेण्डरदाता हेमन्तसागर प्रधानलाई नियमानुसार अन्य टेण्डरदातालाई सम्झौता गर्न बोलाए झैं जि.वि.स.ले पत्र काटी बोलाउन पर्नेमा नबोलाई तेस्रो टेण्डरदाता गोपालप्रसाद उपाध्याय र श्रवणकुमार शाहले कबुल गरेको रकममा क्रमशः रु. ६००।- र ७००।- घटाई पाउं भनी दिएको निवेदनको भरमा माग बमोजिम सम्झौता गराई दिने गरी सदर गर्ने भन्ने जि.वि.स. सभापतिको आदेश सूचनाको शर्तको प्रतिकूल भएको र सबैलाई यस किसिमको अवसर दिनु पर्नेमा सो नदिई गरेको निर्णय कानूनसम्मत देखिएन ।

कानूनतः पहिलो, दोस्रो र तेस्रो टेण्डरदाताले कबुल गरेको भाडा रकममा लिन मन्जुर नगरेपछि स्वतः चौथो टेण्डरदातालाई मौका दिनु पर्नेमा सो नगरी तेस्रो टेण्डरदाताले भाडा घटाई पाउं भनी दिएको निवेदन स्वीकार गरी तेस्रो टेण्डरदाताको मन्जुरीनामबाट हक नै नभएका टेण्डरदाता शिवकुमार शाहसंग सम्झौता गरी बहालमा दिएको कानून प्रतिकूल हुंदा कानूनतः चौथो टेण्डरदाता हेमन्त सागर प्रधानलाई टेण्डर मुताबिक सम्झौता गर्न सूचना पठाउन जि.वि.स., सिरहालाई लेखिएको ।

यस किसिमले टेण्डर आव्हानको सूचना विपरित तेस्रो टेण्डरदाताको शर्तसहितको निवेदनमा सम्झौता गर्न आदेश दिने जि.वि.स. सभापति विशेश्वरप्रसाद मरवेतालाई सचेत गराउन जिल्ला विकास समितिलाई लेखी सोको बोधार्थ तथा कार्यार्थ स्थानीय विकास मन्त्रालयलाई पठाइएको ।

३. जिल्ला प्रशासन कार्यालय, सिरहाका का.मु. प्रमुख जिल्ला अधिकारी शालिग्राम सापकोटाले माडर बन्ने विसुनदेव यादवसंग टेलिभिजन र मासिक रकम लिई तश्करी गर्न छुट दिएको, कर्मचारी मिलन केन्द्रको भवन निर्माण गर्न पासपोर्ट लिन आउने व्यक्तिहरुसंग चन्दा उठाएको रकममध्ये रसीद बेगर उठाएको रकम लिने खाने गरेको, हातहतियार सम्बन्धी मुद्दा फैसला गर्दा राजकुमार साहमार्फत् रकम लिएको, कार्यालयको गाडी मर्मत गर्न मालपोत कार्यालयबाट रकम लिएको र आफ्नो कार्यालयमा निकासा भएको रकम चालकसंग मिली खाएको भन्ने समेत ब्यहोरा उल्लेख भई आयोगमा मिति २०५५।५।२ मा परेको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा निवेदनमा उल्लेख भए बमोजिम तश्करबाट सामान र मासिक रकम लिने गरेको र हातहतियार मुद्दा छिन्दा सम्बन्धित पक्षबाट रु. ३०,०००।- रकम लिएको भन्ने कुरा गृह मन्त्रालय र राष्ट्रिय अनुसन्धान विभागबाट समेत लेखी आएको भए पनि तथ्यगत रुपमा पुष्टि नभएकोले ठोस तथा लिखित प्रमाणको अभावमा निज शालीग्राम सापकोटालाई उपयुक्त विभागीय कारेवाई गर्न गृह मन्त्रालयमा लेखिएको ।

४. मकवानपुर जिल्ला अन्तर्गत रिक्त रहेको लेखापाल पदमा आन्तरिक बढुवाद्वारा पदपूर्ति गर्ने सन्दर्भमा निमित्त प्रमुख कोष नियन्त्रक कृष्णप्रसाद भण्डारीले प्रमुख कोष नियन्त्रक राजकुमार श्रेष्ठ मात्र ६ दिनको घर विदा बसेको वखतमा आफ्नो अधिकार क्षेत्र भन्दा बाहिर गई गैरकानूनी रुपमा प्र.जि.अ. ललितबहादुर थापाको अध्यक्षतामा मिति २०५५।१२।२५ मा बढुवा समिति बसाली अनुचित तरिकाले स.ले.पा. शान्तकुमार लामालाई बढुवा गराएको भन्ने सन्दर्भमा हस्ताक्षर कीर्ते सम्बन्धी कुरा भएको र प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बढुवा समिति बसेको हुंदा निज समेतका संलग्नताबारे छानबीन गरी भ्र.नि. ऐन, अन्तर्गत कारबाई गर्न भनी महालेखा नियन्त्रकको मिति २०५६।३।१४ को सदर टिप्पणीका आधारमा प्राप्त फायल कागजातहरु समेतउपर अनुसन्धान तहकिकात हुंदा निम्न अनुसार गरिएको :-

कोष नियन्त्रक कृष्ण प्र.भण्डारीले २० महिनादेखि पेण्डिङ्ग रहेको बढुवा समितिको कार्य प्रमुख कोष नियन्त्रक मात्र ६ दिनका लागि घर विदा बसेको मौका पारी घर विदा बसेको भोलिपल्टै अर्थात २१ गते नै ले.प. फाटवाला शम्भुप्रसाद भट्टराई बाट बढुवा सम्बन्धी फायलहरु लिई राममणि शर्माको २०५१।५२ र २०५२।५३ को का.स.मू.हरुलाई केमिकल लगाई मेट्ने प्रयास गरी अति उत्तमलाई उत्तममा रेजा चिन्ह लगाई पाएको पूरा अंक घटाइएको, शान्तकुमार लामाको पुनरावलोकन समितिको सदस्यहरुको दस्तखत नै नभएको २०५०।५१ को का.स.मू.लाई नजरअन्दाज गरी १० अंक दिएको अध्यक्ष प्र.जि.अ. ललितबहादुर थापा र प्रशासकीय अधिकृतलाई झुक्याई बढुवा हुनै नसक्ने शान्तकुमार लामालाई बढुवा गर्न सफल गराइएको कार्य विधिविज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदन, प्र.जि.अ. ललितबहादुर थापा, प्रशासकीय अधिकृत हेमराज ओझा, ले.पा. शम्भुप्रसाद भट्टराई, तथा राममणि शर्माले गरेको बयानबाट बदनियतपूर्वक सरकारी अड्डामा रहेको सरकारी छाप लागेको कागज कीर्ते गरी सदस्य सचिवको हैसियतले निस्पक्ष रुपमा गर्नुपर्ने काम नगरी अख्तियारको दुरुपयोग गरेको फायलसाथ संलग्न कागजातहरुबाट प्रष्ट हुन आयो ।

यसरी प्रमुख कोष नियन्त्रक मात्र ६ दिनको घरविदा बसेको मौका पारी दूषित मनसायबाट अख्तियारको दुरुपयोग गरी आफूले कीर्ते गरी सच्याइएको का.स.मू.फारामबाट बढुवा समितिको अध्यक्ष एवं सदस्यलाई झुक्याई विश्वासमा पारी बढुवा हुनै नसक्ने स.ले.पा. शान्तकुमार लामालाई बढुवा गराएको हुंदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार विभागीय कारबाई गर्न माननीय अर्थ मन्त्रीज्यूलाई लेखी सरकारी कागज कीर्ते गरेको अभियोगमा मुलुकी ऐन, कीर्ते कागजको महल अनुसार मुद्दा चलाउनको निमित्त आवश्यक कारबाई गर्न जिल्ला प्रहरी कार्यालय, मकवानपुरलाई लेखिएको ।

प्रमुख कोष नियन्त्रक राजकुमार श्रेष्ठले कोष नियन्त्रक कृष्णप्रसाद भण्डारीद्वारा बदनियतपूर्वक बढुवा समिति बसालेकोमा शंका लाग्ने अवस्था देखिएको थियो भने पुनरावेदन सुन्ने निकाय बढुवा समितिको अधयक्ष प्र.जि.अ. वा आफ्नो तालुक अड्डा महालेखा नियन्त्रकलाई जाहेर गर्न पर्दथ्यो, सो केही नगरी आफ्नै स्वविवेकमा आफ्नै कर्मचारीबाट मुचुल्का उठाई सीलबन्दी रहेका कागजहरु खोलेको हदसम्म प्र.को.नि. राजकुमार श्रेष्ठले गलत कार्य गरेको देखिन आयो । तर निजले यो सीलबन्दी खाम नखोलेको भए सरकारी कागज कीर्ते गरिएको यो जस्ता जघन्य अपराध लुक्न सक्ने प्रवल सम्भावना रहेको तथ्यलाई मनन गरी प्रस्तुत केशमा राजकुमार श्रेष्ठलाई ध्यानाकर्षण गराउन महालेखा नियन्त्रकलाई लेखिएको ।

प्र.जि.अ. एवं बढुवा समितिका अध्यक्ष ललितबहादुर थापाले कार्य व्यस्ततामा गर्दा बढुवा सम्बन्धी सम्पूर्ण कार्य सदस्यद्वय होमराज ओझा र कृष्णप्रसाद भण्डारीलाई जिम्मा दिएको निजहरुले ठीक छ भनेकोले सही गरेको साथै केरमेट भएको सम्बन्धमा २०५६।१।३ मा प्रशासकीय अधिकृत होमराज ओझाले लेखेको पत्रबारे कुनै जानकारी नगराएको भन्ने प्र.जि.अ.को भनाई भएको र प्र.अ. हेमराज ओझाको बयानबाट समेत निजको सो कुरा पुष्टी हुन आएको प्रस्तुत केशमा प्र.जि.अ.को कुनै संलग्नता नदेखिए ता पनि कार्यालय प्रमुख सचिव भई पेश गर्नु पर्ने बढुवा सम्बन्धी कागजात मात्र ६ दिनको लागि निमित्त कार्यालय प्रमुख भएको व्यक्तिले निमित्त सचिव भई पेश गरेको कागजातउपर निर्णय गर्न मिल्ने नमिल्नेतर्फ केही नबुझी यस्तो शंकास्पद स्थितिमा पेश भएका कागजातहरु नहेरी बढुवा सिफारीशको निर्णय गरेकोबाट बढुवा समितिका अध्यक्षको हैसियतले निजले गर्नु पर्ने कर्तव्य पूरा गरेको देखिन आएन । अतः निजलाई अब आइन्दा सचेत रहन गृह मन्त्रालयमार्फत् ध्यानाकर्षण गराइएको ।

प्र.अ. होमराज ओझाले नि.को.ले.नि. कृष्णप्रसाद भण्डारीको विश्वासमा परी निर्णयमा सही गरेको हुं, निर्दोष छु भनी बयान गरे ता पनि निजले मिति २०५६।१।३ मा को.ले.नि.कालाई लेखेको पत्रबाट बढुवा समितिमा पेश भएका का.स.मू.हरु वैठक वस्नु अघिदेखि नै केरमेट गरी केमिकल लगाई सच्याइएको अवस्थामा रहेको भन्ने कुराको निजलाई जानकारी थियो भन्ने पुष्टी हुन आउंछ । निजले बढुवा समिति बस्दा केरमेट भएको थिएन, सबै ठीक थिए भनी आयोगसमक्ष गरेको बयान निजकै उपरोक्त पत्रको व्यहोराले सांचो हो भनी पुष्टी हुन आएन । आफ्नो बचाउमा झूठो बयान गरेको देखिन आयो, साथै २०५६।१।३ को पत्रबारे समेत प्र.जि.अ.लाई जानकारी नदिई लेखेको देखिनाले निज यस विवादित मुद्दामा निर्दोष छन् भन्न सकिने अवस्था देखिएन । कीर्ते जस्तो कार्यमा निजको प्रत्यक्ष संलग्नता भएको नदेखिए ता पनि शान्तकुमार लामालाई बढुवा गराउने कार्यमा पेश भएका फायल

कागजातहरु केही नहेरी कोष नियन्त्रक भण्डारीको विश्वासमा सही गर्नु, प्र.जि.अ.लाई सबै ठीक छ भनी झूठो विवरण दिनु र लेखेको पत्रसमेत बारे जानकारी नदिनु आदि कुराबाट निजले अनुचित कार्य गरेको देखिंदा निज हेमराज ओझाउपर विभागीय कारबाईको लागि गृह मन्त्रीलाई लेखिएको ।

५. संझना फाइनान्स कं.लि.को रु. १००।- दरका ९०,००० कित्ता शेयर सर्वसाधारणमा निस्कासन गर्दा बिक्री नभएका शेयर खरीद गर्ने गरी राष्ट्रिय वाणिज्य बैंकले सो फाइनान्स कम्पनीको आर्थिक स्थिति, प्रतिष्ठा, शाख विचार नगरी प्रत्याभूति दिएकोमा अख्तियारको दुरुपयोग भएको भन्ने विषयको उजूरीउपर अनुसन्धान हुंदा निम्न बमोजिम गरिएको :-

क. संझना फाइनान्स कम्पनी मिति २०५१।६।२४ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको, सो कम्पनीले मिति २०५२।१।१० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्ने अधिकार पाएको, कम्पनीले आफ्नो ९०,००० थान शेयर सर्वसाधारणमा जारी गर्न निष्कासन प्रबन्धक भई काम गर्न राष्ट्रिय वाणिज्य बैंकलाई अनुरोध गरी मिति २०५२।३।१४ मा पत्र पठाएको, राष्ट्रिय वाणिज्य बैंकले २०५२।५।६ मा कम्पनीको शेयर सर्वसाधारणलाई बिक्री वितरण गर्न निष्कासन प्रबन्धक भई काम गर्ने र शेयरको प्रत्याभूति समेत गर्ने निर्णय गरेको र सो अनुसार राष्ट्रिय वाणिज्य बैंक र संझना फाइनान्स कम्पनीबीच मिति २०५२।७।३ मा सम्झौता भएको, राष्ट्रिय वाणिज्य बैंक, नागरिक लगानी कोष र नेशनल फाइनान्स कम्पनीबीच मिति २०५२।१०।४मा आंशिक सहप्रत्याभूति सम्बन्धी संझौता भई २०५३ आषाढ श्रावणमा शेयर बिक्री गर्दा ९०,००० कित्ता शेयरमध्ये कुल १५,६०० (१७.३३ प्रतिशत) बिक्री भएको र बांकी शेयरमध्ये ६५,३०० कित्ता शेयर राष्ट्रिय वाणिज्य बैंकले, ८३० कित्ता नेशनल फाइनान्स कम्पनीले र ८,२७० कित्ता नागरिक लगानी कोषले खरीद गरेको देखियो । राष्ट्रिय वाणिज्य बैंकले सो कम्पनीको १०,००० कित्ता शेयर मात्र खरीद गर्ने निर्णय गरेकोमा प्रत्याभूति गरेको कारणले गर्दा थप ५५,३०० कित्ता शेयर खरीद गर्न बाध्य हुनुपरेको र सोको लागि प्रति शेयर रु ५०।- का दरले रु २७,६५,०००। बढी लगानी गर्नुपरेको देखियो ।

ख. राष्ट्रिय वाणिज्य बैंकका कार्यकारी अध्यक्ष तिलक रावल, अधिकृत रामशान्त श्रेष्ठ, संझना फाइनान्स कं.लि.का अध्यक्ष श्यामबहादुर श्रेष्ठ समेतको मिलोमतोमा राष्ट्रिय वाणिज्य बैंकलाई ठूलो हानी नोक्सानी पुऱ्याएको भन्ने उजूरीमा उल्लेख भए पनि शेयर अण्डरराइटिङ गर्ने कार्य कार्यकारी अध्यक्ष तिलक रावलको कार्यकालमा नभई अध्यक्ष तथा महाप्रबन्धक गुरुप्रसाद न्यौपानेको कार्यकालमा निज र नायब महाप्रबन्धक रमेशप्रसाद उपाध्याय, विभागीय प्रमुख रामशान्त श्रेष्ठ र नायब मुख्य अधिकृत शुभनरसिं प्रधान भएको समितिले गरेको र कार्यकारी अध्यक्ष तिलक रावलको समयमा पूर्व सम्झौता कार्यान्वयनको काम मात्र भएको हुंदा निजको हकमा केही गर्नुपर्ने देखिएन । संझना फाइनान्स कम्पनीले राष्ट्रिय वाणिज्य बैंकलाई शुरुमा शेयर निष्काशन मात्र गर्ने प्रस्ताव दिएकोमा पछि शेयर प्रत्याभूति (अण्डरराइटिङ) समेत गर्ने निर्णय राष्ट्रिय वाणिज्य बैंकले गरेकोले नै ठूलो रकम बैंकले लगानी गर्नु परेको देखियो । शुरुका वर्षमा कम्पनी घाटामा गए पनि कम्पनीको आर्थिक स्थिति क्रमशः राम्रो भएको देखिएकोले लगानीको रकम डुबाएको भनी निर्णय गर्ने पदाधिकारीहरुउपर कारबाई गर्नुपर्ने स्थिति छैन । यस किसिमको शेयर अण्डरराइटिङको काम गर्दा सर्वसाधारणले शेयर नलिएमा हुन सक्ने जोखिम पनि लिनुपर्ने र २०५२ वैशाखमा शुरु भएको फाइनान्स कम्पनीको २०५२ भाद्रमा शेयर प्रत्याभूति गर्ने निर्णय राष्ट्रिय वाणिज्य बैंकले गरेको हुंदा शुरुको ४ ५ महिनाकै कारोवारको आधारमा मूल्यांकन गर्ने कुनै पनि स्पष्ट संकेत प्राप्त नहुने र अण्डरराइटिङको विषय नौलो विषय भएकोले कम्पनीको आर्थिक स्थिति आदि अध्ययन नगरेको भनी निजहरुलाई कारबाई गर्नुपर्ने पनि देखिन आएन ।

ग. आइन्दा शेयर अण्डरराइटिङ गर्दा कम्पनीले पेश गरेको प्रस्तावमा मात्र भर नपरी अर्थतन्त्रको हालको र प्रक्षेपित समुच्चा स्थिति, कम्पनीको हालको स्थिति र भविष्यको संभावित स्थिति, शेयर बजारको समुच्चा स्थिति, शेयर निष्कासन गर्दा सर्वसाधारणले लिने शेयर संख्याको अनुमान, अण्डरराइटिङ गर्दा शेयर लिनुपर्ने वाध्यता परेमा प्रति शेयर पाइन सक्ने प्रतिफल, संस्थापकहरुको अनुभव आदि अध्ययन विश्लेषण आफैले गरेर मात्र शेयर अण्डरराइटिङ गर्न राष्ट्रिय वाणिज्य बैंकको ध्यानाकर्षण गराइएको ।

घ. कम्पनी ऐन, २०२१ को दफा १६ बमोजिम विवरण पत्रमा हुनुपर्ने संझना फाइनान्स कम्पनीको २०५२ आषाढको यथार्थ वासलातको रुपरेखा विवरण पत्रमा नभएको र २०५२ पौषको नाफा सो कम्पनीले राखेको सेस्ताभन्दा फरक सिद्धान्त प्रयोग गरी हिसाब गरी विवरण-पत्रमा लेखिएको सम्बन्धमा विवरण पत्र स्वीकृत गर्ने कम्पनी रजिष्ट्रारको कार्यालयले नहेरेको देखियो । यसैले कम्पनीहरुले पेश गरेको विवरण चेक गरी कम्पनी ऐन बमोजिम विवरण पत्रमा हुनुपर्ने सबै विवरण भएको विवरण पत्र मात्र स्वीकृत गर्न कम्पनी रजिष्ट्रारको कार्यालयलाई सुझाव पठाइएको ।

ङ. संझना फाइनान्स कम्पनीले २०५२ आषाढको नोक्सान विवरण पत्रमा नदेखाएको र २०५२ पौषसम्मको नाफा भनी विवरण पत्रमा लेखिएको आय रु.२.७० लाख सो कम्पनीले राखेको सेस्ताबाट समर्थन नहुने भएकोले जुन

हिसाब सेस्ताबाट आउंछ सोही हिसाब मात्र जनसाधारणलाई र सम्बन्धित निकायहरुलाई दिन संझना फाइनान्स कम्पनीको ध्यानाकर्षण गराइएको ।

च. संझना फाइनान्स कम्पनीका प्रवन्ध सञ्चालक श्यामबहादुर श्रेष्ठले कम्पनीको सेस्ता अनुसार नेपाल राष्ट्र बैंकलाई पठाएको हिसाबमा २०५२ पौषसम्म रु. १,२०,९७३।६९ नोक्सान भएकोमा सोमा फरक पारी रु. २,६९,५५१।६४ नाफा देखाई नाफा नोक्सानमा रु.३,८९,५९५।३४ फरक पारी कुनै टिप्पणी नलेखी राष्ट्रिय वाणिज्य बैंक र सर्वसाधारणलाई समेत झुक्यानमा पार्ने मनसायले वासलात तयार गरी पठाउने संझना फाइनान्स कम्पनीका तत्कालीन सञ्चालक दीपक रिमाललाई सचेत गराई सोको अभिलेख राख्न भनी संझना फाइनान्स कम्पनी, राष्ट्रिय वाणिज्य बैंक, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयलाई समेत लेखिएको ।

६. चपली भद्रकाली गा.वि.स., वडा.नं. ७ (ग) कि.नं. ७४ को ०-७-०-० जग्गामा बनेको घरसमेत २०३६ सालमा खरीद गरी बसोवास गर्दै आएको र उक्त घर जग्गा वरिपरी पर्खाल लगाउने क्रममा विशेष प्रहरी विभागका एक अधिकृतले प्रतिशोध लिन गरेको उजूरीका आधारमा बिना कसूर विशेष प्रहरी विभागले उपस्थित गराई तारेखमा राखेको भनी शम्भुप्रसाद अर्यालले यस आयोगमा दिएको उजूरीउपर अनुसन्धान हुंदा घर नभएको जग्गालाई घर भएको भनी मोहीयानी खरीद बिक्री गर्ने गराउने गैर कानूनी कार्य भएको, अप्रमाणित (दर्ता वांकी) जग्गा खरीद बिक्री नहुनेमा खरीद बिक्री गर्ने गराउने कार्य भएको तथा अप्रमाणित (दर्ता वांकी) भन्ने स्पष्ट रुपमा जनिएको जग्गा मोहीयानीको प्रमाण-पूर्जा आदि केही पनि नहेरी फिल्ड निरीक्षण गर्ने गराउने प्रचलन त्यसवेला नभएको निर्देशन पनि नभएको भन्ने प्रतिवाद गरे ता पनि आफ्नै मातहतको नापी शाखामा रहेको नक्सा फील्डवूक आदिमा घर भए नभएकोतर्फ विचारै नगरी हेर्दै नहेरी हाकिमको अनुपस्थितिमा त्यस्तो लिखत (रजिष्ट्रेशन) पारीत गर्ने ना.सु. हेमनाथ ढकाल र रामकृष्णराज तिमिल्सीनाले पदीय जिम्मेवारी इमान्दारीताका साथ पालना नगरी अनुचित कार्य गरेको देखिएकोले निजहरुलाई निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय कारबाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

अनाधिकार पारीत भएको उक्त लिखत सम्बन्धमा आवश्यक कारबाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको तथा ना.सु. शम्भुप्रसाद अर्याल आफू भूमिसुधार कार्यालयमा कार्यरत कर्मचारी भई जानी जानी विद्यमान ऐन, कानूनको उल्लंघन गरी घर नै नभएको जग्गामा घर छ भनी झुठ्ठा विवरण दिई लिखत तयार गरी गराई मोहियानी हक खरीद गरेको देखिदा त्यस्तो अनुचित कार्यउपर निजलाई पनि निजामती सेवा ऐन तथा नियमावली बमोजिम विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिएको ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६. क बमोजिम लिखत पारीत गर्दा फिल्ड निरीक्षण गर्ने गरेको नपाइएको र अप्रमाणित (दर्तावांकी) जग्गा खरीद बिक्री गर्ने गरेको कार्यलाई रोकथाम गर्ने प्रयोजनका लागि भूमिसुधार तथा व्यवस्था मन्त्रालयको ध्यानाकर्षण गर्न लेखिएको ।

७. तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्री समेतले सुर्खेत-जुम्ला राजमार्गको काममा करोडौं रुपैयाको भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा यसमा प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०४९ (संशोधन सहित) अनुसार २१ दिनको म्याद दिनु पर्नेमा ७ दिनको म्याद दिई टेण्डर आव्हान गरेको देखियो । यसरी छोटो अवधिको टेण्डर माग गर्नु परेमा ऐ नियमावलीको नियम ५६(ख) अनुसार मं.प.बाट स्वीकृति लिनु पर्नेमा सो कानूनी व्यवस्थाको पालना भएको देखिएन । यसर्थ मन्त्रिपरिषद्मा मात्र निहित रहेको अधिकार मन्त्रीबाटै प्रयोग भएको र सचिवबाट पनि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने गरी कारवाई गर्नु पर्नेमा नगरेको सन्दर्भमा तत्कालीन निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छेदार र का.मु. सचिव बरुणप्रसाद श्रेष्ठलाई सचेत गराई सोको बोधार्थ तथा कार्यार्थ मन्त्रिपरिषद् सचिवालयलाई दिइएको ।

८. विशेष प्रहरी विभागमा प्रहरी सहायक निरीक्षक पदपूर्ति गर्दा अनियमित भएको भन्ने उजूरीका सम्बन्धमा उक्त विभागको रिक्त प्रहरी सहायक निरीक्षक पद ३ खुला प्रतियोगिताबाट पूर्ति गर्न मिति २०५५।२।१३ मा प्रकाशन भएको सूचना अनुसार २०५५ असोज २३ र २४ मा लिखित परीक्षा लिएपछि उत्तर पुस्तिकामा कोड नम्वर राखी विभिन्न व्यक्तिहरुलाई परीक्षण गर्न दिएको र सो परीक्षण पछि अनुत्तीर्ण भएकालाई उत्तीर्ण गराउने मनसायले उत्तर पुस्तिकामा राखिएको कोड नम्वरको गोप्यता भंग गर्ने काम गरी उत्तर पुस्तिका सच्याएर उत्तीर्ण नभएका व्यक्तिहरुलाई उत्तीर्ण र उत्तीर्ण भएकालाई अनुत्तीर्ण गराएको देखिदा सो कार्यमा संलग्न देहायका व्यक्तिहरुलाई देहाय बमोजिम गर्न लेखिएको :

(क) छनौट समितिका पदाधिकारीहरु :- खुला प्रतियोगिताबाट पदपूर्ति छनौट समिति गठन भई शारीरिक तन्दुरुस्ती परीक्षण गरेपछि लिखित परीक्षा लिएको र सो लिखित परीक्षाको उत्तरपुस्तिकामा कोड नम्वर राखी विभिन्न व्यक्तिहरुलाई परीक्षण गर्न दिएकोमा ती उत्तरपुस्तिका जांच गरिसकेपछि अनुत्तीर्ण भएकालाई

उत्तीर्ण गराउने मनसायले परीक्षकहरु समेतलाई हात लिई कोड नम्वरको गोप्यता समेत भंग गराएको देखिएबाट छनौट समितिमा रहने र उत्तरपुस्तिका जांच गर्ने व्यक्तिहरुबाट निष्पक्षतापूर्वक कार्य गरेको भन्न मिल्ने देखिएन । प्रतिस्पर्धात्मक खुला प्रतियोगिताको परीक्षा लिई सकेपछि कोड नम्वर राख्ने निस्पक्षतापूर्वक परीक्षण गराउने कार्यमा छनौट समितिमा रहने व्यक्तिहरुको मूख्य जिम्मेवारी भएकोमा छनौट समितिका अध्यक्ष ज्ञानकाजी शाक्यले जिम्मेवारी पूरा नगरेको र कोड नं.१३६ अंग्रेजी विषयको उत्तर पुस्तिकामा अनुत्तीर्ण भएको परिक्षार्थीलाई पहिले पेन्सिलले दिएको अंकमा अनुत्तीर्ण भएकोमा केरमेट गरी वढी अंक दिई उत्तीर्ण गराएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(घ) अनुसारको कसूर गरेकोमा का.मु. वरिष्ठ प्रहरी उपरीक्षक महावीरप्रसाद मल्ली र लोकसेवा आयोगका मुख्य मनोविज्ञान विज्ञ श्रीमती जया पाण्डेले सो कार्यमा आफ्नो संलग्नता नभएको भन्ने बयानमा उल्लेख गरे ता पनि छनौट समितिको सदस्यको हैसियतबाट परीक्षा संचालन र उत्तरपुस्तिका परीक्षण कार्य निष्पक्षतापूर्वक गराउने दायित्व भएकोमा सो पदीय कर्तव्य पालन नगरेको देखिएकोले सोही ऐनको दफा ३(घ) अनुसारको कसूरमा दफा १२(१) बमोजिम विभागीय कारबाई गर्न सम्वन्धित अख्तियारवालासमक्ष लेखिएको ।

(ख) उत्तरपुस्तिका परीक्षकहरु क्रमशः तत्कालीन उप सचिव कौशलदेव जोसीले कोड नं .२१८ र २२३ को नेपाली रचना विषयको उत्तरपुस्तिकामा दिएको अंक केरमेट गरी सच्याएर अनुत्तीर्ण हुने परीक्षार्थीलाई उत्तीर्ण गराएको, तत्कालीन उप-न्यायाधिवक्ता राधाकृष्ण उप्रेतीले कोड नं. ५३१, ५३२ र ५४० को नेपालको संविधान विषयको उत्तरपुस्तिका केरमेट गरी सच्याएर अनुत्तीर्ण हुने परीक्षार्थीलाई उत्तीर्ण गराएको र का.मु. प्रहरी वरिष्ठ उपरीक्षक सच्चिदानन्द सिटौलाले कोड नं. ३६० को सेवा सम्बन्धी विषयको उत्तरपुस्तिकामा उत्तीर्ण नभएको परिक्षार्थीलाई अंक थपी उत्तीर्ण गराएको र कोड नं.३५६ को उत्तरपुस्तिकामा उत्तीर्ण भएकालाई केरमेट गरी सच्याएर अनुत्तीर्ण गराई ऐ ऐनको दफा ३(घ) बमोजिमको कसूर गरेकाले ऐ ऐनको दफा १२(१) बमोजिम विभागीय कारबाई गर्न अख्तियारवालासमक्ष लेखी पठाइएको ।

(ग) विशेष प्रहरी विभागका तत्कालीन का.मु. मुख्य अधिकृत मदनबहादुर पाण्डेको हकमा छनौट समिति निजको तजविजले गठन गरेको नभई कानूनमा व्यवस्था भए बमोजिमको छनौट समिति भएकोले निजको नियन्त्रणमा रहने नदेखिंदा निजको हकमा केही नगरिएको ।

(घ) छनौट समितिका सदस्य प्रहरी नायव महानिरीक्षक दिलुप्रसाद व्यान्जु श्रेष्ठले उत्तरपुस्तिका परीक्षण गरिसकेपछि परीक्षार्थीले प्राप्त गरेको अंक सच्याई दिएको अंक टेवुलेसन गरी छनौट समितिमा पेश हुदा निज सरकारी काजमा अन्यत्र गई समितिमा उपस्थित नरहेको कारणबाट सो कार्यमा निजको संलग्नता नदेखिएकोले निजउपर कारबाई गर्नुपर्ने देखिएन ।

(ङ) प्रहरी सहायक निरीक्षक पदका लिखित परीक्षामा सम्मिलित भएका परिक्षार्थीद्वय राजाराम पोखरेल नेपालको संविधान, नेपाली रचना र अंग्रेजी विषयको र सुवर्ण लामा नेपाली रचना र अंग्रेजी विषयको लिखित परीक्षामा उत्तीर्ण हुन नसक्ने देखिएकोमा छनौट समितिका पदाधिकारी र उत्तरपुस्तिका जांच गर्ने परीक्षकहरुको मिलोमतोबाट अंक सच्याई उत्तीर्ण गराई अनुचित कार्य भए गरेको देखिएकाल अनुचित कार्यको परिणाम दूषित हुने र दूषित परिणाम कायम राख्न मनासिब नभएकोले निज दुई जना व्यक्तिहरुको नियुक्ति बदर गर्न अख्तियारवालासमक्ष लेखिएको ।

(च) अनुसन्धानबाट अंग्रेजी विषयको कोड नं. १४२ र सेवा सम्बन्धी विषयको कोड नं. ३५६ का दुई जना परीक्षार्थीहरु क्रमशः प्रद्युम्न घिमिरे र शिवकुमार पौड्याल उत्तीर्ण भएकोमा अंक सच्याई अनुतीर्ण गराएको देखिएकोले निजहरुलाई उत्तीर्ण घोषित गरी प्रहरी सहायक निरीक्षक पदमा नियुक्ति दिने आवश्यक कदम उठाउन ऐ ऐनको दफा २८(१)(ख) बमोजिम अख्तियारवालासमक्ष सुझाव पठाइएको ।

(छ) विशेष प्रहरी विभागको रिक्त ३ पद प्रहरी सहायक निरीक्षकको प्रतियोगितात्मक खुला परीक्षा लिंदा प्रहरी नियमावली बमोजिम लोकसेवा आयोगको समेत प्रतिनिधित्व रहेको छनौट समिति गठन भई परीक्षा संचालन भएकोमा छनौट समितिबाट लिखित परीक्षा लिई कोड नम्वर राखे ता पनि त्यसलाई गोप्य राख्ने प्रकृया नअपनाएको, उत्तरपुस्तिका जांच गर्न दिंदा प्रायः सबैजसो परीक्षकहरुलाई परीक्षण गर्ने अनुभव नभएको, परीक्षण भएका उत्तरपुस्तिकामा सच्याउने कार्य गरी गलत तरिकाले उत्तीर्ण वा अनुत्तीर्ण गराउने कार्य समेत भएको देखिदा निजामती सेवा जस्तै प्रहरी सेवाको लागि लिइने प्रतियोगितात्मक खुला परीक्षा पनि लोकसेवा आयोगबाटै संचालन हुन मनासिब देखिएकोले सो अनुरुप कानूनमा आवश्यक संशोधन गर्न ऐ ऐनको दफा २८ (१)(क) बमोजिम अख्तियारवालासमक्ष सुझाव पठाइएको ।

९. शाही नेपाल वायुसेवा निगममा विभागीय मन्त्रीको आदेशमा आफ्ना मानिसलाई निःशुल्क टिकट बांडेर निगमलाई डेढ करोड घाटा पुऱ्याएको भन्ने विषयको उजूरी निवेदनका सम्वन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

क) यस आयोगको मिति २०५५।११।२५ को निर्णयानुसार आगामी दिनहरुमा उपयुक्त नीति, निर्णय र निगमको हित र औचित्य विपरित अनधिकृत रुपमा टिकट वितरण गरेमा कानून बमोजिम कारवाई गरी सम्बन्धित पदाधिकारीहरुबाट उक्त रकम असूल उपर गरिने छ भनी निगमको अध्यक्षलाई लेखी आवश्यक अनुगमनको लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई बोधार्थ पठाइएकोमा उक्त निगमले मन्त्रालयमा पठाएको मासिक प्रतिवेदन यस आयोगमा प्राप्त भई अध्ययन गर्दा सो प्रतिवेदनको ढांचा सुझाव अनुकूल प्रभावकारी हुने नदेखिएकोले देहाय बमोजिमको विवरण खुल्ने गरी उपयुक्त ढांचामा प्रतिवेदन पठाउने गर्न शा.ने.वा.निलाई सुझाव पठाइएको :

शाही नेपाल वायुसेवा निगम
निःशुल्क तथा रियायती दरमा हवाई टिकट वितरण गरेको वा मालसामान ढुवानी गरेको
२० साल महिनाको मासिक प्रतिवेदन

क्र. सं	व्यक्तिको पूरा नाम, थर	पूरा ठेगाना	निजको सम्बन्धित संस्था वा निकाय	उडानसेक्टर	रियायतको किसिम	रियायत दिनु पर्ने कारण	रियायत दिएको आधार	निर्णय गर्ने अधिकारी	कैफियत

द्रष्टव्य :-
(क) समूहमा रहने व्यक्तिहरुको पनि छुट्टा छुट्टै पूरा विवरण उल्लेख गर्नु पर्नेछ ।
(ख) रियायत दिएको आधारमा त्यस्तो छुटबाट निगमको व्यापार प्रवर्द्धनमा के कस्तो सघाउ पुग्ने हो भन्ने स्पष्ट उल्लेख गर्नु पर्ने छ ।
(ग) निवेदनमा कसैबाट तोक आदेश भई आएको भए आदेश गर्ने पदाधिकारी र आदेशको व्यहोरासमेत प्रष्ट खुलाउनु पर्नेछ ।

तयार गर्ने रुजु गर्ने प्रमाणित गर्ने

यसको बोधार्थ पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई पनि दिइएको ।

ख) निःशुल्क र रियायती टिकट वितरण गर्दा तथा सामान ढुवानी गर्दा दिइने छूट सम्बन्धमा निगमले हालसम्म गरेका विभिन्न मितिका निर्णयहरुको अध्ययन, विश्लेषण गरी एकीकृत रुपमा निश्चित आधारहरु तय गरी रियायत दिने निर्णय गर्ने अधिकारी समेत तोक्ने व्यवस्था गरी सोको जानकारी २ (दुई) महिनाभित्र यस आयोगमा पठाउन निगमको संचालक समितिलाई लेखिएको ।

ग) अत्यधिक रियायती टिकट दिन तोक आदेश गर्ने तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री सलिम मियां अन्सारीको स्पष्टीकरण सन्तोषजनक नभएकोले अ.दु.अ. आयोग ऐन, २०४८ को दफा १२ को उपदफा (१) बमोजिम निजलाई सचेत गराउने निर्णय भएको जानकारी निजलाई दिई सोको बोधार्थ तथा कार्यार्थ निजसंग सम्बन्धित राजनैतिक दलको कार्यालयलाई दिइएको ।

१०. सिरहा जिल्ला, सन्हैठा गा.वि.स.का अध्यक्षले गा.वि.स. लाई प्राप्त सरकारी अनुदान रकममा बेहिसाब गरी भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा सन्हैठा मा.वि. को कम्पाउण्ड पर्खालको काममा हुँदै नभएको पी.सी.सी. (१:३:६) को कामलाई भएको भनी मूल्यांकन गरेको कारणबाट रु. १२,४१२।७० पै. र आयोगबाट भएको स्थलगत नापीबाट यथार्थ काम भन्दा बढी भुक्तानी भएको अन्य आइटमहरुको कूल रु. ५,९१६।४७ समेत जम्मा रु. १८,३२९।१७ अनियमित भुक्तानी हुन गएको देखियो । यसमा सम्पूर्ण निर्माण कार्य गा.वि.स. अध्यक्ष राजेश्वर यादव आफैले अमानतमा गरेपछि जि.वि.स. सिरहाका ओ.सी. दुःखी हरिजन र सब ओ.सी. मोहितनारायण महतोबाट एकैपटक ल.इ. र मूल्यांकन गराएको कार्य नियमसम्मत नहुंदा निम्नानुसार गरिएको :-

क) अनियमित भुक्तानी भएको रु. १८,३२९।१७ पै. गा.वि.स. अध्यक्ष राजेश्वर यादव आफैले बुझिलिएको हुंदा सो रकम निजबाट असूलउपर गरी यस आयोगमा जानकारी पठाउन जिल्ला प्रशासन कार्यालय, सिरहालाई लेखिएको ।

ख) आ.प्र.नियमावली, २०४२ (संशोधनसहित) को नियम २२ को प्रावधान विपरित एकैपटक ल.इ. र मूल्यांकन गर्ने गराउने गा.वि.स. अध्यक्ष राजेश्वर यादव, ओ.सी. दुःखी हरिजन र स.ओ.सी. मोहितनारायण महतोलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

११. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाबाट ओभरड्राफ्ट कर्जा बापत रु ९,००,०००।- लगानी गरेको रकम असूली नभएकोले सो धितो राखिएको जग्गा लिलाम गर्दा रु. ५१,५५५।- न्यून रकमको लिलाम सकार गरी भ्रष्टाचार गरे भन्ने ब्यहोराको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा तत्कालीन महाप्रबन्धक लक्ष्मणबहादुर हमालको तोकादेशबाट तारामान वज्राचार्यले रा.वा.बैंक, मैतीदेवी शाखाबाट रु. ९,००,०००।- ओभर ड्राफ्ट कर्जा लिएको र सो का लागि का.जि. कोटेश्वर तीनकुने स्थित विष्णुकुमारी दाहालको नाउंको जग्गा क्षेत्रफल ४-३-०-० धितो राखिएकोमा ऋणीले ऋण चुक्ता नगरेकोले पटक पटक लिलामी सूचना प्रकाशित गर्दा समेत लिलाम सकार नभई मिति २०४९।१०।१४ को सूचना बमोजिम सुनिता पराजुलीको सबै भन्दा बढी रु. ५१,५५५।- को सीलबन्दी टेण्डर परेकोमा मिति २०४९।११।६ मा मुना श्रेष्ठले रु. ६,५०,०००।- मा उक्त जग्गा खरीद गर्न भनी रा.वा. बैंक, भोटाहिटी शाखाको चल्ती खातामा रकम जम्मा गरी सोको भौचर संलग्न गरी रा.वा. बैंक, मैतीदेवी शाखामा निवेदन दिएको र रा.वा. बैंक, मैतीदेवी शाखाले उक्त रकम रोक्का समेत राखी शाखाबाट पुनः लिलाम गर्न वा बैंक स्वयंले सकार गर्न पर्ने भन्ने ब्यहोराको राय पेश हुदा समेत त्यसउपर सोच विचार नै नगरी लिलाम सदर गर्ने गराउनेतर्फ मात्र उन्मुख भई सुपरीवेक्षण कार्यालय, काठमाडौं, कर्जा असुली समितिको बैठक नं १५ मिति २०४९।१२।२४ बाट उक्त बोल रकम सदर भएको देखिन्छ । सुपरीवेक्षण कार्यालयको क्षेत्राधिकारमा परेको विषयलाई मिति २०५०।२।४ को ८२९ औं संचालक समितिको बैठकद्वारा अनुमोदन समेत भएको देखिन्छ ।

सुनिता पराजुलीको बोल रकम स्वीकृत गर्नुपर्ने कारणमा अधिल्लो धितोको नाता नटुटेसम्म ऋणीको अन्य जायज्येथाबाट असूल उपर गर्न नमिल्ने भनी उल्लेख गरिएको भए ता पनि आजसम्म ऋणीको अन्य सम्पत्ति खोज तलास गरी कारबाई भए गरेको पाइएन । तसर्थ लिलाम सदर गर्ने वाध्यता नरहेको स्थितिमा यति कम रकमको लिलाम सदर गर्नु पर्ने अवस्था देखिन आएन । सोही जग्गा मध्येबाट र.नं. ११६२९ बाट मिति २०५२।२।१० मा सुनिता पराजुलीले वंशीराम श्रेष्ठलाई १-३-२-० जग्गा राजिनामा पास गरी दिंदा रु ११,५०,०००।- मा बिक्री गरेको देखिदा लगानी असुरक्षित, कच्चा भन्ने रायसंग सहमत हुन पनि सकिएन । यसमा सर्वोच्च अदालतको मिति २०५४।२।७ को निर्णय बमोजिम साविकको लिलाम सम्बन्धी कारबाई बदर भई पुनः लिलाम सम्बन्धी कारबाई गर्नु पर्ने हुंदा भ्रष्टाचारको कसूरमा कारबाई गर्नु परेन । तर ज्यादै न्यून रकममा लिलाम सदर गरी बैंकलाई हानी नोक्सानी पुऱ्याउने गरी सुपरीवेक्षण कार्यालय, काठमाडौं, कर्जा असूली समिति बैठक नं १५ मिति २०४९।१२।२४ को बैठकमा भाग लिई निर्णय गर्ने उक्त समितिका अध्यक्ष तथा तत्कालीन विभागीय प्रमुख खगेन्द्रनाथ शर्मा ढुंगाना, सदस्यद्वय विदुरप्रसाद आचार्य (तत्कालीन ना.मु.अ.सु.का काठमाडौं), र श्रीमती विन्दु राजभण्डारी (तत्कालीन स.ले.अ.,सु.का.काठमाडौं) मध्ये विदुरप्रसाद आचार्य हाल सेवामा नरहेकोले निजको अभिलेख राख्न अर्थ मन्त्रालय र रा.वा.बैंक, केन्द्रीय कार्यालयमा लेखिएको र कर्जा असूली विभागका तत्कालीन विभागीय प्रमुख मोहन न्यौपानेले बैंकको हीतलाई ध्यानमा राखी रु.६,५०,०००।- को प्रस्ताव आएको तर्फ विचार गरी पुनः टेण्डर गराउने तर्फ प्रयास गर्नु पर्नेमा उल्टै लिलाम सकार गर्नेतर्फ नै जोड गरी सुपरीवेक्षण कार्यालय र शाखा कार्यालयलाई पत्राचार गरेको देखिंदा निज समेत खगेन्द्रनाथ शर्मा ढुंगाना र श्रीमती विन्दु राजभण्डारीलाई विभागीय कारबाई गर्न रा.वा.बैंक, संचालक समितिमा लेखिएको । आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भनी गरिएको पूर्व निर्णयतर्फ विचार नगरी अत्यन्तै न्यून रकममा लिलाम सकार गरिएको कार्यलाई समर्थन गर्ने उद्देश्यले पुनः संचालक समितिसमक्ष पेश गर्न लगाई अनुमोदन गर्ने तत्कालीन संचालक समितिका पदाधिकारीहरु कार्यकारी अध्यक्ष, राजेश्वर आचार्य, संचालकहरु डा. हरिहरदेव पन्त, डेपुटी गभर्नर ने.रा.बैंक, मुकुन्दप्रसाद अर्याल, सह-सचिव अर्थ मन्त्रालय, उपेन्द्रबहादुर प्रधानाङ्ग, प्राध्यापक, त्रि.वि.वि., सुबोधनारायण झा प्राध्यापक, त्रि.वि.वि., वनवारीलाल मित्तल र कृष्णमणि आ.दी. तथा संचालक समितिको सचिव, रा.वा.बैंक समेत ७ जनालाई अ.दु.अ.आ. ऐन, २०४८ को दफा ३ को कसूरमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ (२) बमोजिम सचेत गराउन सम्बन्धित अख्तियारवालाहरु अर्थ मन्त्रालय, राष्ट्रिय वाणिज्य बैंक र त्रि.वि.वि.मा लेखिएको । हाल सेवामा नरहेका संचालक सदस्यहरु मध्ये हरिहरदेव पन्त र वनवारीलाल मित्तलको हकमा अभिलेख राख्न मन्त्रिपरिषद् र अर्थ मन्त्रालयमा लेखिएको । साथै रीट नं. ३५४४ मा सर्वोच्च अदालतबाट मिति २०५४।२।७ मा भएको आदेश कार्यान्वयन गर्न समेत राष्ट्रिय वाणिज्य बैंकलाई लेखिएको ।

१२. जिल्ला शिक्षक छनौट समिति, कैलालीले आ.व. २०५२।५३ मा ५१ जना प्रा.वि. शिक्षक पदको लागि विज्ञापन प्रकाशित गरी प्रतियोगितात्मक लिखित परीक्षा लिई ७५ जना सफल उम्मेदवारहरुको नामावली प्रकाशित गरी सकेको अवस्थामा अनियमित तवरबाट १४ जना परीक्षार्थीहरुलाई पुनर्योगबाट सफल गराई तत्कालीन जि.शि.अ. देवीदत्त भट्ट र अस्थायी वि.नि.तथा शिक्षक छनौट समितिका सदस्यसचिव हिक्मतबहादुर शाहले भ्रष्टाचार गरेको र यसै गरी क्षेत्रीय शिक्षक छनौट समितिका अध्यक्ष तथा क्षे.शि.नि., दीपायलका निर्देशक नीलबहादुर के.सी. समेतले अनियमित तवरबाट पुनर्योग गराई उम्मेदवारहरुलाई सफल गराएको भन्ने उजूरीउपर अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

क) शिक्षक छनौटका लागि लिइएको लिखित परिक्षामा प्रा.वि. शिक्षकको लिखित परीक्षामा कैलालीका जि.शि.अ. देवीदत्त भट्ट, वि.नि. हिक्मतबहादुर शाह, प्र.अ. यादवप्रसाद जोशी, प्र.अ. खगेन्द्रदत्त चटौत र शिक्षक हेमराज ओझाले लिखित परीक्षामा १२ जना उम्मेदवारहरुले पहिला प्राप्त गरेको अंकबाट अनुत्तीर्ण हुने देखी पुनर्योग गर्दा अनियमित तवरबाट अंक थप गरेको, यसैगरी मा.वि. र नि.मा.वि.का शिक्षक छनौटको लिखित परीक्षामा सु.प.क्षे.शि.नि., छनौट समिति दीपायलका तत्कालीन निर्देशक नीलबहादुर के.सी.,प्राविधिक शा.अ. लालसिं टेर, प्र.अ. राधेश्याम जोशी, शिक्षक लालबहादुर कठायत र प्र.अ. मुक्तिनाथ शर्मा समेतले १३ जना उमेद्वारहरुको साविक अंकबाट अनुत्तीर्ण हुने देखी पुनर्योगबाट अंक थप गरी अनियमित तवरबाट उत्तीर्ण गराएको र सो सम्बन्धमा उल्लिखित उम्मेदवारहरुको उत्तर पुस्तिका विधिविज्ञान प्रयोगशालामा परीक्षण गर्दा साविक अंकमा केरमेट गरी तपसीलमा उल्लिखित तालीका १ र २ मा उल्लेख भए बमोजिमको अंक थप गरी बदनियतकासाथ अनुत्तीर्ण हुने उम्मेदवारहरुलाई उत्तीर्ण गराएको पाइएकोले यसमा निजहरुले अ.दु.अ.आ.ऐन, २०४८ को दफा ३ को देहाय (घ) अनुरुप "आफ्नो तजविजी अधिकार बदनियतसाथ स्वेच्छाचारी रुपमा प्रयोग गरेको" पाइएकोले प्रा.वि. शिक्षक छनौट समितिका पदाधिकारी जि.शि.अ. देवीदत्त भट्ट, प्र.अ. यादवप्रसाद जोशी, प्र.अ. खगेन्द्रदत्त चटौत र शिक्षक हेमराज ओझा तथा मा.वि. र नि.मा.वि. शिक्षक छनौट समितिका पदाधिकारी क्षेत्रीय शिक्षा निर्देशक नीलबहादुर के.सी, प्राविधिक शा.अ. लालसिंह टेर, प्र.अ. राधेश्याम जोशी, शिक्षक लालबहादुर कठायत र प्र.अ. मुक्तिनाथ शर्मा समेतलाई विभागीय कारबाईका लागि अख्तियारवालासमक्ष लेखिएको र प्रा.वि. शिक्षक छनौट समितिका वि.नि. हिक्मतबहादुर शाही अस्थायी रुपमा कार्यरत रहेको र हाल निजले अवकास पाइसकेको हुंदा निजको हकमा अभिलेख राख्ने गरी हाल केही गरी रहन नपरेको ।

तालीका नं. १

आ.व. २०५२।५३मा प्रा.वि. शिक्षक छनौट गर्दा पुनर्योग समिति कैलालीबाट उत्तीर्ण भएका १२ जना व्यक्तिको विवरणः-

क्रसं	रोलनं	कोर्ड नं वस्तुगत	कोर्ड नं. विषयगत	नाम, थर	वस्तुगत			विषयगत		
					पूर्व नं	थप नं	जम्मा नं	पूर्व न	थप नं	जम्मा नं
१	९०२	१७७	G ३५६	गणीता कु.चौधरी	४	३	७	११	१८	२९
२	९७८	G २९३	G ४१३	लक्ष्मी कुमारी बम	-	-	-	१४	१०	२४
३	१४२	G ५३७	G ८३८	हेमराज तिमिल्सीना				२१	५	२६
४	१३६	G ५५८	G ८३३	सुरेन्द्रप्रसाद कुस्मी	६	५	११			
५	७२९	G ५८४	G २६९	हेमराज जोशी	९	३	१२	९	२०	२९
६	२०६	G ६११	G ९८४	विजयलक्ष्मी जोशी (मिश्रा)				२०	८	२८
७		G ६२८	G ९९४	टेक ब.वि.के.				९	१८	२७
८	२५०	G ६५४	G १०१०	पार्वती जोशी विनाडी				२१	६	२७
९	२६०	G ६६३	G १०१९	सीताराम अवस्थी				२१	२	२३
१०	४२२	G ९११	G ४६४	पवित्रा सुनार	७	२	९	६	२०	२६
११		G ९२८	G ५६०	सीता जोशी				१२	१२	२४
१२	३९८	G १०९०	G ७२२	मोहनप्रसाद तिवारी	१०	४	१४			

तालीका नं. २

आ.व. २०५२।०५३ मा मा.वि., नि.मा.वि. शिक्षक छनौट गर्दा क्षेत्रीय शिक्षा निर्देशनालय दिपायलका पुनर्योग समितिबाट नम्बर थप भई उत्तीर्ण भएका १३ जनाको विवरण

सनं.	ोल नं	विद्यालय	ोड नं	नाम, थर	विषय	पूर्व नं	थप नं.	जम्मा	कैफियत
१	३६५	नि.मा.वि	N2-46	उषा शर्मा	अंग्रेजी	९	२	११	
२	८४	,,	M2-14 M3-83	देवराज कोइराला	अंग्रेजी	१०	२	१२	

३.	३	,,	M23 Med 79	तेज प्रकाश जोशी	शिक्षा अंग्रेजी शिक्षा	१३ १२ ९.५	३ ५ ४.५	१६ १७ १४	
४	६६	मा.वि.	LMath08	प्रतापसिं साउद	गणित	१६	४	२०	
५	४८	नि.मा.वि	LS2–09	कृष्णबहादुर चन्द	विज्ञान	२१	१	२२	
६	२७	मा.वि.	KN–03	हरिदत्त भट्ट	नेपाली	१६	१४	३०	
७.	१३	,,	KVOCAC–07	मनोज जोशी	लेखा	१४	३	१७	
८	५	नि.मा.वि	KED–24	लक्ष्मीभक्त जोशी	शिक्षा	१२	२	१४	
९	१४२	मा.वि.	KED–104	सुश्री गंगा बोहरा	शिक्षा	६.५	३.५	१०	
१०	८९	नि.मा.वि	KZED–214	मैनाकुमारी जोशी	शिक्षा	११	५	१६	
११	५१	मा.वि.	Ached–24	नथुनी शाह	शिक्षा	७	१	८	
१२	१८	मा.वि.	Ached–59	डिल्लीरमण रेग्मी	शिक्षा	९	१	१०	
१३	३१	मा.वि.	Ded–446 Dotobj–44	सुनलाल थापा	शिक्षा सामान्य ज्ञान	७	१	८ १०→	केरमेट गरी अंक १० बनाईएको, पूर्व अंक यकिन नभएको ।

ख) यसरी माथि उल्लिखित तालीका नं. १ र २ मा उल्लेख भए बमोजिम अनुचित कार्य गरी अंक थप गरी अनियमित तवरबाट उत्तीर्ण गराइएको देखिदा दूषित कार्यको परिणाम दूषित नै हुने हुंदा उल्लिखित रोल नम्बरका उम्मेदवारहरुको लिखित परीक्षा बदर गर्नेतर्फ आवश्यक कारबाईको लागि संविधानको धारा ९८ (२) बमोजिम सम्बन्धित निकायलाई लेखिएको ।

ग) जिल्ला शिक्षा कार्यालय, कैलालीबाट अस्थायी रुपमा कार्यरत विद्यालय निरीक्षक हिक्मतबहादुर शाहलाई यस्तो जिम्मेवारीपूर्ण कार्यमा लगाएको देखिएकोले आइन्दा यस्तो कार्य दोहरिन नदिनका लागि शिक्षा मन्त्रालय मार्फत् लेखिएको ।

१३. सार्वजनिक उद्यान तथा सभागृह विकास समितिमा पसल भाडा, सामान खरीद आदि विभिन्न कार्य हुरुमा भ्रष्टाचार भएको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा पसल बहाल सम्बन्धी विषयमा बांकी बक्यौता असूल हुन काठमाडौं जिल्ला अदालतमा फिराद पत्र दर्ता भइसकेको, कार्यालयको रकम हराएको सम्बन्धमा पनि प्रहरी मार्फत् कारवाई अगाडी बढिरहेको तथा सभागृहको भाडा र कर्मचारीको सरुवा बढुवामा समेत तथ्यगत रुपमा भ्रष्टाचारजन्य कसूर भएको नदेखिएको तर सामान खरीद तथा मर्मतको क्रममा भने अनियमित कार्य भएको देखिंदा निम्नानुसार गरिएको :

क) समितिको आर्थिक नियमावलीको प्रावधान विपरित रु.५०००।- भन्दा बढीको मालसामान बिना कोटेशन सीधै खरीद गरेको (गो. भौ. नं. ८०९, ८११, ९३०, ८२४, ६२७, ८२९, ८५९, ९५३, र ८६०) र रु.५०,०००।- भन्दा बढी लागतको सवारी साधन मर्मत कार्य टेण्डरबाट हुनु पर्नेमा कोटेशनबाट गरेको (बा.अ.भ.४४४१ र २९९६) कार्य समेत अनियमित भएको देखिंदा यसरी वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरी अनुचित कार्य गर्ने सदस्य सचिव पुष्पलाल श्रेष्ठ तथा लेखा अधिकृत सहदेव श्रेष्ठलाई विभागीय कारवाई गरी सोको जानकारी यस आयोगमा पठाउन स्थानीय विकास मन्त्रालयलाई लेखिएको ।

ख) विभिन्न राष्ट्राध्यक्ष वा सरकार प्रमुखहरुको औपचारिक भ्रमणका अवसरमा नागरिक अभिनन्दन आदि कार्यको सिलसिलामा आईपर्ने कार्यहरु गर्दा हुने खर्चको प्रकृया र हरहिसाबको जिम्मेवारीसमेत तोकी समयसापेक्ष रुपमा समितिको प्रचलित आर्थिक नियमावलीमै समुचित परिमार्जन एवं संशोधन गर्न स्थानीय विकास मन्त्रालयमार्फत् समितिको सञ्चालक समितिलाई लेखिएको ।

ग) स्थानीय विकास मन्त्रालयको च. नं. ४१ मिति २०५४।४।२८ र ऐ ३१६ मिति २०५५।२।२७ का पत्रहरु समेतबाट मन्त्रालयको प्रयोगमा रहेको मोटरसाइकल र गाडी मर्मत गर्न लेखिएको आधारमा समितिले खर्च लेखेको सम्बन्धमा मर्मत प्रयोजनका लागी मन्त्रालय स्तरमा छुट्टै प्रकृयाबाट सरकारी बजेट विनियोजन हुने हुंदा हुँदै पनि आफ्नो आयस्रोत आफैले जुटाउनु पर्ने समितिलाई पछि सोधभर्ना समेत नहुने गरी आर्थिक भार लाद्नु मनासिव नहुने भएकोले आइन्दा यसरी मातहतका संघ, संस्थानहरुबाट रकम व्यहोर्नु पर्ने परिस्थिति उत्पन्न हुन नदिन तत्काल आवश्यक व्यवस्था गरी यस आयोगमा जानकारी पठाउन मन्त्रिपरिषद् सचिवालय मार्फत् श्री ५ को सरकारलाई लेखिएको ।

१४. जिल्ला वन कार्यालय, रसुवाका जिल्ला वन अधिकृत रामयशप्रसाद शाहले वन विज्ञान अध्ययन संस्थान, पोखराबाट बी.एस्सी फरेष्ट्री पास गरेको नक्कली प्रमाण-पत्र पेश गरेको भन्ने विषयको उजूरी निवेदनउपर अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :-

क) वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पस, पोखराका क्याम्पस प्रमुख मकवुल हुसेन खांले रेकर्ड नै नहेरी हात हातै हचुवामा पास गरेको भनी प्रमाण-पत्र सहीछाप गरी मिति २०५५।५।३१ मा दिई सकेपछि मिति २०५५।६।१ मा रेकर्ड हेर्दा उत्तीर्ण नभएको देखिएकोले निष्कृय बनाई निजबाट ट्रान्स्कृप्ट मांग गर्न भनी वन विभागका महानिर्देशकलाई अनुरोध गरेको देखियो । यसरी रेकर्ड नै नहेरी नभिडाई बी.एस्सी फरेष्ट्री उत्तीर्ण भएको भनी प्रमाणित गर्ने क्याम्पस प्रमुख मकवुल हुसेन खांलाई यस्तो लापरवाहीपूर्ण कार्य नदोहोऱ्याउन सचेत गराउन त्रिभुवन विश्व विद्यालयमा लेखिएको ।

ख) तत्कालीन का.मु.जि.व.अ. रामयशप्रसाद शाहलाई आफूले बी.एस्सी. फरेष्ट्री उत्तीर्ण गरे नगरेको स्वतः जानकारी हुनेमा उत्तीर्ण नै नभएको विषयमा उत्तीर्ण भएको भनी क्याम्पस प्रमुखबाट प्रमाणपत्र लिएको तर सो प्रमाण पत्र प्रयोगमा भने ल्याई नसकेकोले निजबाट अनुचित कार्य हुन गएकोतर्फ निजलाई विभागीय कारबाई गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखिएको तथा निजले सेवा प्रवेशपछि सम्पत्ति विवरण पेश गरेको नदेखिंदा सम्पत्ति विवरण पेश गर्न लगाउन समेत लेखिएको ।

१५. मिति २०५६।५।५ को राती १०.३० बजे दिल्ली-काठमाडौं आर.ए.नं. २१८ को उडानबाट आएकी उषा सुब्बा नामक यात्रुले ६ सय २० तोला सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा तत्काल कार्यरत प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेतसंग मिलोमतो गरी चोरी पैठारी गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा भन्सार कार्यालयका कर्मचारीहरु विरुद्ध कारबाई गर्नेतर्फ विचार गर्दा ग्रीन च्यानल पार गरेपछि उषा सुब्बा पक्राउ परी ६२० तोला सुन बरामद भएको र सो बरामद भएको सुनको सम्बन्धमा त्रि.वि.स्थल भन्सार कार्यालयबाट कानूनतः कारबाई भई अभियुक्त थुनामा रहेको, उजूरी अनुसार ड्युटीमा खटिएका कर्मचारीलाई उषा सुब्बाले यो यो कर्मचारीलाई यति यति रकम दिएको भन्न नसकेको र सम्बन्धित कर्मचारीहरुले समेत घुस लिएको कुरामा इन्कार भए पनि चोरी पैठारी भएको सुन प्रहरीले पक्राउ गरी भन्सारमा दाखिला गरेको र सो दिन ड्युटीमा कार्यरत निजामती कर्मचारीहरुको कार्य लापरवाहीपूर्ण भएको देखिन आएकोले निम्न कर्मचारीहरुलाई निम्न बमोजिम कारबाईका लागि अर्थ मन्त्रालयमा लेखिएको:

(क). कृष्णप्रसाद अधिकारी, प्रमुख भन्सार अधिकृत : निजले कर्मचारीहरुको खटन पटन गर्ने, कुनै समस्या आई परेमा समाधान गर्ने, कर्मचारी ड्युटी बसे नबसेको चेक जांच गर्नु पर्नेमा कर्मचारीहरु आ-आफ्नो ड्युटीमा बसे नबसेको चेक जांच नगरी लापरवाही गरेकोले निजलाई सचेत गराउने ।

(ख) गंगाप्रसाद शर्मा, भन्सार अधिकृत : निजलाई उक्त समय ग्रीन च्यानलमा ड्युटी खटाइएको रहेछ । ग्रीन च्यानलको वरपरको क्षेत्रमा ल्याइएका लगेजहरु एक्सरे मेशिनमा चेक जांच गर्ने, वरपरका व्यक्तिहरुको समेत सम्पूर्ण रुपमा निगरानी राख्नु पर्नेमा दिल्ली र वम्वईबाट कुर्तासुरुवाल मात्र पैठारी हुने सुन पैठारी हुने नगरेको भनी निजले आफ्नो बयानमा उल्लेख गरी खटाइएको काममा नरहेको र घटित घटनाबाट दिल्लीबाट सुन पैठारी नहुने भन्ने निजको भनाई तथ्यहीन भएकोले निजबाट ड्युटीप्रति लापरवाही गरेको देखिन आएको हुंदा निजलाई सचेत गराउने ।

(ग) उमेशकुमार बस्नेत, भन्सार अधिकृत : निजलाई एग्रोनमा खटाईएको र जहाजबाट ओर्लने प्रत्येक यात्रु भन्सार काउण्टरमा नपुगेसम्म यात्रुहरुको गतिविधि हेर्नु पर्नेमा ६२० तोला सुन शरीर भित्र लुकाई छिपाई ल्याएको अवस्थामा उषा सुब्बाको गतिविधि पहिचान गर्न सकिने अवस्था विद्यमान हुंदा हुंदै पनि सो पहिचान निजले नगरी ड्युटीमा लापरवाही गरेको देखिन आएकोले सचेत गराउने ।

(घ) ना.सु. नरेन्द्र बस्नेत : ड्युटी रजिष्टर अनुसार निजलाई वाकथ्रुमा खटाइएको हुंदा सम्पूर्ण समय यता उता नगई वाकथ्रुमा नै बसी ड्युटी दिनु पर्नेमा सो समय मेरो ड्युटी नभएकोले ६ वजे सांझ नै घर गएको भन्ने निजको भनाई ड्युटी रजिष्टर किताबबाट आधारहीन देखिएकोले निजबाट आफ्नो कर्तव्य पूरा गरेको देखिएन, तसर्थ निजउपर विभागीय कारबाई गर्ने ।

(ङ) ना.सु. (प्रा.) गोविन्दनाथ मिश्र : ड्युटी रजिष्टर अनुसार निजलाई वाकथ्रुमा खटाइएको हुंदा सम्पूर्ण समय वाकथ्रुमा नै बसी कतै नगई ड्युटी दिनु पर्नेमा सुन चोरी पैठारी भएको कुरालाई अनभिज्ञता देखाएकोले आफ्नो ड्युटी प्रति कर्तव्य परायण नभई लापरवाही गरेकोले निजउपर विभागीय कारबाई गर्ने ।

(च) खरीदार, मोहनकुमार पोखरेल : ड्युटी रजिष्टर अनुसार ग्रीन च्यानलमा ड्युटी तोकिएको हुंदा निजले सम्पूर्ण समय ग्रीन च्यानलमा नै बसी कतै नगई ड्युटी दिनु पर्नेमा ड्युटी नै नभएको भन्ने निजको भनाई ड्युटी रजिष्टर किताबबाट असत्य प्रमाणित भएबाट ड्युटी पूरा नगरी लापरवाही गरेको देखिएकोले विभागीय कारबाई गर्ने ।

(छ) खरीदार अशोक सत्याल : निजलाई ग्रीन च्यानलमा ड्यूटी तोकिएको र निजले सम्पूर्ण समय ड्यूटी तोकिएको स्थानमा वस्नु पर्नेमा दिल्ली, बम्बई, कलकत्ताको उडानका यात्रुहरुले सुन पैठारी नगर्ने भएबाट सो उडानबाट यात्रा गर्ने यात्रुहरुको निगरानीमा महत्व नदिई हङ्कङ्ग, सिंगापुर, बैंकक, कतार, दुवईलाई मात्र महत्व दिइने भन्ने निजको भनाई घटित घटनाबाट तथ्यहीन एवं गैर जिम्मेवारीपूर्ण देखिन आएकोले निजलाई विभागीय कारबाई गर्ने ।

१६. जिल्ला जनस्वास्थ्य कार्यालय, सिरहाका कार्यालय प्रमुख डा. राजकुमार चौधरीले अनियमित तवरबाट पियन पदपूर्ति गरी अनुचति कार्य गरेको भन्ने सम्बन्धी उजूरीमा अनुसन्धान हुंदा यसमा सृजना भएका कुनै पनि संगठनका पदहरु सृजना भएका मितिले एक महिनाभित्र अनिवार्य रुपमा निजामती किताबखानामा दर्ता गराउनु पर्ने र दर्ता भएपछि मात्र विज्ञापन गरी पदपूर्ति गर्नु पर्नेमा सृजना भएका पद दर्ता नगराई पदपूर्तिको प्रकृया शुरु गरेको देखिन आयो । सो पदपूर्तिको लागि अन्तरवार्ता लिंदा श्रेणी विहीन कर्मचारीहरुको एक दिनमा ३० जनामा नबढाई अन्तरवार्ता लिनु पर्ने भन्ने लोकसेवा आयोगको प्रतिपादित सिद्धान्त विपरित एकै दिनमा १५० जनासम्मको अन्तरवार्ता लिएको देखियो । एउटै विज्ञापनमा एउटा उमेदवारले एउटा दरखास्त दिन पाउनेमा ८ जनाको दोहोरो दरखास्त लिई अन्तरवार्ता लिएको अन्तरवार्ता चार्टहरुबाट देखिएको छ । अनुपस्थित उम्मेदवार भागवत महतोलाई अन्तरवार्ताकर्ताले अन्तरवार्तामा अंक दिएको पनि देखिन्छ । उम्मेदवारहरुको औसत अंक गणना गर्दा थपघट गरी अन्तिम नतीजा समेत प्रकाशित गरेको देखिन आयो । अनुचित लेनदेनको आधारमा नतीजा प्रकाशित गरेको भन्ने उजूरीको सम्बन्धमा छानबीन नभएसम्म रोक्का गर्नु भन्ने स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, क.प्र. महाशाखाको २०५६।२।३० को फ्याक्स पत्र प्राप्त हुंदा हुंदै पनि विभागीय निर्देशन समेत पालना नगरी नियुक्ति दिएको देखियो । लोकसेवा आयोगबाट लोकसेवा आयोग ऐन, २०८८ को दफा १२(२) अनुसार नियुक्ति अनियमित ठहर गरी नियुक्ति रद्द गर्न लेखेको पत्र समेतबाट निज डा. राजकुमार चौधरीले त्रुटिपूर्ण, अनियमित एवं विभागीय निर्देशन विपरित अनुचित कार्य गरी पियन पदपूर्ति गरी नियुक्ति दिने कार्य गरेकोले जन स्वास्थ्य कार्यालय, सिराहाका तत्कालीन कार्यालय प्रमुख डा. राजकुमार चौधरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को खण्ड (ख), (घ) र (छ) मा उल्लेख भए मुताबिक अनुचित कार्य गरेकोले निजलाई स्वास्थ्य सेवा ऐन, २०५३ को परिच्छेद १० को दफा ७२ को देहाय (क) बमोजिम विभागीय कारबाई गर्न र नतीजा आयोगमा उपलब्ध गराउने गरी अख्तियारवालासमक्ष लेखिएको ।

१७. शिक्षा मन्त्रालयबाट शिक्षा नियमावलीमा भएको व्यवस्था विपरित प्राथमिक विद्यालयहरुको लेखा परीक्षण शिक्षा मन्त्रालयबाट पारिश्रमिक भुक्तानी दिने गरी नाम मात्रको लेखा परीक्षण गराई भ्रष्टाचार गरेको भन्ने २०५६ श्रावण ५ गतेको खुलामन्च साप्ताहिक पत्रिकामा प्रकाशित समाचार उजूरी सम्बन्धमा अनुसन्धान हुंदा लेखा परीक्षण गराइएको भनिएका विद्यालयहरुमा जे जस्तो अवस्थामा रहेका आय व्यय सम्बन्धी कागजातहरु छन् सो हेरी लेखा परीक्षकद्वारा लेखा परीक्षण भएको जनिने हरियो मसीको चिन्ह लगाएको र लेखा परीक्षण स्थलगत रुपमै भएको भन्ने, कैही प्राथमिक विद्यालयको स्थलगत निरीक्षण वा देखिएका लेखा परीक्षण गराई खर्च गरेको रकम लेखा परीक्षण नै नगरी लेखा परीक्षक तथा शिक्षा मन्त्रालयका पदाधिकारीहरुले लिए खाएको भन्न सकिने अवस्था नदेखिएता पनि गरिएको काम कारबाईमा निम्न अनियमितता देखिन आयो :-

(क) शिक्षा नियमावली, २०४९ को नियम १२८ को उपनियम (६)(७) र नियम १२९ को (१) अनुसार प्रा.वि.हरुको लेखा परीक्षणको पारिश्रमिक विद्यालय कोष बाटै व्यहोरिनु पर्ने व्यवस्था भएको, विद्यालय कोषमा रकम निकासा गरी विद्यालय कोषबाटै पारिश्रमिक व्यहोरी लेखापरीक्षण गराउन पर्ने अवस्था विद्यमान रहेकोमा सो बमोजिम नगरेको ।

(ख) शिक्षा नियमावली, २०४९ को परिच्छेद ६ नियम २० (फ) जिल्ला शिक्षा अधिकारीले जिल्ला भित्रका सार्वजनिक प्राथमिक विद्यालयको आन्तरिक लेखा परीक्षण जिल्ला शिक्षा कार्यालयको लेखापालबाट गराउनु पर्नेमा साल बसाली नगराएको ।

(ग) शिक्षा नियमावली, २०४९ को नियम १२७ को उपनियम (१)(ङ) अनुसार क्षेत्रीय शिक्षा निर्देशनालयले पठाएको सूची अनुसारको लेखा परीक्षकहरु मध्ये जिल्ला शिक्षा समितिले तोकेको लेखा परीक्षकद्वारा लेखा परीक्षण गराउनु पर्नेमा सो अनुसार नगरी बिना अख्तियारी मन्त्रालयबाट टिप्पणी उठाई लेखा परीक्षक नियुक्ति गरी लेखा परीक्षण गराएको ।

(घ) सिमित लेखा परीक्षकलाई फाइदा हुने गरी कार्य गरे गराएको देखिएको ।

(ङ) श्री ५ को सरकारले दिएको अनुदान रकम श्री ५ को सरकारले स्वयं लेखापरीक्षण गराउनु पर्ने कुनै औचित्य नभएको जम्मे अनुदान प्राप्त गरेको हो उसले नै लेखा परीक्षण गराई प्रतिवेदन पठाएपछि थप

अनुदान दिनु पर्ने, साथै सालबसाली अनुदान दिने र भईरहेको व्यवस्था अनुरुप सालसालै लेखा परीक्षण नगराई २०३१ साल देखिको लेखा परीक्षण गराउनुको कुनै औचित्य नरहेको ।

(च) कतिपय विद्यालयहरुमा श्रेस्ता राख्ने ठाउं नभएबाट प्र.अ.ले. आफूखुसी घरमा राख्ने गरेको, साविक प्र.अ.ले. हालको प्र.अ. लाई बर बुझारथ गर्ने गराउने नगरेको ।

उपरोक्त अनियमितताको आधारमा शिक्षा नियमावली, २०४९ को नियम १२७ को उप-नियम (१)(३) बमोजिम लेखा परीक्षकको पारिश्रमिक विद्यालयको कोषबाट दिनु पर्ने भन्ने प्रष्ट प्रावधान विपरित बिना अख्तियारी मन्त्रालयबाट टिप्पणी उठाई ऐ. नियम १२७ को उपनियम (१)(ङ)(१) को ठाडो उल्लंघन गरी मन्त्रालयबाट नै बिना प्रतिस्पर्धा लेखा परीक्षक समेत नियुक्त गरी निजहरुलाई पारिश्रमिक समेत दिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ को देहाय (क) र (छ) अनुसार अनुचित कार्य गरेको कुरा स्थापित हुन आएकोले प्रस्तुत अनुचित निर्णय गर्नमा संलग्न हुनेहरुमध्ये शिक्षा मन्त्रालयका तत्कालीन सचिव शरद भट्टराईउपर सचेत गराउन पर्नेमा निज सचिवको अवकास भइसकेकोले अभिलेख राख्न मुख्य सचिव, मन्त्रिपरिषदलाई लेखिएको र अन्य द्वय सह सचिव विश्वनाथ ढकाल र उपसचिव (लेखा) गोपीनाथ मैनालीलाई सचेत गराउन विभागीय मन्त्रिसमक्ष लेखि पठाउनुको साथै निम्नानुसार सुझाव पठाइएको :-

क) कतिपय प्राथमिक विद्यालयमा विद्यालय स्थापनादेखिको तथा करीव पच्चीस वर्ष अघिदेखिको निकासा भएको अनुदान रकमको लेखा परीक्षण भए गराएको नदेखिएको, विद्यालयहरुमा तत् अवस्था देखिको आय व्ययको अभिलेख निर्धारित ढांचामा समेत नरहेको, भएका अभिलेखहरु सुरक्षासाथ राख्ने दराज फर्निचर समेतको व्यवस्था नभएको साविकको प्र.अ.ले. हालको प्र.अ.लाई रीतपूर्वक बरबुझारथ नगरी विद्यालयको श्रेस्ता आफैसंग राख्ने गरेको समेत बुझिन आएकोले यस अवस्थामा रहेको लेखा श्रेस्तालाई औचित्यपूर्ण लेखा परीक्षण मान्न नसकिने हुंदा साविक दरसाविक आ.व.हरुको लेखा परीक्षण सम्बन्धमा श्रेस्ताको उपलब्धता, लेखा परीक्षणको औचित्य र सो सम्बन्धमा पर्ने आर्थिक दायित्व समेतको विचार गरी शिक्षा नियमावली, २०४९ को नियम १२७ को प्रावधानको विपरित नजाने गरी औचित्यपूर्ण लेखापरीक्षण मात्र गराउने व्यवस्था गर्ने ।

ख) गत वर्ष यताको आय व्ययको श्रेस्ता श्री ५ को सरकारबाट निर्धारित ढांचामा राख्न लगाउन जिल्ला शिक्षा कार्यालयका लेखापालहरुलाई परिचालन गर्ने ।

ग) प्राथमिक विद्यालयहरुमा शिक्षकहरुको तलव, भत्ता र सीमित मसलन्द बापतको रकम मात्र अनुदानको रुपमा निकासा हुने अवस्था यथावतै रहेको र यस बाहेक प्रायः जसो अधिकांश प्रा.वि.हरुको अन्य आयस्रोत नहुने स्थितिमा विद्यालयको कोषबाट पारिश्रमिक व्यहोरी लेखा परीक्षण गराउने प्रावधान शिक्षा नियमावलीमा रहेकोले केन्द्रबाटै परीक्षक तोक्ने, केन्द्रबाटै एकमुष्ट खर्च गर्ने कानून विपरितको परिपाटिप्रति शंका गर्नु पर्ने अवस्था देखिदा अब आइन्दा सो बमोजिम गर्न आवश्यक रकम विद्यालयलाई नै सालबसाली निकासा दिनु पर्ने ।

घ) विगतमा सीमित व्यक्ति, फर्मबाट गराएको लेखा परीक्षण गहन रुपमा हुन कठिनाई पर्न सक्ने भएकोले यथाशक्य बढी व्यक्ति वा फर्मद्वारा लेखा परीक्षण कानूनतः गराइएमा सूक्ष्मपरीक्षण हुन सक्ने ।

ङ) प्रत्येक महिना प्रत्येक प्रा.वि.बाट सो महिनाको लागि तलव समेतको निकासा लिन आउंदा अघिल्लो महिनाको निकासा रकम जि.शि.अ. को कार्यालयमा रहेको लेखापालबाट आन्तरिक लेखा परीक्षण गराई श्रेस्ता कानूनतः दुरुस्त राखी शिक्षा नियमावली, २०४९ को नियम १२७ बमोजिम अन्तिम लेखा परीक्षण सालबसाली रुपमा गर्ने गराउने ।

१८. जिल्ला विकास समितिको कार्यालय, बांके अन्तर्गत बिनौना, बैजापुर र कचनापुर गा.वि.स. हरुमा आ.व. २०५२।५३ देखि २०५४।५५ सम्ममा ठेकेदार र प्राविधिकले मिलेमतो गरी गुणस्तरहीन सामाग्री प्रयोग गरी निर्माण गरेको पुल कल्भर्टहरु कामै नलाग्ने गरी भत्के विग्रेको भन्ने विषयको उजूरी निवेदनउपर अनुसन्धान हुंदा यसमा दहो निर्माण कार्यको डिजाइन, लगत इष्टिमेट तैयार गरी सोको लागि ल.इं. अनुसार आवश्यक पर्ने बजेट व्यवस्था गर्नु पर्नेमा सिमित बजेटबाट धेरै स्थानमा निर्माण कार्य सम्पन्न गर्ने गरी सस्तो निर्माण कार्य गर्ने सिलसिलामा जिल्ला विकास समितिको कार्यालय, बांके अन्तर्गत आ.व. २०५२।५३ मा बिनौना गा.वि.स. वा.न. ६ मा पर्ने १२ मी. चौडाई भएको घोघुवा नालामा दुवैतिर माटोको तटबन्धको भरमा ५ मी. स्पानको स्ल्याब कल्भर्ट बनाएको देखियो । आ.व. २०५२।०५३ र २०५४।५५ मा कचनापुर गा.वि.स. वा.नं. ४ र ५ को सिमानामा पर्ने ३० मी. चौडाई भएको दोन्द्रा नालामा १२.५ मी. स्पानको पक्की पुल र ह्युमपाइप कल्भर्ट निर्माण गरेको र आ.व २०५३।५४ मा बैजापुर गा.वि.स. वा.नं. ५ नरैनापुरमा २० मी. चौडाई भएको खोलामा ९.२ मी स्पानको RCC पुल निर्माण गरेको । यस्ता खोलाहरुमा आउन सक्ने संभावित बाढी र त्यस्तो बाढी थेग्ने गरी प्रस्तावित पुल कल्भर्टबाट भलपानी पास हुन सक्ने नसक्ने सम्बन्धमा विस्तृत अध्ययन नै नगरी योजनाको लागत कम गर्ने उद्देश्यले खोलाको चौडाई भन्दा अस्वाभाविक रुपले पुल कल्भर्टको लम्वाई कम हुने गरी र संभावित बाढीबाट बचावटको लागि डिजाईनमा उपयुक्त संरचनाको व्यवस्था समेत नगरी सस्तो डिजाइनको ल.इं. अनुसार

पुल कल्भर्ट निर्माण गरेको कारणबाट २०५५ सालको वर्षामा आएको बाढीले ती पुल कल्भर्टहरुलाई कामै नलाग्ने गरी क्षति पुऱ्याएको देखिएकोले बिस्तृत सर्भेक्षण एवं अध्ययनका आधारमा डिजाइन ल.ई. तैयार गरी आवश्यक बजेट व्यवस्था गरी निर्माण कार्य गर्ने व्यवस्था मिलाउन र दहो निर्माण कार्य गर्न र बजेट नपुग भएमा आंशिक काम गर्ने, सो सम्भव नभए सो कार्य स्थगित गर्न मनासिब हुने कुरा सम्बन्धित निकायहरुलाई परिपत्र हुन श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयमा लेखिएको ।

बिस्तृत सर्भेक्षणका आधारमा ल.ई., डिजाइन तैयार गरी खोलामा निर्माण हुने पुल कल्भर्टलाई बाढीबाट बचावट को लागि ल.ई. मा उपयुक्त संरचनाको व्यवस्था गर्नु पर्नेमा सीमित बजेटबाट निर्माण कार्य सम्पन्न गर्ने गरी र बाढीबाट बचावटका लागि उपयुक्त संरचनाको व्यवस्था नगरी बैजापुर गा.वि.स. वा.नं. -५, बिनौना गा.वि.स. वा.नं. ६ र कचनापुर गा.वि.स. वा.नं. ४ र ५ को सिमानामा पुल कल्भर्ट निर्माणको ल.ई. तैयार गर्ने ओ.सि. धनबहादुर रोकाया र कचनापुरमा निर्मित पुल कल्भर्टको ल.ई. जाच गरी स्वीकृतिको लागि सिफारीश गर्ने ई. नारायणप्रसाद श्रेष्ठलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखिएको ।

बैजापुर गा.वि.स., वा.नं. ५ मा निर्मित पुलको ल.ई. चेक गरी स्वीकृतिको लागि सिफारीश गर्ने ई मिलन आचार्य हाल सरकारी सेवामा नरहेकोले निजलाई र डिजाइन स्पेशिफिकेशन एवं ल.ई. अनुसार निर्माण गर्ने सम्पूर्ण जिम्मेवारी प्राविधिकको हुने हुंदा प्रशासकीय जिम्मेवारी भएका स्था.वि.अ. शारदाभक्त पौडेल र सूर्यकान्त पौडेलउपर केही गर्न नपर्ने र निम्न गुणस्तरको कारणबाट पुल कल्भर्ट क्षति भएको नभई अनुपयुक्त डिजाइन, स्पेशिफिकेशन र ल.ई को कारणले क्षति भएको देखिंदा ई. रामेश्वर मरहठ्ठा र ठे. चोपसिंह वुढाथोकीउपर केही गरीरहन नपरेको ।

१९. राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुरबाट नहरमा परेको जग्गालाई धितो मूल्यांकन गरी ऋण प्रवाह गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा ऋण प्रवाह गरेको कि.नं. ३१२ र ३१५ को जग्गा नहरमा परेको भनी लगत कट्टा नभई यथावत् ऋणीका नाममा दर्ता कायम रहेको र तिरो समेत बुझाई रसीद पेश भएको देखिएको र त्यस्तो जग्गाको मूल्यांकन बाट धितो प्रवाह गरेको रु. ३,९०,०००।- समेतमा रु ४,००,०००।- असूल गरी सकेको देखिए पनि धितो दिएको जग्गाको स्थलगत निरीक्षण गर्दा जग्गाको पहिचान गरी मात्र मूल्यांकन गर्नु पर्नेमा सो बमोजिम नगरी लापरवाही गरेको देखिएकोले त्यस्तो लापरवाही गरी मूल्यांकन गर्ने राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, भरतपुरका सह-लेखा अधिकृत सूर्यनाथ न्यौपानेलाई विभागीय कारबाई गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखी नहरमा परेको देखिएको जग्गाहरुको हकमा सोही व्यहोरा लगतमा जनाउन मालपोत कार्यालय तथा श्री ५ को सरकार, सिंचाई विभागमा लेखिएको ।

२०. हदबन्दीमा प्राप्त जग्गा मोही नै नभएको व्यक्तिलाई बिक्री वितरण गरेको, फील्डमा कम भएको जग्गालाई ६ विगाह भनी खरीद गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा उजूरीका विषयहरुमा कर्मैयालाई बसोबास गराउन खरीद भएको जग्गा कैलाली, पथरैया, वडानं. ६ कि.नं. २८ को ३-१३-१९ कि.नं. ९६ को ०-१२-८ र कि.नं. ९७ को २-३-८ समेत जम्मा विगाह ६-९-१५ जग्गा धनी प्रमाण पुर्जाको आधारमा खरीद गरेकोमा सो जग्गाको ट्रायल चेक हुंदा १-८-० विगाह घटी भएको देखियो भन्ने मालपोत विभागको प.सं. ०५४।०५५।३७२ मिति २०५४।१२।१० को पत्रबाट देखिएकोले यसरी जग्गा खरीद गर्दा क्षेत्रफल यकीन गरी जांची बुझी लिनु पर्नेमा लापरवाही गरी ट्रायल चेक सम्म पनि नगरी ६-९-१५ विगाहमा १-८-० कम हुने गरी श्री ५ को सरकारलाई हानी नोक्सानी पुगे पुऱ्याएकोमा जिम्मेवार कर्मचारीहरुउपर आवश्यक कारबाई गरी कारबाईको जानकारी यस आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

घ) प्रचलित कानून वा अन्य विषयमा सुधार गर्न दिइएका सुझाव वा ध्यानाकर्षणको विवरण :-

१. कृषि मन्त्रालय र यूरोपेली समुदायबीच भएको सम्झौता अनुरुप मन्त्रालय एवं विभागहरुलाई तालीम एवं अध्ययनको लागि प्राप्त छात्रवृत्तिहरुमा निर्धारित मापदण्ड अनुसार मूल्यांकन गरी ज्येष्ठ कर्मचारीहरुलाई तालीम एवं अध्ययनको लागि पठाउनु पर्नेमा निर्धारित मान्यतालाई ठाडै उल्लंघन गरी व्यक्ति विशेषको स्वार्थ अनुकूल पशु स्वास्थ्य विभागबाट भेटरीनेरीयन डाक्टरहरुको लागि प्राप्त छात्रवृत्तिमा लाइभष्टक पट्टिका व्यक्तिहरुको मूल्यांकन नै नगरी तत्कालीन कृषि मन्त्री प्रकाशचन्द्र लोहनीको प्रभावमा परी निजको पि.ए. कृष्णप्रसाद रिजाललाई पठाउने

निर्णय गर्ने गराउने तत्कालीन सचिव सूर्यनाथ उपाध्याय र तत्कालीन कृषि मन्त्री प्रकाशचन्द्र लोहनीबाट स.प.वि.अ. कृष्णप्रसाद रिजाललाई पोल्ट्री (Poultry) विषयमा एम.एस.सी. अध्ययन गर्न पठाएको कार्य अनुचित भएको देखिन आएको सन्दर्भमा यस्तो अनुचित कार्यले गर्दा योग्यता र क्षमता भएर पनि आफ्नो स्वाभाविक अवसरमा आघात पुग्न गै कर्मचारीहरुमा नैराश्य आउने र आफ्नो पेशाप्रति उदासीन हुन जाने हुन्छ । अतः दातापक्षले दिएको छात्रवृत्तिहरुमा मन्त्रालय र विभागको आवश्यकता, सम्बन्धित विषयका कर्मचारीहरुको संस्था, एवं विभागको आवश्यकता अनुसार एक विषयमा प्राप्त छात्रवृत्ति अर्को विषयमा पठाउन पर्ने भएमा दातृ संस्थासंग परामर्श लिएर मात्र विषयान्तर गरी श्री ५ को सरकारले निर्धारण गरेको छात्रवृत्ति सम्बन्धि प्रचलित मापदण्डको व्यवस्थाको परिधिभित्र रही ज्येष्ठता एवं कार्यकुशलताको आधारमा मनोनयन गर्ने परिपाटी बसाउन कृषि मन्त्रालय एवं पशु स्वास्थ्य सेवा विभागमा ध्यानाकर्षणको लागि लेखिएको ।

२. भारतको दार्जिलिङ निवासी सुरजकुमार थापाले आफूलाई दैलेख जिल्ला त्रिवेणी गा.वि.स.को कुलबहादुर थापाका छोरा भएको भनी झूठो विवरण पेश गरी वंशजको नागरिकता प्रमाण-पत्र तथा कीर्ते शैक्षिक प्रमाणपत्र लिएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा जिल्ला प्रशासन कार्यालय, बांकेका तत्कालीन प्र.जि.अ. उषा नेपालले आवश्यक पर्ने न्युनतम आधार प्रमाणका आधारमै नागरिकता प्रमाण-पत्र दिएको देखिएको र उजूर परेपछि नागरिकता लिने सुरजकुमार थापालाई पहिले थुनामा र पछि जेथा जमानीमा लिई तारेखमा राखी कारबाई चलाउदैको अवस्थामा निज प्र.जि.अ. को सरुवा भएको देखिदा निजले अख्तियारको दुरुपयोग गरी गलत मनसायले नागरिकता दिएको भन्ने देखिन आएन । तसर्थ बांके जिल्लाबाट जारी भएको ना.नं. १९७२५ को वंशजको नागरिकता बदर गर्नेतर्फ आवश्यक कारबाई गर्न र नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम झूठा विवरण पेश गरी नागरिकता लिने सुरजकुमार थापा र सिफारीश गर्ने दिलबहादुर थापा र गा.वि.स. अध्यक्ष देवप्रसाद बुढामगर समेतलाई कानून बमोजिम आवश्यक कारबाई गर्नु गराउनुका साथै नागरिकताको प्रमाण-पत्र दिने अधिकारीले नागरिकताको प्रमाण-पत्र दिंदा अपनाउनु पर्ने कार्यविधि एवं निर्धारित आधार मापदण्ड विपरित कार्य गरेको अवस्थामा त्यस्ता अधिकारीको के कस्तो जवाफदेही रहनु पर्ने हो, त्यसतर्फ पनि मन्त्रालयले आवश्यक व्यवस्था गर्न ध्यानदिनु पर्ने कुरा गृह मन्त्रालयमा लेखी कीर्ते शैक्षिक प्रमाण-पत्रको हकमा त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रलाई जानकारीको लागि लेखिएको ।

३. भरतपुर माउण्ट एभरेष्ट ब्रुअरीले २०५२।५३ देखिको अन्तःशुल्क, बिक्री कर र अन्य दस्तुर समेत रु. ६ करोड ७५ लाख ७३ हजार म्यादभित्र दाखिला नगरी बांकी राखेको र सो रकम दाखिला गर्न दुई पटक गरी ८ महीना म्याद थप भएको सम्बन्धमा आर्थिक ऐन, २०५३ अनुसार लाग्ने अन्तःशुल्कमा प्रति दिन ०.१ प्रतिशतको शुल्क समेत बुझाउने गरी कूल बुझाउनु पर्ने रकमको बैंक ग्यारेन्टी पेश गरेमा बढीमा ३० दिनसम्म म्याद दिन सकिने कुरा बाहेक अन्य कतै केही उल्लेख भएको पाइदैन । यस विषयको फाईल अध्ययन गर्दा माउण्ट एभरेष्ट ब्रुअरीको निवेदन पत्रमा तत्कालीन माननीय अर्थ मन्त्रीज्यूबाट महानिर्देशक, मूल्य अभिवृद्धि कर विभागलाई ब्यहोरा सांचो भए २०५२।५३ को बक्यौतालाई अन्तिम पटक पांच महिनासम्मको लागि ब्याज दस्तुर लिने गरी बढाई दिनू भनी मिति २०५४।७।१२ मा तोक लगाएको र महानिर्देशकबाट ५ महिनाको भाखा दिई भाखा अनुसार भुक्तानी नभए कारबाई हुने गरी म्याद थप हुन मनासिब देख्दछु भनी दिएको राय विशेष सचिव र सचिव मार्फत् पेश भई मन्त्रीज्यूबाट मिति २०५४।७।२१ मा सदर भएको सम्बन्धमा अन्य फायलहरुको छानबीनको क्रममा पनि यस प्रकारका कानून विपरितका तोक आदेश जारी भएका र कार्यान्वयन भएको समेत पाईयो । यस प्रकार भइरहेको कानूनी व्यवस्था विपरित माननीय मन्त्रीज्यू वा माथिल्लो सार्वजनिक पद धारण गर्ने व्यक्तिबाट दिईने तोक आदेश र त्यस्तो कानून विपरितको तोक आदेश कार्यान्वयन गर्ने सार्वजनिक पद धारण गर्ने व्यक्ति र कार्यान्वयन गर्ने पदाधिकारी दुवैको कार्य कानून विपरित हुंदा अब आईन्दा यस प्रकारको कानून विपरितको तोक आदेश गर्ने र कार्यान्वयन गर्नेउपर नियन्त्रण गर्ने (आवश्यक) व्यवस्था गरी सोको जानकारी सबै मन्त्रालय र विभागलाई गराउन मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालयलाई लेखिएको ।

४. आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाका का.मु. निर्देशक अर्जुनबहादुर बिष्ट समेतले नियम अनुसार राख्नुपर्ने सेस्ता नराखेको, संभौता उल्लंघन गरी सोझै भुक्तानी दिएको, आंधीबाट क्षतिग्रस्त विद्यालय मर्मत गर्न डेनमार्क सरकारबाट प्राप्त रु. २ करोड २० लाखको अनुदानबाट कर्कटपाता खरीद गर्दा भ्रष्टाचार गरेको, परियोजनामा स्थायी कर्मचारी राख्ने नीति विपरित करारमा कर्मचारी नियुक्ति गरेको र जापानी अनुदान कोष (जापानिज ग्राण्ट फण्ड) बाट परियोजनाको दोस्रो चरणको तयारीको लागि प्राप्त अमेरिकी डलर १६,१३,७५०।- बाट परामर्शदाता नियुक्ति गर्दा रकम खाएको भन्ने समेत विषयको उजूरीउपर अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

क. नियमानुसार राख्नुपर्ने खेस्ता नराखेको भन्ने सम्बन्धमा विद्यालय निर्माण सम्बन्धी रकम निकासा आ.स.च.पु. शीर्षकमा भएको कारण जनाई पहिले खेस्ता पूरा नराखिएकोमा पछि आवश्यक सुधार गरी खेस्ता राख्ने व्यवस्था गरेको पाइएकोले केही गर्नु नपर्ने ।

ख. परियोजनाले युनिसेफ, डानिडा, जाइका आदि दातृसंस्थाबाट सहायता सोझै लिएको, सोझै प्राप्त सहायताको हिसाब नराखेको, संझौता अनुसार प्राप्त हुनुपर्ने रकम दातृ संस्थाको स्थानीय कार्यालयले नै खर्च गर्ने गरेकोले परियोजनाका का.मु. निर्देशक अर्जुनबहादुर विष्टले अख्तियारको दुरुपयोग गरेको भन्ने पुष्टि हुन नआएको, तर वैदेशिक सहायता लिने खर्च गर्ने हालको प्रचलनमा सुधार गर्नुपर्ने देखिन आएकोले निम्नबमोजिम सुझाव अर्थ मन्त्रालयलाई पठाइएको :-

(अ) नेपालमा खर्च हुने वैदेशिक सहायताको रकम पनि श्री ५ को सरकारको संचित कोषमा जम्मा नगरी दातृ पक्षको स्थानीय कार्यालयले नै कार्य सञ्चालन गर्ने गरेको, बील भरपाई र कारोवारका अन्य प्रमाण पनि सम्बन्धित दातृ पक्षले नै राख्ने र लेखा परीक्षण पनि महालेखा परीक्षकको विभागबाट नगराई आफै गराउने गरेको देखिन आएकोले मुलुकभित्र खर्च हुने वैदेशिक सहायताको रकम श्री ५ को सरकारको संचित कोषमा जम्मा गरेर मात्र कार्यक्रम सञ्चालन गर्ने ।

(आ) वैदेशिक सहायता प्राप्त गर्ने संझौता अर्थ मन्त्रालयले गर्ने भएकोले सम्झौता गरेपछि सो सम्झौता अन्तर्गत प्राप्त भएको सहायताको स्पष्ट जानकारी अर्थ मन्त्रालयलाई पनि हुनुपर्ने, यस्तो जानकारीको अभावमा अर्थ मन्त्रालयलाई आफ्नो कार्य पूरा गर्न कठिनाई हुन सक्ने देखिएकोले दातृ पक्षसंग भएको प्रत्येक संझौता अन्तर्गत प्राप्त नगद, वस्तुगत वा प्राविधिक सहायताको एकमुष्ट हिसाब अर्थ मन्त्रालयमा राखी लेखा परीक्षण गराउने व्यवस्था गर्ने ।

(इ) दातृ राष्ट्र वा संस्थाले वस्तुगत सहायता दिंदा प्राप्त भएको सामानको खेस्ता राम्रोसंग राखिएको नदेखिएकोले राम्रो खेस्ताको अभावमा हुन सक्ने सामानको हिनामिना रोक्न दातृ पक्षले सामान दिंदा त्यसको जानकारी महालेखा नियन्त्रक कार्यालयलाई पनि दिने र महालेखा नियन्त्रक कार्यालयले आफूकहां प्राप्त त्यस्तो जानकारीको आधारमा जिन्सी निरीक्षण गर्ने गराउने व्यवस्था गर्ने ।

(ई) आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले सहायता प्राप्त गर्ने गरी सम्झौता भएको तर दातृ पक्षबाट सोझै भुक्तानी भएको रकमको कुनै जानकारी शिक्षा मन्त्रालय र परियोजना समेतमा भएको नदेखिएकोले त्यस्तो सोझै भुक्तानी भएको सहायताको विवरण दातृ पक्षसंग लिई आफ्नो र अन्तर्गतको समेत स्पष्ट लेखा प्रत्येक मन्त्रालयले राख्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

(उ) प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिको प्रतिवेदनहरुमा वैदेशिक सहायता सम्बन्धमा देखिएका समस्या उल्लेख गरी तिनका निराकरणका लागि सुझावहरु दिइएको पाइएको र ती सुझाव कार्यान्वयन गरिएको खण्डमा वैदेशिक सहायतामा हाल देखिएका कतिपय समस्या निराकरण हुने देखिएकोले ती सुझावहरुको कार्यान्वयनमा शीघ्रता ल्याउने ।

ग. स्थायी सरकारी कर्मचारीलाई नै आधारभूत तथा प्राथमिक शिक्षा परियोजनामा नियुक्ति गर्ने भन्ने शुरु अवस्थाको नीतिलाई विभिन्न व्यावहारिक समस्या देखाई कार्यान्वयन नगरिएको देखिएकोले सो नीति कार्यान्वयन गर्न परियोजनामा आइन्दा रिक्त हुने मुख्य मुख्य (योजना प्रमुख, प्रशासन प्रमुख, लेखा प्रमुख, जिन्सी प्रमुख आदि) पदमा स्थायी सरकारी कर्मचारीलाई नै राख्ने व्यवस्थाको लागि शिक्षा मन्त्रालय र आधारभूत तथा प्राथमिक शिक्षा परियोजनालाई लेखिएको ।

घ. आंधीबाट क्षतिग्रस्त विद्यालय मर्मतको लागि डेनमार्क सरकारबाट प्राप्त अनुदानबाट पठाइएका ४०५० बण्डल जस्ता पाताको सम्बन्धमा सो जस्ता पाता डानिडाले नै वस्तुगत सहायताको रुपमा दिएको पाइएकोले सो जस्ता पाता खरीद गर्दा का.मु. निर्देशक अर्जुनबहादुर विष्टले अख्तियार दुरुपयोग गरेको भन्ने पुष्टि हुन आएन, तर अनुसन्धानबाट देखिन आएका कैफियत सम्बन्धमा निम्नबमोजिम गरिएको :-

(अ) सुनसरी जिल्ला शिक्षा कार्यालयमा परियोजनाले दुई पटक गरी ११९ बण्डल कर्कटपाता पठाएको र त्यहांका स्टोर ना.सु. रामेश्वर पराजुलीले मिति २०५३।४।३० मा ४९ बण्डल र मिति २०५३।९।५ मा ७० बण्डल बुझेको देखिनेमा जिल्ला प्रशासन कार्यालय, सुनसरीको मिति २०५५।१०।१ को पत्रसाथ प्राप्त जिल्ला शिक्षा कार्यालय, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना इकाइ, सुनसरीको मिति २०५४।८।१० को पत्रको प्रतिलिपिबाट सो कार्यालयमा ७० बण्डल जस्ता पाता मात्र प्राप्त भएको भन्ने देखिएकोले पहिले पठाइएको ४९ बण्डल जस्ता पाताको सम्बन्धमा आवश्यक कारबाई गरी यस आयोगलाई जानकारी पठाउन सो जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखिएको ।

(आ) केही जस्तापाता जिल्ला शिक्षा कार्यालयहरुमा मौज्दात रहेको देखिएको र विद्यालयमा पठाइएका जस्ता पाता प्रयोग गरी विद्यालयहरुको छाना मर्मत भएको छ भन्ने पनि देखिन नआएकोले वितरण गरिएका सबै ४०५० बण्डल जस्ता पाता विद्यालयमा पुगेको, विद्यालयहरु मर्मत भएको भन्ने जानकारी शिक्षा मन्त्रालयले

परियोजनाबाट लिई अनुगमन गरी यथाशीघ्र यस आयोगलाई जानकारी गराउनका लागि शिक्षा मन्त्रालयलाई लेखिएको ।

ङ. पाठ्यक्रम पाठ्यपुस्तक विकास इकाईले पुस्तक आदि सगरमाथा कुरियर्सबाट ढुवानी गरेकोमा महालेखा नियन्त्रक कार्यालयबाट भएको निरीक्षण प्रतिवेदनमा ती किताबहरु कुन प्रक्रियाबाट तयार गरिएको हो, छपाईको खर्च कति हो भन्ने नखुलेको, जिन्सीमा आम्दानी नबांधिएको, ढुवानीको लागि नियम अनुसार टेण्डर गर्नु पर्नेमा कोटेशन मात्र लिई ढुवानी गराइएको, कोटेशनको सूचना टांस गरेको र खोलेको मुचुल्का नभएको, नियम विपरीत पेश्की दिइएको जस्ता कैफियतहरु देखाइएका सम्बन्धमा छानबान र कारबाई गरी जानकारी यस आयोगमा पठाउन शिक्षा मन्त्रालयलाई लेखिएको ।

५. स्वास्थ्य सेवा विभाग अन्तर्गत कुष्ठरोग नियन्त्रण आयोजनाका निर्देशक डा.जयप्रसाद बरालले आयोजनाको नाममा दातृ राष्ट्रहरुबाट प्राप्त हुने रकम आफ्नो व्यक्तिगत खातामा जम्मा गरेको, यसरी प्राप्त हुने रकम स्वास्थ सेवा विभागका महानिर्देशकको मातहत खातामा रही महानिर्देशककै स्वीकृतिमा निकासा हुनु पर्नेमा सो नगरी दातृराष्ट्रहरुबाट प्राप्त रकम हिनामिना गरेको भन्ने विषयको उजूरी निवेदनउपर अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :-

क. यसमा कुष्ठरोग नियन्त्रणका लागि जापानको सासाकावा हेल्थ मेमोरीयल फाउण्डेशनबाट स्वास्थ्य शिक्षा कार्यक्रमका लागि २०,००० यू.एस.डलर र आधारभूत स्वास्थ्य कर्मीहरुलाई कुष्ठरोग सम्बन्धी आधारभूत तालीमका लागी १०,००० यू.एस.डलर.समेत जम्मा ३० हजार यू.एस.डलर सहयोग प्राप्त भएकोमा उक्त रकमबाट उल्लिखित कार्यक्रमहरु सम्पन्न भई अडिट समेत भइसकेको र बांकी रकम बैंक मौज्दात देखिन आएकोले प्रस्तुत विषयमा निज डा. जयप्रसाद बरालले रकम हिनामिना गरेको नदेखिए ता पनि यसमा दातृ संस्थाबाट श्री ५ को सरकारलाई उपलब्ध गराउनु पर्ने सहयोग रकम निजले जापानको सासाकावा मेमोरीयल हेल्थ फाउण्डेशनसंग रकम उपलब्ध गराई दिने सम्बन्धी पत्रमा आफ्नो नाउंमा चेक पठाई दिन अनुरोध गरेको र रकम प्राप्त भएपछि स्वास्थ्य सेवा विभागकै खातामा राखी कार्य संचालन गर्नु पर्नेमा सो नगरी स्वास्थ्य सेवा विभागका महानिर्देशकको सल्लाह एवं सहमती विना नै छुट्टै खाता खोली नेपाल ग्रीण्डलेज बैंकमा जम्मा गरेको देखिनआयो । अतः यस प्रकार दातृसंस्थाबाट प्राप्त हुने रकम व्यक्तिगत सरह खाता खोली सञ्चालन गर्न उपयुक्त नभई आर्थिक प्रशासन अनुरुप दुरुपयोग हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन भने अर्कोतर्फ दातृसंस्थाबाट के कस्तो कार्यक्रमका लागि के कति सहयोग प्राप्त भयो भनी जिम्मेवार निकाय समत अनभिज्ञ रहने भएकोले यस प्रकारका काम कारवाई भविष्यमा पुनः दोहोरिन नदिनका लागि निज डा. जयप्रसाद बराललाई ध्यानाकर्षण गराइएको ।

ख. दातृ संस्थाहरुले विभिन्न आयोजनाहरुलाई दिने अनुदान सहायता रकम सोझै आयोजनामा जाने हुंदा कुन दातृ संस्था, व्यक्तिबाट के कस्तो अनुदान प्राप्त भयो र के कति कुन कुन कार्यक्रममा खर्च भयो सो सम्बन्धमा तालुक मन्त्रालय अनभिज्ञ रहनुका साथै महालेखा परीक्षकबाट लेखा परीक्षण गराइनु नपर्ने व्यवस्था समेत सम्झौतामा हुने व्यवस्थाले गर्दा सहयोग रकम दुरुपयोग हुन सक्ने सम्भावना विद्यमान रहने हुंदा यस सम्बन्धमा आवश्यक नीति निर्धारण गरी आर्थिक सहायता वा वस्तुगत अनुदानलाई प्रभावकारी एवं पारदर्शी बनाई प्रचलित आर्थिक ऐन, नियम अन्तर्गत समुचित व्यवस्था मिलाउनका लागि मन्त्रिपरिषद् सचिवालय र अर्थ मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

६. संसदको विशेष अधिवेशन चलिरहेको अवस्थामा अकस्मात् (मिति २०५३।९।७ मा) बिरामी परी केही सांसदहरुले अवैध रुपले अविस्वासको प्रस्ताव उपर मतदान हुने १ दिन पूर्व नै मेडिकल बोर्डको सिफारीश बिना औषधी उपचार लिएको भन्ने विषयको उजूरीउपर अनुसनधान हुंदा यसमा बिरामी परी औषधी उपचारका लागि बैंकक तर्फ जानु भएका तत्कालीन माननीय मन्त्री बालाराम घर्तिमगर, माननीय मन्त्री बुद्धिमान तामाङ, माननीय राज्यमन्त्री शान्तिसंशेर राणा, माननीय राज्य मन्त्री महेन्द्र राय र माननीय सहायक मन्त्री विष्णुविक्रम थापाले औषधी उपचारका निमित्त आर्थिक सहयोगको लागि अनुरोध गर्नु भए अनुसार मन्त्रिपरिषद्द्वारा मिति २०५३।९।११ मा वहांहरु प्रत्येकलाई औषधी उपचार गर्न अमेरिकी डलर २००० उपलब्ध गराउने गरी निर्णय भएको देखियो ।

औषधी उपचारका निमित्त कहिले कुन मितिमा अनुरोध गरेको र सो अनुरोध पत्र निवेदन वा जे छ सो पठाउने र नभए सोही व्यहोरा खुलाई पठाई दिन र मिति २०५३।९।११ को मन्त्रिपरिषद्का निर्णयको प्रमाणित प्रतिलिपि र सो निकासा के कुन आधारमा दिएको हो सो समेत खुलाई पठाई दिन यस आयोगबाट लेखी पठाइएकोमा मन्त्रिपरिषद्को निर्णय सम्बन्धित मन्त्रालयमा पठाइने हुंदा मांग भएको निर्णयको प्रतिलिपि सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुन सक्ने र मन्त्रिपरिषदमा पेश भएका कागजातको प्रतिलिपि अन्यत्र उपलब्ध गराउने परम्परा नरहेको भनी मन्त्रिपरिषद् सचिवालयबाट लेखिआएको । तर निवेदक बालकृष्ण न्यौपाने विरुद्ध श्री ५ को सरकार समेत

भएको रीट नं. २५५० को रीट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०५३।६।८ मा भएको आदेशको प्रकरण नं. १६ मा "मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले सामूहिक रुपमा गरेको नीतिगत निर्णय बाहेक त्यस्तो निर्णय कार्यान्वयन प्रकृयामा अथवा सामुहिक रुपमा नगरिएको कुनै मन्त्रीले र मन्त्रिपरिषद्को नीतिगत निर्णय नभएको वा मन्त्रिपरिषद्को अन्य प्रकारको निर्णय सम्बन्धमा पक्षपात, लापरवाही, मोलाहिजा, स्वेच्छाचारिता, बेवास्ता, ढिलासुस्ति, अक्षमता इत्यादि अख्तियार दुरुपयोगको विषयमा चाहि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मन्त्रिपरिषद्को सदस्यउपर कारबाइं चलाउन अ.दु.अ.आ.ऐन, २०४८ को दफा ४ को उपदफा (४) को व्यवस्थाले बाधा नदिने हुंदा अरु विवेचना गर्नु परेन" भन्ने उल्लेख भएको देखिन्छ ।

माथि उल्लिखित तथ्यबाट मन्त्रिपरिषद्को निर्णय कुनै नीतिगत निर्णय नभई कार्यकारी वा प्रशासनिक प्रकृतिको निर्णय भएकोले उक्त निर्णयउपर आयोगको क्षेत्राधिकार आकर्षित हुने र आयोगले तत्सम्बन्धी आवश्यक कागजात एवं जानकारी मांग गर्दा सो उपलब्ध गराउन मन्त्रिपरिषद् सचिवालयले प्रचलन नरहेको, गोप्य रहने कुरा भएको भन्ने जस्ता आधारमा आलटाल गरी आयोगको कार्यमा सहयोग गर्न उपेक्षा गरेको, एवं मन्त्रीहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ को दफा १२ को उपदफा (३) र सो बमोजिम तोकिए अनुसार मन्त्रीहरुले विदेशमा उपचार गराउनु परेमा मेडिकल बोर्डको सिफारीशमा श्री ५ को सरकारले तोकेको उपचार खर्च पाउने व्यवस्था भएको र यसरी उपचार गर्दा बील पेश गर्नु पर्ने कानूनी प्रावधान भएकोमा सो छल्नका लागी औषधी उपचार बापत भनी आर्थिक सहायता प्रदान गरिएको देखिंदा यस्तो कार्यलाइं अख्तियार दुरुपयोगको सम्वेदनशील विषय हो भन्ने आयोगले ठहर्‍याई यस किसिमको कार्य पुनः नदोहार्‍याउनेतर्फ मन्त्रिपरिषद्को ध्यानाकर्षण गराउन लेखिएको ।

७. धनुषा जिल्ला बसविहि गा.वि.स. का तत्कालीन अध्यक्ष, सचिव र वर्तमान अध्यक्षले गा.वि.स.को रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा आ.व. २०५२।५३ र २०५३।५४ को लेखा परीक्षण प्रतिवेदनले औल्याएका आर्थिक अनियमितता (बेरुजु)लाइं आधार बनाई उजूरी परेको खुल्न आएकोमा उल्लिखित लेखा परीक्षण प्रतिवेदन बमोजिम बेरुजु तिर्न पर्ने देखिए तिर्न मन्जुरी देखाइं आरोपित व्यक्तिहरुले बयान दिएको समेत देखिएको हुंदा लेखा परीक्षण प्रतिवेदन बमोजिम कारवाइं एवं संपरीक्षण हुंदा असूल गर्न पर्ने देखिएको रकम कानून बमोजिम निजहरुबाट असुल गरी आयोगलाइं जानकारी गराउन जि.वि.स., धनुषालाइं लेखी आर्थिक ऐन, नियमको प्रक्रिया समेत नपुर्‍याई गा.वि.स.ले अनुदान रकम खर्च गर्ने गरेकोतर्फ ध्यानाकर्षण गराइं त्यस्तो रकम खर्च गर्दा आर्थिक ऐन, नियमको प्रक्रिया पुर्‍याई अपेक्षित एवं उपलब्धीमूलक कार्यमा खर्च गर्ने गराउने र तदनुरुप भए नभएको जिल्ला विकास समिति मार्फत् नियमित अनुगमन गर्ने आवश्यक व्यवस्था मिलाउन भनी स्थानीय विकास मन्त्रालयलाइं लेखिएको ।

८. Gastrointestinal fibrescope नामक औजार आ.व. २०५२।५३ मा खरीद भएकोमा त्यसै थन्काई स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्था महाशाखा, टेकुमा आपूर्ति महाशाखाका निर्देशक, आर्थिक प्रशासन महाशाखाका प्रमुख, लेखा नियन्त्रक र वीर अस्पतालका विशेषज्ञसमेतले आर्थिक लाभ गरी बदनियतपूर्ण तरिकाले आ.व. २०५३।५४ मा अर्को सामान झिकाउन हुबहु उस्तै Specification राखेको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

क. वीर अस्पताल Gasrtrology department बाट २०५२।५३ मा माग गरिएको प्राप्त औजार समयमा नै ममंत नगरी आयोगबाट छानबीन शुरु भएपछि मात्र ममंत गर्न पठाइएको देखिन आएकोले अस्पतालमा रहेका स्वास्थ्य उपकरणहरुको रेखदेख तथा आवश्यकता अनुसार समयमै ममंत सुधार गरी तयारी हालतमा राख्न वीर अस्पताल Gasrtrology dept. ले भविष्यमा यस प्रकारको लापरवाही हुन गर्न नपाउने व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालय मार्फत् ध्यानाकर्षण गराइएको ।

ख. मूल्यवान स्वास्थ्य उपकरणहरु खरीद गरी विभिन्न अस्पताललाइं हस्तान्तरण गर्दा सम्झौता पत्र र Warranty period सम्मको जानकारी पनि स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाले सम्बन्धित अस्पताललाइं गराउने गरेको नपाइएको र सो विभागबाट उपलब्ध गराइएको मूल्यबान स्वास्थ्य उपकरणहरुको नियमित रेखदेख र निरीक्षणसमेत समय समयमा गर्ने नगरेको, माग हुनासाथ अर्को महंगो उपकरण किन्ने मात्र प्रकृया अपनाउने गरेको देखिन आएकोले सो विभागले अब आइन्दा हस्तान्तरण गर्ने कार्यालयलाइं सम्झौतापत्र समेतको जानकारी गराउनु पर्ने र संयन्त्रको चालु अवस्थाबारे नियमित रुपमा रेखदेख तथा ममंत संभार गर्नेतर्फ समेत ध्यान पुर्‍याउन स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखालाइं ध्यानाकर्षण गराइं स्वास्थ्य मन्त्रालयलाइं जानकारी दिइएको ।

९. त्रिभुवन विमानस्थल भन्सारबाट विशेष प्रहरी विभाग, राजस्व अनुसन्धान विभाग, प्रहरीका कर्मचारीको मिलोमतोमा सुनसमेतका सामान छुटाइं भ्रष्टाचार गर्ने गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा स्थलगत निरीक्षण

हुंदा देखिन आएका वस्तुस्थितिहरुको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम निम्नलिखित सुझाव श्री ५ को सरकारलाई पठाइएको :-

क. वैध, अवैध सामान ल्याउने केही यात्रुले सामान जंचाउनुभन्दा पहिले ड्युटी फ्री सप र सटही काउन्टरमा पसी सामान लुकाउने र त्यहांका कर्मचारीले सामान बाहिर ल्याउने गर्छन् भन्ने शंका निर्मूल गर्न आगमनतर्फको अध्यागमन क्षेत्रमा भएको सटही काउन्टर र नेशनल ट्रेडिङ्ग लि.को ड्युटी फ्रि सप हालको स्थानमा नराखी भन्सार क्षेत्रसंगै राख्ने । अध्यागमन काउन्टरले विदेशीसंग विदेशी मुद्रा नै लिने भएकोले सटही काउन्टर त्यहां राख्नु पर्ने कुनै औचित्य देखिदैन । त्यस्तै, अध्यागमन, राष्ट्रिय अनुसन्धान विभाग र प्रहरीको पनि त्यो ठाउंमा काउन्टरहरु मात्र राखी कार्यालयहरु यात्रु हिंडने बाटो नपर्ने ठाउंमा राख्ने ।

ख. अध्यागमन हलमा यात्रुहरुलाई समय धेरै लाग्ने गरेकोले काउन्टरको संख्या थप गर्ने । त्यहां यात्रुहरुको गतिविधि पछिल्तिरबाट निगरानी गरेको नदेखिएकोले निगरानीको लागि अध्यागमन, प्रहरी र भन्सारले कर्मचारी राख्ने ।

ग. प्रज्ञापनपत्र भर्ने र भन्सारसम्बन्धी अरु काम पनि कथित "विद्यार्थी" को नाममा काम गर्न दिनु भनी धेरै पहिलेदेखि राखिएका, कुनै जिम्मेवारी लिनु नपर्ने व्यक्तिहरुले काम गर्ने गरेको र अरु पनि केहि बाहिरिया व्यक्तिहरु भन्सार क्षेत्रमा घुमिरहने गरेको बुझिएकोले त्यस्ता "विद्यार्थी" र बाहिरिया व्यक्तिहरुलाई भन्सार क्षेत्रमा प्रवेश गर्न र काम गर्नबाट रोक लगाउने ।

घ. आगमन कक्षमा सामान छुटाउन आउने र भन्सार महसूल तिर्न आउनेहरुको लागि सजिलो हुने गरी बाहिर नै महसूल काउन्टर राख्ने, त्यस्ता व्यक्तिलाई आगमन कक्षमा प्रवेश गर्न नदिने ।

ङ. सामान निर्यात गर्दा एल.सी.को मिति नघाएको, एल.सी.को रकमभन्दा बढाएको वा एल.सी.का अन्य शर्त पूरा नगरेको अवस्थामा आयातकर्तांबाट सामान अस्वीकृत हुने र रकम प्राप्त नहुने संभावना भएकोले एल.सी.का शर्तहरु चेक गर्ने चेकलिष्ट बनाई निर्यातकर्ताले प्रमाणित गर्ने र त्यसको आधारमा भन्सारले जांच गर्ने ।

च. निर्यात हुने सामान तयार गर्ने कच्चा पदार्थ झिकाउंदा भन्सार महसूल नतिरी बैंक ग्यारेन्टीको आधारमा सामान छुटाउने, त्यस कच्चा पदार्थबाट सामान बनाई निर्यात गरेपछि बैंक ग्यारेन्टी फुकुवा हुने, त्यस्तो आयात गरेको सामान निर्यात गरिसक्नुपर्ने अवधि आर्थिक ऐनमा तोकिए बमोजिम हुने, सो अवधिभित्र निर्यात नभएमा भन्सार महसूल र थप पचास प्रतिशत जरिवानासमेत लिने व्यवस्था भएकोमा ऐनद्वारा तोकिएको थप गर्न नमिल्ने म्याद कहिलेकाहीं थपिने गरेको, बैंक ग्यारेन्टीको समय भुक्तान हुनुभन्दा अघि बैंक ग्यारेन्टीको रकम रोक्का राख्न भन्सार कार्यालयले बैंकलाई लेख्नुपर्नेमा नलेखेको, निर्यात गर्नुपर्ने समय नाघेका कतिपय अवस्थामा भन्सार महसूल र जरिवाना असूलउपर गर्ने कारबाईसम्म पनि शुरु हुन नसकेको भन्ने बुझियो । यससम्बन्धमा भन्सार विभागका महानिर्देशकले छानबिन र कानून बमोजिम कारबाई गरी आयोगलाई जानकारी दिन र यस्तो किसिमको आयात निर्यातको रेकर्ड गोदाम नं. १,२ र ३ मा छरिएर रहेकोले सो रेकर्ड एकीकृत रुपमा राख्ने भनी भन्सार विभागलाई लेखिएको ।

छ. एप्रोनमा, अध्यागमन हलमा र भन्सार क्षेत्रभित्र यात्रुहरु हिंडने ठाउंमा सुरक्षाकर्मी र अन्य निगरानी राख्ने निकायका कर्मचारीहरु जताततै जाने गरेको र ड्युटी नतोकिएका सुरक्षाकर्मी बिना वर्दी यी क्षेत्रमा प्रवेश गर्ने गरेको, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा को को कुन कुन क्षेत्रमा जान पाउने भन्ने पास नागरिक उड्डयन कार्यालयले तोकी उपलब्ध गराउने भए पनि त्यस्तो पास लगाएका व्यक्ति जान नपाउने ठाउंमा गएकोमा निगरानी गर्ने व्यवस्था कमजोर भएको, पासबाट मात्र कर्मचारी भन्ने थाहा नहुने भएकोमा सुरक्षाकर्मी, भन्सार र अन्य निकायसमेतका कर्मचारीको अनावश्यक ठाउंमा आवतजावत नियन्त्रित गर्ने, पास पाएका व्यक्ति आआफ्नो पासअनुसार जान पाउने ठाउं बाहेक अन्यत्र जानबाट रोक लगाउने र कर्मचारीले परिचयपत्र लगाउन अनिवार्य गर्ने ।

ज. अवैध सामान आउदैछ भन्ने सूचनाको आधारमा वा अपर्झट निरीक्षण गर्दा निगरानी गर्ने निकायको लागि सामान र यात्रु जांच गर्ने स्थान निश्चित गर्ने ।

झ. आउने यात्रुहरुको मेटल डिटेक्टरबाट जांच गर्ने गरिएको, ह्याण्ड ब्याग र ग्रीन च्यानलबाट जाने सामानको मात्र एक्सरेबाट जांच गर्ने गरिएको, कार्गो गर्ने सामानको र निर्यात गरिने सामान नमूनाको रुपमा एक दुइवटा हेरी छोडने गरिएकोमा यी सबै ठाउंमा एक्सरे मेशिनबाट पनि सामानको जांच गर्ने ।

ञ. विस्फोटक पदार्थ र लागू पदार्थ जाच्ने आधुनिक उपकरणको व्यवस्था गर्ने र बेलुका गोदामहरु बन्द गर्नुभन्दा पहिले प्रहरीको कुकुरबाट सामानको जांच गर्ने ।

ट. भन्सार क्षेत्रमा र अन्यत्र भएका सी सी टीभीको फोकस सबै संवेदनशील क्षेत्रमा परेको र सबै टीभीले काम गरेको छ छैन भनी नागरिक उड्डयन प्राधिकरण, भन्सार विभाग र प्रहरी प्रधान कार्यालयले संयुक्त रुपमा कारबाई गर्ने ।

ठ. भन्सारमा जांचकीको काम टाइपिस्ट र अन्य प्राविधिक कर्मचारीलाई पनि कहिले लगाइने गरेको र त्यस्ता कर्मचारीबाट जांचकीको काम उपयुक्त तवरले सम्पादन नभएको भन्ने सम्बन्धमा कर्मचारीलाई सम्बन्धित काम

मात्र लगाउने र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यगमन कार्यालय, भन्सार कार्यालय, प्रहरीमा कर्मचारी खटाउंदा सम्बन्ध र पुरस्कारको रुपमा खटाउने गरेको भन्ने छाप सर्वसाधारणमा परेकोले योग्यता र तालीमको आधारमा कर्मचारी खटाउने ।

ङ. सामान जांच गरी प्रहरीले र भन्सारले लगाउने ब्याण्डहरुको सम्बन्धमा त्यस्तो ब्याण्डहरु एउटामा लगाएकोमा झिकी अर्कोमा लगाउन नमिल्ने खालको ब्याण्ड, प्रहरी र भन्सारलाई उपलब्ध गराउने र निर्यात हुने सामानमा पनि लाहा छापको सट्टा ब्याण्ड लगाउने ।

ढ. प्रहरीबाट पक्राउ परी भन्सारमा आएका गाडीहरु र भन्सारमा कोही बुझ्न नआई त्यसै परिरहेका सामानहरु लिलाम गर्ने व्यवस्था भन्सार कार्यालयले यथासमयमा गर्न नसकी ठाउं ओगटिरहेका समानहरु यथाशीघ्र लिलाम गर्ने र तत्पश्चात् लिलामको प्रकिया नियमित रुपमा गर्ने ।

ण. तयारी पोशाक, गलैचा जस्ता सामग्री समुद्री मार्गबाट पठाउन आकर्षक हुने व्यवस्था मिलाई विमानस्थल भन्सारमा हाल परिरहेको चापलाई कम पार्ने ।

त. गोदाम नं. ३ मा निर्यात हुने सामान खुलामा जांच्ने गरिएकोमा प्रतिकूल मौसममा पनि काम नरोकिने गर्न त्यहां शेड बनाउने ।

थ. कार्यालय खुलेको दिनमा पर्ने चाप कम गर्न र राम्रोसंग साामान चेक गर्ने सुविधाको लागि आगमन कक्षमा र सामान विमानमा राख्न भन्सारमा हप्तामा सातै दिन काम भए जस्तै निर्याततर्फ पनि भन्सार कार्यालय सातै दिन खोल्ने संभावनाको विषयमा अर्थ मन्त्रालयले अध्ययन गरी कारबाई गर्ने ।

द. भन्सार जांसपास भएको सामान प्रहरीले जांचबुझ गर्ने र दर्ता गर्ने सम्बन्धमा निश्चित प्रक्रिया तयार गर्ने ।

१०. समाज विकास छात्रावास, विजेश्वरीको भवन मर्मत तथा संभारको लागि जिल्ला शिक्षा कार्यालय, काठमाडौंमार्फत् २०५४ साल जेठ महिनामा निकासा भएको रकम रु. १२,५०,०००।- मध्ये रु २,००,०००।- मात्र खर्च गरी बांकी रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुंदा देहाय अनुसार गरिएको :-

(क) समाज विकास छात्रावास, विजेश्वरीको भवन मर्मत तथा संभारको लागि श्री ५ को सरकारले उपलब्ध गराएको रकम रु. १२,५०,०००।- बाट छात्रावास भवनको भुई तल्ला ढलान, कोठा मर्मत, वार्डेन भवनको छानो मर्मत, ढल निकास लगायतका कार्यहरु सम्पन्न गरिएको र त्यस बापत रु. ८,०१,६८१।३० खर्च हुन गई बांकी रकम रु. ४,४९,७२८।६२ छात्रावासको नाममा (बैंक खातामा) रहेको कुरा प्रारम्भिक अनुसन्धानबाट देखिन आएकोले श्री ५ को सरकारबाट छात्रावास भवन मर्मत तथा संभारको लागि उपलब्ध गराएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको नदेखिंदा यस विषयमा केही गर्न पर्ने देखिएन ।

(ख) समाज विकास छात्रावास, विजेश्वरीले भोग चलन गरेको जग्गा नेपाल राष्ट्रिय दलित कल्याण संघको नाममा दर्ता गरिदिने मालपोत कार्यालय, कलंकी शाखाको मिति २०५०।७।१६ को निर्णय को हकमा :-

स्व. श्री ५ महेन्द्र सरकारबाट २०१९ सालमा दलित जातिको उत्थानको लागि छात्रावास स्थापना गर्ने पुनित उदेश्यले बक्स भएको रकमबाट खरीद गरिएको काठमाडौं महानगरपालिका वडा नं. १५ विजेश्वरी स्थित कि.नं. ८६ को ३-७-०-० रोपनी जग्गा र सो जग्गामा रहेका भवनहरु समाज विकास छात्रावासले भोग चलन गर्दै आएकोमा समाज विकास छात्रावास कानून बमोजिम दर्ता नभएको, सो छात्रावास नेपाल राष्ट्रिय दलित कल्याण संघ अन्तर्गत रहने गरी संचालन गर्न भनी श्री ५ को सरकारबाट मिति २०४५।९।१७ मा निर्णय भएको र उक्त छात्रावासले भोग चलन गरेको जग्गा र भवन नेपाल राष्ट्रिय दलित कल्याण संघको नाममा दर्ता गरिदिएमा हाम्रो मन्जुर छ भनी सहस्रनाथ कपालीका हकदारले दिएको मन्जूरनामा समेतका आधारमा उक्त जग्गा र भवन नेपाल राष्ट्रिय दलित कल्याण संघ, समाज विकास छात्रावासको नाममा मालपोत कार्यालय, कलंकीले मिति २०५०।७।१६ मा पर्चा खडा गरी अस्थायी दर्ता गरिदिएको र तत्पश्चात् उक्त निर्णय विरुद्ध जिल्ला अदालत, काठमाडौंमा मुद्दा दायर भएकोमा मालपोत कार्यालयबाट मिति २०५०।७।१६ मा नेपाल राष्ट्रिय दलित कल्याण संघ, समाज विकास छात्रावासको नाममा उक्त जग्गा र भवन दर्ता गर्ने गरी भएको निर्णय कानून सम्मत भएको भनी जिल्ला अदालत, काठमाडौंबाट मिति २०५४।३।३ मा फैसला भएकोले जग्गा दर्ता गर्ने गराउने मालपोत कार्यालयका कर्मचारी लगायत अन्य व्यक्तिको हकमा केही गर्नु पर्ने देखिएन ।

तर स्व. श्री ५ महेन्द्र सरकारबाट बक्स भएको रकमबाट जग्गा खरीद गरी भौतिक पूर्वाधारसमेत खडा भएको सरकारी अनुदानबाट संचालित समाज विकास छात्रावास र गैर सरकारी संस्थाको रुपमा रहेको नेपाल राष्ट्रिय दलित कल्याण संघको उद्देश्य फरक भएको परिप्रेक्ष्यमा समाज विकास छात्रावासलाई के कुन संस्था वा श्री ५ को सरकार अधिनस्थ राखी वा के कसरी संचालन गर्न उचित हुन्छ त्यस विषयमा श्री ५ को सरकारबाट २०४५।९।१७ मा भएको निर्णयमा समेत पुनर्विचार गर्नु पर्ने भए गरी समाज विकास छात्रावासलाई

व्यवस्थित रुपमा संचालन गर्ने व्यवस्था मिलाउने तर्फ आवश्यक र उपयुक्त कारबाई गर्न शिक्षा मन्त्रालयलाई लेखिएको ।

(ग) प्रतापराम लोहार समाज विकास छात्रावासको संचालक समितिको अध्यक्ष भएको अवधि २०४५।४६देखि २०४९।५० सम्मको श्री ५ को सरकारबाट वार्षिक रुपमा अनुदान स्वरुप उपलब्ध भएको रु. १०,०००।- को सदुपयोग हुन नसकेको भन्ने हकमा :-

आयोगबाट भएको अनुसन्धानको क्रममा उक्त १०,०००।- रकम के कुन कार्यमा प्रयोग भएको भनी बुझ्दा छात्रावासले प्रयोग गरेको विजुली, पानी र टेलीफोनको महसूल तिर्न प्रयोग भएको जानकारी प्राप्त हुन आएको अवस्थामा वार्षिक रु. १०,०००।- विजुली, टेलीफोन, पानी आदिमा खर्च हुने व्यवहारिकतातर्फ विचार गर्दा यसमा अनुसन्धान अगाडी बढाउन पर्ने पनि नदेखिदा केही गर्नु परेन ।

(घ) २०४५।१०।११ मा प्रतापराम लोहारको अध्यक्षतामा गठित संचालक समितिले आ.ब. २०४५।४६देखि २०४९।५० सम्मको आय व्यय तथा छात्रावासको चल अचल सम्पत्तिको बरबुझारथ नगरेको सम्बन्धमा आ.व. २०४५।४६ देखि २०४९।५० सम्मको आय व्ययको विवरण प्रतापराम लोहारको अध्यक्षतामा गठित संचालक समितिको जिम्मामा रहेको र सो संचालक समितिले हालसम्म मौजूदा संचालक समितिलाई आय व्ययको हिसाब बर बुझारथ गर्ने गराउने कार्य नगरेको हुंदा यसबारे स्पष्ट स्थिति नरहेको भनी शिक्षा मन्त्रालयले नै आफ्नो मिति २०५५।११।२८ को पत्रमा उल्लेख गरेको देखिदा उक्त अवधिको चल अचल सम्पत्ति बरबुझारथ गर्ने गराउने विषयमा शिक्षा मन्त्रालयबाट कुनै प्रभावकारी कार्य भएको नदेखिंदा र उक्त अवधिको चल अचल सम्पत्तिको सम्पूर्ण श्रेस्ता चोरी भएकोले उपलब्ध हुन नसक्ने जानकारी प्राप्त भएको सन्दर्भमा चल अचल सम्पत्ति तथा त्यसको श्रेस्ता बरबुझारथ नगरेको विषयमा शिक्षा मन्त्रालयबाट नै प्रभावकारी रुपमा कारवाई हुनु पर्ने र श्रेस्ता चोरी भएको सम्बन्धमा मौकैमा प्रहरीसमक्ष उजूरी दिएकोले सो बमोजिम सम्बन्धित निकायबाट कारबाई हुने नै हुंदा यस विषयमा केही गर्न पर्ने देखिएन ।

११. उच्च माध्यामिक शिक्षा परिषद्, सानो ठिमीका उपाध्यक्ष कोशलराज रेग्मीले, परिषद ऐन, नियम एवं विनियमावली विपरीत काम कारबाई गरी अख्तियारको दुरुपयोग गरेको भन्ने समेत विषयको उजूरीमा अनुसन्धान हुंदा यसमा उच्च माध्यमिक शिक्षा परिषदका उपाध्यक्ष तथा सदस्य सचिव श्री ५ को सरकारबाट नियुक्ति भई परिषद् ऐन नियमावली, तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावलीले उपाध्यक्ष तथा सदस्यको काम कर्तव्य र अधिकार प्रष्ट गरीरहेकै हुंदा कानून अनुरुप उपाध्यक्ष, सदस्य सचिव समेतका कर्मचारीले आ-आफूलाई कानूनतः तोकिएको काम कर्तव्य र अधिकार कसैको हस्तक्षेप बिना आ-आफ्नो जिम्मेवारी अनुरुप गर्न गराउन पर्नेमा सो गरेको नपाइएकोले परिषद्को कार्य कानून बमोजिम सुचारु रुपले सम्पादन गर्न गराउन शिक्षा मन्त्रालयमा लेखी प्रधानमन्त्री र शिक्षा मन्त्रीलाई जानकारी दिइएको ।

१२. नेपाल बैंक लिमिटेडबाट विश्वास गार्मेण्ट इण्डष्ट्रिजसंग सम्वन्धित पार्टीलाई ऋण प्रवाह गर्दा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा विश्वास गार्मेण्ट समूहसंग सम्वन्धित फर्मलाई बैंकले कर्जा प्रवाह गर्दा धितो राखिएको अचल सम्पत्तिको मूल्यांकन प्रथमतः इञ्जिनीयरबाट भएको, त्यसपछि बैंकका कर्मचारीबाट निरीक्षण गरी मूल्यांकन भएको आधारमा दृष्टिबन्धक पारित मूल्यांकन गरेको देखिंदा बढी मूल्यांकन गरी कर्जा प्रवाह भएको भन्न सकिने अवस्था देखिएन । नेपाल बैंक लिमिटेडबाट प्राप्त विवरण तथा अनुसन्धानका क्रममा संकलित कागजातहरुबाट हालसम्म सांवा र व्याज समेत रु. ११,८६,१०,२४७।०१ बुझाउन वांकी रहेको र वीच-वीचमा आंशिक भुक्तानी गर्ने गरेको एवं पार्टीको कारोवार चालु नै रहेको, अमेरिकी डलर १५,६८,९१५ को सामान निकासी गरेको ऋण चुक्ता नगरेकोमा लिलामी सूचना समेत प्रकाशित गरी ऋण असूलउपर गर्ने आन्तरिक कारबाई चली नै रहेको, पार्टीले धितो राखेको अचल सम्पत्ति सुरक्षित नै रहे भएको सन्दर्भमा अनियमितता गरी भ्रष्टाचार भयो भनी यस आयोगबाट अनुसन्धान कारबाई अगाडि बढाई रहनु पर्ने देखिएन ।

कर्जा प्रवाह गर्दा परियोजना विश्लेषण, कर्जा प्रयोजन, लिमिट र पार्टीको सक्षमता समेतलाई ध्यानमा राख्न र धितो मूल्यांकन गर्ने प्रचलन परम्परागत र अवैज्ञानिक भएकोले यथार्थमा आधारित र वैज्ञानिक बनाउन तथा कर्जा लगानी गर्दा सतर्कता अपनाई लगानी गर्न, लगानी पश्चात् नियमित अनुगमन गर्न ने.वै.लि., संचालक समितिलाई सुझाव पठाइएको ।

१३. विशेष प्रहरी विभागको मिति २०५६।५।७ को पत्रसाथ प्राप्त भक्तपुर जिल्ला प्रशासन कार्यालयबाट गैर कानूनी तवरले हङ्गकङ्ग जन्मस्थान राखी वितरण गरिएको नागरिकता सम्बन्धी उजूरी सम्बन्धमा अनुसन्धान हुंदा यसमा जिल्ला प्रशासन कार्यालयका तत्कालीन स.प्र.जि.अ. राजेन्द्र अधिकारी र महेन्द्रलाल श्रेष्ठले विभिन्न जिल्लाका ५७ जना व्यक्तिहरुको हङ्गकङ्ग जन्मस्थान राखी नागरिकता बनाएको देखिन आयो । हङ्गकङ्गमा जन्म भएको प्रमाणहरु

पेश भए अनुसार नागरिकताको प्रमाण पत्र दिएको तर सोही व्यक्तिको प्रमाण हो होइन, हङ्गकङ्गमा जन्म भएका हुन् होइनन्, बसाई सराइको कागज ठीक बेठीक के हो आदि केही नबुझेको, नागरिकता आवेदन फाराम कार्यालयमा रीतपूर्वक दर्ता नभएको, तोक आदेश नभएको, आवेदन फाराममा रीतपूर्वक सनाखत गराउनु पर्नेमा रीतपूर्वक सनाखतसम्म पनि नगराई लापरवाहीपूर्वक नागरिकताको प्रमाण पत्र वितरण गरेको देखिन आयो।

विवादित नागरिकता प्रमाण पत्रहरु गैर नेपालीले लिएको नभए ता पनि साविकमा स्वदेशमै जन्मस्थान देखाई नागरिकता लिई सकेका व्यक्तिहरु र आफ्नो पिता ब्रिटिश सेनामा कार्यरत नै नभएका व्यक्तिहरुले आफ्नो बाबु बाहेक अन्य ब्रिटिश सेनामा कार्यरत व्यक्तिको प्रमाणको आधारमा आफूलाई उक्त व्यक्तिको छोरा छोरी भनी विवरण ढाटी दोहरो नागरिकता लिएको देखिएको र अनुसन्धानको क्रममा भक्तपुर जिल्ला बाहेक काठमाडौं, सुनसरी र काम्की आदि जिल्लाबाट समेत यस प्रकारको नागरिकता प्रमाण पत्र वितरण भए गरेको देखिएकोले यस्ता विवादित नागरिकताको प्रमाण पत्र बारे कानून बमोजिम के कस्तो व्यवस्था गरी विवाद नउठ्ने गर्नु पर्ने हो, त्यसतर्फ आवश्यक व्यवस्था मिलाउन र नागरिकता दिने र सिफारीश गर्नेउपर के कस्तो कारवाई गर्नु उपयुक्त हुन्छ, सो समेत आवश्यक कारवाई गर्न प्राप्त फाइल गृह मन्त्रालयमा पठाइएको।

१४. जनकशिक्षा सामग्री केन्द्र लि.ले आ.व. २०५२।०५३ मा केही स्टीचर मेशिन र एउटा पेपर कटिङ्ग मेशिन खरीद गर्दा इन्भ्वाइसमा उल्लेख भए अनुसारका सामान खरीद नगरी कम मूल्य पर्ने सामान खरीद गरेको भन्ने विषयमा अनुसन्धान हुंदा कम मूल्य पर्ने सामान खरीद गरेको भन्ने प्रमाणित हुन नआएको तर उत्पादन गर्ने कम्पनीको नाम उत्पादित मेशिनमा नभएको कारणले विवाद देखिएपछि परराष्ट्र मन्त्रालय मार्फत् बुझिएको कम्पनीको जवाफ सन्तोषप्रद नै देखिएको भए पनि प्रतीत पत्रद्वारा विदेशबाट सामान खरीद गर्दा स्थानीय एजेण्ट मार्फत् खरीद गर्ने परिपाटी अवलम्बन गर्न जनकशिक्षा सामग्री केन्द्रलाई ध्यानाकर्षण गराइएको।

१५. हेटौडा सिमेन्ट उद्योग लि. अन्तर्गत ओखरे खानीसम्म जाने प्रवेश मार्ग निर्माण गर्दा कम तौलको तारजालीमा ढुंगा भर्ने कार्य गराई नभएको कामको समेत बील मिलाई भ्रष्टाचार गरेको र करोडौंको जेनेरेटर खरीद सम्बन्धमा समेत जांच गर्नु पर्ने भन्ने ब्यहोराको उजूरी उपर अनुसन्धान हुंदा तारजाली बुनिसकेपछि स्टकमा राखिने तारजालीको हकमा पुनः स्टोर दाखिला गर्ने, जिन्सी खाता राख्ने र खर्च गर्दा मांग फाराम स्वीकृत गराउने समेतको प्रावधान त्यस उद्योगमा रहेको नदेखिएको र कुनै पनि सामान कार्यालय हाता बाहिर लान पर्दा आधिकारिक व्यक्तिको दस्तखत भएको गेटपासबाट मात्र लान सक्ने व्यवस्था भए ता पनि सो गेटपासहरु जिन्सी शाखाले जिन्सी खातासंग भिडाउने गरेको नदेखिएकोले सो सम्बन्धमा आवश्यक ब्यवस्था मिलाउन उद्योग मन्त्रालयलाई सुझाव पठाई प्रेक्जिम डिजेल स्पल (जेनेरेटर) खरीदका सम्बन्धमा अन्तरराष्ट्रिय बोलपत्रद्वारा खरीद भई हालसम्म चालु हालतमै रहेको देखिएको र जेनेरेटरमा के कस्तो भष्टाचार भएको भनिएको हो, उजूरीमा समेत किटानी साथ केही उल्लेख नभएको हुंदा सो सम्बन्धमा केही गर्न नपरेको।

१६. मिति २०५१।९।९ (२४।१२।१९९४) को आर.ए. ४१० को उडानबाट आएको १० किलो सुन र १५० किलो चांदी बेवारिसी अवस्थामा आएकोमा भन्सारका कर्मचारीहरु मिली सो उडानबाट आउँदै नआएको शेरबहादुर गुरुङको नामबाट छुटाई सरकारी हुने सुनचांदी बांडिलिई भ्रष्टाचार गरेको भन्ने विषयको उजूरीउपर अनुसन्धान हुंदा परराष्ट्र मन्त्रालयको मिति २०५७।११।१४ को पत्रसाथ प्राप्त हङकङको अध्यागमन विभागको मिति २७ मार्च २००० को पत्रबाट शेरबहादुर गुरुङ सो मितिमा सो उडानबाट काठमाडौं प्रस्थान गरेको भन्ने खुलेकोले उजूरीको ब्यहोरा तथ्यमा आधारित नभए पनि निम्न सुझाव श्री ५ को सरकारलाई पठाइएको :-

क. आयोगको मिति २०५६।९।२९ को निर्णयअनुसार श्री ५ को सरकारलाई पठाइएको सुझावको कार्यान्वयन गर्ने।

ख. विदेशबाट नेपाल आउने स्वदेशी तथा विदेशीहरु अध्यागमन कार्यालयबाट प्रवेश गर्दा उडानको यात्रु लिष्ट, यात्रुको हवाई जहाजको टिकट, पासपोर्ट, अध्यागमन फाम भिडाई उल्लिखित व्यक्ति नै नेपाल आएको हो भन्ने कुरा अध्यागमन कार्यालयले निश्चित गर्ने।

ग. विदेशीहरुको हकमा निजहरुको नाम, जन्म मिति, पासपोर्ट जारी गर्ने मुलुकको नाम, पासपोर्ट नं. र जारी भएको मिति, कुन उडानबाट कहिले नेपाल प्रवेश गरेका हुन् भन्ने जस्ता स्पष्ट विवरण अध्यागमन कार्यालयले राख्ने। यस्तै विवरण अन्यत्रका अध्यागमन कार्यालयहरुले पनि राख्ने।

घ. त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अध्यागमन व्यवस्था, सुरक्षा व्यवस्था, भन्सार व्यवस्था र निगरानी सम्बन्धी व्यवस्थालाई सुदृढ तुल्याउन एउटा सक्षम कार्यदल गठन गरी म्यानुअल तयार गरी लागू गर्ने।

१७. कृषि आयोजना सेवा केन्द्रका कार्यकारी निर्देशक श्यामकृष्ण पौडेल समेतले विभिन्न अनियमित काम कारवाई गरेको भन्ने उजूरीका सम्बन्धमा छानवीन हुंदा यस्ता काम कारवाई दोहोरिन नदिन देहाय बमोजिमको व्यवस्था

मिलाई सोको जानकारी यस आयोगमा गराउन र तद्नुरुप भए नभएको नियमित अनुगमन गर्ने व्यवस्था समेत मिलाउन कृषि तथा सहकारी मन्त्रालयलाई लेखिएको :-

क. अधिकांशतः श्री ५ को सरकार र सो अन्तर्गतका सरकारी संस्थाको शेयर रहेको कृषि आयोजना सेवा केन्द्रको तालुक एवं सम्पर्क मन्त्रालय दुवैको भूमिका निर्वाह गरी समय समयमा आवश्यक निर्देशन, नियन्त्रण र अनुगमन गर्ने काम कृषि तथा सहकारी मन्त्रालयले गर्ने व्यवस्था मिलाउने ।

ख. कार्यकारी निर्देशकले करारमा नियुक्त गरेको विशेषज्ञ वा कर्मचारीको पारिश्रमिक निर्धारण गर्दा लिइनु पर्ने आधारहरुको व्यवस्था विनियममा नै गर्ने र यस्तो नियुक्तिलाई सञ्चालक समितिले स्वीकृति दिएको हुनु पर्ने व्यवस्था मिलाउने ।

ग. ख्याति प्राप्त विशेषज्ञको रुपमा सञ्चालक समितिले समेत स्वीकारेका व्यक्ति वाहेक अन्य कर्मचारी वा व्यक्तिको पारिश्रमिकको हद श्री ५ को सरकार वा सरकारी संस्थाका समान श्रेणीका पदाधिकारीसंग मेल खाने गरी तोक्ने र फील्ड भत्ताको हकमा पनि तद्नुरुप गर्ने व्यवस्था मिलाउने ।

घ. विदेशी दातृ संस्था वा सोका प्रतिनिधिले इच्छा गरेको विषयमा प्रचलित आर्थिक नियमको प्रक्रिया नपुऱ्याई खर्च गर्ने परिपाटीलाई अन्त्य गरी सम्बद्ध विनियमावली र सोमा नभएको विषयमा श्री ५ को सरकारको प्रचलित आर्थिक नियमको अक्षरशः पालना गर्ने व्यवस्था मिलाउने ।

ङ. केन्द्रमा सम्बन्धित विषयमा ज्ञान, योग्यता, सीप आर्जन गरेका व्यक्ति छदा छदै बाहिरबाट करारमा नियुक्त गर्ने परिपाटीमा रोक लगाउने, केन्द्रमा नरहेका दक्ष विशेषज्ञको सेवा लिन परेमा वस्तुनिष्ठ आधारसहित सञ्चालक समितिको स्वीकृति लिने ।

च. कर्मचारी वा विशेषज्ञको पारिश्रमिकको हद विनियममा नै तोक्ने र यसरी तोक्दा श्री ५ को सरकारका वा अन्य सरकारी संस्थाका समान स्तरका विशेषज्ञ वा कर्मचारीको तलवलाई आधार मान्ने ।

छ. विशेषज्ञ वा कर्मचारीको दरबन्दी संख्याको निर्धारण विनियममा नै गर्ने र यसरी निर्धारण गरिएका दरबन्दीमा कर्मचारी नियुक्त गर्दा श्री ५ को सरकार वा अन्य सरकारी संस्थाले अपनाउनु पर्ने कार्यविधि सरहको व्यवस्था विनियममा नै गरी त्यसको पालना गर्ने गराउने ।

ज. सामान खरीद गर्दा प्रचलित आर्थिक नियमको अक्षरशः पालना गर्ने र स्वदेशी वस्तु खरीदलाई प्राथमिकता दिने ।

ङ) आयोगबाटै फछ्यौंट भएको तथा अन्य विविध निर्णयको विवरण

१. जिल्ला सरकारी वकील कार्यालय, तनहुंका सरकारी अधिवक्ता शंकरराज वरालले ज्यान मार्ने उद्योग मुद्दामा सजाय कम गराई दिन्छु भनी प्रतिवादीहरुसंग घुस रिसवत माग गरेको अवस्थामा विशेष प्रहरी विभागले रंगेहात रु. २०,०००।- (वीस हजार) सहित पक्राउ गरेकौ सन्दर्भमा विशेष प्रहरी विभागले आवश्यक कारवाईका लागि आयोगमा मिसिल कागजात पठाएकोमा यस आयोगबाट सम्मानित सर्वोच्च अदालतबाट विशेष प्रहरी विभागको साधिकार नदेखिदा खारेज गरिएकोबाट उक्त विषयमा यस आयोगबाट कारवाई अघि बढाउन नमिल्ने हुंदा न्याय सेवा आयोगमा पठाई दिने निर्णय अनुसार न्यायसेवा आयोगमा पठाइएकोमा न्याय सेवा आयोगबाट सो मिसिल कागजातहरु के प्रयोजनका लागि पठाइएको हो स्पष्ट नभएको हुंदा खुलाई पठाई दिन भनी प.सं. ०५५।५६ च.नं. २२८ मिति २०५६।१।३०को पत्रबाट लेखि आए अनुसार तत्सम्बन्धमा उक्त मिसिल कागजातहरु महान्यायाधिवक्ताको कार्यालयसंग सम्बन्धित देखिदा कर्मचारीको अभिलेखको प्रयोजनको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाई न्याय सेवा आयोग र विशेष प्रहरी विभागलाई बोधार्थ दिइएको ।

२. टिम्बर कर्पोरेशनका महाप्रबन्धकले भ्रष्टाचार गरी करोडौंको सम्पत्ति आर्जन गरेको भन्ने विषयको उजुरीउपर अनुसन्धान हुंदा हालसम्मको अनुसन्धान तहकिकातबाट भ्रष्टाचार गरी करोडौंको सम्पत्ति आर्जन गरेको भन्ने तथ्य खुल्न नआएको हुंदा पछि त्यसरी खुल्न आएका वखत कानुन बमोजिम कारवाई चलाउने गरी हाललाई उजुरी तामेलीमा राखिएको ।

३. जिल्ला प्रशासन कार्यालय, सुनसरी इनरुवाको प.सं. २०५५।५६ च.न. ४५५६ मिति २०५५।१२।१६ को पत्रसाथ प्राप्त मिसिलमा मुद्दा नचलाउने रायसहित निकासाका लागि यस आयोगमा पठाइएको मिसिल हेर्दा तत्सम्बन्धमा सुनसरी जिल्ला, बाबिया गा.वि.स.का अध्यक्ष हवीव मन्सूरले आफू अध्यक्ष भएको गाउं विकास समितिबाट निःशुल्क रुपमा

जग्गा उपलब्ध गराई दिने निर्णय गरी उत्तर कुमारी श्रेष्ठ बाट २०५४।४।२० मा रु. ५,०००।- मा जग्गा आफ्नो नाउंमा खरीद गरी लिखत पारित गरी लिएको सोही जग्गाको मूल्यांकन प्रतिकठ्ठा रु.४५,०००।- कायम गरी रु.९००००।- गा.वि.स.बाट रकम लिई उक्त जग्गा आफ्नो नामबाट कृषि विकास सेवा केन्द्रलाई दानपत्र गरी दिएको देखिन्छ ।

यसरी जग्गा निःशुल्क उपलब्ध गराई दिन अनुरोध भएपछि अर्कै व्यक्तिको जग्गा आफ्नो नाउंमा पारित गराई, आफ्नै नाउंबाट जिल्ला कृषि विकास कार्यालय, वाविया सेवा केन्द्रलाई दानपत्र गरिदिएको देखिन आयो । यस केशको घटनाक्रमबाट विचार गर्दा गा.वि.स.का अध्यक्ष हबीव मन्सूरले गैर कानूनी फाइदा लिने पूर्व नियोजित बदनियतले नै पहिले उत्तर कुमारीबाट रु. ५०००।- मा खरीद गरी आफ्नो नाममा राखेको जग्गा रु ९०,०००।- आफै अध्यक्ष भएको गाउं विकास समितिबाट रकम लिई आफ्नो नाउबाट कृषि सेवा केन्द्रलाई दानपत्र गरिदिएको हुंदा निजले गैर कानूनी कार्य गरी आफू समेतलाई फाइदा र गाउं विकास समितिलाई नोक्सानी हुने कार्य एकातिर गरेको देखिएको छ भने अर्को तीर आफ्नो नाममा रहेको जग्गा दानपत्र गरी कृषि सेवा केन्द्रलाई दिई गाउं विकास समितिबाट रकम लिने जस्तो गैर कानूनी कार्य गरेको प्रष्ट देखिएको हुंदा अनुसन्धान गर्नु पर्ने वा बुझ्नु पर्ने केही बांकी भए सो समेत सम्पन्न गरी भ्रष्टाचारको अपराधमा मुद्दा दायर गर्ने कार्यविधि पूरा गर्नू भनी जिल्ला प्रशासन कार्यालय, सुनसरीलाई लेखिएको ।

४. पुनरावेदन सरकारी वकील कार्यालय, महेन्द्रनगर, कञ्चनपुरका पत्रबाट लेखी आए बमोजिम रोक्का रहेको जग्गालाई रोक्का छैन भनी प्रमाणित गर्ने रोक्का फांटका टा.ना.सु. पद्मप्रसाद ढकाल र मु. मानबहादुर चन्दउपर आफ्नो कामप्रति लापरबाही गरेकोमा विभागीय कारबाई गर्ने र कार्यालय प्रमुख मालपोत अधिकृत दण्डपाणी पौडेललाई उचित रेखदेख पुऱ्याउन नसकेकोमा ध्यानाकर्षण गराउने तथा अन्य विषयका हकमा प्रचलित कानून बमोजिम गर्न भनी मिसिल फिर्ता पठाइएको ।

५. दामोदरप्रसाद खनालको उजूरीले वादी श्री ५ को सरकार, प्रतिवादी योगराज उप्रेती भएको नक्कली सिफारीशको प्रमाण पत्र पेश गरी नियुक्ति लिएको भन्ने मुद्दामा पुनरावेदन अदालत, पाटनबाट प्रतिवादीलाई सफाई दिने गरी भएको फैसलाउपर पुनरावेदन गर्ने वा नगर्ने भनी प्राप्त मिसिलमा तथ्ययुक्त प्रमाणको अभावमा पुनरावेदन नगर्ने निर्णय गरी सोको जानकारी विशेष प्रहरी विभाग र पुनरावेदन सरकारी वकील कार्यालयलाई दिइएको ।

६. सुरेन्द्रकुमार संगतको उजूरीले वादी श्री ५ को सरकार, प्रतिवादी सुरेन्द्रकुमार बिष्ट भएको घूस (रिसवत) मुद्दामा पुनरावेदन अदालत, पाटनबाट प्रतिवादीलाई सफाई दिने गरी भएको फैसलाउपर पुनरावेदन गर्ने वा नगर्ने भनी प्राप्त मिसिलमा तथ्ययुक्त प्रमाणको अभावमा पुनरावेदन नगर्ने निर्णय गरी सोको जानकारी विशेष प्रहरी विभाग र पुनरावेदन सरकारी वकील कार्यालयलाई दिइएको ।

७. हङ्गकङ्गमा जन्मस्थान राखी नक्कली नागरिकता वितरण गरी प्रमुख जिल्ला अधिकारीले भ्रष्टाचार गरेको भन्ने समेत विषयको उजूरीमा अनुसन्धान हुंदा यसमा जिल्ला प्रशासन कार्यालय, कास्कीका प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेले सुरज दमाई समेतलाई नागरिकता प्रमाणपत्र दिदा हङ्गकङ्ग जन्मस्थान राखी भ्रष्टाचार गरेको भन्ने मुख्य विषय रहेको पाइएको

यस उजूरीका सम्बन्धमा गृह मन्त्रालयको २०५४।८।२३ को प्रतिकृया अनुसार निवेदनमा उल्लेख गरेको व्यक्तिहरुलाई हङ्गकङ्ग जन्मस्थान देखाई नागरिकताको प्रमाणपत्र वितरण गर्दा हङ्गकङ्गमा जन्म भएको प्रमाणहरु पेश भए अनुसार नागरिकताको प्रमाण-पत्र दिएको तर सोही व्यक्तिको प्रमाणै हो वा होइन ? खुल्न नआएको भनी उल्लेख भएको पाइयो । अनुसन्धानको क्रममा प्राप्त फाइलहरु अध्ययन गरी हेर्दा उजूरीमा उल्लिखित व्यक्तिहरु नेपाली नागरिक भन्ने देखिएको तर निजहरु हङ्गकङ्गमा जन्मेको हुन, होइनन् ? भनी हेर्दा उजूरीमा उल्लिखित व्यक्ति मध्ये धनबहादुर गुरुङको छोरा गिरीप्रसाद गुरुङले जिल्ला प्रशासन कार्यालय, स्याङजाबाट २०४३।७।१९ मा नागरिकता प्रमाण-पत्र नं. ११७० को नागरिकता लिई सकेको र निजको बसाई सराई प्रमाण-पत्र समेतबाट हङ्गकङ्गमा जन्मेको देखिदैन । त्यस्तो व्यक्तिलाई जिल्ला प्रशासन कार्यालय, कास्कीका तत्कालीन प्र.जि.अ. ध्रुवराज वाग्लेले स्याङजाबाट नागरिकता लिए नलिएको पत्राचार भई सकेपछि सोको जवाफ प्राप्त नहुदै हङ्गकङ्गको जन्मस्थान राखी नागरिकता दिएको देखिन आयो । तसर्थ निजको हकमा स्याङजाबाट प्रदान गरिएको नागरिकता कायम हुने हो वा कास्कीबाट दिइएको नागरिकता कायम हुने हो यकिन गर्न तथा सम्बन्धित प्र.जि.अ.उपर केकस्तो कारबाई गर्न उपयुक्त हुन्छ सो समेतउपर आवश्यक कारबाई गर्न सक्कलै फायल गृह मन्त्रालयमा पठाइएको ।

८. अविवाहित व्यक्ति बाबु बनेको भनी जनभावना साप्ताहिकमा २०५५।१।२८ मा छापिएको समाचार उजूरीका सन्दर्भमा अनुसन्धान हुंदा जिल्ला प्रशासन कार्यालय, रुपन्देहीले २०५४।४।१२ मा सुनीलकुमार मिश्रलाई दिएको वंशजको नागरिकता यथार्थ तथ्य पत्ता नलगाई दिएको भन्न सकिने अवस्था देखिन नआएको ।

९. नेपाल बाल संगठनका अध्यक्ष समेतले बाल मन्दीरबाट धर्मपुत्र, पुत्रीको नाममा बाल-बालिकालाई विदेशमा बिक्री गरेको भन्ने समेत विषयको उजूरीउपर अनुसन्धान हुंदा विभिन्न कानूनी प्रकृया, शर्त एवं बन्देजका अधिनमा रही गरेको सिफारीश बमोजिम गृह मन्त्रालयको स्वीकृतिमा मात्र धर्मपुत्र एवं पुत्रीको रुपमा बाल-बालिकालाई दिन लिन सकिने अवस्था रहेको देखिएकोले बाल संगठनको अध्यक्ष मात्रले यसरी गैरकानूनी रुपमा वच्चा वेच्न लागेको भन्ने अवस्था नभएको र अन्य गैरकानूनी काम कारबाई गरे भन्ने सम्बन्धमा विद्यमान प्रमाणबाट त्यस्तो कार्य भए गरेको नदेखिएको ।

१०. महिला सीप विकास केन्द्र तत्कालीन नेपाल महिला सीप विकास परियोजनाकी कार्यकारी निर्देशकले अनियमित कार्य गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा उजूरीमा उल्लिखित विषयमध्ये सविता कर्माचार्य तथा लीला ताम्राकारको नियुक्ति सम्बन्धमा हेर्दा सविता कर्माचार्यको नियुक्ति नियमित नै भएको देखियो । लीला ताम्राकारको नियुक्तिका सम्बन्धमा हेर्दा तत्कालीन कार्यकारी निर्देशक शान्ति चढाले दिएको राजिनामा स्वीकृत भइसके पश्चात् नियुक्ति दिएको कार्यलाई नियमित भन्न नसकिए पनि यस कार्यमा निजको बदनियत नरहेको र निजको सो कार्यमा नियुक्ति पाउने लीला ताम्राकारको कुनै गलत संलग्नता रहे भएको नदेखिएको अवस्थामा तत्कालीन महिला सीप विकास परियोजना हाल महिला सीप विकास केन्द्रको लेखापाल पदमा ३ महिनाको परीक्षण कालमा रहने गरी नियुक्ति पाएकी लीला ताम्राकारको परीक्षणकाल समाप्तिपछि स्थायी नियुक्ति गरी निरन्तरता दिन औपचारिक कार्य सम्पन्न गरेकोसम्म भन्न सकिने र शान्ति चढाले आफ्नो राजीनामा स्वीकृत भएपछि म्यादभित्रै बरबुझारथ गरेको हुंदा सो कार्य अनुचित भन्न मिल्ने नदेखिएको ।

११. आ.व. २०४४।४५ मा जनकपुर अञ्चल अस्पतालको कम्पाउण्डभित्र नाली बनाउन भनी ठे. रामजी दास तत्मालाई ठेक्का दिएकोमा सो ठेक्का निर्माणमा भ्रष्टाचार गरेको भनी निज ठेकेदार एवं सो निर्माण कार्य रेखदेख गर्ने स्थानीय भवन निर्माण शाखाका इन्जिनीयर जीवेश्वरलाल कर्णउपर भ्र.नि. ऐन, २०१७ अन्तर्गत कारबाई एवं सजाय हुन भनी पुनरावेदन अदालत, जनकपुरमा दायर गरिएको भ्रष्टाचार मुद्दामा उक्त अदालतबाट प्रतिवादी इन्जिनीयर जीवेश्वरलाल कर्णको हकमा सफाई पाउने तथा ठेकेदार प्रतिवादीका हकमा दावी बमोजिम सजाय हुने गरी मिति २०५६।४।२५ मा भएको फैसलामध्ये सफाई पाउने प्रतिवादीका हकमा पुनरावेदन नगर्ने गरी पुनरावेदन सरकारी वकील कार्यालय, जनकपुरबाट राय प्रस्तावसहित प्राप्त सम्बन्धित मिसिल हेर्दा प्रतिवादी रामजीदास तत्माले मौकामा बयान गर्दा निज इन्जिनीयरलाई रु. १० हजार रिसवत दिएको भन्ने समेत आधारमा निज इन्जिनीयरउपर लिएको अभियोग दावी अन्य प्रमाणबाट समर्थित एवं प्रमाणित हुन नसकेको भन्ने आधारमा उक्त अदालतबाट निज प्रतिवादी जीवेश्वरलाललाई सफाई दिइएको देखिन्छ । उक्त अदालतबाट भएको सो फैसला उपर पुनरावेदन गर्दा दावी लिने अन्य खम्बीर एवं तथ्ययुक्त प्रमाणको अभाव भए रहेको विद्यमान अवस्थामा यसमा सफलता प्राप्त हुन सक्ने सम्भावनाको कुनै गुञ्जायस रहेको नदेखिदा प्रस्तुत मुद्दामा उक्त अदालतबाट भएको सो फैसला उपर पुनरावेदन नगर्ने निर्णय गरिएको ।

१२. पर्वत जिल्ला फलामखानी गा.वि.स.-५ बस्ने लालकाजी सुनारले दुबईबाट पाकिस्तान हुंदै १५ किलो सुन ल्याएको र निजले सो सुन ल्याउँदैछ र अध्यागमन आएपछि सो सुन लिन अर्को व्यक्ति आउँदैछ भन्ने कुरा भन्सार प्रमुख जनार्दन शर्मालाई थाहा भएर पनि १५ किलो सुन एयरपोर्टबाट अर्कैले लग्यो, तर लालकाजी सुनार पक्राउ परे भन्ने साप्ताहिक जनसत्तामा २०५४।११।९ मा प्रकाशित समाचार उजूरीउपर अनुसन्धान हुंदा यसमा लालकाजी सुनारले पि.आइ.ए.को फ्लाइट नं.२४९ बाट मिति २०५४।११।१ मा करांचीबाट काठमाडौं आउंदा १३३० तोला सुन ल्याएको भन्ने टेलेक्स करांची भन्सारले काठमाडौंस्थित पी.आई.ए.को कार्यालयमा पठाएको र सो सूचना पि.आई.ए.का कर्मचारीले प्रमुख भन्सार अधिकृत माधवराज पोखरेललाई दिएको, प्रमुख भन्सार अधिकृत माधवराज पोखरेलले भन्सार अधिकृत नारायणप्रसाद तौजले र अन्य कर्मचारी समेतको सक्रियतामा निज लालकाजी सुनारलाई पक्राउ गर्दा निजको साथमा सुन नभएको तर अध्यागमन क्षेत्रमै अरुलाई सुन दिएकोमा साबित भएकोले निजले सुन चोरी पैठारी गरेको ठहराई १३३० तोला सुनको रु ९३,३६,६००। बिगो कायम गरी बिगो बमोजिम जरीवाना र २ वर्ष कैदसमेत गर्ने निर्णय का.मु. भन्सार प्रशासक जनार्दन शर्माले मिति २०५४।११।८ मा गरेको देखियो । यसमा लालकाजी सुनारले सुन ल्याउँदैछ भन्ने सूचना प्रमुख भन्सार अधिकृत माधवराज पोखरेलले पी.आई.ए. कर्मचारीबाट पाई सो व्यक्तिको खोजतलास गर्ने कारबाई अगाडि बढाउंदा निज लालकाजी

सुनारले सुन पास गरिसकेको साबिती बयानबाट समेत देखिन आएकोले सुन चोरी पैठारीमा भन्सारका अधिकृत कर्मचारीको संलग्नता प्रमाणित हुन आएन ।

१३. राष्ट्रिय बाणिज्य बैंकका ग्राहक सुप्रीम फेसन प्रा.लि.संगको प्रतितपत्र कारोवारका सन्दर्भमा भुक्तानी पठाउने एकाउन्टेन्ट लक्ष्मणकृष्ण ताम्राकार र एल.सी. इन्चार्ज कृष्णबहादुर पन्तउपर आयोगको निणयानुसार विभागीय कारबाई चलाउन लेखिएकोमा उक्त बैंकको संचालक समितिले "एल.सी. कारोवारको अन्तराष्ट्रिय नियम अनुसार बैंकले एल.सी. खोलेपछि त्यस्को भुक्तानी पठाउनु पर्ने दायित्व बैंककै हुने, बैंकले भुक्तानी नपठाएमा बिदेशी बैंकहरुले एल.सी. खोल्ने बैंकउपर अदालतमा मुद्दा दायर गर्न सक्ने र यसबाट बैंकको ख्यातिमा समेत असर पर्ने हुंदा यसरी बैंकबाट एल.सी.को अन्तराष्ट्रिय सामान्य प्रकृया अनुसार पुरानो एल.सी.को भुक्तानी पठाउनु पर्ने हुंदा सो अनुसार नै सम्बन्धित पक्षलाई पठाइएको र हाल पनि सो अनुसार नै भुक्तानी पठाई रहनु पर्ने नै हुंदा त्यस आयोगबाट कारबाईको लागि लेखिआएका अधिकृतहरुलाई विभागीय कारबाई चलाउंदा यस बैंकबाट गरिने एल.सी. कारोबारमा र हाल बैंकले भुक्तानी पठाउनु पर्ने रकम पठाउन समेत बैंकलाई कठिनाई उत्पन्न भई भबिष्यमा बैंकलाई एल.सी. कारोबार गर्न नै कठिनाई पर्ने भएकोले विभागीय कारबाई चलाउने विषयमा आयोगको निर्णयउपर पुनर्विचार हुन आयोगलाई अनुरोध गर्ने" मिति २०५६।४।२८ मा निर्णय गरेको ब्यहोरा पेश हुंदा आयोगको मिति २०५५।११।४ को निर्णय ठहरमा निर्णय आधार स्पष्ट खुलेकै देखिंदा पुनर्विचार गरी रहन नपरेको ।

१४. कृषि अनुसन्धान केन्द्र, हर्दिनाथ, धनुषाको कामदार मलाह (एल. टी. १) पदमा फौदी महतोले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी नोकरी गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा अख्तियारवालाले लिनु खानु गरी कामदार मलाह (एल. टी. १) पदमा फौदी महतोलाई भर्ना गरेको भन्ने देखिन नआएको ।

१५. राष्ट्रिय सूर्तिबाली अनुसन्धान कार्यक्रम, बेलाचापी, धनुषाको कामदार (एल. टी. १) ठकाई महतोले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी नोकरी गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा अख्तियारवालाले लिनु खानु गरी कामदार (एल. टी. १) पदमा ठकाई महतोलाई भर्ना गरेको भन्ने देखिन नआएको ।

१६. जनकपुर चुरोट कारखानाको शाखा कार्यालय, जनकपुरका का.मु. शाखा प्रबन्धक शैलेन्द्रकुमार ठाकुरले उद्योगको रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर छानबीन हुंदा हिनामिना गरेको रकम सम्बन्धमा अभियुक्तसंग मिली आफूभन्दा तल्ला तहका कर्मचारीलाई भय, त्रास दिई कम मोलको जग्गालाई बढी मोल देखाई उद्योगलाई हानी पुऱ्याउने मनसायले आफू खुशी मोल गरी दृष्टिबन्धक लिखत पास गराएको भनी बुझिएका व्यक्तिहरुले महाप्रबन्धकलाई किटानी पोल उजूर गरेबाट निज महाप्रबन्धकलाई बुझ्न अति जरुरी देखिएको तर त्यसरी बुझ्न आयोगबाट प्रत्यायोजित अधिकार अन्तर्गत आफूले नमिल्ने हुंदा निर्देशन माग गरेको प्र.जि.अ., धनुषाको पत्रका सम्बन्धमा उल्लिखित उजूरी उपरको छानबीनका सिलसिलामा महाप्रबन्धकसमेत जो जसलाई बुझ्नु पर्छ बुझी अनुसन्धान कारवाई पूरा गर्न प्र.जि.अ., धनुषालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८(५) बमोजिम अख्तियारी सुम्पिएको ।

१७. नेपाल राष्ट्र बैंकको पत्रले वादी श्री ५ को सरकार, प्रतिवादी सुन्दरकुमार श्रेष्ठ, रवि भण्डारी र राजेश शाही भएको २०५४।१०।२९ मा पुनरावेदन अदालत, पाटनमा दर्ता भएको भ्रष्टाचार मुद्दाका प्रतिवादीमध्ये सुन्दरकुमार श्रेष्ठलाई अभियोग माग बमोजिम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिम एक वर्ष कैद र हानी नोक्सानी भएको बिगो रु. २४,९५,०००।- निजबाट असूल गर्ने र अन्य २ जना प्रतिवादीले आरोपित अभियोगबाट सफाई पाउने ठहऱ्याई मिति २०५६।३।२३ मा भएको फैसलाको जानकारी मिति २०५६।७।९ मा पुनरावेदन सरकारी वकील कार्यालय, पाटनमा प्राप्त भएको देखिन्छ । फैसला सहितको मिसिल अध्ययन गरी अभियोगबाट सफाई पाउने प्रतिवादीहरुको हकमा विचार गर्दा हिनामिना भएको रु.२४,९५,०००।- का सम्बन्धमा सुन्दरकुमार श्रेष्ठ बाहेकका प्रतिवादीहरुको बदनियतपूर्ण संलग्नता रहे भएको भन्ने तथ्ययुक्त आधार प्रमाण मिसिलबाट नदेखिएकोले सफाई पाउने प्रतिवादीहरु रवि भण्डारी र राजेश शाहीको हकमा पुनरावेदन नगर्ने निर्णय भएको ।

१८. नेपाल कृषि अनुसन्धान परिषदका तत्कालीन कार्यकारी निर्देशक ध्रुव जोशी, लेखापाल ओमकृष्ण जोशी तथा हालका कार्यकारी निर्देशक उपेन्द्र मिश्रले परिषद्को रकम हिनामिना गरी विभिन्न किसिमको अनियमितता गरेको भन्ने विषयको उजूरी निवेदनका सन्दर्भमा अनुसन्धान हुंदा ध्रुव जोशी र लेखापाल ओमकृष्ण जोशी, उपेन्द्र मिश्र

विरुद्ध दिइएको उजूरीमा उल्लेख भएका ब्यहोराहरुका सम्बन्धमा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचारजन्य कार्य गरेको भन्ने स्थिति हालसम्मको अनुसन्धान एवं पेश भएसम्मको कागजातबाट देखिन नआएको ।

१९. मालपोत कार्यालय, धादिङ् र गुठी संस्थानका कर्मचारीहरुको आपसी मिलोमतोबाट सरकारी तथा गुठीको जग्गा व्यक्तिको नाममा दर्ता गराएको भन्ने विभिन्न ४४ वटा विषयहरुको उजूरीका सम्बन्धमा धादिङ् जिल्ला अन्तर्गतका विभिन्न गाउं विकास समितिहरु अन्तर्गत रहेका विभिन्न सार्वजनिक तथा गुठीका जग्गा अख्तियारको दुरुपयोग गरी विभिन्न व्यक्तिको नाममा दर्ता गरे गराएको विषयसंग सम्बन्धित निम्न फाइलहरुको सम्बन्धमा मिति २०५४।११।१८, खण्ड ४७, संख्या ४६ को नेपाल राजपत्रमा विशेष प्रहरी विभागका मुख्य अधिकृतलाई यस आयोगले अधिकार प्रत्यायोजन गरेको सूचनामा उल्लेख भए बमोजिम गर्ने गरी नेपाल अधिराज्यको संविधान, २०४७ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम यस आयोगलाई प्राप्त अधिकार विशेष प्रहरी विभागका मुख्य अधिकृतलाई प्रत्यायोजन गरिएको :-

तपसिल

१. छत्रे देउराली गा.वि.स वडा नं. ८ (ख) कि.नं. ३२९ को आर्यघाट दाउरा गुठीको जग्गा कान्छा तामाङ्लाई अनियमित तरीकाबाट मोही कायम गर्ने भन्ने सम्बन्धमा,
२. शेषान्त रिमाल र मालपोत कार्यालय धादिङ्का कर्मचारी समेतले पृथ्वी राजमार्गको १५ मिटर भित्रको जग्गा दर्ता गरे भन्ने सम्बन्धमा,
३. नीलकण्ठ गा.वि.स.वडा नं. ५(घ) कित्ता नं. २९६ को जग्गाको क्षेत्रफल बढाई भष्टाचार गरेको,
४. भैरवीदेवीका नामको गुठीको जग्गा वीरबहादुर रानामगरको नाममा दर्ता गरेको सम्बन्धमा,
५. सेर्तुङ् गा.वि.स. वडा नं. २ को कि.नं. ९८५ र वडा .नं. ५(ख) को कि.नं. १५ को सार्वजनिक जग्गा जीतबहादुर तामाङ्को नाममा दर्ता गरेको,
६. पौवा गुठीको जग्गामा गैर कानूनी तरीकाबाट मोही भद्रमान श्रेष्ठ कायम गरेको,
७. पौवा गुठीको जग्गामा गैर कानूनी तरीकाबाट मोही नन्दकुमारी लम्साल कायम गरेको,
८. भैरवी (खान्गी) गुठीको जग्गा चन्द्रे दमाई लगायत व्यक्तिले गैरकानूनी रुपमा बिक्री गरेको,
९. भैरवी गुठीको जग्गामा चन्द्रे दमाईलाई मोही कायम गर्ने सम्बन्धी,
१०. छत्रे देउराली गा.वि.स. वडा नं. ६क, ९ज का विभिन्न कित्ता जग्गाहरु अर्कै व्यक्तिको नाममा दर्ता भएकोमा सुन्तली तामाङ् र बुद्धिबहादुर तामाङ्को नाममा नामसारी दर्ता गरेको,
११. पौवा गुठीको जग्गामा गैरकानूनी रुपमा गोपाल कामी र गोरे कामीको नाममा मोही कायम गरिदिएको,
१२. पौवा गुठीको जग्गामा गैरकानूनी रुपमा जय नारायण श्रेष्ठको नाममा मोही कायम गरि दिएको,
१३. आर्यघाट दाउरा गुठीको जग्गामा गैरकानूनी रुपमा मनद लामालाई मोही कायम गरेको,
१४. धनेश्वर महादेव गुठीको जग्गामा गैरकानूनी रुपमा गोविन्द गिरीलाई मोही कायम गरेको,
१५. थाक्रे गा.वि.स.वडा नं.१(घ) कि.नं. ७३ को सरकारी बुट्यान जग्गा व्यक्तिको नाममा दर्ता गरेको,
१६. वैरेनी गा.वि.स. ९(ङ) कित्ता नं. १४२ को राजमार्गको जग्गा व्यक्तिको नाममा दर्ता गरेको,
१७. विष्णुलाल भन्ने विष्णु श्रेष्ठले राजमार्गको जग्गा दर्ता गरेको,
१८. थाक्रे गा.वि.स. को मुआव्जा लिइसकेको जग्गा पुनः राधादेवी सुवेदीको नाममा दर्ता गरेको,
१९. सेर्तुङ्ग गा.वि.स. वडा नं. १ क कि.नं. १६७, २१, १८२ का जग्गाको सम्बन्धमा कुनै निर्णय नै नगरी सुङ्गवीर तामाङ् समेतका नाममा जग्गा दर्ता गरी प्रमाण पूर्जा बनाएको,
२०. सेर्तुङ्ग गा.वि.स. वडा नं. ४ को कि.नं. २०८ र २११ को जग्गाको सम्बन्धमा कुनै निर्णय नै नगरी शेरबहादुर तामाङ्को जग्गा दर्ता गरेको,
२१. मुरली भन्ज्याङ्ग गा.वि.स. वडा नं. ६(च) को कि.नं. ११७ र १४१ को जग्गामा बिना प्रमाण कृष्णबहादुर श्रेष्ठलाई मोहीको रुपमा दर्ता गरेको,
२२. वैरेनी गा.वि.स. वडा नं. ९(ङ) कि.नं. १५४ को राजमार्गको जग्गा खोमबहादुर भन्ने बमबहादुरको नाममा अनियमित तरिकाबाट दर्ता गरेको,
२३. सेर्तुङ्ग गा.वि.स. वडा नं. १ क कि.नं. १६० र वडा नं. १(घ) कि.नं. १८० को जग्गाको सम्बन्धमा कुनै निर्णय नै नगरी पालसिंह तामाङ्को नाममा दर्ता गरेको
२४. वैरेनी गा.वि.स.वडा नं. ९(ख) कि.नं. १५७, १५२, १५५, १४०, १४१, १५१, १५९ र ६२ का राजमार्गको जग्गा विभिन्न व्यक्तिको नाममा दर्ता गरेको ,
२५. छत्रे देउराली गा.वि.स.वडा नं. ५(ङ) कि.नं. १३ र १६ को राजमार्गको जग्गा रामप्रसाद खकुराल र राजकुमार खकुरालको नाममा दर्ता गरेको,

२६. गजुरी गा.वि.स.वडा नं. १ को कि.नं. १५० को श्री ५ को वायु गुठीको जग्गामा गैर कानूनी रुपले नानीमैया श्रेष्ठलाई मोही कायम गरेको,
२७. थाक्रे गा.वि.स.वडानं. ३(ग) कि.नं. ७९ को सरकारी बुट्यान जग्गा व्यक्तिको नाममा दर्ता गरेको,
२८. छत्रे देउराली गा.वि.स. वडा नं. ६(क) को कि.नं. ३१५ र १२० को जग्गा दर्ताको माग भएकोमा कि.नं. १६३ को समेत दर्ता गरिदिएको,
२९. सुन्तली तामाङ् बुद्धिबहादुर तामाङ्को नाममा छत्रे देउराली गा.वि.स. वडा नं. ६ कि.नं. ३२ र ६१ को जग्गा गैर कानूनी रुपमा दर्ता गरेको,
३०. नीलकण्ठ गा.वि.स. वडा नं. १ (ख) कि.नं. १८ को भैरवी गुठीको जग्गा मोही देवीनाथ योगीका नाममा रैकर कायम गरेको,
३१. सेतुंङ गा.वि.स. वडा नं. १(ग) कि.नं. ५८८ को जग्गाको सम्बन्धमा कुनै निर्णय नै नगरी प्रकरा लामाको नाममा दर्ता श्रेस्ता तयार गरेको,
३२. सेतुंङ गा.वि.स. वडा नं. १(ज) कि.नं. ५९ र वडा नं १ झ कि.नं. १३६ को जग्गाको सम्बन्धमा कुनै निर्णय नै नगरी पेम्वा लामाको नाममा दर्ता, श्रेस्ता तयार गरेको,
३३. सेतुंङ गा.वि.स. वडा नं. ६(घ) कि.नं. ५१, २६० र कि.नं. ८४४ को जग्गाहरुको सम्बन्धमा कुनै निर्णय नै नगरी खितला तामाङ्को नाममा दर्ता श्रेस्ता तयार गरेको,
३४. सेतुंङ गा.वि.स. वडा नं. ५(ख) को कि.नं. ६१४ र वडा नं.४(घ) कि.नं. ९ समेतका जग्गा डिल्लीमान तामाङ् समेतको मिलेमतोमा दर्ता गरेको,
३५. सेतुंङ गा.वि.स. वडा नं.१ (ङ) कि.नं. ६ को जग्गा दर्ता प्रक्रिया नपुऱ्याई ताचेन तामाङ्को नाममा दर्ता गरेको,
३६. सेतुंङ गा.वि.स. वडा नं. ५(ख) को कि.नं. ५७८, ऐ. ५(ग) कि.नं. ५२७ को जग्गा म लामाको नाममा दर्ता गरेको,
३७. नीलकण्ठ गा.वि.स. वडा नं. ५(च) कि.नं. ५१, १५,७९, ८८ र ८९ का जग्गा गैरकानूनी तरीकाले दर्ता गरेको,
३८. भुमेस्थान गा.वि.स. वडा नं. १(घ) कि.नं. ९ को जग्गा राजेन्द्र पुरीको नाममा दर्ता गरेको,
३९. छत्रे देउराली गा.वि.स. वडा नं.६(क) कि.नं. ३१,६२,७१ का जग्गा रामबहादुर तामाङ्को नाममा दर्ता गरेको,
४०. थाक्रे गा.वि.स. वडा नं. ८ (ग) कि.नं.२३को जग्गा कृत्रिम फील्डबूक तयार गरी गोमप्रसाद सुवेदीको नाममा दर्ता गरेको ।
४१. छत्रे देउराली गा.वि.स. वडा नं. ६(क) कि.नं. ६३, १२२ र १६३ को जग्गा अनियमित तरीकाबाट प्रेमबहादुर गुरुङ् को नाममा दर्ता गरेको,
४२. थाक्रे गा.वि.स. वडा नं. ९(क)को कि.नं. २६१को सरकारी बुट्यान जग्गा जूनकुमारी आचार्यको नाममा दर्ता गरेको,
४३. छत्रे देउराली गा.वि.स.वडा नं. ६को कि.नं.२४३ को जग्गा धनवीर तामाङ् र मालपोत कार्यालयका तत्कालीन खरीदार समेतको नाममा लिखत पारित गरेको,
४४. जीवनपुर गा.वि.स. वडा नं. ७(घ) कि.नं. ५७ र ६० का जग्गाको क्षेत्रफल बढाई भ्रष्टाचार गरेको ।

२०. बालकृष्ण पाण्डेले गणेशकुमार श्रेष्ठको राहदानी बनाइदिन दानबहादुर श्रेष्ठसंग रु. १५० - घूस रिसवत लिई भ्रष्टाचार गरेको भन्ने विषयको विशेष प्रहरी विभागबाट छानबीन भई निज बालकृष्ण पाण्डे समेतउपर काठमाडौं जिल्ला अदालतमा कीर्ते गरेकोमा मुद्दा चलिरहेको हुंदा भ्रष्टाचारमा थप मुद्दा चलाइरहन नपर्ने भनी विशेष प्रहरी विभागबाट प्रेषित राय मनासिबै भएकोले सोही राय अनुसार भ्रष्टाचारमा थप मुद्दा नचलाउने निर्णय गरिएको ।

२१. खोरीया गा.वि.स., वडा नं. ७, सर्लाही वस्ने रमादेवी शाह समेतले झुठ्ठा विवरण पेश गरी नागरिकता तथा अंश प्राप्त गर्न खोजेको भन्ने सर्लाही, सुन्दरपुर वस्ने मोहन साहको उजूरीउपर प्रमुख जिल्ला अधिकारीबाट अनुसन्धान भई सक्कल लिखत गायव गरी भ्रष्टाचार गरेको कसूरमा भ्र.नि.ऐन, २०१७ अनुसार सजाय हुनुपर्ने राय व्यक्त भएकोमा अड्डामा रहेको श्रेस्ता कागजात चोरी हराए नासिए मुलुकी ऐन अ.वं.२३ नं.ले कारबाई हुने कानूनी व्यवस्था रहेकोले लिखत हराए नासेको प्रस्तुत विषय भ्रष्टाचार निवारण ऐन, २०१७ अन्तर्गतको कसूर नहुंदा सो ऐन अनुरुप कारबाई गर्नु नपर्ने भनी पुनरावेदन सरकारी वकील कार्यालय जनकपुरका सह-न्यायाधिवक्ताले मिति २०५६।७।८ मा निर्णय गरी निकासाको लागि यस आयोगमा प्राप्त भई सो निर्णय सहितको फाईल पेश हुंदा यसमा त्यस्तो कागजपत्र गायव गर्ने सम्बन्धित कर्मचारी समेतउपर आवश्यक कारबाई गर्न मालपोत कार्यालय, सर्लाहीलाई

लेखी पुनरावेदन सरकारी वकीलको राय मनासिब देखिएकोले सोको सूचना सरकारी वकील कार्यालयलाई दिइएको ।

२२. रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपालको वरीष्ठ सम्वाददाता तह-७ को बढुवामा रेडियो नेपालका सम्वन्धित जिम्मेवार पदाधिकारीले अनियमितता गरी अख्तियारको दुरुपयोग गरेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुंदा बढुवा भएका खगेन्द्र खत्रीले सातौं तहको वरीष्ठ सम्वाददाता पदमा बढुवाको दरखास्त फाराम भर्दा नोकरी विवरण, शैक्षिक योग्यता, काम गरेको अनुभव, तालीम विवरण नभरी खाली नै राखी हस्ताक्षर सम्म गरी पेश गरेको तथा शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि पेश नगरेको अवस्थामा वैयक्तिक विवरण फायलमा रहेको प्रमाण पत्रको आधारमा अंक प्रदान गरिएको देखिंदा बढुवा गरी सकेपछि बढुवामा नाम नपर्ने उम्मेदवारहरुबाट बढुवामा चित्त नबुझी उजूरी निवेदन संचालक समितिसमक्ष पेश गरेकोमा संचालक समितिले आवश्यक छानबीन गरी संचालक समितिमा प्रतिवेदन पेश गर्न तीन सदस्यीय छानबीन समिति गठन गरेको र सो छानबीन समितिले बढुवा उजूरी दिने व्यक्तिहरुको उजूरी आधारहीन ठहऱ्याई पेश हुन आएको प्रतिवेदनलाई संचालक समितिले स्वीकृत गरी सकेको समेत देखिंदा बढुवा प्रकृयामा तात्विक असर पर्ने गरी निर्णय भए गरेको नदेखिएको ।

२३. राजस्व अनुसन्धान विभागको जाहेरीले प्रकाशकुमार टिवडेवाला समेत भएको सरकारी छाप दस्तखत कीर्ते मुद्दा १, प्रहरी प्रतिवेदनबाट शुरु भएको अमर टण्डन समेत भएको दोहोरो राहदानी लिएको मुद्दा १ र प्रहरी प्रतिवेदनबाट शुरु भएको गगन प्रधान समेत उपरको लागू औषध मुद्दा १ गरी जम्मा तीन थान मुद्दामा प्रमाण हुंदा हुदै पनि अभियुक्तहरुसंग रकम लिनु खानु गरी महान्यायाधिवक्ताले मुद्दा नचल्ने निर्णय गरेको भन्ने सम्बन्धी निवेदन उपर अनुसन्धान हुंदा यसमा प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाणहरुबाट अख्तियार दुरुपयोग गरेको भन्ने तथ्ययुक्त प्रमाण आधार देखिन नआएको ।

२४. भद्रपुर नगरपालिकाबाट अन्तरराष्ट्रिय शरणार्थी समस्या सम्बन्धी UNHCR को झापास्थित एकाई कार्यालयबाट दमकल मर्मत गर्न रु. १,२०,९७०।९० को सहयोग माग गरेकोमा प्राप्त रकमको हरहिसाब नै नराखी हिनामिना गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा उक्त दमकल मर्मत गर्दा लागेको बील अनुसारको खर्च रकम सम्बन्धित पक्ष गौतम अटोमोबाइल्स, झापाले नगदै प्राप्त गरिसकेको भनी बयान गरेको, दातृसस्था UNHCR बाट मर्मत कार्य विरुद्ध कुनै अभिव्यक्ति नपाइएको र मर्मत भएको भनिएको अवधि पश्चात् सो दमकल विभिन्न मितिमा अग्निशमनको कार्यमा प्रयोग पनि भएकै देखिदा यसमा भ्रष्टाचार भए गरेको भनी कारवाई अघि बढाउनु पर्ने स्थिति नरहेको ।

२५. जनकपुर चुरोट कारखानाको शाखा कार्यालय, जनकपुरका शाखा प्रबन्धक शैलेन्द्रकुमार ठाकुरले उद्योगको रकम हिनामिना गरेको भन्ने सम्बन्धमा आयोगबाट अख्तियारी सुम्पे अनुसार जनकपुर चुरोट कारखानाका महाप्रबन्धक समेतलाई अनुसन्धानको क्रममा बुझेको र उक्त कारवाई फायल रायसाथ निर्णयार्थ प्राप्त भएकोमा यस कार्यालयका सह-न्यायाधिवक्तालाई दशौं तह मुनिकाको हकमा मात्र मुद्दा चलाउने नचलाउने निर्णय गर्ने अख्तियारी भएको र प्रस्तुत विषयमा निर्णय गर्दा महाप्रबन्धकको हकमा समेत मुद्दा चल्ने नचल्ने निर्णय गर्नु पर्ने देखिंदा अधिकार प्रत्यायोजन हुन वा सम्बन्धित फाइल आयोगसमक्ष पठाउन निर्देशन पाउन पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुरबाट प्राप्त पत्रका सम्बन्धमा उल्लिखित विषयको मुद्दामा महाप्रबन्धक समेतको हकमा मुद्दा चल्ने नचल्ने निर्णय गर्न पुनरावेदन सरकारी वकील कार्यालय, जनकपुरका सह-न्यायाधिवक्तालाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८(५) बमोजिम अख्तियारी सुम्पिएको ।

२६. पशुपति सोप इण्डष्ट्रीजले स्थापना कालदेखि नै विभिन्न किसिमले राजस्व छल्ने गरेको, विदेशबाट आयात गरेको कच्चा पदार्थ खरीदमा विदेशी मुद्रा हिनामिना गरेको तथा सरकारी राजस्व छलेको भन्ने राजस्व अनुसन्धान विभागबाट प्राप्त टिपोटको आधारमा यस आयोगमा दर्ता भएको उजूरीउपर अनुसन्धान हुंदा विभिन्न भन्सार कार्यालयहरु, कर कार्यालय धरान, सुनसरी, मूल्य अभिवृद्धि कर कार्यालय, इटहरी, सुनसरी, राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, विशालबजार, काठमाडौं, उद्योग विभाग, राजस्व अनुसन्धान विभाग र पशुपति सोप इण्डष्ट्रिजबाट प्राप्त फाईल संलग्न विवरणहरुका आधारमा पशुपति सोप इण्डष्ट्रीजले श्री ५ को सरकारलाई कुनै प्रकारको राजस्व ठगी गरेको तथ्य खुल्न नआएको तथा विदेशी मुद्रा हिनामिना गरेको र विदेशी बैंकमा खाता खोलेको सबूद प्रमाण फेला नपरेको देखिंदा कारबाई अगाडि वढाई रहनु नपरेको ।

२७. तत्कालीन बर्गीय संगठनको पत्रले बादी श्री ५ को सरकार, प्रतिवादी तत्कालीन पोखरा नगर पंचायतका प्रधानपञ्च उत्तमबहादुर पुन समेत भएको भ्रष्टाचार मुद्दामा कास्की जिल्ला अदालत र पुनरावेदन अदालत पोखरा समेतबाट अभियोग दावी खारेज हुने ठहऱ्याई भएको फैसलाउपर दोहोऱ्याई पाउन निवेदन गर्ने प्रयोजनका लागि पुनरावेदन सरकारी वकील कार्यालय, पोखराको च.नं. १३१६ मिति २०५६।११।१२ को पत्र सहितको मिसिल आयोगसमक्ष पेश हुंदा पुनरावेदन अदालत, पोखराबाट मिति २०५६।९।७ मा भएको पुनरावेदन फैसला दोहोऱ्याई पाउनका लागि सर्वोच्च अदालतसमक्ष निवेदन नगर्ने निर्णय गरिएको ।

२८. जिल्ला प्रशासन कार्यालय, झापाको मिति २०५६।१०।६ च.नं. ३६६४ को पत्रबाट यस आयोगमा मालपोत हिनामिना गरी भ्रष्टाचार भएको भन्ने विषयको फाइल प्राप्त भएको र प्राप्त पत्रको ब्यहोरामा साविक धाइजन गा.पं. का सचिव तारांराज ओलीले धाईजन गा.पं. मा उठाएको मालपोत हिनामिना गरेको रु. ८,८८०।७६ (आठ हजार आठ सय असी रुपैयां छ्यहत्तर पैसा) हिनामिना गरी फरार भएको र उक्त हिनामिना भएको रकम निजका दाजु युद्ध ओलीले जम्मा गर्न ल्याएको हुंदा सो रकम राजस्वमा आम्दानी बांधी निज तारांराज ओलीउपर मुद्दा चलाउने राय सहित जि.प्र.का., झापाले तत्कालीन मेची अंचलाधीश कार्यालयमा मिति २०३५।४।२ मा समर्थनका लागी फाइल पठाएको देखिन्छ । निज तारांराज ओलीले जि.प्र.का. झापामा मिति २०५६।९।१९ मा निवेदन पेश गरी आफ्ना पिताका नाउंको ज्यामीरगढी ८ को कि.नं. २७०, २८१, २९८, ३०१, ३०६, ३०९ र ३१० समेतका जग्गा उक्त मुद्दामा धरौटी राखेको फुकुवा गरिपाउन भनी मांग गरेको साथै निज ओलीउपर गा.वि.स. बाट उठाएको मालपोत रकम हिनामिना गरी भ्रष्टाचार गऱ्यो भन्ने कारबाईको सुरुवात २०२५ सालमा भएको र १० वर्ष पछि २०३५ सालमा निजले मसौट गरेको रु. ८,८८०।७६ असूल भएको, तर कारबाई टुङ्गि नसकेको तथा ३० वर्षदेखि कारबाई मै रहेको देखिएको हुंदा यस कारबाईलाई अगाडि बढाउनुमा समयान्तरको कारणले कुनै औचित्य नदेखिंदा तामेलीमा राख्ने र रोक्का रहेको धरौटी फुकुवा गरी दिने स्वीकृतिका लागि जिल्ला प्रशासन कार्यालय, झापाबाट लेखि आएको ब्यहोरा पेश हुंदा तदनुकूल गर्ने निर्णय गरिएको ।

२९. गुठी संस्थान, मटिहानी गुठी तहसिल तथा खर्च कार्यालयले खरीद गरेको महिन्द्रा एण्ड महिन्द्रा कम्पनीको जीप खरीद गरिएको प्रकृया अनियमित भएको र आरती गुठी, ललितपुरको घर जग्गा अनियमित रुपमा दर्ता गरेको तथा अधिग्रहणमा परेको गुठी जग्गा रैतानी गरी दिएको सम्बन्धमा विशेष प्रहरी विभागबाट भएको प्रारम्भिक अनुसन्धान तहकिकात समेतमा सम्बन्धित प्रमाणहरु समेत संकलन गरी केही कर्मचारीहरुलाई उपस्थित गराइ बयान समेत गराएकोमा अनुसन्धानबाट बुझ्नु पर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिको हकमा क्षेत्राधिकार भन्दा बाहिर परेको ब्यहोरा दर्शाइ विशेष प्रहरी विभागबाट प्राप्त भएको फाइल पेश हुंदा सो विषयको विस्तृत छानबीन गरी कारबाई चलाउन २०५४ साल फागुन १८ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम प्रत्यायोजित अधिकार अन्तर्गत रही कार्य गर्ने गरी विशेष प्रहरी विभागका मुख्य अधिकृतलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा ५ बमोजिम अधिकार प्रत्यायोजन गरिएको ।

३० चिलिमे जलविद्युत योजनाको लागि इलेक्ट्रो-मेकानिकल उपकरण खरीदको टेण्डर गर्दा भ्रष्टाचार भएको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा भारतीय कम्पनी क्रम्पटन एण्ड ग्रीभ्सका शाखाहरुवीच समन्वयको अभावका कारण टेण्डर दावेदार दुवै कम्पनीको नाममा एकाधिकार पत्र जारी हुन गएकोले नै प्रस्तुत विवाद उत्पन्न हुन गएको र टेण्डर स्वीकृत गरिएको कम्पनी सुल्जरले नै ती एकाधिकारहरुमध्ये अग्राधिकार पाउने भनी सो क्रम्पटन एण्ड ग्रीभ्सले आफ्नो पत्रबाट स्पष्ट पारिसकेको सन्दर्भमा सुल्जर कम्पनीको टेण्डर स्वीकृत गरिएको हुंदा यसमा आयोजनाका पदाधिकारीहरुको बदनियत देखिन आएन । यस्तो स्थितिमा सुल्जरको अघिल्लो प्रस्ताव रु. ६४,३१,८०,११९।- कै टेण्डर पनि स्वीकृत हुन सक्नेमा पत्रमार्फत् घटेको प्रस्तावबाट योजनालाई करिव रु. ४.५ करोड फाइदा नै भएको देखिंदा यसमा केही गरिरहनु नपरेको ।

३१. वीरगञ्जस्थित हजारीमल धर्मशाला भगवानको नाममा दर्ता भएको जग्गालाई हजारी मलका छोरा सोहितरामको छोरा भनी कीर्ते दर्ता गरी हक हस्तान्तरण समेत गरी विभिन्न व्यक्तिको नाममा दर्ता गरी बिक्री गरेको भन्ने समेत विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा सम्बन्धित हकवालाले नै हकदैयामा दावी लिनु पर्ने विषय देखिएकोले आयोगबाट केही गरिरहन नपरेको जानकारी सम्बन्धित व्यक्तिलाई दिन जिल्ला प्रशासन कार्यालय, पर्सालाई लेखिएको ।

३२. कम भन्सार महसूल लगाई सरकारको करोडौं राजस्व नोक्सानी गरी सामान छुटाई लैजाने गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

(क) भन्सार विभाग आफैलाई पनि माल्ट स्पिरीट भन्सार महसूल दरबन्दीको कुन उप शीर्षक अन्तर्गत वर्गीकरण गरी महसूल असूल गर्नु पर्ने हो भन्ने कुरा थाहा नभएको, सो थाहा गरी भन्सार महसूल दरबन्दी तयार गर्ने नगरेकोले लाखौं रकमको राजस्व डुब्न लागेको र यस आयोगबाट अनुसन्धानको सिलसिलामा यस उजूरीको सम्बन्धमा प्रतिकृया पठाउन लेखिसकेपछि मात्र विश्व भन्सार संगठनमा रायको लागि लेखी सो संगठनको राय प्राप्त भएपछि सो राय नै उक्त विभागको प्रतिकृया भएको, सो राय अनुसारको शीर्षकबाट महसूल असूल हुनु पर्ने, सो अनुसार असूल हुन बीरगन्ज र विराटनगर भन्सार कार्यालयहरुलाई निर्देशन पठाई सकिएको भन्ने उक्त विभागको जवाफ रहेकोले आइन्दा यस्तो त्रुटी नदोहरिने व्यवस्थाको लागि भन्सार विभागको ध्यानाकर्षण गरिएको ।

(ख) भन्सार महसूल दरबन्दी स्पष्ट नभएको अवस्थामा सम्बन्धित निकाय वा आफूभन्दा माथिल्लो अधिकारीबाट भन्सार महसूल दरबन्दी स्पष्ट गराई लिई मात्र भन्सार महसूल असूल गर्नु पर्नेमा सो नगरेको कारणले सरकारको लाखौं राजस्व रकम नोक्सानी हुन जाने अवस्था श्रृजना भएकोले सो श्रृजना हुने गरी माल्ट स्पिरीटको भन्सार महसूल असूल गर्न तयार भएको आयात प्रज्ञापन पत्रमा दस्तखत गर्ने निम्न कर्मचारीहरुलाई अब आइन्दा यस्तो त्रुटी दोहरिन नदिन ध्यानाकर्षण गरिएको:

१. विराटनगर भन्सार कार्यालयको खरीदार युवराज जोशी,
२. साविक विराटनगर भन्सार कार्यालय हाल भैरहवा भन्सार कार्यालयको खरीदार ईश्वरीप्रसाद भण्डारी,
३. साविक विराटनगर भन्सार कार्यालय हाल कर कार्यालय वारा कलैयाको कर अधिकृत नरसागर श्रेष्ठ,
४. साविक विराटनगर भन्सार कार्यालय हाल अर्थ मन्त्रालयको शाखा अधिकृत डिकरदेव भट्ट,
५. साविक विराटनगर भन्सार कार्यालय हाल को.ले.नि.का. क्षेत्रीय संयोजक मोरंगको कोष नियन्त्रक पितृभक्त पोखरेल,
६. साविक विराटनगर भन्सार कार्यालय हाल कर कार्यालय विराटनगरको खरीदार पमदप्रसाद काफ्ले,
७. साविक विराटनगर भन्सार कार्यालय हाल सर्लाही भन्सार कार्यालयको खरीदार परशुराम तुम्वाहाम्फे,
८. विराटनगर भन्सार कार्यालयको भन्सार अधिकृत गोपाल तिमिल्सीना,
९. विराटनगर भन्सार कार्यालयको खरीदार गोविन्दबहादुर थापा,
१०. साविक वीरगन्ज भन्सार कार्यालय हाल मूल्य अभिवृद्धि कर कार्यालय, पर्साको दरबन्दीमा रही हाल काज त्रिभुवन विमानस्थल भन्सार कार्यालयको ना.सु. कमल सुवेदी,
११. साविक वीरगन्ज भन्सार कार्यालय हाल नेपालगंज भन्सार कार्यालयको खरीदार धर्मराज सुवेदी,
१२. वीरगन्ज भन्सार कार्यालयका भन्सार अधिकृत सुरेशकुमार रेग्मी,
१३. साविक वीरगंज कार्यालय हाल मेची भन्सार कार्यालयको खरीदार पुष्पराज पराजुली,
१४. वीरगंज भन्सार कार्यालयको ना.सु. महेन्द्रप्रसाद श्रेष्ठ,
१५. साविक वीरगंज भन्सार कार्यालय हाल अर्थ मन्त्रालय केन्द्रीय अनुगमन ईकाईको शाखा अधिकृत कैलाशराज पोखरेल,
१६. साविक वीरगंज भन्सार कार्यालय हाल भन्सार विभागको दरबन्दीमा रही हाल का. त्रि.अ.वि.भं. कार्यालयको भन्सार अधिकृत मोहनबहादुर चन्द

(ग). वीरगंज भन्सार कार्यालयको पत्र संख्या १४९७ मिति २०५६।८।५ को पत्रानुसार असूल हुन वांकी रकम रु. ८१,६१७।२६ अबिलम्ब असूलउपर गरी यस आयोगलाई जानकारी गराउन भन्सार विभागलाई लेखिएको ।

३३. इद्रिश खांको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी अब्दुल खां समेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन नगर्ने प्रस्ताव सहित पेश हुंदा प्रतिवादी मध्येका डिगबहादुर थापा र अब्दुल्ला खांलाई मागदावी अनुसार अभियोग प्रमाणित हुने तथ्ययुक्त प्रमाणको अभावमा सफाई दिने गरी वांके जिल्ला अदालतको निर्णयउपर पुनरावेदन गर्ने नगर्नेतर्फ हेर्दा जाहेरवालाले अभियोग ठहर भएका प्रतिवादीलाई किटानी जाहेरी दिएको तर डिगबहादुर र अब्दुल्ला खांको नाम जाहेरवालाले किटानी नगरेको, प्र. राजेशकुमार शर्माले पोलेको आधारमा निजहरुउपर अनुसन्धान शुरु भएको, निजहरु उक्त कार्यमा संलग्न भएको अन्य तथ्ययुक्त प्रमाण मिसिल संलग्न नरहेको अवस्था र प्रतिवादी मध्यका ५ जनालाई अभियोग ठहर गरेको अवस्था रहेकोले पुनरावेदन सरकारी वकिल कार्यालय, नेपालगञ्जले उक्त फैसलाउपर पुनरावेदन नगर्ने गरी पेश गरेको राय मनासिब हुंदा प्रस्तुत विषयमा पुनरावेदन नगर्ने निर्णय गरिएको ।

३४. भूतपूर्व श्रम सहायक मन्त्री तथा सांसद ज्योतेन्द्रमोहन चौधरीले सांसद सुविधामा पाउने प्राडो जीप दीपककुमार मलहोत्रालाई मगाउने सम्पूर्ण जिम्मा दिई रु ४,००,०००।- अग्रिम लिएर राजस्व मास्ने कार्य गरेको भन्ने विषयमा अनुसन्धान हुंदा उजूरी निवेदन साथ प्रमाणको रुपमा संलग्न कागजातहरु मध्ये रु. ४,००,०००।- बुझी लिई

ज्योतेन्द्रमोहन चौधरीले दीपककुमार मलहोत्रालाई गरी दिएको करारनामाको कागज तथा मोटर कार (गाडी) मगाउन गरी दिएको अख्तियारनामासमेत घरसारमा गरिएको, रजिष्ट्रेशन नभएको र किनाराका साक्षीको रोहवरमा गरिएको भनी ब्यहोरा उल्लेख भए ता पनि किनारामा साक्षीहरु नराखिएको देखिंदा कानूनी मान्यता दिन मिलेन । उजूरी निवेदनमा प्राडो जीप भनी उल्लेख भएकोमा वीरगन्ज भन्सार कार्यालयबाट प्राप्त मिति २०५३।७।३ को आयात प्रज्ञापन-पत्र अध्ययन गर्दा मित्सुबिसी पजेरो गाडी आयात भएको यातायात व्यवस्था कार्यालय, वागमती अंचलबाट प्राप्त जानकारी बमोजिम वा.अ.ज ९०५९ नं.का. प्राइवेट जीप भूतपूर्व श्रम सहायक मन्त्री ज्योतेन्द्रमोहन चौधरीको नाममा सांसद सुविधा अन्तर्गत दर्ता भएको र सो गाडी हालसम्म अरु कसैको नाममा नामसारी नभएको र श्री ५ को सरसकारबाट सांसद सुविधाको गाडी बिक्री नगरेको सापटी रकमका लागि मात्र घरसारमा त्यस्तो कागज गरेको उल्लेख भएको सन्दर्भमा उक्त गाडी बिक्री गरी राजस्व मास्यो भन्न सकिने अवस्था नदेखिएको ।

३५. तत्कालीन जिल्ला पञ्चायत सचिवालय, दोलखामा भ्रष्टाचार भएको भन्ने विषयको उजूरी सम्बन्धमा मिति २०५०।२।१९।३ मा यस आयोगको निर्णय अनुसार तत्कालीन स.ले.पा. पूर्णबहादुर थापाबाट निजले खाई मासेको रकम निजबाट असूलउपर गरी निजमाथि विभागीय कारबाई गर्न लेखिएको र तत्कालीन स्था.वि.अ. भरतमणि रिसाललाई विभागीय कारबाई गर्न लेखिए अनुरुप स्था.वि.अ. भरतमणि रिसालको हकमा मिति २०५१।३।५ मा विभागीय कारबाई गरिएको जानकारी प्राप्त भएको र स.ले.पा. पूर्णबहादुर थापाको हकमा जि.वि.स. कार्यालय, दोलखाले आवश्यक छानबीन गरी निजबाट असूल गर्नु पर्ने रु. २,४४९।- समेत असूल गरी सकिएको र निज मिति २०५०।८।१३ देखि सेवाबाट अलग समेत भइसकेको भन्ने जानकारी प्राप्त भएको हुंदा तत्सम्बन्धमा थप कारबाई गरी रहनु नपरेको ।

३६. जिल्ला सर्लाही, बलरा गा.वि.स., वडा नं. १ स्थित लक्ष्मीपुर प्रा. वि. भवन निर्माणको कममा सो विद्यालयका प्रधानाध्यापक उमेशकुमार श्रीवास्तवले सो विद्यालयकको छाना छाउन जि. वि. स. सर्लाहीबाट १६० थान कर्कट पाता प्राप्त गरेकोमा सोही विद्यालयको छाना छाउन भनी जि. शि. परियोजना सर्लाहीबाट प्राप्त अनुदान रकम मध्येबाट रु. ५० हजार रकम झिकी हिनामिना गरेको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुंदा यसमा उक्त प्रा. वि. भवनको दुई ब्लक (४ कोठा)निर्माणका लागि जि.शि. परियोजना, सर्लाहीबाट पटक पटक गरी प्राप्त अनुदान रकममध्ये रु. ५०,०००।- विद्यालय भवनको छाना छाउनका लागि भनी झिकेर सो काममा खर्च नगरी हिनामिना गरेको भन्ने विषयमा आवश्यक अनुसन्धान पूरा गरी जि.प्र.का., सर्लाहीका प्र.जि.अ.बाट प्र अ. उमेशकुमारउपर भ्र.नि.ऐन, २०१७ को दफा १३ बमोजिम सजाय हुन मागदावी लिने भन्ने रायसाथ सम्बन्धित मिसिल कागजात पुनरावेदन सरकारी वकील कार्यालय, जनकपुरमा प्रस्तुत गरिएकोमा उक्त कार्यालयका सहन्यायाधिवक्ताले यसमा मिस्त्री, ज्याला तथा काठको प्रयोजनमा खर्च भएको हुंदा मैले हिनामिना गरेको छैन भनी कसूरमा प्र. उमेशकुमार इन्कार रहेको, विद्यालय भवन निर्माणमा सहयोग गर्ने सबैलाई धन्यवाद दिइएको प्रस्ताव पारित भएबाट सो भवन निर्माण कार्य सामूहिक रुपमा सम्पन्न भएको, प्राप्त बैंक स्टेटमेन्टको आधारमा रु ५० हजारको एकमुष्ट खर्च कर्कटपाताका लागि नै भएको भन्ने नदेखिएको, मिसील तथ्यबाट सबै रकम विद्यालय निर्माण समितिको रेखदेख नियन्त्रणमा संयुक्त दायित्वबाट खर्च भएको पुष्टी हुन आएको, श्रेस्ता कागज खोसी लैजाने व्यक्तिबाट वा सम्बद्ध व्यक्तिलाई प्र. जि.अ.ले झिकाई बुझ्ने वास्तविक तथ्यको छानबीन गर्ने कार्य नगरी अप्राप्य कागजको आधारमा अमुक व्यक्ति प्रेमचन्द्र समेतको निवेदन मात्रका आधारमा प्रतिवादीले रु ५० हजार हिनामिना गरेको भनी भ्र.नि.ऐन, २०१७ अन्तर्गतको कसूर घटित भएको भन्ने स्थिति नदेखिएको, सरकारी अनुदानबाट निर्मित स्कूल भवनमा प्रधानाध्यापक एक्लैबाट खर्च भएको भन्न नमिल्ने, विद्यालयको भौतिक तथा अन्य सम्पत्तिको सुरक्षा,संरक्षण,सम्बर्धन गर्ने गराउने काम जि.शि. कार्यालय, विद्यालय व्यवस्थापन समिति जस्ता निकायको पनि जिम्मेवारी हुने स्थितिमा प्रधानाध्यापककै मात्र दायित्व हुन्छ भनी दोषारोपण गर्न र भन्नलाई न्यायिक एवं विवेकसम्मत हुने देखिदैन, विद्यालय भवन निर्माण सम्बन्धी कागज पत्र श्रेस्ता खर्चको विवरण फायल खोसी लैजानेमध्येका वीरेन्द्र मिश्र जस्ता व्यक्तिले विद्यालयको कागज श्रेस्ता खर्चको विवरण लुकाई रु. ५० हजार हिनामिना गऱ्यो भन्ने वयहोराको आधारमा प्रतिवादीलाई भ्र.नि.ऐन, २०१७ बमोजिम कारबाई गर्न र त्यसैको आधारमा शिक्षा ऐन, २०२८ र नियमावली बमोजिम केही कुनै कारबाई सजाय हुने अवस्था नरहे नभएको देखियो । उक्त विद्यालय भवन निर्माण पूरा भई विद्यालयको प्रयोगमा रहेको र सो निर्माण कममा भए गरेका खर्च नियमतः मान्नै पर्ने हुंदा यी सबै तथ्यका आधारमा मुद्दा नचलाउने निर्णय गरेको छु भन्ने मिति २०५५।५।१८ को निर्णय राय उल्लेख भई आएको । साथै शिक्षा परियोजनाबाट पटक पटक गरी प्राप्त रु. ३,२८,०००।- का सम्बन्धमा लेखा परीक्षण समेत भइसकेको भन्ने देखिन आएको प्रस्तुत विषयमा मुद्दा नचल्ने भनी पुनरावेदन सरकारी वकिल कार्यालय, जनकपुरका सहन्यायाधिवक्ताबाट व्यक्त राय मनासिब नै देखिन आयो ।

तसर्थ उपर्युक्त आधारमा भ्रष्टाचारतर्फको उजूरीको लगत कट्टा गरी विद्यालयको सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने प्रस्तुत मुद्दाबाट मात्र निज प्रधानाध्यापकलाई शुरुमा नै विभागीय कारबाई गर्न जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट लेखी गएको आधारमा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट मिति २०५५।७।१ को निर्णय अनुसार नोकरीबाट बर्खास्त गर्ने गरी गरेको विभागीय कारबाई कानूनसम्मत नभएको कुरा जि.शि.का. सर्लाहीलाई लेखी पठाउनका साथै यो निर्णयको जानकारी सम्बन्धीत व्यक्ति निज उमेशकुमार श्रीवास्तव एवं जिल्ला प्रशासन कार्यालय, सर्लाहीलाई दिइएको ।

३७. काठमाडौं महानगरपालिकाका तत्कालीन कार्यकारी अधिकृत केशवप्रसाद पौडेलले मनोमानी आर्थिक सहायता वितरण गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा अनियमित आर्थिक सहायता वितरण गरेको भन्ने सम्बन्धमा नगरपालिका कार्य व्यवस्था नियमावली, २०४९ को नियम ५६ ले एक पटकमा रु. ३००।- सम्म आर्थिक सहायता खर्च गर्न सक्ने भन्ने प्रष्ट व्यवस्थालाई पालना गरेको नदेखिंदा "आर्थिक सहायता प्रदान गर्ने व्यवस्थाको सम्बन्धमा संस्था, व्यक्ति वा त्यस्तै अन्यलाई के बापत कति दिने भन्ने प्रष्ट व्यवस्था गरी नियमावलीमा नै उल्लेख गरी सो बमोजिम मात्र आर्थिक सहायता प्रदान गर्ने व्यवस्था मिलाउने" भन्ने र कर्मचारी भर्ना सम्बन्धमा दरबन्दी अनुसार मात्र कर्मचारी र सल्लाहकार नियुक्त गर्ने भनी यस आयोगबाट मिति २०५६।४।११ मा निर्णय भई सो निर्णय कार्यान्वयन गर्न गराउन का.म.न.पा.लाई लेखी गएकोमा सो बमोजिम गरेको नदेखिएकोले यसमा तुरुन्त उक्त निर्णय अनुसार गरी आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकालाई लेखिएको । यसमा तत्कालीन सचिव विश्वराज रेग्मी एक व्यक्तिलाई फाइदा हुने गरी बाटो बनाइदिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा एक व्यक्तिको लागि मात्र बाटो बनाइएको भन्ने नदेखिएकोले केही गरिरहन नपरेको ।

३८. जिल्ला कंचनपुर, लक्ष्मी मा.वि. व्यवस्थापन समितिका अध्यक्ष सुन्दर चन्दको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी जिल्ला कंचनपुर, लक्ष्मीपुर गा.वि.स. वा.नं. ९ घर भई लक्ष्मी मा.वि., जवदियाको प्र.अ. पदमा कार्यरत यादवनाथ शर्मा भएको भ्रष्टाचार मुद्दामा अनुसन्धान गर्ने प्रमुख जिल्ला अधिकारीले मुद्दा चलाउन राय पेश गरेको र अभियोग पत्र दायर गर्न पुनरावेदन सरकारी वकिल कार्यालयमा पठाएकोमा सो कार्यालयबाट प्रमाणको अभावमा मुद्दा नचलाउने भनी अन्तिम निकासाको लागि आयोगमा पठाईएकोमा प्राप्त फाइल कागजात हेर्दा सो विषयमा "उक्त विद्यालयको आ.व. २०५०।५१, २०५१।५२, २०५२।५३ सालको लेखा परीक्षण हुंदा लेखा परीक्षणले देखाएको बेरुजु नगद रु. २०,१६८।१८ बैंकमा विद्यालयको खाता नं. ५० मा नगदै दाखिला गरी सकेको र अनुमोदनको लागि औल्याईएको खर्च रु. १,८३,६३९।४० को हकमा विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन समेत भइसकेको देखिंदा निज प्रतिवादी यादवनाथ शर्माउपर भ्रष्टाचारको कसूर कायम गरी मुद्दा चलाउन प्रमाणको अभाव हुनुको साथै न्यायोचित नहुंदा निज प्रतिवादी उपर मुद्दा नचलाउने" सरकारी वकिलको राय अनुसार मुद्दा नचलाउने निर्णय गरिएको ।

३९. मोरङ्ग, झोराहाट गा.वि.स., वा.नं. ३ स्थित कित्ता नं. ७५, ११६, १२२ को क्षेत्रफल २-७-१३ र विराटनगर नगरपालिका वा.नं. ५ स्थित कित्ता नं. ९३३ को क्षेत्रफल ०-०-१३ को जग्गा तीर्थकुमारी श्रेष्ठको नाममा दर्ता भएकोमा आय र कर अदालत रानीपोखरीको कीर्ते फैसला खडा गरी विराटनगर मालपोत कार्यालयमा दा.खा. नामसारी गरी पाउं भनी उमादेवी भण्डारीले निवेदन दिएको भन्ने उजूरी निवेदनउपर अनुसन्धान हुंदा निम्नानुसार गरिएको :-

क. आय र कर अदालतको फैसलाको प्रामाणिकता सम्बन्धमा पुनरावेदन अदालत, ललितपुरबाट सक्कलै फैसलाको प्रतिलिपि हो भन्न नसकिने जानकारी प्राप्त भएको समेत तथ्यबाट आय र कर अदालतको कीर्ते फैसला तयार गरी तीर्थकुमारी श्रेष्ठको नाउंमा रहेको जग्गा आफ्नो नाउंमा हात पार्ने प्रयत्न गरेको, स्व. उमादेवी भण्डारीको हकदार छोरा महेश्वर भण्डारीको नामबाट यस आयोग समेतलाई विपक्षी बनाई पुनरावेदन अदालत, पाटनमा दिएको निषेधाज्ञाको सम्बन्धमा र उमादेवी मरेको सम्बन्धमा बुझ्दा महेश्वर भण्डारी उमादेवीको छोरा नभएको एवं निज उमादेवी जीवितै रहेको प्रष्ट देखिएको । मालपोत कार्यालय, विराटनगरमा दा.खा.को लागि निवेदन परेपछि मालपोत कार्यालयले तीर्थकुमारी श्रेष्ठलाई सूचना दिई झिकाएको समेत देखिएको अवस्थामा मालपोत कार्यालयका कर्मचारीको संलग्नता रहेको भन्न मिल्ने नदेखिएको अर्थात् सार्वजनिक पद धारण गरेको व्यक्ति कोही कसैको पनि यस गैरकानूनी कार्यमा संलग्नता रहेको हालसम्मको तथ्यबाट खुल्न नआएको अवस्थामा यस आयोगबाट अख्तियार दुरुपयोग अन्तर्गत कारवाई अगाडि बढाई रहन पर्ने देखिएन ।

ख. कीर्ते फैसला खडा गरी जग्गा हात पार्ने कार्य सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतको कसूर भएको देखिंदा यस सम्बन्धमा आवश्यक अनुसधान तहकिकात समेतको कारवाई गर्न मालपोत कार्यालय, विराटनगरबाट प्राप्त सक्कलै फाइल कागजात र उजूरी लगायत यस आयोगबाट अनुसन्धानको सिलसिलामा प्राप्त सम्बन्धित कागजात समेतको फोटोकपी जिल्ला प्रहरी कार्यालय, मोरङ्ग, विराटनगरमा पठाई यस निर्णयको जानकारी तीर्थकुमारी श्रेष्ठलाई दिन मालपोत कार्यालय, विराटनगरलाई लेखिएको ।

४०. मालपोत कार्यालय बर्दियाका तत्कालीन अधिकृत मुक्तिबहादुर स्वारले हदबन्दीमा रहेको जग्गालाई दर्ता गरी अनैतिक लाभ लिएको भन्ने समेत विभिन्न उजूरीमध्ये चन्द्रमोहन कायस्थको नाममा दर्ता रहेको जग्गा मुलुकी ऐन, अदलको ३ नं. बमोजिम नेपालीलाई पास गरी दिन इजाजत दिएको भन्ने सम्बन्धमा आफ्नो नाममा दर्ता कायम रहेको अवस्थामा मुलुकी ऐन, अदलको ३ नं. ले नेपाली नागरिकलाई हक हस्तान्तरण गर्न सक्ने देखिएको, नर्मदा कुमारी नामको हदबन्दीमा रहेको जग्गा ५ जनाको नाममा दर्ता गरी घुस खाएको भन्ने सम्बन्धमा नर्मदा कुमारीकै नाममा जग्गा दर्ता यथावत नै कायम रही अरुको नाममा दर्ता गरेको नदेखिएको र पक्नाहको भैरवनाथ गुठीको जग्गालाई रैकर सरह पास गरी दिएको भन्ने सम्बन्धमा जग्गाधनी महलमा भैरवनाथ गुठी कायम राखी मोही सम्मको हक राजिनामा गरेको र पुजारी कालुनाथ योगीको नाममा मोही जनिएको कित्ता जग्गा पूजा चलाएसम्म भोग गर्न पाउने गरी गुठी तैनाथीमा दर्ता गर्ने भन्ने गुठी संस्थान, केन्द्रीय कार्यालयको पत्रबाट देखिएकोले प्रस्तुत उजूरीका हकमा केही गर्न नपरेको ।

४१. तत्कालीन कृषि मन्त्री रामकृष्ण आचार्य समेतले मल खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयको उजूरी निवेदनउपर अनुसन्धान हुंदा यसमा कृषि सामग्री संस्थानको संचालक समितिको मिति २०५३।१२।४ को बैठकले २० हजार मे.टन यूरीया मल खरीद गर्ने भनी गरेको निर्णयउपर कृषि मन्त्रालयबाट कारवाई अगाडि बढाउंदा MMTCसंग प्रति मे.टन अमेरिकी डलर २४७ मा खरीद गर्न संझौता २७ जुन १९९७ मा सम्पन्न भएको, उक्त संझौता सम्पन्न भएपछि स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने तयारी भइरहेकै बेला २८ जुन १९९७ मा वाभरलारी एण्ड कम्पनीले प्रति मे.टन अमेरिकी डलर २४० का दरले यूरिया मल उपलब्ध गराउने प्रस्ताव पठाएकोमा उक्त प्रस्ताव समेत मन्त्रिपरिषद्मा पेश हुंदा वाभरलारी एण्ड कम्पनीले के कति मूल्यमा र कति चांडो कहिले सम्ममा मल उपलब्ध गराउन सक्दछ वा सक्दैन, कृषि मन्त्रालयले भारतीय राजदूतावासमार्फत् बुझी पेश गर्ने निर्णय भई बुझ्दा MMTC लिमिटेडले संझौता बमोजिम काम गर्न सक्ने भनी नेपालस्थित भारतीय राजदूतबाट जवाफ प्राप्त भएको देखियो ।

उल्लिखित ब्यहोरा एवं संलग्न फाइल कागजातको ब्यहोरा समेतका आधारमा मल खरीद सम्बन्धमा अवलम्बन गरिएको प्रक्रियालाई हेर्दा श्री ५ को सरकारले अनुरोध गरे बमोजिम मल उपलब्ध गराउने विषयमा MMTC संग भारत सरकारको संलग्नतामा संझौता भएको, श्री ५ को सरकारले अनुमोदन गरेको मितिबाट मात्र संझौता लागू हुने शर्त रहेको, MMTCसंग संझौता सम्पन्न भइसकेपछि वाभरलारीबाट प्राप्त प्रस्ताव समेत जस्ताको तस्तै मन्त्रिपरिषद्मा पेश गरी मन्त्रिपरिषद्बाट भएको निर्णयानुसार मूल्य घटाउनका लागि थप प्रयास समेत भएको एवं मल खरीदमा ढीलाई हुन गएमा खेतीको समय समेत भइकिने अवस्था रहेको समेत आधारमा मन्त्रिपरिषद्बाट सबै परिस्थितिको मूल्यांकन गरेर नै संझौता बमोजिम मल खरीद गर्ने निर्णय गरेको देखिएकोले केही गरिरहन नपरेको ।

४२. प्राथमिक स्वास्थ्य केन्द्र, मन्थलीको भवन निर्माणको सन्दर्भमा महादेव खिम्ती निर्माण सेवाका तर्फबाट काम गर्ने डोरबहादुर घिमिरेले प्राविधिक रेखदेखको दायित्व वहन गर्ने जिल्ला आवास तथा शहरी विकास कार्यालय, रामेछापको नि.अ.इ. (ओभरसियर) प्रेमबहादुर थापाले मुख्य भवनको जगको पि.सि.सि. गर्न बांकी काम समेत सकेको भन्ने बील बनाई मलाई दवाव दिई भुक्तानी लिन लगाई रु. १,२५,०००।- घुस लिई अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरेको भनी दिएको निवेदनका सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, रामेछापले छानबीन गरी भ्रष्टाचारतर्फ कारबाई गर्ने वा विभागीय कारबाई गर्ने भनी निर्देशन माग भएकोमा विभागीय कारबाई गर्ने तर्फको प्र.जि.अ.को राय मनासिब देखिएकोले सोही अनुसार गर्न गराउन लेखिएको ।

४३. नक्कली कागजात प्रस्तुत गरी अर्कै व्यक्तिले प्रभा उपाध्यायको मालपोत कार्यालय, काठमाडौंमा दर्ता रहेको जग्गा बिक्री गरेको भन्ने विषयको उजूरीका सन्दर्भमा अनुसन्धान हुंदा एकाको नामको जग्गा नक्कली प्रभा उपाध्यायले बिक्री गरेको कुरा खुलाई सम्बन्धित पक्षको तर्फबाट दर्ता बदर र जालसाजीमा मुद्दा परिसकेको र यस कार्यमा सार्वजनिक पद धारण गरेको व्यक्तिको बदनियतपूर्ण संलग्नता रहेको भन्ने देखिन नआएकोले कसैमाथि कारबाई गरी रहन नपरेको ।

४४. नन्दीकेशर गुठीको नाममा दर्ता रहेको मनमैजु गा.वि.स. को क्षेत्रफल ५३-३-० रोपनी जग्गा गैर कानूनी तवरबाट सुरेन्द्र महर्जन समेतको नाममा दर्ता गराएकोमा दर्ता बदर गर्ने तर्फ गुठी संस्थानले आवश्यक कारबाई गर्नु भनी वि. प्र. वि. बाट मिति २०५१।२।१ मा गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखिपठाएकोमा, उक्त निर्णय कार्यान्वयन गर्नेतर्फ गुठी संस्थान मौन बसी गुठीको जग्गा लोप हुन गएकोले संस्थानको कर्मचारीउपर कारबाई गर्न दायर भएको उजूरी सम्बन्धमा अनुसन्धान हुंदा विशेष प्रहरी विभागबाट विपक्षीहरुले गैर कानूनी तरीकाले प्राप्त गरेको उक्त जग्गा गुठी संस्थानकै अक्षुण्ण हक कायम हुने व्यवस्था हुन र संलग्न सबै प्रतिवादीहरुउपर सजायको माग दावी लिई जिल्ला अदालतमा अभियोग पत्र दायर गरेकोमा वादी दावी पुग्न नसक्ने र प्रतिवादीहरुले आरोपीत कसूरबाट सफाई पाउने ठहऱ्याई काठमाडौं जिल्ला अदालतको मिति २०५३।१२।१८को फैसलाउपर श्री ५ को सरकारको तर्फबाट पुनरावेदन दर्ता भई विचाराधीन रहेको र कहीं कतैबाट अख्तियार दुरुपयोग भएको भन्ने ठोस प्रमाणको अभावमा आयोगबाट केही गरी रहन नपरेको ।

४५. भू.पू. पर्यटन तथा नागरिक उड्डयन मन्त्री सलीम मियां अन्सारीले नेता र पार्टीलाई झुक्याएर वन मन्त्रालय अन्तर्गतको सि.डी. नम्बर प्लेट भएको एउटा लैण्डकुजर गाडी प्रकृया मिलाएर आफ्नै मन्त्रालयको सल्लाहकार मञ्जूर उल हकको नाममा रु. ६५,०००।- मा लिलाम गर्न लगाएको, आफ्नो निर्वाचन क्षेत्रमा मोटरसाईकल, घडी तथा सुनको सिक्री बांडेको भन्ने समेत ब्यहोराको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा यसमा भएको अनुसन्धानबाट उजूरीमा उल्लिखित आरोपहरु प्रमाणित हुन नआएको ।

४६. कारागार शाखा, काठमाडौंका जेलर (उप-सचिव) नरेन्द्रराज पौडेलले सो कार्यालयमा बिजुलीको वायरिङ गर्ने काममा पहिले सबैभन्दा घटीवाला तिलोत्तमा निर्माण सेवाको रु ५०५,६९२। को बोलपत्र स्वीकृत गरेकोमा सो फर्मले मूल्य अभिवृद्धि करको विषयमा राखेको शर्तमा स्पष्ट पार्न लेखेको पत्र दर्ता नगरेको, पछि रजिष्टरी गरी पत्र पठाउंदा पनि कुनै जवाफ नदिई कुनै सूचना नदिई भित्रभित्रै मिलोमतो गरी दोस्रो घटीवाला द्विवेदी निर्माण सेवाको रु. ७०७,२३६।- को ठेक्का स्वीकार गरी काम लगाएको र तिलोत्तमा निर्माण सेवाको बोल अंकको २.५ प्रतिशतले हुन आउने रकम मात्र जफत हुनेमा ५ प्रतिशतले हुने रू २५,४०३।२६ एकतर्फी जफत गरी कृषि विकास बैंकलाई पत्र लेखेको समेत भ्रष्टाचारजन्य कार्य गरेको भन्ने विषयको उजूरीउपर अनुसन्धान हुंदा यसमा तिलोत्तमा निर्माण सेवाले मिति २०५४।१२।२५ मा ठेक्का संझौता गर्न आउने पत्र पाएपछि तोकिएको म्याद मिति २०५४।१२।३१ भित्र धरौटी जम्मा गरी संझौता गरिसक्नु पर्नेमा संझौता गर्न नै नगएको कारणले आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ को नियम ३५ को व्यवस्था बमोजिम निजले राखेको धरौटी रु २७,०००।- मध्ये लागत अनुमानको २.५ प्रतिशत रु.२५,४०३।२६ जफत गरी दोस्रो घटीवाला द्विवेदी निर्माण सेवालाई ठेक्का दिन कारबाई उठाई नियम बमोजिम एक तह माथिबाट स्वीकृत गराई काम गराएको देखिएकोले जेलर (उप सचिव) नरेन्द्रराज पौडेलले अख्तियार दुरुपयोग गरेको भन्न मिल्ने नदेखिएको ।

४७. प्रदीपज्योती श्रेष्ठको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी रामनारायण केवट भएको भ्रष्टाचार मुद्दामा नवलपरासी जिल्ला अदालतबाट प्रतिवादी रामनारायण केवटले आरोपित कसूरबाट सफाई पाउने ठहर गरी भएको फैसलाउपर वादी श्री ५ को सरकारको तर्फबाट पुनरावेदन परी पुनरावेदन अदालत, बुटवलबाट शुरु फैसला सदर हुने गरी मिति २०५६।८।२२ मा भएको फैसला र मिसिल अध्ययन गर्दा पुनरावेदन अदालत, बुटवलको उक्त फैसला उपर निवेदन गर्न न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)का अवस्थाहरु विद्यमान नभएको हुंदा मुद्दा दोहोऱ्याउन निवेदन नगर्ने राय पुनरावेदन सरकारी वकील कार्यालय, बुटवलले यस आयोगलाई लेखिपठाएको सन्दर्भमा मिसिल अध्ययन गर्दा पु.स.व.का., बुटवलको उक्त राय मनासिब देखिएकोले मुद्दा दोहोऱ्याउनका लागि निवेदन नगर्ने निर्णय गरिएको ।

४८. सतासी बहुमुखी सहकारी संस्था लि., झिलझिले, झापाको पत्रले वादी श्री ५ को सरकार प्रतिवादी मेचीनगर नगरपालिका वडा नं. १० बस्ने गणेशकुमार विश्वकर्मा समेत भएको भ्रष्टाचार मुद्दाका सम्बन्धमा पुनरावेदन सरकारी वकिल कार्यालय, इलामले मुद्दा तामेलीमा राख्ने गरी पठाएको रायमा केही व्यक्तिले पूंजी परिचालन गर्ने उद्देश्य समेत राखी आफूखुशी बनाएको व्यक्तिगत नियम वा विधानलाई जिल्ला सहकारी कार्यालयमा दर्ता गराउंदैमा कानून बमोजिमको संगठित संस्था वा कानून बमोजिम स्थापित वा संचालित संस्था वा निकाय भन्न वा मान्न नसक्ने अवस्था भएकोले कानून मान्न नसकिने विधान वा नियमबाट संचालित संस्थाको रकम हिनामिना वा मासफर्स्यौट भएमा संस्थाको विधान वा नियममा उल्लेख गरे बमोजिमको उपचार हुने नै हुंदा कानून मान्न नमिल्ने विधान वा नियमद्वारा संचालित संगठन वा इकाईको कुनै पदाधिकारीले अख्तियारको दुरुपयोग गरेको भनी अनुसन्धान वा तहकिकात गर्न वा गराउन सक्ने संवैधानिक वा काननी अवस्था विद्यमान नभएकोले सतासी बहुमुखी

सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेकोमा सहकारी संस्थाका प्रबन्धक तथा पदाधिकारीहरु संचालित हुनका लागि बनाएको विधान वा नियमावलीले विधायिकाको अंश ग्रहण गरी कानूनको रुपमा स्थापित हुन सक्ने कुनै अवस्था नरहेको वर्तमान कानूनी व्यवस्था देखिंदा त्यस्तो संस्थामा कार्यरत पदाधिकारीहरु सार्वजनिक पद धारण गरेको सरह स्थापित नहुने अवस्था तथा सार्वजनिक पद धारण गरेका व्यक्ति समेत संलग्न भई रकम हिनामिना वा मासमस्यौट गरी भ्रष्टाचार गरेको भन्ने समेत नदेखिंदा अ.दु.अ.आ.को क्षेत्राधिकार भित्र नपर्ने भनी व्यक्त सह न्यायाधिवक्ताको रायमा सहमत हुन सकिएन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को (ङ) मा संस्था भन्नाले श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रणमा रहेको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो संस्थाको नियन्त्रणमा रहेको वा सार्वजनिक उपभोग वा सेवाको उद्देश्यले प्रचलित कानून बमोजिम गठन भएको अन्य संस्थालाई समेत जनाउंछ भन्ने स्पष्टतः कानूनी व्यवस्था भएको हुंदा उल्लिखित प्रतिवादीहरु उपर मुद्दा चलाउनु पर्ने कारण र आधार विद्यमान रहेको हुंदा सम्बन्धित अदालतमा मुद्दा दायर गर्न पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई लेखिएको ।

४९. जनता बहुमुखी सहकारी संस्था लि., अनारमनीका उपाध्यक्ष कृष्णबहादुर खत्रीको जाहेरीले वादी श्री ५ को सरकार, प्रतिवादी मेचीनगर नगरपालिका वडानं. १० बस्ने गणेशकुमार विश्वकर्मा समेत भएको भ्रष्टाचार मुद्दाका सम्बन्धमा पुनरावेदन सरकारी वकिल कार्यालय इलामले मुद्दा तामेलीमा राख्ने गरी पठाएको रायमा केही व्यक्तिले पूंजी परिचालन गर्ने उद्देश्य समेत राखी आफूखुशी बनाएको व्यक्तिगत नियम वा विधानलाई जिल्ला सहकारी कार्यालयमा दर्ता गराउंदैमा कानून बमोजिमको संगठित संस्था वा कानून बमोजिम स्थापित वा संचालित संस्था वा निकाय भन्न वा मान्न नसक्ने अवस्था भएकोले कानून मान्न नसकिने विधान वा नियमबाट संचालित संस्थाको रकम हिनामिना वा मासमस्यौट भएमा संस्थाको विधान वा नियममा उल्लेख गरे बमोजिमको उपचार हुने नै हुंदा कानून मान्न नमिल्ने विधान वा नियमद्वारा संचालित संगठन वा इकाईको कुनै पदाधिकारीले अख्तियारको दुरुपयोग गरेको भनी अनुसन्धान वा तहकिकात गर्न वा गराउन सक्ने संवैधानिक वा कानूनी अवस्था विद्यमान नभएकोले जनता बहुमुखी सहकारी संस्था लिमिटेडको रकम हिनामिना गरेकोमा सहकारी संस्थाका प्रबन्धक तथा पदाधिकारीहरु संचालित हुनका लागि बनाएको विधान वा नियमावलीले विधायिकाको अंश ग्रहण गरी कानूनको रुपमा स्थापित हुन सक्ने कुनै अवस्था नरहेको वर्तमान कानूनी व्यवस्था देखिंदा त्यस्तो संस्थामा कार्यरत पदाधिकारीहरु सार्वजनिक पद धारण गरेको सरह स्थापित नहुने अवस्था तथा सार्वजनिक पद धारण गरेका व्यक्ति समेत संलग्न भई रकम हिनामिना वा मासमस्यौट गरी भ्रष्टाचार गरेको भन्ने समेत नदेखिंदा अ.दु.अ.आयोगको क्षेत्राधिकार भित्र नपर्ने भनी व्यक्त सह न्यायाधिवक्ताको रायमा सहमत हुन सकिएन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २ को (ङ) मा संस्था भन्नाले श्री ५ को सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको वा श्री ५ को सरकारको नियन्त्रणमा रहेको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो संस्थाको नियन्त्रणमा रहेको वा सार्वजनिक उपभोग वा सेवाको उद्देश्यले प्रचलित कानून बमोजिम गठन भएको अन्य संस्थालाई समेत जनाउंछ भन्ने स्पष्टतः कानूनी व्यवस्था भएको हुंदा उल्लिखित प्रतिवादीहरु उपर मुद्दा चलाउनु पर्ने कारण र आधार विद्यमान हुंदा सम्बन्धित अदालतमा मुद्दा दायर गर्न पुनरावेदन सरकारी वकिल कार्यालय, इलामलाई लेखिएको ।

५०. वादी श्री ५ को सरकार, प्रतिवादी कीर्तिप्रसाद यादवसमेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन प्रयोजनार्थ पुनरावेदन सरकारी वकील कार्यालय, बुटवल, रुपन्देहीको च.नं. २०७४ मिति २०५६।१२।१७ को पत्र सहित प्राप्त मिसिलका सम्बन्धमा पालही सहकारी संस्था, नवलपरासीका बिक्रेता कीर्तिप्रसाद यादवले संस्थालाई तिर्नु पर्ने बेरुजु रकम असूलउपर गर्न संस्थानले जायजेथा जमानी लिई रोक्का राखी निजले पाउने उपदान औषधी उपचार र तलब भत्ताबाट कट्टा गरी केही रकम मात्र तिर्न बांकी रहेको भनी संस्थानले निजलाई लेखेको पत्र मिसिल संलग्न रहेको र निज प्रतिवादीले संस्थालाई बुझाउनु पर्ने रकम असूलउपर गर्न पालही सहकारी संस्थाले सहकारी ऐन, २०४८ को दफा ३९ को प्रकृया अपनाई रहेको देखिंदा प्रस्तुत मुद्दामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) तथा १३ बमोजिम माग दावी लिई पुनरावेदन गर्न ठोस सबूद प्रमाणको अभाव रहेको हुंदा पुनरावेदन नगर्ने निर्णय गरिएको ।

५१. आयोगद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत चलाईएका मुद्दाहरुसंग सम्बन्धित मिसिलहरु पुनरावेदन गर्ने नगर्ने निर्णयार्थ आयोगमा प्राप्त हुने गरेकोमा पुनरावेदन नगर्ने गरी आयोगबाट निर्णय भएका सम्बन्धित मिसिलहरु कुन निकायमा पठाउने भन्ने ब्यहोरा निकासार्थ पेश हुंदा यस्ता प्रकृतिका मुद्दाको अन्तिम टुंङ्गो लागेको अवस्थामा मिसिलहरु आयोगमा नै राख्ने निर्णय गरिएको ।

५२. गुठी संस्थानले खुल्दै गरेको फाइनेन्स कम्पनीमा रकम लगानी गरेको भन्ने विषयमा २०५५।१।१५ मा आयोगले गुठी संस्थानबाट ३ महिना भित्र उल्लिखित कार्यहरु सम्पन्न गराई पुनः पेश गर्ने भनी निर्णय गरे अनुरुप गुठी संस्थानको मिति २०५५।१०।६।५ र २०५७।२।३ को प्राप्त पत्रको सम्बन्धमा आयोगले कार्य सम्पन्न गरी जानकारी पठाउने भनी मिति २०५५।१।४ मा लेखिपठाइएका कार्यहरु फर्स्यौट भइसकेको भनी सम्बन्धित विषयमा दफाबार खोली गुठी संस्थानको उपरोक्त मितिको पत्रहरुबाट जानकारी हुन आएकोले उजूरी तामेलीमा राखिएको ।

५३. उदयपुर जिल्ला, पोखरी गा.वि.स., वडा नं. २, ३ र ६ मा संचालित पोखरी खानेपानी योजनाको कार्यमा भ्रष्टाचार भएको भन्ने विषयको मुद्दामा प्रतिवादीहरुमाथि मुद्दा चलाउन सबूद प्रमाणको अभावमा उपयुक्त नहुने भनी पुनरावेदन सरकारी वकील कार्यालय, राजविराजले राय सहित पठाएको मिसिल पेश हुंदा उल्लिखित राय मनासिबै भएकोले उक्त उजूरीको लगत कट्टा गरिएको ।

५४. नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले विद्युत चोरी गर्ने कम्पनीहरुसंग मिलेमतो गरी वास्तविक हानी नोक्सानी भन्दा धेरै कम रकम मात्र लिई प्राधिकरणको नियम विपरित अनुचित लाभ लिई पुनः लाइन जडान गर्ने आदेश दिएको भन्ने विषयको उजूरीउपर अनुसन्धान हुंदा यसमा कार्यकारी निर्देशकले यथार्थ क्षतिपूर्तिको रकम यकीन नहुँदैको स्थितिमा तोकिएको रकम धरौटी लिई लाइन जोड्न सक्ने प्रावधान रहेको र सोही अनुरुप धरौटी लिई लाइन जोड्ने र वास्तविक क्षतिपूर्तिको मूल्यांकन गर्ने कार्य १ महिना भित्र पूरा गर्ने आदेश समेत गरेकोले तदनुरुप क्षतीपूर्ति रकम मूल्यांकन हुंदा अशोक स्टीलबाट रु. ३,६३,३९,५०१।- तथा जगदम्बा स्टीलबाट रु. ४२,८७,२५४।२० पै. असूलउपर हुनु पर्ने भई सोही अनुरुप असूल गर्ने निर्णय भएकोमा उक्त कम्पनीहरुले सो रकम दाखिला नगरी सर्वोच्च अदालतमा रीट निवेदन दिएको देखियो । नेपाल विद्युत प्राधिकरण, विद्युत चुहावट नियन्त्रण विनियमावली, २०५० को विनियम ३७ तथा ४० अनुसार तोकिएको क्षतीपूर्ति रकम जम्मा गरेको ग्राहकले चाहेमा मात्र विद्युत लाइन जोड्न सकिने भएकोले उल्लिखित रकम जम्मा नगरेका उक्त कम्पनीहरु विद्युत सेवाको उपभोग गर्नबाट स्वतः बञ्चित रहनु पर्नेमा नेपाल विद्युत प्राधिकरणको संचालक समितिले मिति २०५५।१।१९ मा विभिन्न कारण देखाई हाललाई सो उद्योगको विद्युत लाइन नकाट्ने भनी गरेको निर्णयलाई कानूनसम्मत भन्न मिल्ने देखिएन । तसर्थ बढीमा २ हप्ताको समय दिई सो उद्यागहरुलाई तोकिएको क्षतीपूर्ति रकम जम्मा गर्न लगाउने अन्यथा सो उद्योगहरुको विद्युत लाइन तुरुन्त काट्नु पर्ने कानूनी व्यवस्थाको पूर्णतः पालना गर्न र साथै यस प्रकारको गल्ती दोहरिन नदिई सचेत रहन समेत नेपाल विद्युत प्राधिकरण, संचालक समितिलाई लेख्ने भनी गत आ.व.मा यस आयोगबाट निर्णय भई लेखी गएकोमा उल्लिखित कम्पनीहरुले क्षतिपूर्ति बापतको रकम समेत जम्मा गरिसकेको भौचरको प्रतिलिपिहरु प्राप्त हुन आएकोले थप कारबाई गरिरहनु नपरेको ।

५५. बांके जिल्लाको प्रशासकीय अधिकृतको कीर्ते सही गरी बांके लक्ष्मनिया गा.वि.स. वडा नं. ५ बस्ने विन्देश्वरीप्रसाद सिंहको छोरा रामसिंह ठाकुर र प्र.अ. दीपेन्द्र काफ्लेको सही गरी सोही ठाउं बस्ने कञ्चन सिंहले बंशजको नागरिकता बनाएको भन्ने विषयमा अनुसन्धान हुंदा यसमा कीर्तेतर्फ कारबाईको लागि जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर भइसकेको, तथा रामसिंह ठाकुर र शिवकुमार ठाकुर (कञ्चन सिंहको पति) को नाममा रहेको जगगा रोक्का गरिसकेको अवस्था हुंदा कीर्तेतर्फको कारबाई छिटो छरितो र तदारुकताका साथ टुंगो लगाउन तथा कीर्ते नागरिकता दिने कार्यमा सरकारी कर्मचारीको संलग्नता देखिन आएमा निजहरुउपर समेत आवश्यक कारबाई गर्न सम्बन्धित निकायमा लेखी पठाउन जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिइएको ।

च) अनुसन्धान कार्य जारी रहेका उजूरी निवेदनहरुको विवरण :-

प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनमा उल्लिखित विषयहरुमा तथ्ययुक्त आधार नभएको भन्न नसकिने अवस्था भएकोले विस्तृत अनुसन्धान गर्नको निमित्त अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान कार्य जारी रहेका विषयहरु निम्न प्रकरणहरुमा उल्लेख गरिएका छन् । संख्यागत रुपमा एउटै विषयमा अनुसन्धान अधिकृत नियुक्त भएकोमा पनि धेरै उजूरी निवेदनहरु समावेश भएको हुन सक्ने हुंदा कूल अनुसन्धान अधिकृत नियुक्त भएको उजूरी संख्या र निम्न उल्लिखित विषयगत संख्यामा पृथकता देखिने गरेको छ ।

१) बुटवल नगरपालिकाले आ.व. २०५२।५३मा नगर विकास कोषको ऋण सहयोगमा सतह ढल निर्माण गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२) एस.ओ.एस. बालग्राम, पोखराको भोगचलनमा रहेको जग्गा मालपोत कार्यालयका तत्कालीन प्रमुख समेतको मिलेमतोमा अन्य व्यक्तिका नाममा दर्ता गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३) स्वास्थ्य सेवा विभाग अन्तर्गत आपूर्ति व्यवस्था महाशाखाले अधिराज्यभर कन्टेक्ट कुरियर्समार्फत् औषधी तथा उपकरणहरु ढुवानी गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४) स्वास्थ्य सेवा विभाग अन्तर्गत सूचना तथा सञ्चार शाखाले नेपाल अधिराज्यका स्वास्थ्य केन्द्रहरुका लागि आवश्यक पर्ने फारामहरु छपाई गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५) स्वास्थ्य सेवा विभाग अन्तर्गत जनशक्ति विकास तथा छात्रवृत्ति शाखाले भारतको मणिपाल कलेजमा ब्याचलर इन अक्यूपेशनल थेरापी विषयको अध्ययनको लागि छात्रवृत्तिमा छनौट गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६) नेपाल परिवार नियोजन संघका तत्कालीन अध्यक्ष समेतले उक्त संस्थाका लागि प्राप्त हुने वैदेशिक सहयोग रकम हिनामिना गरेको, गाडीको दुरुपयोग गरेको तथा भवन निर्माणमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७) परीक्षा नियन्त्रण कार्यालय, सानो ठिमीमा २०५५ सालको एस.एल.सी. परीक्षाको नतीजा प्रकाशन गर्दा उच्च १० स्थानको निर्धारण कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८) डिभिजन सडक कार्यालय, लहानका तत्कालीन प्रमुखले अस्तित्वमै नरहेको कम्पनीको नक्कली कोटेशनको आधारमा मेशिनरी उपकरण खरीद गरेको र सडक निर्माण कार्यमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९) स्वास्थ्य सेवा विभागबाट औषधी, मेशिन र एक्स-रे फिल्म आदि खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०) अरनिको राजमार्गको सूर्य विनायक - धुलिखेल खण्डको सडक निर्माणको बोलपत्र स्वीकृतिमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

११) राष्ट्रिय वाणिज्य बैंक, खानीखोला, धादिंग शाखाबाट प्राथमिकता प्राप्त क्षेत्र कर्जा कार्यक्रम अन्तर्गत लगानी उठ्न नसक्ने धितो लिई भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२) ग्रामीण आवास कम्पनी लिमिटेडबाट कास्की जिल्ला, लेखनाथ गा.वि.स.मा पर्ने बाटो नै नभएको प्रति रोपनी रु. एक लाख मात्र पर्ने जग्गा रु. तीन लाख तीस हजार प्रति रोपनीका दरले खरीद गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१३) प्रहरी प्रधान कार्यालयबाट प्रहरी निरीक्षक पदपूर्ति गर्दा अनियमित तवरले नियुक्ति दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१४) तत्कालीन हवाई विभागका महानिर्देशकबाट त्रिभुवन विमानस्थलमा राडार जडान गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१५) आयकर अदालतको विवादास्पद फैसलाको आधारमा ललितपुर गुठी तहसिलको जग्गा दर्ता गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१६) तारागाउं विकास समितिका अध्यक्षले अधिग्रहण गरेको जग्गाको मुआब्जा नदिई प्राप्त जग्गा कानून विपरित अर्कै उद्देश्यमा प्रयोग गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

१७) कैलाली जिल्लाका जिल्ला वन अधिकृतले वन फडानी गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

१८) राष्ट्रिय बीमा संस्थानबाट बीमा रकम भुक्तानी दिंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१९) गुठी संस्थानका अध्यक्ष तथा प्रशासकले झापा अनारमनीको गुठी तैनाथी जग्गा बिक्री गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२०) झापा जिल्लाका जिल्ला वन अधिकृतले वन फडानी गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२१) पशु सेवा विभागका महानिर्देशकले अख्तियारको दुरुपयोग गरी तालीममा सहभागी नै नभएको व्यक्तिलाई प्रमाण पत्र वितरण गरेको, तालीम संचालन गर्दा सरकारी स्वामित्वको सम्पत्तिको दुरुपयोग गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

२२) रघुपति जूट मील निजीकरण हुंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२३) हिमाल सिमेन्ट कम्पनीमा एम. एस. प्लेट लगायतका करीब रु. ५ लाख बराबरका सामानहरु खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२४) सागरनाथ वन विकास परियोजनामा ७२ हजार क्यू.फी. काठ सडाई हिनामिना भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२५) नेपाल दूर सञ्चार संस्थान, क्षेत्रीय कार्यालय, काठमाडौंका प्रमुखले टेलिफोन लाइन वितरण गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२६) तत्कालीन गृह सचिवले विदेशीलाई धर्म पुत्री दिंदा गैरकानूनी कार्य गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२७) तत्कालीन भूमिसुधार सचिवले मृगेन्द्र शम्सेरको हदबन्दीभित्र पर्ने जग्गा हदबन्दीभित्र नपर्ने निर्णय गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२८) चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीले अवैध तरिकाले उमेर सच्याई नागरिकता दिएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२९) उपत्यका प्रहरी कार्यालय, हनुमान ढोकाका कर्मचारीले धितो रहेको गलैंचाका सामान हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३०) बांके जिल्लाका प्रमुख जिल्ला अधिकारीले गैर कानूनी रुपमा सरकारी सम्पत्ति विदेशीलाई दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३१) साल्ट ट्रेडिंग कर्पोरेशनबाट अखाद्य नून आयात गरेको र कण्ठ रोग नियन्त्रण आयोजना समेतको रकम पचाउने बदनीयत राखेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३२) जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट विदेशीलाई नेपाली नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३३) सप्तरी जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीले अनियमित तवरले नाता प्रमाणित गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३४) उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्षले आफ्ना मानिस नियुक्त गरेको तथा विभिन्न बजेट शीर्षकको रकममा व्यापक भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३५) राष्ट्रिय वाणिज्य बैंक, टंगालबाट सागर ट्रेड लिंकलाई कर्जा प्रवाह गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३६) एभरेष्ट बैंकका डि.जि.एम.ले बिना धितो व्यक्तिगत जमानीमा ऋण दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३७) नेपाल खाद्य संस्थानमा चामल खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३८) जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट झूठा विवरण पेश गरी वंशजको नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३९) जिल्ला प्रशासन कार्यालय, महोत्तरीका प्रमुख जिल्ला अधिकारीले भारतीयलाई नेपाली नागरिकता दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४०) मालपोत कार्यालय, काठमाडौंबाट अनियमित तवरले घर जग्गा फुकुवा गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४१) बांके जिल्लाका प्रमुख जिल्ला अधिकारीले मुआब्जा रकम वितरण गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४२) गणेश मोडर्न दाल मील, नेपालगंजले सडेगलेको दाल धितो राखी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४३) राष्ट्रिय वाणिज्य बैंक, पोखराले नीलम हयाचरीसमेतलाई ऋण लगानी गर्दा धितोको अधिक मूल्यांकन गरी लगानी गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४४) तत्कालीन आपूर्ति मन्त्रीले पेट्रोलियम पदार्थ बिक्री वितरण गर्दा नेपाल आयल निगमबाट डीलरलाई बढी तेल उपलब्ध गराई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४५) राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, विशाल बजारले ऋण लगानी गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४६) यूनियन को-अपरेटिभ नामको सहकारी संस्था खोली सर्वसाधारणबाट रकम उठाएर संचालक नै बेपत्ता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४७) जिल्ला प्रशासन कार्यालय, बांकेका प्रमुख जिल्ला अधिकारीले काल्पनिक कागज खडा गरी नाता प्रमाणित गरी श्री ५ को सरकारको हुने सम्पत्ति भारतीय व्यक्तिको नाममा गरिदिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४८) प्रतीतपत्र जांच बूझ आयोगको प्रतिवेदन, २०५३मा उल्लिखित अनियमिताहरुका सम्बन्धमा अनुसन्धान भइरहेको ।

४९) मत्स्य विकास केन्द्र, हेटौंडाका प्रमुखले अमेरिकी पीसकोर स्वयं सेवकलाई पूर्व सेवाकालीन तालीम संचालन गर्दा कम राजस्व लिई भ्रष्टाचार गरेको, मत्स्य विज्ञान सम्बन्धी पुस्तक खरीद गर्दा सबै किताब प्राप्त नहुँदै पूरै रकम

भुक्तानी दिएको र धरौटी समेत फुकुवा गरेको, पोखरी खन्न कृषकहरुलाई डोजर उपलब्ध गराए बापत प्रति घण्टा रु. ५०/- का दरले राजस्व लिने निर्णय विपरित रकम असूल नगरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

५०) अवैध रुपले विदेश लग्न लागेको रु. ५०० को भारतीय नोट त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पक्राउ परेकोमा फिर्ता गर्दा अनियमित भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५१) वीरगञ्ज नगरपालिकामा अनियमित तवरले कर्मचारी भर्ना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५२) राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन अध्यक्षले प्रतीत पत्रको कारोवार गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५३) राष्ट्रिय वाणिज्य बैंकबाट प्रतीत पत्रको ब्याज मिन्हा गर्दा अनियमित गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५४) केन्द्रीय खाद्य अनुसन्धानशालाका प्रमुखले सो कार्यालयको लागि भ्यान खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५५) जिल्ला विकास समिति, भक्तपुरबाट कबाडी सामान बिक्री गर्दा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५६) गुम्बा विकास तथा व्यवस्थापन समितिमा गुम्बा मर्मत तथा सम्भारको लागि रकम छुटचाउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५७) नेपाल स्काउट परिषद्को सम्पत्ति हिनामिना तथा दुरुपयोग भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५८) गुठी संस्थानका प्रशासकले सार्वजनिक सम्पत्ति हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

५९) मालपोत कार्यालय, बर्दियाबाट हदबन्दी जग्गा दर्ता गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६०) डिभिजन सडक कार्यालय, मीनभवनका प्रमुखले कीर्ते मष्टररोल तयार गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६१) मध्यमाञ्चल क्षेत्रीय सडक निर्देशनालयका क्षेत्रीय निर्देशकले बिटुमीनको बोलपत्र स्वीकृतिमा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६२) नेपाल खानेपानी संस्थानबाट थापाथली हाइटमा ढल निर्माण गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६३) नेपाल कमर्स क्याम्पस, मीन भवनको हाताभित्र भवन निर्माणको कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६४) लहान नगरपालिकाका प्रमुखले अनियमित तरिकाले अस्थायी कर्मचारी नियुक्त गरी त्यस्तो कर्मचारीलाई पटक पटक पेश्की दिएको, बोर्डको निर्णय बिना लाखौंको आर्थिक सहायता गरेको र सवारी करको ठेक्का रकम मिनाहा गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

६५) स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेलमा IFAD बाट प्राप्त ऋण सहयोगको नककली बलि बनाई दुरुपयोग भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६६) जिल्ला विकास समिति, दोलखाका सभापतिले डोजर, टीपर मर्मत गराउंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६७) बझांग-खोड्पे सडक आयोजनामा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६८) धुलिखेल नगर पालिकाबाट चुंगिकर रकम उठाउंदा ठेकेदारसंग मिलेमतो गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

६९) नेपाल खाद्य संस्थानबाट खाद्यान्नको हवाई ढुवानी गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७०) समाज कल्याण परिषद्बाट भृकुटी मण्डपको पसल कवलहरु भाडामा दिंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७१) शाही नेपाल वायुसेवा निगमबाट विमान चालकहरुको लागि सिंगापुरमा व्यवस्था गरिएको स्थायी होटल परिवर्तन गरी अर्को होटल भाडा लिंदा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७२) त्रिभुवन विमानस्थल कार्यालयका वरीष्ठ सहायक लेखा अधिकृतले रु. ४७ लाख हिनामिना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७३) त्रिभुवन विमानस्थल कार्यालयका प्रमुखले कन्फेक्शनरी पसल बिना टेण्डर तोक आदेशको भरमा भाडामा दिई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७४) शाही नेपाल वायुसेवा निगमबाट तुर्कमेनिस्तानको विमान भाडामा लिंदा १० लाख अमेरिकी डलर हिनामिना गरी भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७५) नेपाल एस. बी. आई. बैंकमा फर्जी ड्राफ्ट बनाई भारतीय रुपैयां झिकी आर्थिक अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७६) त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल कार्यालयबाट विमानको स्पेयर पार्टहरु खरीद गर्दा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७७) गुठी संस्थानबाट कैलाश सदावर्त गुठीलाई निजी गुठी भनी दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७८) हसन्दह गा.वि.स., मोरंगका अध्यक्षले जिल्ला वन पैदावार आपूर्ति समिति, मोरंगबा छोडपुर्जीका आधारमा प्राप्त साल काठ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७९) जिल्ला वन अधिकृत, बर्दियाले निजी आवादीको काठका साथै राष्ट्रिय वन, मठ, मन्दिर र पुनर्वास समेतको रुख कटानी गरी अनियमित कार्य गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८०) नेपाल विद्युत प्राधिकरण, सातौं विद्युत आयोजनामा चाइनीज इनर्जी मीटर खरीद गर्दा भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८१) जिल्ला कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीले लिनु खानु गरी नागरिकतासम्बन्धी कीर्ते मुद्दा दायर नगरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

८२) जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट नक्कली व्यक्तिलाई राहदानी वितरण गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३. आ.व. २०५६।५७को कार्य प्रगतिको सारसंक्षेप

प्रारम्भिक छानबीनको क्रममा :

क) कारबाईको संख्यात्मक विवरण :-

क्र.सं.	कारबाईको स्थिति	आन्तरिक स्मृतिपत्रबाट	प्रारम्भिक छानबीनबाट	जम्मा
१	आयोगबाटै फछ्यौंट भएको उजूरी	१२६	३७०	४९६
२	विशेष प्रहरी विभागमा प्रेषित उजूरी	२४	३	२७
३	जिल्ला प्रशासन कार्यालयहरुमा प्रेषित उजूरी	२९५	१३	३०८
४	अन्य निकायहरुमा आवश्यक कारवाईको लागि प्रेषित उजूरी	१६५	१३	१७८
५	आयोगबाट छानबीन भइरहेको उजूरी	१२०	२६७	३८७
	जम्मा	७३०	६६६	१३९६

ख) प्रचलित ऐन, कानून वा अन्य विषयमा आवश्यक संशोधन वा परिमार्जन वा नयां व्यवस्था गर्न प्रेषित सुझाव वा ध्यानाकर्षणको संख्या : २४

ग) सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१)	डिभिजन सडक कार्यालयहरुका प्रमुखहरु दयाराम ढुंगाना, कृष्णबहादुर थापा र अनूठालाल पटेल	पृष्ठ ७ को नं.१
२)	पोखरा उ.म.पा.को २०५४।८।२३को नगर परिषद्को बैठक र २०५४।९।३को न.पा. बैठकमा उपस्थित सबै पदाधिकारी	पृष्ठ ८ को नं. २
३)	जि.वि.स., सिरहाका इन्जिनीयर शीतलप्रसाद गुप्ता र जि. सिरहा, गा.वि.स. तुलसीपुरका अध्यक्ष प्रमोदप्रसाद यादव समेत जवान -४	पृष्ठ ९ को नं. ३
४)	उदयपुर सिमेन्ट उद्योगका महाप्रबन्धक तेजकान्त झा समेत जवान -३	ऐ नं. ४
५)	नेपाल दूर सञ्चार संस्थानका महाप्रबन्धक चेतप्रसाद भट्टराई	ऐ नं. ५

६)	संसद सचिवालयका कम्प्यूटर अधिकृत चन्द्र शाह	पृष्ठ ९ को नं. ६
७)	नेपाल दूर सञ्चार संस्थान, क्षेत्रीय कार्यालयका प्रमुख सुगतरत्न कंसाकार समेत जवान - २	ऐ नं. ७
८)	त्रिभुवन विमानस्थल, भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक सावित्री राजभण्डारी	पृष्ठ १० को नं. ८

विस्तृत अनुसन्धान तहकिकातको क्रममा

क) पुनरावेदन अदालतसमक्ष मुद्दा दायर गरिएको विवरण :

मुद्दा दायरको विवरणको नं.	मुद्दाको संक्षिप्त व्यहोरा
१	धादिङ्ग जिल्ला वैरेनी गा.वि.स. वडानं. ८ (क) कि.नं. १५ को १-६-१-१ जग्गालाई नक्सा सच्याई क्षेत्रफल १७-२-३-२ बनाई भ्रष्टाचार गरेको भन्ने विषय ।
२.	शाही नेपाल वायुसेवा निगमको उडान व्यापार कम्तीमा १९० सीट क्षमता भएको ३ विमानमा आधारित भएकोले १९९४ देखि नै निगमले एउटा विमान भाडामा ल्याई सञ्चालन गरिरहेको सन्दर्भमा युगोस्लाभियाको १७९ सीट भएको अमेरिकी डलर १२ प्रति सीट प्रति घण्टाको दरको विमान फर्काई लगत्तै १० दिनपछि १२० सीट मात्र उपयोगमा आउने, धेरै इन्धन लाग्ने, ढीलो र थोत्रो विमान अमेरिकी डलर २५ प्रति सीट प्रति घण्टाको दरमा Chapman Freeborn Airchartering Ltd. नाम गरेको दलाल कम्पनीबाट लिने सम्झौता गरी झूठा विवरण सहितको प्रस्ताव पेश गरी सञ्चालक समितिलाई समेत गुमराहमा पारी करीब ५ करोड रुपैयांको भ्रष्टाचार गरेको भन्ने विषय ।
३.	डिभिजन सडक कार्यालय, मीनभवनमा २०५४ आषाढदेखि २०५४ आश्विन १५ सम्ममा सवारी इन्धनको बील भर्पाई कीर्ते गरी रु. १० लाख भ्रष्टाचार गरेको भन्ने विषय ।
४.	डिभिजन सडक कार्यालय, मीनभवनबाट कपन गुम्बा जाने बाटोमा पर्ने पेम्बा शेर्पाको घरसम्म जाने निजी बाटो पीच गरी लाखौंको भ्रष्टाचार गरेको भन्ने विषय ।
५.	नेपाल औद्योगिक विकास निगममा कम्प्यूटर सफ्टवेयर विकास गर्ने कार्यको ठेक्का पट्टामा न्यूनतम कबोल गर्ने कम्पनीको टेण्डर स्वीकृत नगरी रु. ५३.२ लाख महंगो पर्ने टेण्डर स्वीकृत गरी भ्रष्टाचार भएको भन्ने विषय ।

ख) आयोग वा आयोगबाट सौंपिएको अख्तियारी बमोजिम आयोगको तर्फबाट पुनरावेदन अदालतसमक्ष पेश गरिएको मुद्दामा भएको फैसलाउपर चित्त नबुझी सर्वोच्च अदालतसमक्ष पुनरावेदन गरिएको मुद्दा थान : ११

ग) प्रचलित ऐन कानून वा अन्य विषयहरुमा आवश्यक सशोधन, परिमार्जन वा नयां व्यवस्था गर्न दिइएका सुझाव तथा ध्यानाकर्षणहरुको संख्या : १७

घ) विभागीय कारवाइं गर्न लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१	तत्कालीन हवाइं विभागका महानिर्देशक हरिभक्त श्रेष्ठ	पृष्ठ १८ को नं. २
२	अर्थ मन्त्रालयका तत्कालीन सह सचिव नारायणप्रसाद सिलवाल	ऐ
३.	तत्कालीन का.मु. प्र.जि.अ., सिरहा, शालिग्राम सापकोटा	पृष्ठ ४२ को नं. ३
४.	जि. मकवानपुरका कोष नियन्त्रक कृष्णप्रसाद भण्डारी समेत जवान -२	पृष्ठ ४३ को नं. ४
५.	भूमिसुधार कार्यालय, काठमाडौंका ना.सु. शम्भुप्रसाद अर्याल समेत जवान -३	पृष्ठ ४४ को नं. ६

६. विशेष प्रहरी विभागका का.मु. ब.प्र.उ. महावीरप्रसाद मल्ली समेत जवान -५ पृष्ठ ४४ को नं. ८
७. राष्ट्रिय वाणिज्य बैंक, कर्जा असूली समितिका सदस्य खगेन्द्रनाथ शर्मासमेत जवान -३ पृष्ठ ४८ को नं. ११
८. क्षेत्रीय शिक्षा निर्देशक नीलबहादुर के.सी. समेत जवान -९ ऐ नं. १२
९. सार्वजनिक उद्यान तथा सभागृह विकास समितिका सदस्य सचिव पुष्पलाल श्रेष्ठ समेत जवान -२ पृष्ठ ५० को नं १३
१०. का.मु. जिल्ला वन अधिकृत, रसुवा, रामयशप्रसाद साह पृष्ठ ५१ को नं. १४
११. त्रिभुवन विमानस्थल भन्सार कार्यालयका ना.सु. नरेन्द्र बस्नेत समेत जवान -४ ऐ नं. १५
१२. जिल्ला जन स्वास्थ्य कार्यालय, सिरहाका प्रमुख डा. राजकुमार चौधरी पृष्ठ ५२ को नं. १६
१३. राष्ट्रिय वाणिज्य बैंक,भरतपुरशाखा कार्यालयका सह लेखा अधिकृत सूर्यनाथ न्यौपाने पृष्ठ ५४ को नं. १९

ङ) अभिलेख राख्न लेखिएका पदाधिकारीको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१	शाही नेपाल वायु सेवा निगमका तत्कालीन अध्यक्ष अजीतनारायण सिंह थापा	पृष्ठ १८ को नं. २
२.	राष्ट्रिय वाणिज्य बैंक, कर्जा असूली समितिका सदम्य विदुरप्रसाद आचार्य	पृष्ठ ४८ को नं. ११
३.	ऐ हरिहर देव पन्त	ऐ
४.	ऐ वनवारीलाल मित्तल	ऐ
५.	प्रा.वि. शिक्षक छनौट समिति, कैलालीका वि.नि. हिक्मतबहादुर शाही	ऐ नं. १२
६.	शिक्षा मन्त्रालयका तत्कालीन सचिव शरदकुमार भट्टराई	पृष्ठ ५२ को नं. १७

च) सचेत वा सतर्क रहन लेखिएका पदाधिकारीहरुको विवरण :

क्र.सं.	पदाधिकारीको विवरण	संकेत नं.
१.	अर्थ मन्त्रालयका सह सचिव लोकमान सिंह कार्की	पृष्ठ १८ को नं. २
२.	डिभिजन सडक कार्यालय, मीनभवनका प्रमुख विन्दुशम्सेर राणा समेत जवान -८	पृष्ठ २० को नं. ३
३.	काठमाडौं महानगरपालिकाका प्रमुख केशव स्थापित	पृष्ठ ४१ को नं. १
४.	जिल्ला विकास समिति, सिरहाका सभापति विशेश्वरप्रसाद मरवेता	पृष्ठ ४२ को नं. २
५.	प्र.जि.अ., मकवानपुर, ललितबहादुर थापा	पृष्ठ ४३ को नं. ४
६.	सम्झना फाइनान्स कम्पनी प्रा. लि.का तत्कालीन संचालक दीपक रिमाल	पृष्ठ ४४ को नं. ५
७.	तत्कालीन निर्माण तथा यातायात मन्त्री विजयकुमार गच्छेदार समेत जवान -३	ऐ नं. ७
८.	तत्कालीन पर्यटन तथा नागरिक उड्डयन मन्त्री सलीम मियां अन्सारी	पृष्ठ ४६ को नं. ९
९.	जिल्ला सिरहा, गा.वि.स. सन्हैठाका अध्यक्ष राजेश्वर यादव समेत जवान -३	ऐ नं. १०
१०.	राष्ट्रिय वाणिज्य बैंकका संचालक समितिका अध्यक्ष राजेश्वर आचार्य समेत जवान -५	पृष्ठ ४८ को नं. ११
११.	वन विज्ञान अध्ययन संस्थान, पोखरा क्याम्पसका प्रमुख मकबूल हुसेन खां	पृष्ठ ५१ को नं. १४
१२.	प्रमुख भन्सार अधिकृत कृष्णप्रसाद अधिकारी समेत जवान -३	ऐ नं. १५
१३.	शिक्षा मन्त्रालयका सह सचिव विश्वनाथ ढकाल समेत जवान -२	पृष्ठ ५२ को नं. १७
१४.	जिल्ला विकास समिति, बांकेका इन्जिनीयर नारायणप्रसाद श्रेष्ठ समेत जवान -२	पृष्ठ ५३ को नं. १८

ज) अनुसन्धान अधिकृत तोकिई अनुसन्धान जारी रहेको विषयगत उजूरी संख्या : ८२

४. कार्यगत समस्या र समाधानका उपायहरुको विवरण

मुलुकमा प्रजातान्त्रिक संविधान जारी भएको झण्डै एक दशक व्यतीत हुन लागि सक्दा पनि संविधानको परिकल्पना अनुरुप आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको चर्चा यदाकदा सुनिन्छ । यस्तो चर्चालाई निराधार भन्न पनि सकिँदैन, किनभने आयोगका आफ्ना कमी कमजोरीहरु नरहेका होइनन् । तथापि आफ्नो संवैधानिक दायित्व र कर्तव्यलाई प्रभावकारी रुपमा निर्वाह गर्न आयोगलाई न्यूनतम स्रोत र साधनको उपलब्धि अनिवार्य हुन्छ भन्ने तथ्य पनि निर्विवाद छ । तर विगतका सबैजसो वार्षिक प्रतिवेदनहरु मार्फत् आयोगले आफ्नो आवश्यकता र कार्यगत समस्याहरुलाई सार्वजनिक रुपमा प्रस्तुत गर्दै आए ता पनि तिनको समाधानतर्फ कुनै उत्प्रेरक प्रयास कतैबाट सन्तोषजनक रुपमा भएको भने पाइदैन । मुलुकका प्रवुद्ध र शक्तिसम्पन्न जमातबाट हुने भ्रष्टाचार जस्तो जघन्य श्वेतग्रीवी अपराधको अनुसन्धान गर्ने कार्य निश्चय पनि जटिल र दुरुह कार्य हो । सशक्त अनुसन्धान कार्य सम्पादन गर्नको निमित्त न्यूनतम आवश्यक स्रोत संसाधनसम्म पनि उपलब्ध नगराउने भएपछि आयोगबाट सक्रीय र प्रभावकारी भूमिकाको अपेक्षा गर्नु पनि उचित ठहरिदैन । सरकारले आफ्नो मातहतको कुनै मन्त्रालय वा विभागले माग गरेको कार्यक्रम र बजेटमा कटौती गरे जस्तो मानसिकता आयोगप्रति पनि बोकिरहने हो भने केवल अस्तित्वको लागि मात्र श्रृंगार साधनको रुपमा यस्तो आयोग खडा गरिरहनु पर्ने औचित्य केही रहँदैन ।

आयोगले बारम्बार उठाउँदै आएको कानून सुधारको सवालमा हाल प्रस्तावित मस्यौदा विधेयक प्रस्तुतिकै क्रममा रहेको छ । अख्तियार विशेष अदालतको गठन, केही प्रमाणको भार अभियुक्तमा रहने व्यवस्था, महाअभियोगको दण्ड मात्र भ्रष्टाचारको सन्दर्भमा पर्याप्त नहुने व्यवस्था, सम्पत्ति विवरण र रोक्काको व्यवस्था, करार प्रकृयामा सुधार आदि विषयगत क्षेत्रहरुमा आयोगले कानून सुधारको प्रस्ताव गरेको हुंदा आगामी विधेयक ऐनको रुपमा लागू भएर आउंदा यी विषयहरुमा अपेक्षित सुधार र संशोधन हुने नै छन् भनी आयोग विश्वस्त रहेको छ ।

तथ्यपूर्ण सूचना संकलनको निमित्त सुराकी नियुक्त गर्ने, विशेषज्ञ सेवा उपभोग गर्ने जस्ता अधिकारपूर्ण व्यवस्था प्रस्तावित ऐनमा गरी सो लगायत भौतिक तथा मानवीय संसाधनको स्तरवृद्धि गर्ने प्रयोजनको लागि कार्यक्रम तर्जुमा सहित आयोगले एक योजना प्रस्ताव तयार गरी वार्षिक कार्यक्रममा समावेश गर्न श्री ५ को सरकार कानून , न्याय तथा संसदीय व्यवस्था मन्त्रालय मार्फत् राष्ट्रिय योजना आयोगमा पठाइएकोमा प्रस्तावित कुनै कार्यक्रम स्वीकृत भएको जानकारी प्राप्त हुन सकेको छैन ।

समग्रमा भन्नु पर्दा एक दशकको अवधिमा आयोगले देखे भोगेका समस्याहरु समाधानको लागि उपायसहित बारम्बार सम्बन्धित निकायहरुमार्फत् अनुरोध गर्दा पनि ती समस्याहरु यथावत् नै छन् । निकट भविष्यमै ती सबै समस्याहरुको समाधान एकैपटक हुन नसके पनि क्रमशः समाधान हुँदै जाने कुरामा आयोग विश्वस्त छ ।

आयोगले हाल सामना गर्नु परिरहेका समस्या र तिनका समाधानका उपायहरु विगतका वार्षिक प्रतिवेदनहरुबाट संक्षेपमा पुनर्मुद्रण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :-

क्र.सं.	समस्याको विवरण	समाधानका उपायहरु
१	सूचना प्रवाहमा कमी	क) सम्बद्ध निकायहरुबाट अख्तियार दुरुपयोग सम्बन्धी विवरण नियमित रुपमा आयोगमा पठाउने, ख) सुराकी नियुक्त गरी सूचना र प्रमाण जुटाउने
२.	भौतिक पूर्वाधार र संयन्त्रको कमी	आवश्यक उपकरण, प्रयोगशाला र अन्य सरसुविधा उपलब्ध गराउने
३.	विशेषज्ञ सेवाको कमी	विशेषज्ञ सेवा निर्वाध रुपमा उपयोग गर्न पाउने व्यवस्थाका लागि हाल संसदमा विचाराधीन विधेयकमा भएको व्यवस्था यथास्थितिमा जारी भई कार्यान्वयन भएमा यस समस्याको समाधान हुने देखिन्छ ।
४.	शीपवृद्धिको अवसरको अभाव	अनुसन्धानमा संलग्न जनशक्तिलाई समुचित तालीम दिने, अध्ययन भ्रमणहरुको अवसर दिने
५.	प्रभावकारी कानूनको अभाव	प्रस्तावित संशोधन विधेयकको मस्यौदा अनुरुप आयोगले दिएको प्रतिकृया समावेश गरी कानूनको तर्जुमा हुनु पर्ने
६.	आयोगको सिफारीश, सुझाव तथा वार्षिक प्रतिवेदनहरुमा उल्लेख भएका कुराको सम्बन्धित अख्तियारवालाबाट कार्यान्वयनमा सिथिलता	दायित्व तोकी कारबाईको व्यवस्था समेत गर्ने

७.	बढेको अधिकार क्षेत्र र जनशक्ति बीच असन्तुलन	सन्तुलित हुने किसिमले जनशक्तिमा बृद्धि गर्ने
८.	आचार संहिताकोअभाव	विभिन्न पदाधिकारीहरुको लागि बेग्ला बेग्लै आचार संहिता र पदीय काम कर्तव्य र अधिकार स्पष्ट हुनु पर्ने
९.	आन्तरिक रुपमा कानूनत: गरिनु पर्ने नियन्त्रणका उपायहरुको कार्यान्वयनमा सिथिलता	विभिन्न निकायहरुमा गरिनु पर्ने आन्तरिक नियन्त्रणका कार्यहरुमा प्रभावकारी अनुगमन गर्ने दायित्व तोक्ने र दायित्व वहन नगर्नेलाई कानून बमोजिम सजाय गर्ने
१०.	अन्यत्रबाट आउने कर्मचारीमा आयोग प्रति वफादारिको अभाव	आयोगको बेग्लै सेवा समूह गठन गर्न आयोगले पटक पटक माग गर्दै आए ता पनि हाल प्रस्तावित विधेयकमा समेत सो व्यवस्था भएको नदेखिंदा आयोगको प्रभावकारिता र सुदृढीकरणका लागि नितान्त आवश्यक भएकोले तत्कालै यसको व्यवस्था हुनु पर्ने
११.	विशेष कोषको अभाव	कार्यक्षमतामा सकारात्मक असर पर्ने कार्य (जस्तै, सुराकी खर्च, विशेषज्ञ सेवाको लागि हुने पारिश्रमिक र भ्रमण खर्च आदि)मा हुने खर्च र अन्य प्रोत्साहन खर्चका लागि आवश्यक रकमको व्यवस्था हुने गरी विशेष कोषको स्थापना गर्ने
१२.	बजेटको अपर्याप्तता	निश्चित उद्देश्य र कारणको आधारमा नै आयोगले बजेट माग गर्ने हुंदा आयोगको प्रस्तावित बजेटलाई राज्य व्यवस्था समितिको रोहमा मात्र कटौती गर्न पाइने व्यवस्था गर्ने

अख्तियार दुरुपयोगमा सुधार गर्न आगामी दिनहरुमा आयोगले चाल्ने कदम/कार्यक्रमहरु :

अख्तियार दुरुपयोग विरुद्धको काम कारवाईमा सक्रीयता ल्याउन र मुलुकमा व्याप्त भ्रष्टाचारको नियन्त्रण र निवारणको दिशामा नतीजामूलक उपलब्धी हासिल गर्न आगामी दिनहरुमा आयोग निम्न कार्यहरु गर्ने गराउनेतर्फ क्रियाशील रहने छ :

(क) आयोगको भौतिक आवश्यकताहरुको पहिचान गरी तयार गरिएको योजना प्रस्ताव कार्यान्वयन गर्ने, गराउने ।

(ख) आयोगको जनशक्तिको दक्षतामा अभिबृद्धि गर्न आवश्यक योजना कार्यान्वयन गर्ने, गराउने ।

(ग आयोगको आफ्नै समूहीकृत जनशक्तिको व्यवस्था गर्न प्रयत्नशील रहने ।

(घ) प्रत्यायोजित अधिकार बमोजिम प्रेषित उजूरी निवेदनहरुको अनुसन्धानमा प्रभावकारिता ल्याउन आवश्यक उपायहरुको पहिचान गरी कार्यान्वयन गर्ने गराउने ।

(ङ) आयोगबाट प्रेषित विविध विषयका ध्यानाकर्षण, सुझाव तथा विभागीय वा अन्य कारवाइको सक्रीय कार्यान्वयनका निमित्त आवश्यक पर्ने प्रभावकारी अनुगमन तथा मूल्यांकनको व्यवस्था गर्ने ।

(च) आयोगको आन्तरिक संगठनमा समयानुकूल परिमार्जन तथा संशोधन गरी बढी नतीजामूलक बनाउने,

(छ) आयोगको मौजूदा स्रोत साधनको अधिकतम परिचालन गरी अख्तियार दुरुपयोग अनुसन्धानको कार्यलाई कानून बमोजिम बढी प्रभावकारी र नतीजामूलक बनाउने, आदि ।

उल्लिखित कार्यहरु संसद, श्री ५ को सरकार र सम्बन्धित मन्त्रालय, विभाग, कार्यालय र निकायको पूर्ण सहयोगबाट मात्र संभव हुने भएकोले तत्तत् निकायहरुबाट अपेक्षित सहयोग प्राप्त हुने सम्बन्धमा आयोग विश्वस्त रहन चाहन्छ ।

५. आयोगबाट प्रेषित विभागीय वा अन्य कारबाईहरुको सिफारीशको कार्यान्वयनको स्थिति

यस आयोगको स्थापना कालदेखि हालसम्म आयोगले गरेको अख्तियार दुरुपयोग सम्बन्धी काम कारवाईबाट देखिन आएको तथ्यको आधारमा विभिन्न निकायमा प्रेषित विभागीय कारवाईको सिफारीश तथा सचेत वा सतर्क रहन

लेखिएका पदाधिकारीको सम्बन्धमा हालसम्म सम्बन्धित निकायहरुबाट कारवाई गरिएको जानकारी प्राप्त हुन नसकेको विवरण निम्नानुसार छ :-

१. तत्कालीन बांके बर्दिया जिल्ला वन क्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोगका अध्यक्ष समेतले जग्गा वितरण गर्दा अनियमित गरे भन्ने समेत विषयको उजूरी सम्बन्धमा यस आयोगबाट अनुसन्धान भई आयोगको मिति २०४८।११।५ को निर्णयानुसार मालपोत कार्यालय बांकेका तत्कालीन मा.पो.अ. श्यामनन्द सुमन तथा भेरी अन्चल क्षेत्रीय बसोवास कार्यालय, बांकेका तत्कालीन ना.सु. खेमराज सुवेदीउपर सचेत गराउन वन तथा वातावरण मन्त्रालयमा लेखी गएकोमा तत्कालीन वन तथा वातावरण मन्त्रालयले मिति २०४८।१२।२६ मा सचेत गराउने निर्णय गरेको तर सम्बन्धित कर्मचारीलाई सचेत गराइएको जानकारी यस आयोगलाई प्राप्त नभएको ।

२. बांसवारी छाला जुत्ता कारखाना लि.को हाता भित्रको जग्गा संचालक समितिको निर्णयले प्रचलित दरभन्दा कम मूल्यमा च्याम्पियन फूट वेयरलाई बिक्री गरी अनियमित कार्य गरे भन्ने विषयमा अनुसन्धान भई यस आयोगबाट मिति २०४९।११।५ को निर्णयानुसार तत्कालीन संचालक समितिका पदाधिकारीहरुलाई सतर्कता अपनाउन मन्त्रिपरिषद् सचिवालयलाई लेखी गएकोमा हालसम्म सोको जानकारी प्राप्त हुन नआएको ।

३. रसुवा स्थित हेलिप्याड निर्माण गराउंदा टेण्डर कोटेशनको ठेक्का नियम अनुसारको लगत इष्टमेट, कामको समय समयको मेजरमेन्ट समेत हुनु पर्नेमा नगरी अनियमित कार्य गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०४९।९।१६ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयलाई जि.पं.स. रसुवाका तत्कालीन का.मु. स्था.वि.अ. शिवप्रसाद श्रेष्ठ, अ.ई. किरणकुमार चित्रकार र ओ.सि. राजकुमार श्रेष्ठलाई विभागीय कारवाई गर्न लेखी पठाएकोमा स्थानीय विकास मन्त्रालयबाट मिति २०५०।४।३१ मा निजहरु तत्काल कार्यरत कार्यालयहरुमा कारवाईको लागि लेखी गएकोमा शिवप्रसाद श्रेष्ठको हकमा महालेखा नियन्त्रक कार्यालयको मिति २०५६।११।१९ को पत्रबाट निजको मिति २०५०।११।१४ मा मृत्यु भई सकेको भन्ने व्यहोरा लेखी आएको र अन्यका हकमा निजहरु कार्यरत तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयले हालसम्म कारवाई गरेको जानकारी आयोगमा उपलब्ध नभएको ।

४. मालपोत कार्यालय, मकवानपुरका प्रमुख र कर्मचारीहरु समेत मिलेमतो गरी पारित लिखतको राजस्व आम्दानी नबांधी हिनामिना र भ्रष्टाचार गरे भन्ने विषयंको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५०।४।२४ को निर्णयानुसार मालपोत कार्यालय, मकवानपुरका तत्कालीन अधिकृत पुण्यप्रसाद न्यौपानेउपर विभागीय कारवाई गर्न स्थानीय विकास मन्त्रालयमा लेखी गएकोमा उक्त मन्त्रालयले मिति २०५५।३।२२ मा निज महिला तथा समाज कल्याण मन्त्रालयमा कार्यरत रहेको भनी उक्त मन्त्रालयलाई लेखी पठाएको । हाल महिला तथा समाज कल्याण मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयसंग परामर्श माग गरेकोसम्म देखिन्छ । यस सम्बन्धमा विभागीय कारवाई गरेको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

५. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालयका कर्मचारीहरुले केन्द्रीय कार्यालयको स्वीकृति बिना नेपाल उड स्टक कं.प्रा.लि. का सञ्चालक खेमचन्द्र चौडरीयालाई ऋण प्रवाहमा धितोको बढी मूल्यांकन गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५०।१०।१२ को निर्णयानुसार रा.वा.बैंक, शाखा कार्यालय काठमाडौंका तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय, एल.सी. शाखा इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ तथा एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर विभागीय कारवाई गर्न रा.वा. बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा रा.वा.बैंक, केन्द्रीय कार्यालयले मिति २०५६।११।१६ मा तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय अनिवार्य अवकास भई सकेको, तत्कालीन एल.सी. इन्चार्ज प्रकाशचन्द्र श्रेष्ठ लामो समयदेखि अनुपस्थित रहेको र अनुपस्थित मितिदेखि लागू हुने गरी राजिनामा समेत दिई सकेको तथा तत्कालीन एल.सी. इन्चार्ज सुरेन्द्रराज राजभण्डारीउपर अर्कै उजूरीको सम्बन्धमा भ्रष्टाचारमा मुद्दा परी स्वतः निलम्बनमा रहेको भन्ने ब्यहोराको पत्र आयोगलाई प्राप्त भएको । यसमा आयोगको पूर्व निर्णयानुसार विभागीय कारवाई गर्नेतर्फ कुनै कारवाई चलाएको नदेखिएको ।

६. रा.वा.बैंक, मुख्य शाखा कार्यालय, काठमाडौंले केन्द्रीय कार्यालयको स्वीकृति बिना कोदन इन्टरप्राइजेज समेतलाई कर्जा प्रवाह गर्दा धितोको बढी मूल्यांकन गरेको, गोदाम नभेटिएको र सामान नपुग भएको कारणबाट बैंकलाई गैरकानूनी हानी र पार्टीलाई अनुचित लाभ पुऱ्याई भ्रष्टाचार गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५०।९।१३ को निर्णयानुसार रा.वा.बैंक, काठमाडौं शाखाका तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय, एकाउण्टेण्ट नरेन्द्रबहादुर प्रधान, गोदाम इन्चार्ज पुरुषोत्तमबहादुर खत्री, पारसप्रकाश पाण्डे, कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले र एकाउन्टेण्ट रामप्रसाद भण्डारीउपर विभागीय कारवाई गर्न रा.वा.बैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा उक्त बैंकको मिति २०५६।१२।२३ को पत्रद्वारा तत्कालीन प्रबन्धक बुद्धिसागर उपाध्याय, तत्कालीन एकाउन्टेण्ट नरेन्द्रबहादुर प्रधान तथा कर्जा इन्चार्ज रामबाबु शर्मा काफ्ले समेतलाई विभागीय कारवाई नगरी अनिवार्य अवकास दिएको जानकारी आयोगलाई गराएको साथै अन्यको हकमा पनि विभागीय कारवाई गरेको जानकारी नपठाएको ।

७. स्वास्थ्य मन्त्रालयले कीट नाशक विषादीहरु खरीद गर्दा कम गुणस्तर तथा म्याद समाप्त भएको औषधी खरीद गर्ने निर्णय गरी आर्थिक एवं सुरक्षाको दृष्टिकोणले समेत अनियमित कार्य गरेको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई यस आयोगको मिति २०५१।३।७ को निर्णयानुसार स्वास्थ्य मन्त्रालयका तत्कालीन सचिव जगदीश्वर उपाध्याय, सहसचिव कोकिला वैद्य, उपसचिव गोविन्दप्रसाद कुसुम, स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा. रामनन्दन सिन्हाउपर विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाएकोमा माननीय स्वास्थ्य राज्यमन्त्री रामवरण यादबले मिति २०५१।३।२६ मा यस आयोगलाई लेख्नु भएको पत्रमा तत्कालीन सचिव जगदीश्वर उपाध्याय र तत्कालीन महानिर्देशक डा.रामनन्दन सिन्हा समेतलाई मौखिक रुपमा सतर्क गराएको र अन्यको हकमा आइन्दा यस्तो भूल नगर्न भनी लिखित चेतावनी दिन सचिवलाई निर्देशन दिएको छु भन्ने उल्लेख भई आएको ब्यहोरा आयोगको मिति २०५१।९।२८ को बैठकमा पेश हुंदा आयोगको पूर्व निर्णय बमोजिम कानूनसम्मत विभागीय कारवाई गर्न पुन मिति २०५१।१०।१२ र २०५३।११।१९ मा मन्त्रिपरिषद् सचिवालयमा लेखी पठाइएकोमा हालसम्म सो कारवाईको जानकारी प्राप्त हुन नआएको ।

८. सुन्सरी जिल्लाको दुहवी स्थित मल्टीफ्युल डिजेल पावर प्लान्टका कर्मचारीहरुले प्लान्टको सामाग्री बिक्री वितरण गरी अनुचित लाभ लिए भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई यस आयोगको मिति २०५०।९।२० को निर्णयानुसार जलस्रोत मन्त्रालयका तत्कालीन सहसचिव विजयशंकर श्रेष्ठउपर विभागीय कारवाई गर्न जलस्रोत मन्त्रालयलाई लेखी गएकोमा उक्त मन्त्रालयको २०५५।८।८ को पत्रानुसार विभागीय कारवाई गर्नु पर्ने व्यक्तिले २०५५।३।१७ मा अनिवार्य अवकास पाइसकेको भन्ने जानकारी प्राप्त हुन आएको देखिंदा आयोगको निर्णय कार्यान्वयन गर्नु पर्ने जिम्मेवार पदाधिकारीले निर्णय कार्यान्वयनमा ५।५ वर्षसम्म बिलम्ब गरेबाट कारवाई गर्नु पर्ने कर्मचारी सेवा निवृत्त भई निर्णय कार्यान्वयन हुन नसकेको परिस्थितिको सिर्जना हुन गएको देखिंदा समयमै निर्णय कार्यान्वयन हुन र आइन्दा यस्तो स्थिति दोहोरिन नदिनेतर्फ व्यवस्था गर्न जलस्रोत मन्त्रालयलाई मिति २०५६।९।१६ मा लेखिएको ।

९. डोल्पाबाट मनांग सरुवा भई आउंदा अनियमित रुपमा परिवारको दैनिक भ्रमण भत्ता लिई खाएको भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५०।६।१२ को निर्णयानुसार जि.वि.स. मनांगका का.मु. स्था.वि.अ. रुद्रप्रसाद पौडेलउपर विभागीय कारवाई गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म कारवाईको जानकारी आयोगमा प्राप्त नभएको ।

१०. जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरित गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धांधली गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगबाट मिति २०५०।१०।२९ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका तत्कालीन मा.पो.अ. कलाधर देउजा, शान्तबहादुर श्रेष्ठ, ना.सु. पुरुषोत्तमप्रसाद भट्टराई, खरीदार तोर्णराज श्रेष्ठउपर विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा तोकिएको कामकाज गरेको हुंदा कारवाई गर्न नपर्ने भनी मालपोत विभागबाट लेखी आएको तर आयोगको निर्णयानुसारको कारवाईको जानकारी प्राप्त हुन नआएको ।

११. स्वास्थ्य मन्त्रालय अन्तर्गत चिकित्सा महाशाखा टेकूबाट बढी क्षमताको एक्स-रे मेशीन खरीद गर्न आदेश भएकोमा कम क्षमताको मेशीन बढी मूल्यमा खरीद गरी भ्रष्टाचार गरे भन्ने समेतको उजूरी सम्बन्धमा यस आयोगबाट अनुसन्धान तहकिकात भई आयोगको मिति २०५०।५।२४ को निर्णयानुसार वीर अस्पतालका प्रमुख रेडियोलोजिष्ट डा. नेत्रबहादुर अमात्य, त्रि.वि. शिक्षण अस्पतालका तत्कालीन प्रमुख रेडियोलोजिष्ट डा. टेकबहादुर बुढाथोकी, वीर अस्पतालका सम्भार अधिकृत गंगालाल श्रेष्ठ तथा स्वास्थ्य सेवा विभाग, चिकित्सा महाशाखाका प्रमुख डा. हरिनाथ आचार्य समेतलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा कारवाई गरेको जानकारी प्राप्त नभएको ।

१२. जिल्ला विकास समितिको कार्यालय, सोलुखुम्बुको सडक कार्यक्रम अन्तर्गत आ.व. २०५०।५१ मा झोलुंगे पुलहरुको लागि ठेक्का स्वीकृत गर्दा अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५१।३।२३ को निर्णयानुसार जिल्ला विकास समिति, सोलुखुम्बुका तत्कालीन का.मु. स्था.वि.अ. यक्षबहादुर खत्रीउपर विभागीय कारवाई गर्न स्थानीय विकास मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

१३. कृषि औजार कारखानाले आवश्यक पर्ने वियरिङ्ग खरीद गर्ने सम्बन्धमा टाम चाइनिज वियरिङ्ग पोल सप्लायर्ससंग भएको सम्झौता बमोजिम खरीद नगरी निजको धरौटी समेत फुकुवा गरी अन्यत्रबाट खरीद गरी अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५०।९।२ को निर्णयानुसार कृषि औजार कारखानाका तत्कालीन महाप्रबन्धक रमेश नेपाललाई सतर्क गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

१४. राप्ती एकीकृत ग्रामीण विकास परियोजनाको निर्माण सामग्री खरीद गर्न टेण्डर प्रकृयाबाट खरीद गर्नु पर्नेमा बजारबाट सीधै खरीद गर्न पेश्की दिई अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५१।२।१४ को निर्णयानुसार जिल्ला विकास समिति, रोल्पाका तत्कालीन स्थानीय विकास अधिकारी उमाकान्त

अधिकारीउपर सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

१५. निम्नकोटीको मदिरा उत्पादन एवं बिक्री वितरण गर्न टेण्डर आव्हान गरी ठेक्का दिएको तथा रेक्टीफाइड स्प्रीट उत्पादन एवं बिक्री वितरण समेत गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरीमा अनुसन्धान भई आयोगको मिति २०५१।९।२२ को निर्णयानुसार बिक्री कर तथा अन्तःशुल्क विभागका तत्कालीन महानिर्देशक जैनेन्द्रजीवन शर्मालाई विभागीय कारवाई तथा तत्कालीन शाखा अधिकृत सनतकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा कारवाईको जानकारी आयोगमा प्राप्त नभएको ।

१६. कोइला आयातको सम्झौता गर्दा घटी लिने गरी सम्झौता गरेको, जग्गा खरीद, भवन निर्माण, टेलिफोन सुविधा, तथा औषधी उपचार खर्च समेतमा भ्रष्टाचार गरे भन्ने विषयको उजूरीउपर आयोगबाट अनुसन्धान भई मिति २०५२।३।१३ को निर्णयानुसार नेपाल कोल लिमिटेडका तत्कालीन नायव महाप्रबन्धक बिष्णुराज अर्यललाई विभागीय कारवाई गर्न आपूर्ति मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

१७. भोजपुर जिल्लाको कारागार भवन एवं कम्पाउण्ड वाल निर्माण गराउंदा अनियमित गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान भई आयोगको मिति २०५२।१०।१८ को निर्णयानुसार जिल्ला कार्यालय, भोजपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी द्वय नरेन्द्रराज पौडेल र वामनप्रसाद न्यौपाने तथा जिल्ला भवन कार्यालय भोजपुरका का.मु. अ.ई. रत्नबहादुर काफ्ले उपर विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

१८. नुवाकोट जिल्ला मालपोत कार्यालय समेतले नुवाकोट जिल्ला चतुराले गा.वि.स. अन्तर्गतको परापूर्वकालदेखि सरकारी वन वुट्यान जनिएको जग्गा गीता फलोद्यानको नाउमा दर्ता गराई सरकारी वन जंगल हिनामिना गरी भ्रष्टाचार गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५३।१।११ को निर्णयानुसार मालपोत कार्यालय, नुवाकोटका तत्कालीन मा.पो.अ. प्रेमबहादुर खापुङ्ग, खरीदार आनन्दमान श्रेष्ठ, जिल्ला वन कार्यालयका स.व.अ. अरुणकुमार श्रीवास्तव, वन नियन्त्रक माधवप्रसाद आचार्य, खरीदार रत्नबहादुर ओझा, वन सहायक रामचन्द्र साह समेतउपर विभागीय कारवाई गर्न मालपोत विभाग तथा वन विभाग समेतमा लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

१९. कैलाली जिल्लाका सम्पूर्ण प्रहरी जवानलाई २०५१ साल माघ १ गतेदेखि २०५२ साल पौष मसान्तसम्मको रासन ठेक्का बन्दोवस्त गर्दा अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान हुंदा आयोगको मिति २०५३।२।१६ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय, कैलालीका का.वा. प्रहरी उपरीक्षक भरतबहादुर जि.सी. तथा क्षे.प्र.इकाई कार्यालय, धनगढीका प्र.व.उ. किशनसिंह गुरुङउपर विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म आयोगलाई कारवाईको जानकारी प्राप्त हुन नआएको ।

२०. गैर नेपाली नागरिक अरुणकुमार अग्रवालले झुट्टा विवरण पेश गरेको आधारमा नेपालको नागरिकताको प्रमाण पत्र दिई अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा आयोगको मिति २०५३।१।४ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुका तत्कालीन प्र.अ. बालकृष्ण प्रसाईउपर विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

२१. गैर नेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नागरिकता दिई गैरकानूनी कार्य गरे भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्र.जि.अ. मदनप्रसाद अर्यालेलाई विभागीय कारवाई गर्न लेखी गएकोमा हालसम्म कारबाई गरेको जानकारी प्राप्त नभएको ।

२२. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (रोनाष्ट)ले बिना नीति नियम इ-मेलको संचालन गरी विभिन्न व्यक्ति एवं संस्थालाई लाइन वितरण गरी व्यवस्थापनबाट संस्थालाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५३।२।८ को निर्णयानुसार रोनाष्टका तत्कालीन उपकूलपतिलाई सचेत गराउन रोनाष्टमा लेखी गएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

२३. विश्व खाद्य कार्यक्रमको अनुदान सहयोगमा योजना क्षेत्रभित्र संचालित सर्कुलर पोखरी खन्ने कार्यमा वास्तविकताभन्दा बढी कार्यदिन देखाई अनियमित गरे भन्ने विषयको उजूरीमा अनुसन्धान भई आयोगको मिति २०५३।२।८ को निर्णयानुसार लुम्बिनी विकास कोषको तत्कालीन संचालक समितिलाई सचेत गराउन शिक्षा मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

२४. चीन-सिंगापुरबाट आयात भएको लसुनलाई नेपाली भनी निकासी गरी अनियमित गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान भई आयोगको मिति २०५३।१२।२६ को निर्णयानुसार कृषि मन्त्रालयका तत्कालीन सचिव रामकृष्ण तिवारीलाई विभागीय कारवाई गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी गएकोमा कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

२५. आ.व. २०४९।५० र २०५१।५२ मा हवाई विभाग अन्तर्गतका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन फाराममा अंक दिंदा अनुचित तरिकाले सच्याई अंक थप गरेको तथा त्रिभुवन अन्तरराष्ट्रिय विमान स्थलको टर्मिनल भवन

बनाउंदा अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५३।१२।२६ को निर्णयानुसार हवाई विभागका तत्कालीन महानिर्देशक वीरेन्द्रबहादुर देउजा, उपमहानिर्देशक नगेन्द्रप्रसाद घिमिरे तथा त्रिभुवन विमान स्थल कार्यालयका तत्कालीन प्रबन्धक यज्ञप्रसाद गौतमउपर विभागीय कारवाई गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त नभएको ।

२६. सूचना विभागलाई आवश्यक पर्ने गाडी खरीद गर्दा कम मूल्यको गाडीलाई नेपाल मोटर कम्पनीसंग मिलोमतो गरी बढी मूल्य दिई खरीद गरी भ्रष्टाचार गरे भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा आयोगको मिति २०५४।१।६ को निर्णयानुसार सूचना विभागका तत्कालीन महानिर्देशक मुकुन्दप्रसाद आचार्य तथा शा.अ. केदारबहादुर भट्टराई समेतलाई विभागीय कारवाई गर्न लेखी गएकोमा सतर्कता अपनाउनेतर्फ सजग गराइएको जानकारी प्राप्त भएको । आयोगको पूर्व निर्णयानुसारको विभागीय कारवाई नगरेको ।

२७. पूर्वान्चल अनाथाश्रमका बालबालिकाहरु अनियमित तवरले विदेशीहरुलाई धर्मपुत्र पुत्री दिएको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५३।१०।१० को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय मोरंगका तत्कालीन प्र.जि.अ. रामप्रसाद खतिवडा तथा पूर्वान्चल अनाथाश्रम विराटनगरका प्रमुख सीता पोखरेलउपर विभागीय कारवाई गर्न गृह मन्त्रालय तथा समाज कल्याण मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

२८. नवलपरासी जिल्लाका सुकुम्बासीहरुलाई वितरण गरेको जग्गा नामसारी गर्दा अनियमित गरे भन्ने सम्बन्धमा आयोगको मिति २०५४।३।७ को निर्णयानुसार २०४२ साल कार्तिकदेखि २०४८ साल चैत्रसम्म ग्रामीण आवास कम्पनी नवलपरासीमा कार्यरत योजना प्रमुखहरुलाई विभागीय कारवाई गर्न ग्रामीण आवास कम्पनी, केन्द्रीय कार्यालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

२९. शाही नेपाल वायुसेवा निगमको हंगकंग-काठमाडौं उडानबाट आउदै नआएको व्यक्तिको नाममा सुनचांदी छुटाई भ्रष्टाचार गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५३।२।५ को निर्णयानुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख द्वारिकाप्रसाद उपाध्याय, उपसचिव ईश्वरप्रसाद पोखरेल, शा.अ. टंककुमार साख तथा ना.सु. कुलराज ज्ञवालीउपर विभागीय कारवाई गर्न अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म जानकारी प्राप्त नभएको ।

३०. गुठी तैनाथी जग्गामा मोही कायम गर्ने समेत विभिन्न अनियमित कार्य गरे भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५४।२।१४ को निर्णयानुसार गुठी संस्थानका तत्कालीन नवम तहका अधिकृत कृष्णमुरारी शर्मा उपर सख्त विभागीय कारवाई लेखी गएकोमा निजले २०५५।८।४ मा अनिवार्य अवकास प्राप्त गरेको भन्ने गुठी संस्थानको २०५७।२।३ को पत्रबाट जानकारी प्राप्त हुन आएको । हाल समयमै आयोगको निर्णय कार्यान्वयन नगरी उदासीन रहने जिम्मेवार पदाधिकारीहरुको नामावली तुरुन्त उपलब्ध गराउन गुठी संस्थानलाई लेखी गएको ।

३१. गृह मन्त्रालयले ५० वटा गाडी खरीद गर्ने सम्बन्धमा टेण्डर आव्हान गर्दा घटी कबोल गर्ने टेण्डरदाताभन्दा २ लाख ३५ हजार बढी भएको कम्पनीलाई टेण्डर दिने निर्णय गरी कमिशन लिनु खानु गरे भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५३।५।१६ को निर्णयानुसार गृह मन्त्रालयका तत्कालीन सचिव पदमप्रसाद पोखरेल तथा सह सचिव पुरुषोत्तम ढकाल समेतलाई सचेत गराउन गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

३२. प्रचलित नियम कानून विपरित अनुचित निर्णय गरी कर्मचारीको बृत्ति विकासमा बाधा पुऱ्याएको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।२।२६ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक किर्तीचन्द ठाकुर, तत्कालीन निर्देशक प्रेमराज गौतम, बढुवा समिति सदस्य देवराज रेग्मी तथा सुशीलकुमार शर्मा समेतलाई विभागीय कारवाई गर्न नेपाल विद्युत प्राधिकरणको संचालक समितिलाई लेखी गएकोमा हालसम्म कारवाईको जानकारी आयोगमा प्राप्त नभएको ।

३३. नेपाल खाद्य संस्थान, केन्द्रीय कार्यालय, भद्रकालीमा ढल निर्माणको टेण्डर आव्हान गर्दा न्यूनतम दरको ठेक्का स्वीकृत नगरी बढी दरको टेण्डर स्वीकृत गरी अनियमित कार्य गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५४।७।२६ को निर्णयानुसार नेपाल खाद्य संस्थानका तत्कालीन महाप्रबन्धक भीमबहादुर क्षेत्री, अध्यक्ष मृगेन्द्रकुमारसिंह यादव, संचालक विश्वनाथसिंह राजवंशी, देवीप्रसाद चौधरी, भोगेन्द्र ठाकुर, रामनारायण यादव, सीताराम मण्डल, राजेश पाण्डे, तीर्थराज शर्मा, प्रेमनिधि ज्ञवाली, वेनीबहादुर रावल, बद्रिभक्त प्रधानाङ्ग, महेशकुमार श्रेष्ठ, प्रेमबहादुर बम्नेत र पद्मगोपाल श्रेष्ठ समेतउपर विभागीय कारवाई गर्न आपूर्ति मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त नभएको ।

३४. शाही औषधी लिमिटेडले शा.अ. (छैठौं तह) को आवश्यकता देखाई माग गरेको विज्ञापनमा अनियमित ढंगबाट परीक्षा संचालन गरी कर्मचारी छनौट गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५४।११।५ को निर्णयानुसार शाही औषधी लिमिटेडका तत्कालीन महाप्रबन्धक आनन्ददेव श्रेष्ठ, पदपूर्ति समिति सदस्य रत्ना जोशी, उद्योग विभागका शा.अ. श्याम चालिसेलाई विभागीय कारवाई र उ.स. अर्जुनमणि आ.दी. सामान्य प्रशासन

मन्त्रालय, विमलप्रसाद वाग्ले, उ.स. उद्योग विभाग, शा.अ. विनोद आचार्य उद्योग विभाग तथा कुमारप्रसाद खनाल अधिकृत १० औं तह शा.औ.लि. समेतलाई सचेत गर्न लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

३५. सुदूर पश्चिमान्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, दीपायलका का.मु. निर्देशक डा. शम्भुशरण तिवारीले कर्मचारी नियुक्ति, औषधी खरीद तथा ढुवानी, गाडी मर्मत गर्दा समेत अनियमित तथा भ्रष्टाचार गरे भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुंदा अयोगको मिति २०५५।३।१४ को निर्णयानुसार निजलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

३६. का.म.न.पा. ७ कि.नं. १०० को जग्गा सात जना गुठियार समेतको साझा भनी २०२१ सालको नापीको फील्ड बूकमा जनिएको जग्गा लापरवाहीपूर्वक गुठीको हीत विपरित व्यक्तिको नाममा रैकर दर्ता गर्ने निर्णय गरी अनियमित गरे भन्ने उजूरीउपर अनुसन्धान भई आयोगको २०५४।७।२२ को निर्णयानुसार नापी विभागका तत्कालीन प्रमुख नापी अधिकृत शम्भुप्रसाद शर्माउपर विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त नभएको ।

३७. भीमभक्तेश्वर गुठीको सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरी अनियमित कार्य गरे भन्ने सम्बन्धी उजूरी उपर अनुसन्धान भई आयोगको मिति २०५४।१०।१५ को निर्णयानुसार मालपोत कार्यालय, काठमाडौंका अधिकृत ध्रुवप्रसाद वाग्ले र ना.सु. कोमलप्रसाद श्रेष्ठउपर विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा कारवाईको जानकारी प्राप्त नभएको ।

३८. हेटौडा सिमेन्ट उद्योग अन्तर्गत ओखरे खोलासम्म जाने प्रवेश मार्ग निर्माण अन्तर्गत सम्झौताभन्दा कम तौलको ग्याबियन तार जाली प्रयोग गरी निर्माण कार्य गराई सम्झौताकै दर रेटमा बील भुक्तानी दिई भ्रष्टाचार गरे भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।३।४ को निर्णयानुसार हेटौडा सिमेन्ट उद्योग लि. का तत्कालीन नायव महाप्रबन्धक राधेश्यामप्रसाद चौरसिया र का.मु. नायव महाप्रबन्धक शिरोमणी ढकाललाई सचेत गर्न उद्योग मन्त्रालयमा लेखी गएकोमा कारवाईको जानकारी प्राप्त नभएको ।

३९. अदालतको आदेशले निगममा हाजिर हुन जांदा का.मु. महाप्रबन्धकले पद नाम प्रयोग गरी अदालतको आदेश समेत अपहेलना गरी अनुशासनहीन कार्य गरेको भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५४।१२।२६ को निर्णयानुसार नेपाल औद्योगिक विकास निगमका तत्कालीन नायव महाप्रबन्धक कुन्जबिहारी कयाललाई सचेत गराउन उद्योग मन्त्रालयमा लेखी गएकोमा कारवाईको जानकारी प्राप्त हुन नआएको ।

४०. दुग्ध विकास संस्थानले भारतको डेली फूडबाट आयात गरेको कम गुणस्तरको धूलो दूधको आयात प्रतितपत्र स्वीकृत गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।२।१० को निर्णयानुसार वीरगन्ज भन्सार कार्यालयका तत्कालीन भन्सार अधिकृत सुरेशकुमार रेग्मीलाई सचेत गराउन अर्थ मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

४१. MI-17 हेलिकप्टरहरुलाई उक्त हेलिकोप्टर निर्माण कम्पनी तथा निर्माता देशले समेत यात्रु उडान गर्ने अनुमति नदिएकोमा सो हेलिकप्टरहरुमा यात्र राखी उडान गर्ने अनुमति दिई अनियमित गरे भन्ने समेतको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५५।४।३१ को निर्णयानुसार हवाई विभागका तत्कालीन महानिर्देशक वीरेन्द्रबहादुर देउजालाई सचेत गराउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त नभएको ।

४२. हवाई विभाग अन्तर्गत सल्ले विमानस्थलमा ढल निर्माण गर्ने कार्यको लागि बोलपत्र आव्हान गर्दा आर्थिक ऐन नियम विपरित गरी अनियमित गरे भन्ने विषयमा अनुसन्धान भई आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार हवाई विभागका सुपरिण्टेण्डेन्ट इन्जिनीयर उपेन्द्रप्रसाद धितालेलाई ध्यानाकर्षण गराई विभागीय अभिलेख राखी यस आयोगलाई जानकारी दिन तत्कालीन हवाई विभागलाई लेखी गएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

४३. सामान खरीद गर्दा सामान स्टोरमा दाखिला नगरी नक्कली बील बनाई भुक्तानी दिने गरेको, कार्यालय तथा अस्पतालहरुमा आवश्यक पर्ने स्टेशनरी सामान छपाईमा आर्थिक प्रशासन सम्बन्धी नियम विपरित खरीद गरी भ्रष्टाचार गरे भन्ने समेत विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५५।५।२३ को निर्णयानुसार स्वास्थ सेवा विभागका तत्कालीन लेखा प्रमुख शिवबहादुर रायमाझी, तत्कालीन महानिर्देशक डा. के.वि. सिंह कार्की, लेखा अधिकृतद्वय रत्नबहादुर नेपाली तथा अमरराज मिश्र समेतलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा हालसम्म सोको जानकारी प्राप्त हुन नआएको ।

४४. भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा न. ३ दत्तात्रय स्थित जंगम मठको पाटी कानून विपरित कम रकम कबूल गर्ने व्यक्तिलाई भाडामा दिई आर्थिक अनियमित गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।६।२२ को निर्णयानुसार गुठी तहसिल तथा खर्च कार्यालय, भक्तपुरका तत्कालीन कार्यालय प्रमुख दीपकबहादुर पाण्डेलाई सचेत गराउन गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कारवाईको जानकारी आयोगमा प्राप्त हुन नआएको ।

४५. बाली वर्ष १९९५(०५२।५३) का लागि आवश्यक पर्ने सूर्ति खरीद गर्ने क्रममा टेण्डरमा उल्लिखित मूल्य कायम मिति नघाई अभाव सृजना गरी दर भाउ पत्रबाट सूर्ति खरीद गरी कारखानालाई नोक्सान पुऱ्याए भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।६।२९ को निर्णयानुसार संचालक समितिका तत्कालीन अध्यक्ष लगायत सदस्यहरु तेजमुनी बज्राचार्य, भरतबहादुर के.सी. तथा कल्याणबहादुर प्रधानलाई सचेत गराउन उद्योग मन्त्रालयमा लेखी गएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

४६. उदयपुर सिमेन्ट उद्योगले उद्योगलाई आवश्यक पर्ने बोरा खरीद गर्दा अनियमित गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।६।३० को निर्णयानुसार उदयपुर सिमेन्ट उद्योग, संचालक समितिका सदस्य रामानन्द मिश्रलाई सचेत गराउन उद्योग मन्त्रालयमा लेखी गएकोमा जानकारी प्राप्त नभएको ।

४७. तत्कालीन कृषि मन्त्री पद्मसुन्दर लावतीले आफ्नो निवासको टेलिफोन खर्च नेपाल कृषि अनुसन्धान परिषद्बाट जवरजस्ती भुक्तानी गर्न लगाई अख्तियारको दुरुपयोग गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।७।१७ को निर्णयानुसार कृषि अनुसन्धान परिषद्को तत्कालीन कार्यकारी निर्देशक उपेन्द्र मिश्र तथा कृषि मन्त्रालयका तत्कालीन सचिव दानबहादुर शाही समेतलाई सचेत गराउन कृषि मन्त्रालयमा लेखी गएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

४८. नवलपरासी जिल्लाको दाउन्ने देवी गा.वि.स. वडा नं. २, ६, ७ को परसैनी वन इकाई अन्तर्गत पर्ने बरुवा जंगलमा आ.व. २०४२।४३ मा अवैध तरिकाले जंगल फडानी गरी काठ चोरी निकासी गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भई आयोगको २०५५।८।१३ को निर्णयानुसार जिल्ला वन कार्यालयका का.मु. जिल्ला वन नियन्त्रक कन्हैयाराज श्रेष्ठ, इलाका वन सहायक रविलाल भुषाल, इलाका वन सहायक नथुनी मण्डल, वन पाले देवशरण यादव समेतलाई विभागीय कारवाई गर्न वन तथा भू संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कन्हैयाराज श्रेष्ठलाई वन तथा भू संरक्षण मन्त्रालयको पत्रद्वारा चेतावनी दिएको जानकारी प्राप्त भएको, अन्यको हकमा कुनै जानकारी प्राप्त भएको नदेखिएकोले आयोगको पूर्व निर्णयानुसारको कारवाई गर्न पुनः लेखी पठाएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

४९. शाही नेपाल वायुसेवा निगमका विभिन्न पदाधिकारीहरु समेतले भियना (अष्ट्रिया) स्थित सेल्स एजेण्ट अर्नेष्ट ब्राउनसंग मिलोमतो गरी नक्कली बैंक भौचरका आधारमा टिकट दिई निगमलाई हानी नोक्सानी पुऱ्याएको विषयमा यस आयोगमा परेको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।८।१४ को निर्णयानुसार शा.ने.वा.नि.को फ्रान्कफर्ट स्थित क्षेत्रीय निर्देशक गौतमदास श्रेष्ठ, शा.ने.वा.नि. एजेन्सी यूनिटका अर्थ प्रबन्धक श्रीमती सत्यभामा भट्टराई, बैंक यूनिटका अर्थ प्रबन्धक देवप्रसाद ताम्राकार समेतलाई विभागीय कारवाई गर्न शाही नेपाल वायुसेवा निगमलाई लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

५०. ग्रामीण आवास कम्पनी, नवलपरासीबाट रोक्का रहेको जग्गा फुकुवा गरी अर्कैको नाममा नामसारी गरी अनियमित गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५५।९।२२ को निर्णयानुसार भूमिसुधार कार्यालय, रुपन्देहीका तत्कालीन मालपोत अधिकृत लक्ष्मीप्रसाद ज्ञवालीलाई विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाएकोमा कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

५१. नेशनल ट्रेडिङ्ग लिमिटेड, केन्द्रीय कार्यालयबाट अधिकृतस्तर तह ६ संख्या ६(आन्तरिक लिखित प्रतियोगिता) को परीक्षामा आउट भई सकेको प्रश्न पत्र पुनर्लेखन गरी परीक्षा संचालन गर्ने जस्ता अनियमित कार्य गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५५।९।२२ को निर्णयानुसार नेशनल ट्रेडिङ्ग लिमिटेड पदपूर्ति समितिका सदस्यहरु माधवजंग राणा, सुरेन्द्रप्रसाद अर्याल, केशवकृष्ण अधिकारी, ने.ट्रे.लि.का अध्यक्ष तथा महाप्रबन्धक तीर्थनारायण माली, सदस्य सचिव विमलचन्द्र पौडेल, पदपूर्ति समितिका सदस्य सचिव अबलैस समेतलाई सचेत गराउन नेशनल ट्रेडिङ्ग लिमिटेडलाई लेखी गएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

५२. आधारभूत तथा प्राथमिक शिक्षा परियोजना स्रोत केन्द्र सबलीकरणका लागि डानिडाबाट प्राप्त नगद एवं वस्तुगत सहयोग वितरण तथा सामान खरीद गर्दा भ्रष्टाचार भयो भन्ने विषयमा यस आयोगमा परेको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।१०।१९ को निर्णयानुसार स्रोत केन्द्र विकास एकाईका एकाई प्रमुख शोभितराम विष्ट तथा लेखापाल राममणि ढुंगेलउपर विभागीय कारवाई गर्न शिक्षा मन्त्रालयमा लेखी पठाएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

५३. राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालय व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतित पत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।११।४ को निर्णय अनुसार रा.वा. बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्तउपर विभागीय कारवाई गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी गएकोमा हालसम्म आयोगलाई जानकारी प्राप्त नभएको ।

५४. राष्ट्रिय समाचार समितिले कम्प्यूटर खरीद गर्दा आर्थिक ऐन नियम विपरित गरी अनियमित गरे भन्ने सम्बन्धी विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।११।११ को निर्णयानुसार राष्ट्रिय समाचार समितिका अर्थ विशेषज्ञ जयशंकर महतोलाई विभागीय कारवाई गर्न रा.स.स. संचालक समितिलाई तथा रा.स.स. का तत्कालीन

अध्यक्ष माथवरसिंह बस्नेत, संचालक समिति सदस्यद्वय जयरामसम्शेर राणा र प्रदीपमान श्रेष्ठ समेतलाई श्री ५ को सरकारले जिम्मेवारीपूर्ण पदमा मनोनयन वा नियुक्ति गर्न सजग रहन तथा गैर जिम्मेवारीपूर्ण कार्यको अभिलेख राख्न श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय र सूचना तथा संचार मन्त्रालयमा लेखी गएकोमा हालसम्म सोको जानकारी प्राप्त हुन नआएको ।

५५. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट संचालित बि.वि.एस. कार्यक्रमको कष्ट एण्ड मेनेजमेन्ट एकाउन्ट विषयको मिति २०५४।४।२७ को परीक्षाको प्रश्न पत्र आउट गराई परीक्षा अनियमित गराएको भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।११।११ को निर्णयानुसार जुद्धोदय माध्यमिक स्कूलका शिक्षक भरतप्रसाद घिमिरे, पद्म कन्या क्याम्पसका सहायक प्रशासक नारायणप्रसाद पोखरेल र हेड असिष्टेण्ट रामहरि फुयालउपर विभागीय कारवाई गर्न तथा पद्म कन्या क्याम्पसका निमित्त क्याम्पस प्रमुख श्रीमती चिरिकशोभा ताम्राकार, सहायक प्राध्यापक मृदुला सिंह, उपप्राध्यापकत्रय श्यामा रेग्मी, माधवप्रसाद घिमिरे र श्रीराम आचार्य समेतलाई सचेत गराउन शिक्षा मन्त्रालय तथा त्रिभुवन विश्वविद्यालय समेतमा लेखी गएकोमा जिल्ला शिक्षा कार्यालय, काठमाडौंको मिति २०५७।३।२३ को पत्रानुसार शिक्षक भरतप्रसाद घिमिरेको २०५५।२।२१ बाटै राजिनामा स्वीकृत भएको जानकारी प्राप्त भएको । अन्य त्रि.वि.वि.का कर्मचारीको हकमा त्रि.वि.वि.ले कारवाईको प्रकृया अगाडि बढाएको देखिएको तर कारवाईको टुंगो लागेको जानकारी प्राप्त नभएको ।

५६. स्वयंले पहिले निर्णय गरी सकेको विषयमा कार्यान्वयन गरेपछि सो निर्णय बदरमा संशोधन गर्न वा सुधार गर्न कुनै कानूनले अख्तियारी नदिएकोमा पुनः आफैले निर्णय गरी पूर्व निर्णय बदर गरी अनुचित कार्य गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।११।२५ को निर्णयानुसार भूमिसुधार कार्यालय, रौतहटका का.मु. भू.सु.अ. महेन्द्रनारायण रजकलाई विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा कारवाईको जानकारी प्राप्त नभएको ।

५७. २०५१ सालको एस.एल.सी. परीक्षामा प्रश्नपत्र एवं उत्तर पुस्तिका छपाई गर्दा परीक्षामा सम्मिलित कूल विद्यार्थीलाई चाहिने भन्दा दोब्बर संख्यामा छपाई गरी रकम हिनामिना गरेको भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।१२।९ को निर्णयानुसार परीक्षा नियन्त्रक कार्यालय, सानो ठिमीका उपनियन्त्रक शंकर मिश्र तथा लेखा अधिकृत जीवनलाल बज्राचार्यलाई सचेत गराउन शिक्षा मन्त्रालयलाई लेखी गएकोमा हालसम्म कारवाईको जानकारी आयोगमा प्राप्त नभएको ।

५८. चिया विकास निगम लि. को वर्ने चिया कमानको हरीयो चिया पत्ति बिक्री गर्दा र चिया प्याक गर्ने टीनको बट्टा खरीद गर्दा अख्तियारको दुरुपयोग गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५५।१२।२३ को निर्णयानुसार नेपाल चिया विकास निगमका कार्यकारी अध्यक्ष रामकुमार थापा, वर्ने चिया कमानका प्रबन्धक शिवप्रसाद आचार्य तथा वर्ने चिया कमान बिक्री महाशाखा प्रमुख बाबुराम पौडेललाई सचेत गराउन नेपाल चिया विकास निगमलाई लेखी गएकोमा हालसम्म जानकारी प्राप्त हुन नआएको ।

५९. शाही नेपाल वायुसेवा निगमका तत्कालीन का.मु. निर्देशक कुलबहादुर लिम्बुले विदेशमा काजमा जांदा सस्तो होटलमा बसी महंगो होटलको कीर्ते बील पेश गरी अख्तियारको दुरुपयोग गरे भन्ने विषयको उजूरी सम्बन्धमा अनुसन्धान भई आयोगको निर्णयानुसार शा.ने.वा.नि. का तत्कालीन निर्देशक कुलबहादुर लिम्बुलाई विभागीय कारवाई गर्न र शा.ने.वा.नि. का अन्य कर्मचारी कल्याणदेव भट्टराई, रवीन प्रधान, दामोदर खत्री, तेजप्रसाद गौचन तथा क्यानुराज तुलाधरलाई सचेत गराउन कार्यकारी अध्यक्ष शाही नेपाल वायुसेवा निगमलाई लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

६०. जिल्ला जनस्वास्थ्य कार्यालय, सिराहाका तत्कालीन प्रमुख समेतले पियन पदमा नयां नियुक्ति गर्दा अनियमित तवरबाट रकम लिई भनां छनौट गरी भ्रष्टाचार गरे भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५६।३।८ को निर्णयानुसार जिल्ला जनस्वास्थ्य कार्यालयका तत्कालीन प्रमुख डा. मुरलीप्रसाद सिंह र सि.अ.हे.व. रमेशप्रसाद सिंहउपर विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाई गरेको जानकारी प्राप्त नभएको ।

६१. नक्साल भगवती मन्दिर कम्पाउण्डसंग रहेको पूजाघर र असन अन्नपूर्ण गुठीको गोंगबु स्थित २ रोपनी जग्गा गुठी संस्थान ऐन विपरित व्यक्तिको नाममा दर्ता गरी सार्वजनिक सम्पत्ति हिनामीना गरे भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान भई आयोगको मिति २०५६।३।३० को निर्णयानुसार गुठी संस्थानका सहायक प्रशासक गिरीधारी भट्टलाई विभागीय कारबाई गर्न गुठी संस्थानमा लेखी पठाएकोमा हालसम्म कारवाहिको जानकारी प्राप्त हुन नआएको ।

६२. स्वास्थ्य सेवा विभागले आ.व. २०५२।५३ मा औषधी उपकरण खरीदका लागी एपेक्स ईन्डीया एसोसिएटस् कम्पनीसंग संझौता गरी सामान सप्लाई गर्दा विभागको तर्फबाट अग्रिम भन्सार महसूल भुक्तानी गराई अनियमित गरे भन्ने सम्बन्धी उजूरीमा अनुसन्धान भई आयोगको मिति २०५६।३।३२ को निर्णयानुसार जनस्वास्थ्य अधिकृत मित्रप्रसाद मास्के र हेल्थ असिस्टेण्ट अशोक श्रेष्ठलाई सचेत गराउन स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा जानकारी प्राप्त हुन नआएको ।

६३. काठमाडौं महानगरपालिका प्रमुखले श्री ५ को सरकारको निर्देशन विपरित चुंगीकर ठेक्कामा दिई भ्रष्टाचार गरे भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५६।४।१९को निर्णयानुसार काठमाडौं महानगरपालिका प्रमुख केशव स्थापितलाइ सचेत गराउन का.म.पा.लाई लेखी गएकोमा हालसम्म सोको जानकारी प्राप्त हुन नआएको ।

६४. जिल्ला विकास समितिको कार्यालय, सिरहाले कानून उल्लंघन गरी नवनिर्मित सपीङ कम्प्लेक्स भवन भाडामा दिई अनियमित गरे भन्ने विषयको उजूरीमा अनुसन्धान भई आयोगको मिति २०५६।४।२५ को निर्णयानुसार जि.वि.स. सिरहाका सभापति विश्वेश्वरप्रसाद मरवैतालाई सचेत गराउन स्थानीय विकास मन्त्रालयलाई लेखी गएकोमा जानकारी प्राप्त हुन नआएको ।

६५. जिल्ला प्रशासन कार्यालय, सिरहाका का.मु. प्र.जि.अ. ले रकम लिई नागरिकता तथा राहदानी वितरण गरे भन्ने सन्दर्भमा परेको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५६।४।२५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय सिरहाका तत्कालीन का.मु. प्र.जि.अ. शालिग्राम सापकोटालाई विभागीय कारवाई गर्न गृह मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

६६. शाही नेपाली वायुसेवा निगमले युगोस्लाभियाको एभियोजेनेक्स कम्पनीको विमान भाडामा लिने सम्झौता गर्दा अनियमित गरे भन्ने सम्बन्धी उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५६।५।२१ को निर्णयानुसार अर्थ मन्त्रालयका तत्कालीन सह सचिव नारायणप्रसाद सिलवाल र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सह सचिव हरिभक्त श्रेष्ठलाई विभागीय कारवाई गर्न क्रमशः अर्थ मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी गएको । साथै अर्थ मन्त्रालयका तत्कालीन सह सचिव लोकमानसिंह कार्कीलाई सचेत गराउन अर्थ मन्त्रालय र शा.ने.वा.नि.का तत्कालीन अध्यक्ष अजितनारायणसिंह थापाको अभिलेख राख्न मन्त्रिपरिषद् सचिवालयमा लेखी पठाएकोमा हालसम्म कहींबाट पनि कारवाई गरेको जानकारी प्राप्त हुन नआएको ।

६७. सिंहदरबार वैद्यखाना विकास समितिमा कार्यरत डा. श्याममणी अधिकारीले झूठो व्यहोरा पेश गरी अध्ययन विदा लिई दोहोरो तलब भत्ता लिए भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५६।३।१५ को निर्णयानुसार निजलाई विभागीय कारवाई गर्न स्वास्थ्य मन्त्रालयमा लेखी गएकोमा कारवाईको जानकारी प्राप्त हुन नआएको ।

६८. राष्ट्रिय वाणिज्य बैंकले सम्झना फाइनान्स कं. लि.को बिक्री नभएको शेयर खरीद गर्ने प्रत्याभूति दिंदा सो कम्पनीको आर्थिक स्थिति, प्रतिष्ठा र शाख विचार नगरी प्रत्याभूति दिई अख्तियारको दुरुपयोग गरे भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५६।९।१५ को निर्णयानुसार सम्झना फाइनान्सका तत्कालीन संस्थापक दीपक रिमाललाई सचेत गराउन रा.वा. बैंकमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

६९. घर नभएको जग्गालाई घर भएको भनी चपली गा.वि.स. वडा नं. ७ कि.नं. ७४ को ७ आना जग्गा मोहियानी खरीद बिक्री गर्ने गराउने गैरकानूनी कार्य गरेको भन्ने विषयको उजूरीउपर अनुसन्धान भई आयोगको मिति २०५६।९।२१ को निर्णयानुसार भूमिसुधार कार्यालय, काठमाडौंका तत्कालीन ना.सु. रामकृष्णराज तिमिल्सिना र शम्भुप्रसाद अर्यललाई विभागीय कारवाई गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी गएकोमा हालसम्म कारवाईको जानकारी प्राप्त हुन नआएको ।

६. उपसंहार

यस आयोगद्वारा आ.व. २०५६/५७ को अवधिमा सम्पादन गरेका कामकारवाईहरुको समष्टिगत विवरण तथा विश्लेषण यस प्रतिवेदनका सान्दर्भिक अंश र खण्डहरुमा उल्लेख भइसकेका छन् । यसैगरी आयोगले अद्यापि सामना गर्नु परिरहेको समस्याहरुको विवेचना पनि सम्बन्धित परिच्छेदमा गरिसकिएको छ । यसबाट आवश्यक आर्थिक स्रोत र कार्यक्रमको अभावमा भ्रष्टाचार नियन्त्रणतर्फ आयोगले उल्लेखनीय रुपमा अपेक्षित कार्य सम्पादन गर्न नसकेको तर अत्यन्त सीमित स्रोत र साधनले भ्याएसम्म आफ्नो संवैधानिक कर्तव्य निर्वाह गरिरहेको तथ्य प्रष्ट भएकै छ ।

अख्तियारको दुरुपयोगको समस्याबाट आज संसारको कुनै पनि मुलुक अछूतो रहन सकेको छैन । फरक केवल भ्रष्टाचारको किसिम र मात्राको मात्र हो । तसर्थ भ्रष्टाचार विरुद्धको संघर्षमा विश्व समुदायको प्रयास र त्यसबाट आर्जित अनुभव परम्परमा आदान प्रदान गर्ने उद्देश्यले समय समयमा आयोजना हुने गरेका अन्तरराष्ट्रिय सभा, सम्मेलनहरुमध्ये आ.व. २०५६ ५७ को अवधिमा दुईवटा कार्यक्रममा यस आयोगको सहभागिता रहेको थियो । १०-१५ अक्टोबर, १९९९ मा दक्षिण अफ्रिकाको डर्बनमा आयोजित 9th International Anti Corruption Conference मा तत्कालीन सम्माननीय प्रमुख आयुक्त मधुसूदनप्रसाद गोर्खालीज्यू तथा २३-२९ नोभेम्बर, १९९९ मा भारतको नयां दिल्लीमा

आयोजित Effective Regional Co-operation in Crime Prevention and Criminal Justice in the next Millennium विषयको गोष्ठीमा माननीय आयुक्त कृष्णबल्लभ शर्मा काफ्लेबाट आयोगको प्रतिनिधित्व भएको थियो ।

अख्तियारको दुरुपयोग नियन्त्रणका लागि प्रतिबद्धता जाहेर गरिएको वर्तमान सन्दर्भमा राष्ट्रिय स्तरमा सरकारद्वारा मा. महादेव यादवको संयोजकत्वमा सुझाव समिति गठन गरेको कार्यलाई यस आयोगले सकारात्मक रुपमा लिएको छ । सो समितिका सुझाव तथा प्रतिवेदनमा उल्लिखित अन्य कुरालाई मनन गरी प्रभावकारी कार्यान्वयन कार्यक्रम सरकारबाट तर्जुमा हुने कुरामा यो आयोग आशावादी छ । उल्लिखित प्रतिवेदनका कतिपय सुझावहरु अत्यन्त गहकिला र तत्काल कार्यान्वयन गरिनु पर्ने छन्, तथापि सो प्रतिवेदनमा उल्लिखित सुझाव मात्र पूर्ण समाधान भने अवश्य पनि होइन । त्यस प्रतिवेदनमा निम्न उल्लिखित कतिपय सम्भावित अख्तियारको दुरुपयोगका सन्दर्भमा केही उल्लेख हुन सकेको पाइदैन । तसर्थ कुनै कार्यक्रम तर्जुमा गर्नुअघि यस आयोग लगायत अन्य सम्बद्ध निकायहरु समेतलाई सहभागी बनाई ठोस निस्कर्षमा पुगेपछि मात्र कार्यान्वयन सम्बन्धी कार्यक्रम लागू गर्नु पर्ने धारणा यस आयोगको रहेको छ ।

- अनुचित कार्यमा कारबाई चलाउंदा सरकारी सम्पत्ति हानी नोक्सानी भएको पाइएमा त्यस्तो हानी नोक्सानी भएको रकम असूलउपर गर्ने आदेश दिन सकिने अधिकारको व्यवस्था,
- आयोगले कारबाई गरेका व्यक्ति, पदाधिकारीलाई कुनै पनि जिम्मेदारीपूर्ण कार्यकारी पदमा (कुनै कार्यालय वा राजनैतिक दलमा समेत) नियुक्त गर्न नहुने व्यवस्था,
- उजूरवालाको जीउ, धनको सुरक्षाको प्रत्याभूति बिना उजूरवालाले अदालतमा उपस्थित हुनु पर्ने बाध्यता नरहने व्यवस्था,
- विदेशी व्यक्ति वा संघ संस्था पनि प्रतिवादी भएको मुद्दामा विदेशी भएकै कारणले मात्र प्रचलित नेपाल कानून बमोजिम हुने दण्ड, सजायबाट उन्मुक्ति नपाउने व्यवस्था,
- विवाद उत्पन्न मुद्दाहरुमा आन्तरिक रुपमा सरकारी निकायहरुबाटै छानबीन, अनुसन्धान गरी अख्तियारको दुरुपयोग भएको पाइएमा आयोगमा कारबाईको लागि पठाउनु पर्ने, अन्यथा सम्बन्धित कार्यालय प्रमुख समेतले सोको जिम्मेदारी बहन गर्नु पर्ने बाध्यात्मक व्यवस्था,
- निर्माण कार्यहरुको गुणस्तर तथा कार्यविधि व्यवस्थित गरी ती कार्यहरुलाई कानूनको दायराभित्र समेट्नको लागि Norms, Codes र Bye-Laws बनाई कानूनी हैसियत समेत प्रदान गर्ने राष्ट्रिय स्तरको अनुसन्धान प्रतिष्ठान (Research Institute) स्थापना गर्ने व्यवस्था,
- मौखिक आदेशबाट दवाव सिर्जना गरी वा गैरकानूनी तोक आदेश गरी अनियमित कार्य गर्ने गराउनेलाई हुने सजायको व्यवस्था
- अन्य विविध : जस्तै, भ्रष्टाचारको समयोपयुक्त र निर्विवाद परिभाषा हुनु पर्ने, बदनीयतको पुष्टी आयोगले गर्ने नभई बदनीयत थिएन भनी आरोपित व्यक्तिले नै प्रमाणित गर्नु पर्ने व्यवस्था, बदनीयतको अभावको आधारमा मात्र भ्रष्टाचारको कसूरबाट सफाई नपाउने र सो मात्र निर्णयाधार हुन नसक्ने व्यवस्था आदि ।

स्थानीय तहमै भ्रष्टाचारको अनुसन्धान र तहकिकात गर्दा देखिने प्रतिफल र त्यस्तो कार्यको प्रभावकारिताको अध्ययन गर्ने सिलसिलामा यस आ.व.मा आयोगबाट पहिलो पटक नमूनाको रुपमा सिरहा र सल्यानमा कर्मचारी खटाई उजूरी संकलन, छानबीन र अनुसन्धान तहकिकात समेत गराइएको थियो । यस प्रयासको प्रतिफल र असर सकारात्मक नै देखिए ता पनि सो प्रयोजनकै लागि भनी कुनै कार्यक्रम र बजेट स्वीकृत नभएको कारणले पर्याप्त स्रोतसाधन र जनशक्तिको अभावमा यस कार्यले निरन्तरता भने पाउन सकेन । यसबाट कुनै पनि लक्षित प्रगति हासिल गर्न आर्थिक, भौतिक र मानवीय संसाधनहरुको पर्याप्त व्यवस्था हुनु अनिवार्य हुने सन्दर्भको पुनर्पुष्टि भएको छ । वास्तवमै आर्थिक रुपमा आयोग पराश्रित रहनु परेको र आयोगसंग पर्याप्त भौतिक सुविधा र आफ्नै पर्याप्त जनशक्तिसमेत उपलब्ध नभएको तथ्य पुनः दोहोऱ्याउनु परिरहेको छ । यीनै कमी कमजोरीहरुबाट उत्पन्न समस्याहरुबाट छुटकारा पाउन आयोगले एक कार्य योजना तयार गरी बजेट व्यवस्थाको लागि कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमार्फत् राष्ट्रिय योजना आयोगमा पठाएको प्रस्ताव स्वीकृत नभएकोले आगामी आ.व.मा कार्यान्वयनोन्मुख हुन नसक्ने स्थिति उत्पन्न भएको छ ।

यसरी माथि विभिन्न प्रकरण र सन्दर्भमा व्यक्त समस्या, बाधा अड्चन र कमजोरीका बाबजूद आयोगले आफ्नो सीमित स्रोत र साधनले यथाशक्य कार्य सम्पादन गर्दै आएको छ र भविष्यमा पनि आफ्नो संवैधानिक दायित्व र कर्तव्यको निर्वाहप्रति सदा सजग र प्रयत्नशील रहिरहने छ ।

अनुसूचीहरू

अनुसूची – १


श्री ५ महाराजाधिराज
वार्षिक प्रतिवेदन
मन्त्री परिषद
संसद
प्रमुख आयुक्त
मन्त्री परिषद सचिवालय
आयुक्तहरु
सचिव
मन्त्रालयहरु
विभागहरु
महाशाखा १
महाशाखा २
महाशाखा ३
महाशाखा ४
महाशाखा ५
महाशाखा ६
अनुगमन म.शा.
प्रशासन शाखा
राजस्व अनुसन्धान विभाग
विशेष प्रहरी विभाग
प्रमुख जिल्ला अधिकारीहरु
पुनरावेदन सरकारी वकील
प्रहरी प्रधान कार्यालय
राष्ट्रिय अनुसन्धान विभाग
सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

संगठनात्मक तालिका

(२०५७ आषाढ मसान्तको स्थिति)



अनुसुची ३

आ.व. २०५६।५७ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बांकी			कैफियत
	निकासा	खर्च	निकासामध्ये	निकासा नगरिएको	दुबै	
साधारण : रु. ७४,०३,०००/-	७३,९२,९८१/३३	७३,९२,९८१/३३	-	१०,०१८/६७	१०,०१८/६७	
अर्थ बजेट :रु. २३,५८,९१९/९१	२२,७९,७९८/२४	२२,७९,७९८/२४	-	७९,१२१/६७	७९,१२१/६७	
जम्मा : रु. ९७,६१,९१९/९१	९६,७२,७७९/५७	९६,७२,७७९/५७	-	८९,१४०/३४	८९,१४०/३४	

आ.व. २०५६।५७ को राजस्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तुर र टेण्डर फाराम दस्तूर बापतसमेत जम्मा रु. १३,५६३/– राजस्व आम्दानी भएको छ ।

आ.व. २०५६।५७ को धरौटीतर्फ

आ.व. २०५५/५६ को जिम्मेवारी सरेको	रु. १२,७२,७२८/७१ पै.
२०५६ श्रावणदेखि २०५७ आषाढसम्मको जम्मा धरौटी	रु. -/- पै.
२०५७ आषाढसम्म फिर्ता भएको धरौटी रकम	रु. ९,६२०/- पै.
२०५७ आषाढसम्ममा बांकी धरौटी	रु. १२,६३,१०८/७१ पै.

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आ.व. २०५६/५७ को आयोगबाटै कारवाई भएको निवेदन लगत, फर्छ्यौट तथा बांकी विवरण

क्र.सं	मन्त्रालय	गत वर्षको जिम्मेवारी		यस आ.व.को उजूरी		जम्मा उजूरी संख्या		फर्छ्यौट		बांकी उजूरी संख्या		आन्तरिक स्मृति-पत्र
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	
१	अर्थ मन्त्रालय	२८	१	३८	६	६६	७	३५	३	३१	४	६२
२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	६३	२	३८	२	१०१	४	६०	२	४१	२	२२
३	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	१	२	२	०	३	२	२	०	१	२	३
४	कृषि तथा सहकारी मन्त्रालय	१५	०	१६	४	३१	४	१९	०	१२	४	५३
५	गृह मन्त्रालय	३६	०	५७	०	९३	०	३९	०	५४	०	६२
६	जनसंख्या तथा वातावरण मन्त्रालय	०	०	०	०	०	०	०	०	०	०	२
६	जलस्रोत मन्त्रालय	१६	०	३	०	१९	०	१८	०	१	०	५८
७	परराष्ट्र मन्त्रालय	१	०	०	०	१	०	१	०	०	०	२
८	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	५४	०	९०	०	१४४	०	९६	०	४८	०	८९
९	भौतिक योजना तथा निर्माण मन्त्रालय	४२	०	१८	०	६०	०	३१	०	२९	०	२
१०	मन्त्रिपरिषद् सचिवालय	२	०	०	०	२	०	१	०	१	०	०
११	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	५	०	१	०	६	०	४	०	२	०	२
१२	रक्षा मन्त्रालय	०	०	०	०	०	०	०	०	०	०	१
१३	वन तथा भू-संरक्षण मन्त्रालय	२९	३	२३	२	५२	५	३६	४	१६	१	५८
१४	विज्ञान तथा प्रविधि मन्त्रालय	०	०	३	०	३	०	१	०	२	०	०
१५	शिक्षा तथा खेलकूद मन्त्रालय	३०	२२	२२	१०	५२	३२	२०	२०	२३	१२	५२
१६	श्रम तथा यातायात व्यवस्था	७	०	८	०	१५	०	८	०	७	०	२
१७	सामान्य प्रशासन मन्त्रालय	२	०	४	०	६	०	१	०	५	०	३
१८	सूचना तथा सञ्चार मन्त्रालय	८	१	१०	०	१८	१	१३	१	५	०	२२
१९	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१५	०	२२	३	३७	३	१७	३	२०	०	१३
२०	स्थानीय विकास मन्त्रालय	२८	०	७	१	३५	१	२१	१	१४	०	१९३
२१	स्वास्थ्य मन्त्रालय	२६	१३	९	८	३५	२१	२१	११	१४	१०	२९
	कूल जम्मा	४०८	४४	३७१	३६	७७९	८०	४५३	४५	३२६	३५	७३०
		४५२		४०७		८५९		४९८		३६१		१५८९

आयोगबाट अख्तियारी सौंपिए बमोजिम विशेष प्रहरी विभाग तथा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको छानवीन तथा अनुसन्धान तहकिकातको विवरण

क्र. सं.	कार्यालयको नाम	जम्मा उजूरी संख्या			फर्छ्यौट भएको उजूरी संख्या				बांकी उजूरी संख्या
		गत वर्षको जिम्मेवारी	यस आ.व.को उजूरी	जम्मा	सम्बन्धित कार्यालयबाटै तामेली	अन्य निकायमा पठाई तामेली	अदालतमा मुद्दा दायर भएको	जम्मा	
१	विशेष प्रहरी विभाग	४२१	१८०	६०१	४९	१३५	१८	२०२	३९९
	जिल्ला प्रशासन कार्यालयहरु								
२	ताप्लेजुङ्ग	१	०	१	१	०	०	१	०
३	पांचथर	७	०	७	१	०	०	१	६
४	इलाम	१३	५	१८	०	०	०	०	१८
५	झापा	८	१०	१८	१	२	०	३	१५
६	संखुवासभा	१०	९	१९	६	७	२	१५	४
७	भोजपुर	३	३	६	२	१	०	३	३
८	तेह्रथुम	२	१	३	०	०	०	०	३
९	धनकुटा	१०	६	१६	२	०	०	२	१४
१०	मोरङ्ग	७	२८	३५	५	८	१	१४	२१
११	सुनसरी	७७	४	८१	०	१	०	१	८०
१२	उदयपुर	१२	२	१४	०	१	०	१	१३
१३	सिरहा	४२	२०	६२	४	७	१	१२	५०
१४	सप्तरी	१३	१०	२३	२	४	०	६	१७
१५	खोटाङ्ग	१५	२	१७	१	०	०	१	१६
१६	ओखलढुंगा	७	४	११	२	०	०	२	९
१७	सोलुखुम्बु	०	१	१	०	०	०	०	१
१८	दोलखा	२	३	५	३	२	०	५	०
१९	रामेछाप	२३	१	२४	१	०	०	१	२३
२०	सिन्धुली	२९	३	३२	२	०	०	२	३०
२१	सलाही	१८	७	२५	९	०	१	१०	१५
२२	महोत्तरी	३१	९	४०	३	१	१	५	३५
२३	धनुषा	५	४४	४९	३	९	१	१३	३६
२४	रसुवा	०	४	४	०	०	०	०	४
२५	सिन्धुपाल्चोक	१०	०	१०	०	०	०	०	१०
२६	धादिंग	९	२	११	०	०	०	०	११
२७	काभ्रेपलान्चोक	४९	६	५५	३	३	१	७	४८
२८	नुवाकोट	०	११	११	१	०	०	१	१०
२९	वारा	४९	१९	६८	२	२	०	४	६४
३०	मकवानपुर	६३	१	६४	२०	१३	४	३७	२७
३१	पर्सा	४३	२	४५	३	२	१	६	३९
३२	रौतहट	५८	१८	७६	९	१	०	१०	६६
३३	चितवन	१३	३	१६	०	२	०	२	१४
३४	कास्की	१७	०	१७	०	०	०	०	१७
३५	तनहु	११	१	१२	०	०	०	०	१२
३६	स्याङ्जा	५	१	६	०	०	०	०	६

३७	गोरखा	३	२	५	०	१	०	१	४
३८	लमजुङ	०	०	०	०	०	०	०	०
३९	पर्वत	१	१	२	०	०	०	०	२
४०	म्याग्दी	०	०	०	०	०	०	०	०
४१	मुस्ताङ्ग	२	०	२	०	०	०	०	२
४२	बारलुङ्ग	१	०	१	०	०	०	०	१
४३	मनाङ्ग	०	०	०	०	०	०	०	०
४४	गुल्मी	३	११	१४	०	२	०	२	१२
४५	अर्घाखांची	०	०	०	०	०	०	०	०
४६	पाल्पा	०	०	०	०	०	०	०	०
४७	रुपन्देही	६	१९	२५	६	८	०	१४	११
४८	नवलपरासी	३	१९	२२	४	१३	१	१८	४
४९	कपिलवस्तु	४	०	४	०	०	२	२	२
५०	प्यूठान	०	१	१	०	०	०	०	१
५१	सल्यान	०	५	५	०	०	०	०	५
५२	रोल्पा	६	०	६	०	०	०	०	६
५३	दाङ्ग	३	१	४	०	०	०	०	४
५४	रुकुम	४	१	५	४	०	०	४	१
५५	बाके	१३	१	१४	०	१	०	१	१३
५६	बर्दिया	१०	४	१४	३	१	०	४	१०
५७	सुर्खेत	३	४	७	०	०	०	०	७
५८	दैलेख	१४	२	१६	१	१	१	३	१३
५९	जाजरकोट	४	०	४	०	०	०	०	४
६०	जुम्ला	४	३	७	०	१	१	२	५
६१	कालीकोट	०	२	२	०	०	०	०	२
६२	मुगु	२८	१	२९	६	१	०	७	२२
६३	कैलाली	८	३	११	०	०	०	०	११
६४	डोटी	०	०	०	०	०	०	०	०
६५	बझाङ	१	०	१	०	०	१	१	०
६६	बाजुरा	०	३	३	१	१	०	२	१
६७	हुम्ला	०	०	०	०	०	०	०	०
६८	डोल्पा	०	३	३	०	०	०	०	३
६९	बैतडी	४	१	५	०	०	१	१	४
७०	अछाम	०	१	१	०	१	०	१	०
७१	कंचनपुर	४	०	४	०	०	०	०	४
७२	डडेलधुरा	६	०	६	२	०	०	२	४
७३	दार्चुला	५	१	६	२	२	०	४	२
	जम्मा :	१२२३	५०९	१७३२	१६४	२३४	३८	४३६	१२९६

द्रष्टव्य :

आयोगवाट अख्तियारी सौंपिएका ७२वटै जि.प्र.का. र वि.प्र.वि.वाट प्राप्त विवरणहरु यथारुपमै यसमा समावेश गरिएका छन् । गत वर्षहरुको वांकी उजूरीको जिम्मेवारी यस आ.व.मा पूरै सर्नु पर्नेमा कुनै कुनैमा गत वर्षको वांकीवाट जिम्मेवारी सरेको आकडामा फरक भएको पनि देखिएको छ । आगामी दिनहरुमा यसतर्फ जि.प्र.का.हरु र विशेष प्रहरी विभागवाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरिने अपेक्षा आयोगले राखेको छ ।

आयोगबाट छानबीन तथा अनुसन्धान कार्य पूरा गरिएका उजूरी सम्बन्धी मन्त्रालयगत पृष्ठ सूची

क्र.सं.	सम्बन्धित मन्त्रालय/निकाय	विवरणको क्रम संख्या
१	अर्थ मन्त्रालय र अन्तर्गत	पृष्ठ ११ को नं.८, पृष्ठ १२ को नं.५,६,७, पृष्ठ १३ को नं.९, पृष्ठ १७ को नं.२२,२३, पृष्ठ १८ को नं.२, पृष्ठ ३८ को नं.११, पृष्ठ ४१ को नं.१२, पृष्ठ ४३ को नं.४, पृष्ठ ४४ को नं.५, पृष्ठ ४८ को नं.११, पृष्ठ ५१ को नं.१५, पृष्ठ ५४ को नं.१९, पृष्ठ ५५ को नं.३,४, पृष्ठ ५७ को नं.५, पृष्ठ ५८ को नं.९, पृष्ठ ६१ को नं.१२, पृष्ठ ६२ को नं.१६, पृष्ठ ६५ को नं.१२, पृष्ठ ६६ को नं.१३,१७, पृष्ठ ६९ को नं.२३, पृष्ठ ७० को नं.३२, पृष्ठ ८६ को नं. ५,६, पृष्ठ ८८ को नं. १५, पृष्ठ ८९ को नं. २९, पृष्ठ ९० को नं. ४०, पृष्ठ ९१ को नं. ५३, पृष्ठ ९३ को नं. ६६, ६८, ।
२	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गत	पृष्ठ ९ को नं. ४, पृष्ठ १४ को नं. १४, पृष्ठ १५ को नं. १५,१६,१७, पृष्ठ २० को नं. ३, पृष्ठ २३ को नं. ४, पृष्ठ ३५ को नं. ९, पृष्ठ ४४ को नं. ५, पृष्ठ ६२ को नं. १५, पृष्ठ ६३ को नं. २, पृष्ठ ६६ को नं. १६, पृष्ठ ६९ को नं. २५,२६, पृष्ठ ८८ को नं.. १५, पृष्ठ ८९ को नं. ३३, ३४, पृष्ठ ९० को नं. ३८, ३९, पृष्ठ ९१ को नं. ४५, ४६, ५१, पृष्ठ ९२ को नं. ५८ ।
३	कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गत	पृष्ठ १२ को नं. ३, पृष्ठ ५४ को नं. १, पृष्ठ ६२ को नं. १७, पृष्ठ ६६ को नं. १४, १५, १८, पृष्ठ ७४ को नं. ४१, पृष्ठ ७५ को नं. ४८, पृष्ठ ७६ को नं. ४९, ५०, पृष्ठ ८७ को नं. १३, पृष्ठ ९१ को नं. ४७ ।
४	गृह मन्त्रालय र अन्तर्गत	पृष्ठ ४२ को नं. ३, पृष्ठ ४३ को नं. ४, पृष्ठ ४५ को नं. ८, पृष्ठ ५५ को नं. २,४, पृष्ठ ६१ को नं. १३, पृष्ठ ६२ को नं. १६, पृष्ठ ६३ को नं. १,३, पृष्ठ ६४ को नं. ५,६,७, पृष्ठ ६५को नं. ८,९, पृष्ठ ६६को नं. १६, पृष्ठ ६७ को नं. १९, पृष्ठ ६८ को २०, २१, पृष्ठ ७० को नं. २८, ३१, पृष्ठ ७२ को नं. ३६, पृष्ठ ७३ को नं. ३८, ३९, पृष्ठ ७४ को नं. ४२, पृष्ठ ७५ को नं. ४४, पृष्ठ ७५ को नं. ४४, ४६, पृष्ठ ७७ को नं. ५५, पृष्ठ ८८ को नं. १७, १९, २१, २१, पृष्ठ ८९ को नं. २७, ३१, पृष्ठ ९३ को नं. ६५,
५	जलस्रोत मन्त्रालय र अन्तर्गत	पृष्ठ १३ को नं. ८, १०, पृष्ठ १४ को नं. ११, पृष्ठ ३७ को नं. १०, पृष्ठ ५४ को नं. १९, पृष्ठ ७० को नं. ३०, पृष्ठ ७७ को नं. ५४, पृष्ठ ८७ को नं. ८, पृष्ठ ८९ को नं. ३२ ।
६	परराष्ट्र मन्त्रालय र अन्तर्गत	पृष्ठ ६२ को नं. १६ ।
७	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत	पृष्ठ १८ को नं. १, पृष्ठ ४५ को नं. ६, पृष्ठ ५४ को नं. १९, २०, पृष्ठ ६० को नं. १०, पृष्ठ ६४ को नं. ४, पृष्ठ ६७ को नं. १९, पृष्ठ ६८ को नं. २१, पृष्ठ ७० को नं. २८, २९, पृष्ठ ७३ को नं. ३९, पृष्ठ ७४ को नं. ४०,४३, पृष्ठ ७५ को नं ४४, पृष्ठ ७७ को नं. ५२, पृष्ठ८७ को नं. ज्ञ, पृष्ठ ८८ को नं. १८, पृष्ठ ८९ को नं. ३०, पृष्ठ ९० को नं. ३६, ३७, ४४, पृष्ठ ९१ को नं. ५०, पृष्ठ ९२ को नं. ५६, ६१, पृष्ठ ९३ को नं. ६९ ।
८	भौतिक योजना तथा निर्माण मन्त्रालय र अन्तर्गत	पृष्ठ ११ को नं. १,२, पृष्ठ १२ को नं. ४, पृष्ठ २० को नं. ३, पृष्ठ २६ को नं. २, पृष्ठ २८ को नं. ४, पृष्ठ ३२ को नं. ७, पृष्ठ ४५ को नं. ७, पृष्ठ ६३ को नं. ११, पृष्ठ ७४ को नं. ४२, पृष्ठ ७७ को नं. ५३, पृष्ठ ८६ को नं. ३, पृष्ठ ८९ को नं.२८ ।
९	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र अन्तर्गत	पृष्ठ १७को नं. २३, पृष्ठ ६५को नं. १०, पृष्ठ ८६ को नं. ४, पृष्ठ ८९ को नं. २७ ।
१०	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत	पृष्ठ १६ को नं. १९,, २०, २१, पृष्ठ २५ को नं. १, पृष्ठ ५१ को नं. १४, पृष्ठ ७५ को नं. ४५, पृष्ठ ८६ को नं. १, पृष्ठ ८८ को नं. १८, पृष्ठ ९१ को नं. ४८ ।
११	शिक्षा तथा खेलकूद मन्त्रालय र अन्तर्गत	पृष्ठ २७ को नं. ३, पृष्ठ ४८ को नं. १२, पृष्ठ ५१ को नं. १४, पृष्ठ ५२ को नं. १७, पृष्ठ ५५ को नं. २,४, पृष्ठ ६० को नं. १०, पृष्ठ ६१ को नं. ११, पृष्ठ ६२ को नं. १४, पृष्ठ ६५ को नं. ९, पृष्ठ ७२ को नं. ३६, पृष्ठ ७३ को नं. ३८, पृष्ठ ८८ का. नं. २२, २३, पृष्ठ ९१ को नं. ५२, पृष्ठ ९२ को नं. ५५, ५७ ।
१२	श्रम तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गत	पृष्ठ १२ को नं. ५, पृष्ठ ३२ को नं. ७, पृष्ठ ७१ को नं. ३४ ।
१३	सामान्य प्रशासन मन्त्रालय	पृष्ठ ८८ को नं. २४
१४	सूचना तथा संचार मन्त्रालय र अन्तर्गत	पृष्ठ ९ को नं. ५,७, पृष्ठ १० को नं. ८, पृष्ठ १५ को नं. १८, पृष्ठ ६९ को नं. २२, पृष्ठ ८९ को नं. २६, पृष्ठ ९१ को ५४ ।
१५	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तर्गत	पृष्ठ १८ को नं. २, पृष्ठ ३० को नं. ६, पृष्ठ ४६ को नं. ९, पृष्ठ ७५ को नं. ४५, पृष्ठ ८८ को नं. २५, पृष्ठ ९० को नं. ४१, ४२, पृष्ठ ९१, को नं. ४९, पृष्ठ ९२ को नं. ५९, पृष्ठ ९३ को नं. ६६ ।
१६	स्थानीय विकास मन्त्रालय र अन्तर्गत	पृष्ठ ८ को नं. २,३, पृष्ठ १४ को नं. १२, १३, पृष्ठ १७ को नं. २४, पृष्ठ २९ को नं. ५, पृष्ठ ३४ को नं. ८, पृष्ठ ४१ को नं. १, पृष्ठ ४२ को नं.२, पृष्ठ ४७ को नं. १०, पृष्ठ ५० को नं. १३, पृष्ठ ५३ को नं. १८, पृष्ठ ५८ को नं. ७, पृष्ठ ६३ को नं. ३, पृष्ठ ६९ को नं. २४, पृष्ठ ७० को नं. २७, पृष्ठ ७२ को नं. ३५, पृष्ठ ७३ को नं. ३७, पृष्ठ ८७ को नं. ९, १२, १४, पृष्ठ ९३ को नं. ६३, ६४, ।
१७	स्वास्थ्य मन्त्रालय र अन्तर्गत	पृष्ठ ३२ को नं. ७, पृष्ठ ५२ को नं. १६, पृष्ठ ५७ को नं. ५, पृष्ठ ५८ को नं. ८, पृष्ठ

	६५ को नं. ११, पृष्ठ ७४ को नं. ४२, पृष्ठ ८७ को नं. ११, पृष्ठ ९० को नं. ३५, ४३ पृष्ठ ९२ को ६०, ६२, पृष्ठ ९३ को ६७ ।
१८ मन्त्रिपरिषद् सचिवालय	पृष्ठ ७को नं. १, पृष्ठ ११को नं. १,२, पृष्ठ १२को नं. ४, पृष्ठ १५को नं. १८, पृष्ठ १७को नं. २२, पृष्ठ १८को नं. २, पृष्ठ २०को नं. ३, पृष्ठ ४५को नं. ७, पृष्ठ ४८को नं. ११, पृष्ठ ५०को नं. १३, पृष्ठ ५२को नं. १७, पृष्ठ ५३को नं. १८, पृष्ठ ५५को नं. ३, पृष्ठ ५७को नं. ५,६, पृष्ठ ५८को नं. ९, पृष्ठ ६२को नं. १६, पृष्ठ ८६ को नं. २, पृष्ठ ८७ को नं. ७, पृष्ठ ९१ को नं. ५४, पृष्ठ ९२ को नं. ६६ ।
१९ संसद सचिवालय	पृष्ठ ९ को नं. ६ ।
२० महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गत	पृष्ठ ६३को नं. १, पृष्ठ ६४को नं. ४,५,६, पृष्ठ ६५को नं. ११, पृष्ठ ६६को नं. १७, पृष्ठ ६८को नं. २१, पृष्ठ ६९को नं. २३,२५, पृष्ठ ७०को नं. २७, पृष्ठ ७१को नं. ३३, पृष्ठ ७२को नं. ३६, पृष्ठ ७३को नं. ३८, पृष्ठ ७५को नं. ४७,४८, पृष्ठ ७६को नं. ४९,५०, पृष्ठ ७७को नं. ५३ ।

आ.व. २०५६/५७ मा कारबाई भएको उजूरी विवरण



यस आ.व.को प्रगति

